

# सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण

## सिद्धान्त, संरचना र व्यवहार

Geneva Centre for the Democratic Control of Armed Forces

Inter-Parliamentary Union

# सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण:

## सिद्धान्त, संरचना र व्यवहार

*"भीस कोन्सीली एक्सपेर्स मोले रुइत सुआ"*

**(सोचविचार बेगरको शक्ति आफ्नै भार थाम्न नसकेर नष्ट हुन्छ)**

होरास, ओडेस, ३, ४, ६५

## सुरक्षा क्षेत्रमा संसदीय सुपरिवेक्षणसम्बन्धी आइपीयु-डीसीएएफ हाते पुस्तिकाको तयारीमा निम्न व्यक्तिले सहभागिता जनाउनु भयो

**प्रधान सम्पादक**

फिलिप फ्लुरी (स्वीटजरल्याण्ड) र एन्डर्स बी जोन्सन (स्वीडेन)

**सम्पादक तथा मुख्य लेखक**

हान्स बर्न (नेदरल्याण्ड्स)

**लेखकहरू**

एलेक्स आर्वातोभ (रसिया), जीन-क्रिष्टोभ बुर्खेल (फ्रान्स), इभा बुशजा (अमेरिका), मारिना कापारिनी (क्यानाडा), उमित सिजर (टर्की), डेविड डार्चियसभिली (जर्जिया), जोनाह इसावा इलाइगु (नाइजेरिया), हान्स-पिटर फ्युरर (स्वीटजरल्याण्ड), डेनिस गार्सिया (ब्राजिल), सुजाना ग्राभ्रिलेसु (रोमानिया), विलेहेम जर्मन (जर्मनी), ओवेन ग्रीन (बेलायत) मिरोस्लाभ हाडजिक (साइबेरिया र मोन्टेनेग्रो), कार्ल हालटिनर (स्वीटजरल्याण्ड), होइनर हान्जेई (स्वीटजरल्याण्ड), डेविड हब्स (बेलायत), जान होइकेमा (नेदरल्याण्ड्स), रोजियर हुइजेन्गा (नेदरल्याण्ड्स), आन्द्रेज कारकोसजाका (पोल्याण्ड), पिटर जी केली (अमेरिका), सिमोन लुन (बेलायत), टम म्याकडोनाल्ड (बेलायत), डोर्जिन मार्सिक (स्लोभानिया), आन्द्रेस प्रुफेर्ट (जर्मनी), क्रिष्टोफर सवातिनी (अमेरिका), लिलियान्स सेर्वान (रोमानिया), रविन्दरपाल सिंह (भारत), आन्डेर्स सी सजास्टाड (नर्वे), बाउके स्नोएप (नेदरल्याण्ड्स), स्भितलाना स्भेटोभा (युक्रेन), जान ट्रापान्स (लात्भिया) माथ्यिास टुलेर (अर्जेन्टिना), मारियन उर्चेलेर (स्वीटजरल्याण्ड), पेन्टी भानानेन (फिनल्याण्ड), बिजाना भान्कोभस्का (मासाडोनिया), मारिया भ्लाचोभा (चेज गणतन्त्र), कास्पेर डब्लु भूम (नेदरल्याण्ड्सं), थामास वासियर (हंगेरी), डोना विन्स्लो (क्यानाडा), हर्बर्ट उल्फ (जर्मनी)

**सम्पादकीय समूह**

विलियम भान एक्केलेन (नेदरल्याण्ड्स), एन्ड्रेस ग्रस (स्वीटजरल्याण्ड), मिरोस्लाभ फिलिपोभिक (साइबेरिया र मोन्टेनेग्रो), स्टेपान सुलाक्सिन (रसिया), डिमित्रो तावाच्निक (युक्रेन), अहमद हुसनी हान्डज्लाह (मलेसिया), अडेसिया ओगुनलेवे (नाइजेरिया) र एलिसावेथ पापादिमित्रिउ (ग्रीस) - आइपीयुको राजनीतिक मामिला, अन्तर्राष्ट्रिय सुरक्षा तथा निःशस्त्रीकरणसम्बन्धी समिति सदस्य - र बेथ मुगो (केन्या) र रिकार्डो भास्क्वेज (अर्जेन्टिना), आइपीयुको संसदीय, न्यायिक तथा मानव अधिकार प्रश्न सम्बन्धी समिति सदस्य ।

**भाषा सम्पादक**

ओलिभर वाट्स (बेलायत)

**मौलिक आलेख** : अंग्रेजी, जेनेभा, २००३

# प्राक्कथन

सुरक्षा जनताको कल्याणको केन्द्रविन्दु भएको हुनाले राष्ट्रिय सुरक्षा नीतिमा उनीहरूका विचार अभिव्यक्त हुन पाउनु आवश्यक छ । त्यो नीतिले सुरक्षासम्बन्धी अन्तरनिहित मूल्य तथा सिद्धान्तलाई आत्मसात गरेको हुनुपर्छ जसलाई राज्यले पालना र संरक्षण गरेको हुन्छ ।

त्यसकारण संसदमा जनताबाट निर्वाचित प्रतिनिधिहरूले सरकार र सुरक्षा क्षेत्रसँग निकट रहेर काम गर्नुपर्ने प्रष्ट आवश्यकता छ । यद्दपि सबैले एउटै उद्देश्य प्राप्तिका निम्ति काम गर्ने भए पनि उनीहरूको भूमिका आधारभूतरुपमा भिन्न हुन्छ । संसदलाई कानुनी सीमा निर्धारण, बजेट अनुमोदन र सुरक्षा गतिविधिको सुपरिवेक्षणको जिम्मेवारी हुन्छ । यसलाई सूचनामाथिको वृहत पहुँच, आवश्यक प्राविधिक दक्षता र सरकारलाई जवाफदेही तुल्याउन सक्ने अधिकार तथा मनसाय भए मात्र यसलाई अभ्यास गर्न सकिन्छ । त्यसकारण यसका निम्ति विश्वास र संवादमा आधारित सामाजिक एकताको आवश्यकता पर्छ ।

केही वर्षयता चिलीमा समाज र सशस्त्र बलबीचको सम्बन्ध सुधार भएको छ । आजको अन्तर्राष्ट्रिय समुदायले चिलीमा आपसी सम्मान र सहयोग पाउनेछ, हामीलाई आशा छ भविष्यमा यो थप सुदृढ हुँदै जानेछ । हामी विश्वस्त छौं कि यो हाते पुस्तकले सुरक्षा क्षेत्रका सम्पूर्ण प्रमुख कर्ताहरूलाई प्रत्येक जनताको सामुहिक भलाइका निम्ति कार्य गर्न निर्देशित गर्नेछ ।

सेनाडोर सेर्गियो पाएज भेर्डुगो
अन्तर व्यवस्थापिक संघको परिषदका सभापति

# भूमिका

धेरै अघिदेखि सफल राष्ट्रका लागि राष्ट्रिय सार्वभौम सत्ता र सुरक्षालाई अत्यावश्यक मानिंदै आएको छ । अहिले सुरक्षा प्रदान गर्ने व्यक्तिहरूको भूमिकामा उल्लेख्य परिवर्तन आएको छ । नयाँ किसिमका सशस्त्र द्वन्द्व र राज्यहरूबीचको बढ्दो गठबन्धनले सुरक्षासम्बन्धी धारणामा रचनात्मक संवोधन र नयाँ विचारहरूलाई प्रोत्साहित गरेका छन् । ११ सेप्टेम्बर २००१ को आक्रमण र त्यसपछिको स्थितिले यसको आवश्यकतामा जोड दियो ।


प्रभावकारी संसदीय सुपरिवेक्षण यी नयाँ संवोधनहरूको पूर्ण पारदर्शिता र जवाफदेही सहितको परिकल्पना र कार्यान्वयनलाई सुनिश्चित गर्न अरु महत्वपूर्ण भएको छ । यसको अभावमा सुरक्षा सेवाहरूले आफ्नो अभियानको गलत अर्थ लगाउने र राज्यभित्रको अर्को राज्यका रुपमा सीमित स्रोतको अत्यधिक दोहन वा अत्यधिक राजनीतिक र आर्थिक दवाव दिन सक्नेजस्तो व्यवहारको खतरा रहन्छ । उनीहरूले लोकतन्त्रीकरणलाई अवरुद्ध गर्ने र द्वन्द्वको सम्भावनालाई बढाउन सक्छन् । संक्रमणकालीन, युद्धग्रस्त वा संकट भोगिरहेका समाज खास खतरामा हुने भए पनि स्थिर लोकतन्त्र भएकाहरूले समेत नागरिक-सैन्य सम्बन्धका समस्या समाधान, परिवर्तित सुरक्षा वातावरण अनुरुप शान्ति कायम गर्न उनीहरुको रुपान्तरण र व्यवस्थापन गर्नु परेको छ ।

सुरक्षा क्षेत्रको अन्तरनिहित प्रकृति र आयामले प्रभावकारी संसदीय सुपरिवेक्षणका वास्तविक चुनौतीलाई प्रतिनिधित्व गर्छ । प्रायः यसमा समाविष्ट हुने विभिन्न किसिमका एकदमै प्राविधिक मुद्दा, सुरक्षाकर्मीहरूको उल्लेख्य संख्या र जटिल संगठन र सामान्यतः गोपनियतासम्बन्धी कानुन, नियम र व्यवहारहरूले गर्दा सांसदहरू आफैंले स्वतन्त्र अनुसन्धान र विशेषज्ञता हासिल गरेनन् भने प्रभावकारीरुपमा काम गर्न धेरै गाह्रो पर्छ ।


यस पृष्ठभूमि अनुसार अन्तर व्यवस्थापिका संघ (आइपीयु) र जेनेभा सेन्टर फर डेमोक्रेटिक कन्ट्रोल अफ आर्मड फोर्सेस (डीसीएएफ)बीच सुरक्षा सुपरिवेक्षणमा संसदीय योगदानलाई आकार दिन सक्ने गरी विस्तृत अभ्यास र संरचनासहितको संक्षिप्त र सहज निर्देशिकाको व्यवहारिक आवश्यकताबारे सहमति भयो । यो हातेपुस्तिका त्यही विचारको उत्कर्ष हो । मस्यौदाक्रममा सांसदहरूको सम्पादकीय समूहले छानवीन र चुस्त बनाउने र विभिन्न विशेषज्ञले जाँच्ने काम गरेका थिए ।

हातेपुस्तिका सबै मुलुकमा काम गर्ने एकै किसिमको संसदीय सुपरिवेक्षण विधि हुन सक्दैन भन्ने मान्यताका आधारमा लेखिएको हो । एक ठाउँका लागि स्वीकारयोग्य र प्रभावकारी नियम

र अभ्यास अर्को ठाउँका लागि सोच्नै नसकिने वा असान्दर्भिक हुन सक्छ । यसबाहेक, सबै संसदलाई उस्तै अधिकार हुँदैन । यी भिन्न यथार्थका आधारमा हातेपुस्तकमा केही अन्तरवस्तु अत्यधिक यथार्थपरक पाइन सकछन् । साथसाथै, सुरक्षासम्बन्धी जटिल मुद्दाहरूका सबै पक्षलाई एउटा पुस्तकभित्र समावेश गर्न सम्भव छैन । त्यसकारण यो हातेपुस्तकलाई सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण अभिवृद्धिका लागि व्यापक परिचयका रुपमा लिन सकिन्छ - आशा छ - पाठकहरूलाई थप अनुसन्धानका लागि प्रोत्साहित गर्नेछ । अन्त्यमा, यस प्रकाशनले जनताका अपेक्षालाई प्रतिबिम्बित गर्ने गरी सुरक्षा नीति र व्यवहारलाई सुनिश्चित योगदान गर्ने आशा राखेका छौं ।



एन्डर्स बी जोन्सन
महासचिव
अन्तर व्यवस्थापिका संघ



राजदूत डा. थियोडोर एच विन्कलर
निर्देशक
जेनेभा सेन्टर फर डेमोक्रेटिक कन्ट्रोल अफ आर्मड, फोर्सेस

# यस हाते पुस्तकमा तपाईँले पाउनु हुनेछ

हाते पुस्तकलाई आठ भाग विभक्त गरिएको छ, प्रत्येकमा विभिन्न खण्ड रहेका छन्, र यसलाई दुई भिन्न तरिकाले पढ्न सकिन्छ । हाते पुस्तकको पूर्ण अध्ययनले सुरक्षा मुद्दाहरू र संसदीय सुपरिवेक्षणको भूमिकाबारे व्यापक जानकारी प्राप्त हुनेछ । तथापि, प्रयोकर्ताको खास रुचि अनुरुपका खण्ड र भागहरूको अध्ययन पनि उत्तिकै सहज छ ।

हाते पुस्तकमा, बेग्लै बक्सहरू दिइएको छ, जसले मूल पाठमा दिइएका जटिल विषयलाई प्रष्ट पार्न मद्दत गर्छ, कानुन र नियमहरूसम्बन्धी उदाहरण दिन्छ र विभिन्न देशमा प्रचलित सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणका अभ्यासको आकर्षण दिन्छ । सबैजसो खण्डको अन्त्यमा *सांसदका रुपमा तपाईँले गर्न सक्नु हुनेछ* भन्ने एक छुट्टै महल दिइएको छ, जसमा ठोस सुझावहरू समावेश गरिएको छ । तथापि, माथि भनिएजस्तै, यी सुझावहरूलाई राष्ट्रिय सन्दर्भमा हेर्नुपर्ने हुन्छ ।

पहिला दुई भागमा सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणको सैद्धान्तिक र विश्लेषणत्मक संरचनाको परीक्षणलाई समावेश गरिएको छ । भाग १ सुरक्षा क्षेत्रका विकसित अवधारणामा केन्द्रित छ र सुरक्षा मामिलामा संसद र राज्यका अन्य निकायको भूमिकासम्बन्धी विश्वव्यापी सामान्य जानकारी दिइएको छ । पहिलो भागमा संवोधन गरिएका प्रमुख प्रश्नहरू यी हुन् :

- सुरक्षा वातावरणमा रहेका हालैका विकास के हुन् ?
- कथित नयाँ खतरा र त्यसमा संवोधन के हुन् ?
- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण किन आवश्यक छ ?
- सुरक्षा क्षेत्रसम्बन्धी लोकतान्त्रिक शासनका प्रमुख सिद्धान्तहरू के हुन् ?
- संसदका साथै सरकार र न्यायपालिकाको भूमिका के हो ?

भाग २ ले राष्ट्रिय सुरक्षा नीति चक्रका सबै चरणका साथै राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी सान्दर्भिक अन्तर्राष्ट्रिय निमयहरूबारे वर्णन गर्छ । भाग २ का अन्तिम दुई खण्डले सुरक्षा मामिलासम्बन्धी नागरिक समाज तथा मिडिया र लैंगिक अवधारणालाई प्रस्तुत गरेको छ । मुख्य प्रश्नहरू हुन् :

- राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी निर्णयमा संसदको भूमिका के हो ?
- राष्ट्रिय सुरक्षा नीतिको अवसरलाई अन्तर्राष्ट्रिय नीतिले कसरी सीमित वा अभिवृद्धि गर्छ ?
- कसरी नागरिक समाज र मिडिया सुरक्षा क्षेत्रसँग जोडिन्छ र संसदले कसरी उनीहरूको भिन्न योगदानलाई प्रयोग गर्छ ?

- सर्वसाधारणलाई सुरक्षासम्बन्धी मुद्दा कसरी संचार गर्न सकिन्छ ?
- सुरक्षा क्षेत्रमा महिलाको के भूमिका हुन्छ ?

भाग ३ ले सुरक्षा क्षेत्रका महत्वपूर्ण निकायको जानकारी गराउँछ, जसमा सेना, प्रहरी, गुप्तचर सेवा, राज्यका अन्य सैन्य संस्थाहरू र निजी सुरक्षा कम्पनी समावेश हुन्छन् ।

- प्रत्येक सुरक्षा सेवाका मुख्य काम र विषेशताहरू के हुन् ?
- कस्ता आन्तरिक र राजनीतिक जवाफदेही संरचनाको आवश्यकता छ ?
- संसदले कसरी सुरक्षा सेवाहरूको प्रभावकारी सुपरिवेक्षणलाई व्यवस्थित गर्न सक्छ ?

भाग ४ ले संसबाट सुरक्षा क्षेत्रको सुपरिवेक्षणका लागि प्रयोग गर्ने विधि र साधनको परीक्षण गर्नुका साथै निम्न प्रश्नको जवाफ दिन्छ :

- सुरक्षा क्षेत्रको सुपरिवेक्षण सुनिश्चित गर्न संसदले कस्ता विधिहरूलाई प्रयोग गर्छ ?
- सुरक्षासम्बन्धी मुद्दाहरूमा सुधारका लागि संसदले कसरी विशेषज्ञता हासिल गर्छ ?
- सुरक्षासम्बन्धी मुद्दाहरूमा संसदीय जाँच रसुनुवाइको के भूमिका हुन्छ ?
- रक्षा समितिले कसरी प्रभावकारीरुपमा काम गर्छ ?
- अम्बुड्सम्यानको भूमिका के हो ?
- रक्षा कार्यमा अम्बुड्सम्यान संस्थाले कसरी काम गर्छ ?
- संसदले किन सुरक्षा सेवा हाताहरूको भ्रमण गर्नुपर्छ ?

भाग ५ ले संकटकालीन अवस्था, आन्तरिक सुरक्षामाथिको खतरा, आतंकवाद र साइबर अपराधजस्ता खास खतराको स्थितिबारे उल्लेख गरेको छ । यसले पूर्णतः सुरक्षा नभएका वा एकदमै अस्थिर स्थिति भएका क्षेत्रमा पठाइने अन्तर्राष्ट्रिय शान्ति सहयोग मिसनसम्बन्धी विवरण दिएको छ । भाग ५ ले अन्य बाहेक तलका प्रश्नहरूलाई सम्वोधन गरेको छ :

- संकटकालीन अवस्था तथा आन्तरिक सुरक्षाको संरक्षण र मानव अधिकारको रक्षाबीचको जटिलतामा कसरी सन्तुलन कायम गर्ने ?
- संककालीन अवस्थाका उद्देश्य र सीमाहरू के हुन् ?
- सेप्टेम्बर ११ यताका चुनौतीहरू के हुन् ? आतंकवादलाई वैधानिक लोकतान्त्रिक विरोधबाट कसरी छुट्याउन सकिन्छ ? आन्तरिक सुरक्ष स्थितिका परिणामहरू के हुन् ? यस क्षेत्रमा संसदको भूमिका के हो ?
- अन्तर्राष्ट्रिय शान्ति सहयोग कार्यका लाग विदेशमा सेना पठाउने निर्णयमा संसदीय संलग्नताको सान्दर्भिकता के हो ?

भाग ६, ७ र ८ ले सुरक्षा क्षेत्रसम्बन्धी तीन किसिमका स्रोतबारे चर्चा गरेको छ । भाग ६ रक्षा बजेट र यसको संसदीय र राजकीय लेखापरीक्षण निकायले पछि हेर्ने विषयमा केन्द्रित छ ।

- सुरक्षाका लागि बजेट कसरी मुख्य तत्व हुन सक्छ ?
- सुरक्षा बजेटमा कसरी पारदर्शिता र जवाफदेही लागु हुन सक्छ ?
- सुरक्षा बजेटको उचित सुपरिवेक्षणका शर्तहरू के हुन् ?
- सुरक्षा क्षेत्रको कसरी लेखापरीक्षण हुन्छ ? स्वतन्त्र लेखापरीक्षण किन आवश्यक छ र यसले कसरी कार्य गर्छ ?

भाग ७ सुरक्षा क्षेत्रका कर्मचारीसँग सम्बन्धित छ र सेवाकर्मीको भर्ना, छनोट र तलिम, अवकास तथा निवृत्तिभरण योजना, अनिवार्य सैन्य सेवा तथा वैकल्पिक सेवाबारे संसदलाई सहयोग गर्ने उद्देश्य राखेको छ ।

- सुरक्षा क्षेत्रका कर्मचारीहरूको मष्तिस्कमा कसरी लोकतान्त्रिक मूल्यलाई भर्न सकिन्छ ?
- सुरक्षाकर्मीले सैनिक युनियन गठन गर्न सक्छन् ?
- यस क्षेत्रको व्यवसायिक विश्वास के हुन् ?
- विभिन्न देशमा अनिवार्य सैन्य सेवा र वैकल्पिक सेवाको कस्तो व्यवस्था छ ?
- सुरक्षाकर्मीको आचारसंहिता प्रचलनमा छ ? अन्तर्राष्ट्रिय मापदण्ड उपलब्ध छन् ?
- यस क्षेत्रको कर्मचारी व्यवस्थापनको कुन पक्ष संसदका लागि सान्दर्भिक छ ?

अन्त्यमा, भाग ८ ले सुरक्षा क्षेत्रको भौतिक स्रोत खासगरी खरिद (कोबाट के खरिद गर्ने), शस्त्र व्यापार तथा स्थानान्तरणबारे चर्चा गरेको छ ।

- कानुनी अड्चनहरू के हुन् ?
- खरिदसम्बन्धी व्यापक निर्णयहरू के हुन् ?
- कुन स्थितिले यो क्षेत्रलाई प्रमाणित गर्छ ?
- संसदले यी मुद्दालाई कसरी मूल्यांकन गर्छ ?

# विषय सूची


प्राक्कथन

भूमिका

यस हाते पुस्तकमा तपाइँले पाउनु हुनेछ

*भाग १*

विकसित सुरक्षा अवधारणा र कर्ताहरू : संसदहरूले सामना गरेका चुनौती १

*अध्याय १ - परिवर्तनशील विश्वमा परिवर्तित सुरक्षा* ३

*अध्याय २ - संसदीय सुपरिवेक्षणको सान्दर्भिकता* ८

*अध्याय ३ - संसद तथा राज्यका अन्य संस्थाहरूको भूमिका तथा* ११

*भाग २*

राष्ट्रिय सुरक्षा नीतिको सुपरिवेक्षण १७

*अध्याय ४ - राष्ट्रिय सुरक्षा नीति तर्जुमा* १९

*अध्याय ५ - राष्ट्रिय सुरक्षा नीति र अन्तर्राष्ट्रिय नियमहरू* २५

*अध्याय ६ - नागरिक समाज र सञ्चारको भूमिका* ३०

*अध्याय ७ - सुरक्षा नीतिमा लैङ्गिक दृष्टिकोण* ४२

*भाग ३*

सुरक्षा क्षेत्र सञ्चालनका प्रमुख तत्वहरू ५१

*अध्याय ८ - सेना* ५३

*अध्याय ९ - राज्यका अन्य सैन्यकृत संगठनहरू* ६०

*अध्याय १० - प्रहरी संरचना* ६३

*अध्याय ११ - गोप्य तथा गुप्तचर सेवाहरू* ६७

*अध्याय १२ - निजी सुरक्षा र सैनिक कम्पनीहरू* ७५

*भाग ४*

संसदीय परीक्षण मातहत राष्ट्रिय सुरक्षा: सर्त र संयन्त्र ८१

*अध्याय १३ - प्रभावकारी संसदीय सुपरिवेक्षणका सर्तहरू* ८३

*अध्याय १४ - सुरक्षा क्षेत्रतर्फ उपयोगमा ल्याइएका संसदीय संयन्त्रहरू* ९१

*अध्याय १५ - संसदीय प्रतिरक्षा वा सुरक्षा समितिहरू* १००

*अध्याय १६ - अम्बुड्‌सम्यान (अभिभावक)* १०५

*अध्याय १७ - सुरक्षानिकायको परिसरमा भ्रमण* १११

*भाग ५*

सुरक्षा सेवासम्बन्धी कार्यको सुपरिवेक्षण : विशेष स्थिति र संचालन ११५

*अध्याय १८ - विशेष अवस्थामा राज्य* ११७

*अध्याय १९ - आन्तरिक सुरक्षाको संरक्षण* १२२

*अध्याय २० - आतंकवाद* १२७

*अध्याय २१ - सुरक्षा र सुचना प्रविधि : नयाँ साधनहरू र चुनौतीहरू* १४०

*अध्याय २२ - अन्तर्राष्ट्रिय शान्ति अभियान* १४४

*भाग ६*

आर्थिक स्रोत : सुरक्षा सम्बन्धी बजेटमा प्रभावकारी नियन्त्रण हासिल गर्नु १५५

*अध्याय २३ - रक्षा र थैलीको शक्ति* १५७

*अध्याय २४ - सुरक्षासँग सम्बन्धित राष्ट्रिय बजेट खर्चको लेखापरीक्षण* १७४

*भाग ७*

सुरक्षा क्षेत्रमा मानव संसाधन : व्यवसायिक तथा लोकतान्त्रिक सुपरिवेक्षणको सुनिश्चितता १८१

*अध्याय २५ - सुरक्षा क्षेत्रमा लोकतान्त्रिक मूल्य प्रवर्द्धन* १८३

*अध्याय २६ - सुरक्षा क्षेत्रमा कर्मचारी व्यवस्थापन* १९८

*अध्याय २७ - अनिवार्य सैन्य सेवा र न्यायिक विरोध* २०२

*खण्ड ८*

भौतिक स्रोतहरू:

हतियार हस्तान्तरण र खरिदको प्रभावकारी सुपरिवेक्षणलाई ध्यानमा राख्न २११

*अध्याय २८ - हतियार र सैन्य बन्दोबस्तीका सामान खरिद* २१३

*अध्याय २९ - हतियारको व्यापार र ओसारपसार* २२०

ईन्टर पार्लियामेन्टरी यूनियन (अन्तर व्यवस्थापिका संघ) २३६

जेनेभा सेन्टर फर डेमोक्रेटिक कन्ट्रोल अफ आर्मड, फोर्सेस २३८

# बक्सहरूको सूची


| | | |
|---|---|---|
| बक्स नं. १ | आजका अन्य चुनौतीहरू समाविष्ट, एक्लो वा संयुक्त सुरक्षा... | ४ |
| बक्स नं. २ | विभिन्न सुरक्षा व्यवस्थाहरू | ६ |
| बक्स नं. ३ | सुरक्षा क्षेत्रसम्बन्धी राज्यका मुख्य अंगका सम्भावित कार्यहरू | १३ |
| बक्स नं. ४ | सुरक्षा क्षेत्रको लोकतान्त्रिक सुपरिवेक्षणका लागि महत्वपूर्ण मूल्यका रुपमा सुशासन | १४ |
| बक्स नं. ५ | राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी प्रश्नहरू : | १९ |
| बक्स नं. ६ | प्रत्यक्ष लोकतन्त्र, अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन र अन्य प्रमुख सम्झौताहरू : स्वीट्जरल्याण्डको अनुभव | २८ |
| कोठा नं. ७ | ल्याटिन अमेरिकमा नागरिक समाज : | ३२ |
| बक्स नं. ८ | नयाँ प्रकारका युद्धहरू : प्रेस स्वतन्त्रताका लागि कठिन समय | ३४ |
| बक्स नं. ९ | सेप्टेम्बर ११, २००१ पछिको प्रेस स्वतन्त्रता | ३६ |
| बक्स नं. १० | संसदीय वेभसाइटहरू | ३७ |
| बक्स नं. ११ | संसद र सञ्चार | ३९ |
| बक्स नं. १२ | शान्ति प्रक्रियामा लैङ्गिकता | ४३ |
| बक्स नं. १३ | शान्ति परिचालन र प्रक्रियामा लैङ्गिक दृष्टिकोण | ४४ |
| बक्स नं. १४ | सैन्य महिला कर्मचारी बलको क्षमता : नाटो मुलुकहरूको उदाहरण | ४६ |
| बक्स नं. १५ | लैङ्गिक मूलप्रवाहीकरणको एक अंगका रुपमा सुरक्षा नीतिमा महिला सहभागिता | ४७ |
| बक्स नं. १६ | सुरक्षा क्षेत्रमा महिला समावेशीले ल्याएका नयाँ आयाम र चुनौतीहरू | ४८ |
| बक्स नं. १७ | सेना नभएका राष्ट्रहरू | ५३ |
| बक्स नं. १८ | रक्षा सुधार : उद्देश्य के ? | ५४ |
| बक्स नं. १९ | दक्षिण अफ्रिकामा नागरिक कानुन कार्यान्वयन निम्ति सेनाको प्रयोग | ५७ |
| बक्स नं. २० | केही छानिएका राष्ट्रका अन्य सैन्य इकाईका उदाहरणहरू | ६१ |
| बक्स नं. २१ | लोकतान्त्रिक प्रहरी कार्य (पोलिसिङ)का मुख्य विशेषताहरू : | ६३ |
| कोठा नं. २२ | खतरनाक विकृति र परिस्थितिहरू | ६४ |
| कोठा नं. २३ | इरिट्रियामा प्रहरी कार्य : एक सशक्त नमूना | ६५ |

बक्स नं. २४ संसद र गुप्तचर सेवाका लागि विनियोजित विशेष रकम : अर्जेन्टिनाको उदाहरण ६८
बक्स नं. २५ गोप्य दस्तावेजसम्बन्धी संसदीय समितिका केही अभ्यासहरू ७०
बक्स नं. २६ निजी सुरक्षा तथा सैनिक कम्पनी र लोकतन्त्रका संभावित खतराहरू ७६
बक्स नं. २७ संसद्ले सुरक्षा क्षेत्रको प्रभावकारी जिम्मेवारी वहन गर्नका लागि प्रयोग गर्न सक्ने संयन्त्र वा उपायहरू ८४
बक्स नं. २८ सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणको सदैव सक्रिय रहने रणनीतिः ८७
बक्स नं. २९ सुरक्षाका मामिलामा संसदीय विशेषज्ञता अभिवृद्धिको लागि आवश्यक संयन्त्र र अभ्यासहरू : केही सुझाव ८९
बक्स नं. ३० संसदीय संयन्त्रको सामान्य झलकहरू र कार्यकारीउपर निरीक्षणको प्रक्रिया सामान्य बहस ९२
बक्स नं. ३१ प्रभावकारी प्रश्नहरूबारे सुझाव ९४
बक्स नं. ३२ संसदीय जाँचबुझ समितिका मूल विशेषताहरू ९६
बक्स नं. ३३ क्यानडाली सेनालाई सोमालियामा खटाइएको सम्बन्धमा गठित जाँचबुझ समिति : सुरक्षा मामिलामा संसदीय प्रतिवेदनले सर्वसाधारणमा पारेको प्रभावको एउटा उदाहरण : ९८
बक्स नं. ३४ प्रतिरक्षा र सुरक्षा मामिलामा संसदीय समितिहरूले गर्नसक्ने सम्भाव्य प्रमुख कामहरू १०२
बक्स नं. ३५ नर्वेजियन संसद् (स्टोटिङ) को विदेश मामिला र प्रतिरक्षा समितिको संयुक्त बैठक १०३
बक्स नं. ३६ अम्बुड्सम्यान १०५
बक्स नं. ३७ केही छानिएका देशका सुरक्षा, प्रतिरक्षासम्बन्धी अम्बुड्सम्यानको झलक १०७
बक्स नं. ३८ सशस्त्र फौजसम्बन्धी जर्मन संसदीय कमिस्नर १०९
बक्स नं. ३९ अर्जेन्टिनाको एउटा उदाहरण १११
बक्स नं. ४० यातनाविरुद्धको अभिसन्धिको ऐच्छिक प्रोटोकलले सुरक्षानिकायको परिसरमा भ्रमण गर्ने सम्भावनालाई विस्तृत गर्छ । ११२
बक्स नं. ४१ संकटकालीन अवस्थाः उद्देश्य र सिद्धान्त ११९
बक्स नं. ४२ सुरक्षा र लोकतन्त्र दुवैको संरक्षण १२३
बक्स नं ४३ शक्तिको आधार १२५
बक्स नं. ४४ सेप्टेम्बर ११ को घटनाप्रति राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रतिक्रिया १२८
बक्स नं. ४५ आतंकवादविरुद्धको लडाईं १३१
बक्स नं. ४६ व्यक्तिगत तथ्यांकको स्वचालित प्रशोधनका क्रममा व्यक्तिको संरक्षण महासन्धि (इटीएस नं. १०८) १४२
बक्स नं. ४७ शान्ति निर्माण, शान्ति कार्य, शान्ति कार्यान्वयन, शान्ति स्थापना : केही आवश्यक व्याख्या १४५
बक्स नं. ४८ पटक पटक गरेर राष्ट्रसंघीय शान्ति स्थापना कारवाही अगाडि बढाउनु १४९
बक्स नं. ४९ शान्ति अभियानमा जवाफी कारवाहीमा शक्ति प्रयोगको नियम १५०
बक्स नं. ५० शान्तिस्थापकहरूका लागि राष्ट्रसंघले दिने प्रशिक्षण १५२
बक्स नं. ५१ बजेटः लोकतान्त्रिक शासनको मुख्य औजार १५७
बक्स नं. ५२ किन संसद बजेटमा सक्रिय रुपमा सहभागी हुनपर्छ ? १५९
बक्स नं. ५३ कूल गार्हस्थ्य उत्पादन प्रतिशतको आधारमा विश्वका क्षेत्र र खास राष्ट्रको रक्षा खर्च १६०
बक्स नं. ५४ योजना, कार्यक्रम र बजेट प्रणाली १६३
बक्स नं. ५५ रक्षा बजेटका आधारभूत तत्वहरू : स्पेनको २००२ को रक्षा बजेट १६५
बक्स नं. ५६ पारदर्शी सुरक्षा बजेटका लागि मुख्य व्यवधानहरू १६७
बक्स नं. ५७ सुरक्षा बजेटमा ३ तहको वर्गिकरण १६८
बक्स नं. ५८ सुरक्षा क्षेत्रको प्रभावकारी बजेट नियन्त्रणमा वाधा पुऱ्याउने मुख्य समस्याहरू १७०
बक्स नं. ५९ दक्षिण पूर्वी युरोपका खास राष्ट्रमा बजेटको अभ्यास (सन् २००१ अनुसार) १७१
बक्स नं. ६० महान्यायाधिवक्ता १७५
बक्स नं. ६१ बेलायतको सुरक्षा क्षेत्रमाथि संसदको निगरानीमा बेलायतको राष्ट्रिय लेखापरीक्षण कार्यालयको भूमिका १७६
बक्स नं. ६२ जर्जियाको संसद र बजेट नियन्त्रण १७८
बक्स नं. ६३ सशस्त्र बलका व्यवसायिक कर्मचारी संघका सदस्यको अधिकारसम्बन्धी युरोपेली सिफारिस परिषद १८६

| | | |
|---|---|---|
| बक्स नं. ६४ | जर्मन सशस्त्र बलमा नेतृत्व विकास र नागरिक शिक्षा : “इनेरे फुहुरुङ्ग” (Innere Fuhrung) का सिद्धान्तहरू | १९० |
| बक्स नं. ६५ | कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि आचार संहिता | १९२ |
| बक्स नं. ६६ | सुरक्षा क्षेत्रको राजनीतिक-सैनिक पक्षहरूसम्बन्धी ओएससीइ आिचारसंहिता (१९९४) : प्रमुख विशेषताहरू | १९४ |
| कोठा नं. ६७ | कर्मचारी व्यवस्थापन : संसदका लागि महत्वपूर्ण बुँदाहरू | १९८ |
| बक्स नं. ६८ | विश्वमा सैनिक सेवा | २०३ |
| बक्स नं. ६९ | अनिवार्य भर्तीका लागि हैरानी | २०५ |
| बक्स नं. ७० | संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोग निर्णय १९९८/७७ : सैनिक सेवामा न्यायिक विरोध | २०८ |
| बक्स नं. ७१ | वैकल्पिक सेवा : स्वीट्जरल्याण्डको सन्दर्भ | २०९ |
| बक्स नं. ७२ | संसद् सदस्यहरूले हतियार खरिद प्रक्रियामा किन ध्यान दिनुपर्छ ? | २१४ |
| बक्स नं. ७३ | कमजोर वा द्विअर्थी हतियार खरिद नीति वा अत्यन्त गोप्य हतियार खरिद प्रक्रियाले यस्तो सम्भावना निम्त्याउन सक्छ..... | २१५ |
| बक्स नं. ७४ | सैन्य खरिदमा नेदरल्यान्ड सरकारको नीतिः संसदीय सुपरिवेक्षणका आयाम | २१७ |
| बक्स नं. ७५ | हतियार ओसारपसार : परिभाषा | २२० |
| बक्स नं. ७६ | हतियार ओसारपसारका क्षेत्रीय व्यवस्थाहरू | २२२ |
| बक्स नं. ७७ | हतियार प्रतिबन्ध स्तरीय बनाउने प्रक्रिया : संसद्ले गर्नसक्ने | २२५ |
| बक्स नं. ७८ | बढी भएको हतियारहरूको व्यापारः निरस्त्रीकरणको नकारात्मक पक्ष | २२७ |
| बक्स नं. ७९ | साना हतियारको अनुमानित व्यापारको आँकडा | २२८ |
| बक्स नं. ८० | साना र हलुका हतियारको अनधिकृत व्यापारविरुद्ध राष्ट्रसंघको कारबाही कार्यक्रम : संसद् सदस्यहरूका लागि केन्द्रित बुँदाहरू | २२९ |
| बक्स नं. ८१ | हतियार निर्यात नियन्त्रणमा संसद्को भूमिका : युरोपेली मुलुकमा पारदर्शिता र जवाफदेहिता | २३१ |

भाग १

# विकसित सुरक्षा अवधारणा र कर्ताहरूः

## संसदहरूले सामना गरेका चुनौती

अध्याय - १

# परिवर्तनशील विश्वमा परिवर्तित सुरक्षा

विगत दशकयता विश्व सुरक्षा स्थितिमा नाटकीय परिवर्तन आइरहेको छ। पुराना खतरा अहिले अस्तित्वमा छैनन्, तिनीहरूको सट्टामा नौला र त्रासदीपूर्ण खतराहरू विद्यमान छन् । यसले सुरक्षा, द्वन्द्व र शान्तिसम्बन्धी विद्यमान मुद्दामा नयाँ अवधारणालाई बढाएको छ ।

## लोकतन्त्रमा शान्ति तथा सुरक्षा

सबै द्वन्द्वले शान्ति तथा सुरक्षामा चुनौती खडा गर्दैनन् । प्रत्येक समाजमा व्यापक मुद्दाहरूमा प्रतिस्पर्धी र प्रायः प्रतिपक्षी धारणा विद्यमान हुन्छन् । लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रताले जनतालाई यस्ता दृष्टिकोण आफ्ना निर्वाचित प्रतिनिधिमार्फत् उजागर गर्ने अवसर प्रदान गर्छ। वास्तवमा यी निर्वाचित जनप्रतिनिधिहरूले सार्वजनिक छलफलमार्फत् यस्ता मुद्दा र सवालहरूलाई गम्भीरतापूर्वक लिन्छन्, जसमा सरोकारवालाहरूले व्यापक छलफल गर्छन्। यो प्रक्रियाले लोकतन्त्रहरूलाई द्वन्द्व समाधान र उपयुक्त समझदारीका लागि सबल बनाउँछ, जसलाई सामान्यतः समाजको समर्थन हुन्छ। प्रायः सक्रिय प्रजातान्त्रिक संस्थाहरूको अभावमा तनाव नियन्त्रण बाहिर पुग्नु र हिंसात्मक द्वन्द्वमा परिवर्तन हुनु अनौठो मानिँदैन । आफैंमा द्वन्द्व समाधानका अभिन्न संरचनाका कारण लोकतन्त्र शान्ति तथा सुरक्षाका लागि अपरिहार्य भएको छ ।

यस सम्बन्धले यसको श्रेष्ठतालाई थप पुष्टी गर्छ : आमरुपमा के मान्यता छ भने सुरक्षा आफैंमा लक्ष्य होइन, तथापि यथार्थमा यसले जनकल्याणको अभिवृद्धिमा सहयोग पुऱ्याउनु पर्छ । लोकतन्त्र प्रभावकारी संसदमा निर्भर हुन्छ, यसले यस विचारका लागि व्यवहारिक अर्थ बोध गराउनुपर्छ :

> *'समुदाय, क्षेत्र, राष्ट्र, राज्यको सार्वभौमसत्ता त्यतिबेला मात्रै अर्थपूर्ण बन्छ, जतिबेला यस्तो सार्वभौमसत्ताबाट वास्तविक सार्वभौमसत्ता अनुप्राणित हुन्छन्- त्यो भनेको मानवको सार्वभौमसत्ता हो ।'* -भ्याकाल्भ ह्याभेल

राज्य संरक्षण केन्द्रित राष्ट्रिय सुरक्षामा व्यक्ति र समुदाय पहिलो प्राथमिकता “बनेपछि” मानव सुरक्षा हुन्छ। व्यवहारमा, यसले राज्यहरूलाई सुरक्षा विरुद्धका चुनौतीहरूमा आफ्नो जवाफदेही व्यापक बनाउन मार्गदर्शन गर्छ, निम्न विषयहरू संलग्न हुन्छन् :

- **रोकथाम कार्य** : द्वन्द्व रोकथामका पहलहरू, जस्तै जनकेन्द्रित द्वन्द्व समाधान तथा शान्ति स्थापनासम्बन्धी कार्यहरू;
- **हस्तक्षेप** : अन्य प्रयास विफल भएको चरम स्थितिमा ठूलो जोखिममा परेका सर्वसाधारणलाई जोगाउन आन्तरिक द्वन्द्वमा हस्तक्षेप गर्नु;
- **प्रतिक्रियात्मक कार्य** : युद्ध प्रभावित नागरिकका निम्ति गृहयुद्धका क्रममा वा युद्ध उप्रान्त सहयोग प्रदान गर्न राहत कार्य अत्यावश्यक हुन्छ। यसमा विस्थापित व्यक्तिका लागि शिविर निर्माण, शरणार्थीका लागि शरण वा राहत कार्य पर्छन्।

## सैनिक सुरक्षादेखि विस्तृत सुरक्षासम्म

कडा सैनिक अवधारणाको ठाउँ भिन्न ‘मानव सुरक्षा’ केन्द्रित सुरक्षा अवधारणाले लिइरहेको छ। सुरक्षासम्बन्धी मुद्दामा अन्य गैर-सैनिक पक्ष समेतलाई ध्यानमा राखी व्यापक सुरक्षा अवधारणा अपनाउनु पर्ने सहमति सबैको छ। (हेर्नुहोस् बक्स नं. १)

बक्स नं. १

आजका अन्य चुनौतीहरू समाविष्ट, एक्लो वा संयुक्त सुरक्षा...

- राजनीतिक चुनौतीहरू जस्तो आन्तरिक राजनीतिक अस्थिरता, असफल राज्यहरू, आतंकवाद र मानवअधिकार हनन्;
- आर्थिक चुनौतीहरू जस्तो गरिबी, सम्पन्न र विपन्न देशहरू बीचको बढ्दो दूरी, अन्तर्राष्ट्रिय आर्थिक मन्दी, आर्थिकरूपमा सबल राज्यको प्रभाव वा अस्थिर छिमेकी राज्य र अरूको सर्वाधिकारको उल्लंघन;
- वातावरणीय वा मानव-सिर्जित चुनौतीहरू जस्तो पारमाणविक ध्वंश, विश्व पर्यावरणीय परिवर्तनहरू, जमिन वा जल क्षयीकरण, खाना र अन्य स्रोतहरूमा कमी;
- सामाजिक चुनौतीहरू जस्तै अल्पसंख्यक/बहुसंख्यकका द्वन्द्व, अधिक जनसंख्या, संगठित अपराधहरू, लागू पदार्थको अन्तर्राष्ट्रिय तस्करी, अवैध व्यापार, अनियन्त्रित आम आप्रवासन र रोगहरू ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

व्यापक सुरक्षा एजेन्डाको फाइदा भनेको यसले सुरक्षा खतराको स्थितिमा व्यापक सुरक्षाको अनुभूति र त्यसलाई सम्बोधन गर्न आवश्यक संयन्त्र प्रदान गर्नु हो। यसको बेफाइदा भनेको राज्य र नागरिकलाई संरक्षण गर्ने क्रममा वैधानिक बल प्रयोग गर्ने वा बल प्रयोगको चुनौती दिने सबै सुरक्षा संगठनहरू लगायतका सुरक्षा सेवाहरू समाजका गैर-सैनिक क्षेत्रमा सक्रिय भए भने धैरै शक्तिशाली हुन सक्छन्। यसबाहेक सुरक्षा क्षेत्रसँग यी नयाँ चुनौतीहरूलाई संवोधन गर्न आवश्यक विशेषज्ञता नहुन सक्छ।

## राज्यको आफ्नो सुरक्षादेखि राज्यहरू बीचको सुरक्षा सहयोग

राष्ट्रिय सुरक्षा अवधारणालाई राष्ट्रिय ‘स्वावलम्बन’बाट मात्र हासिल गर्न सकिँदैन, बरु राज्यहरूबीच सुरक्षा सहयोगको आवश्यकता धेरै अघिदेखि भएको हो। १९ औं शताब्दीमा ‘शक्ति सन्तुलन’को अवधारणा महत्वपूर्ण थियो। २० औं शताब्दीमा लीग अफ नेसन्स र यसको उत्तराधिकारी संस्था संयुक्त राष्ट्रसंघजस्ता सुरक्षा संगठन, नाटोजस्ता सामुहिक प्रतिरक्षा संगठनसमेत फष्टाए।

शित युद्धको समाप्तिपछि आन्तरिक द्वन्द्वहरू बढेका छन्। पछिल्लो समयमा आतंकवाद शीर्ष समाचार बनिरहेको छ। विश्वव्यापीकरणले राज्यहरूबीच सुरक्षा क्षेत्रमा समेत अन्तरनिर्भरतालाई बढाएको छ। अचेल कुनै एउटा देशमाथिको सुरक्षा चुनौतीले एउटा क्षेत्र वा पूरै विश्वको शान्तिलाई सजिलै बिगार्न वा अस्थिर तुल्याउन सक्छ। सुरक्षा एजेन्डालाई व्यापक बनाउने लगायतको यो नयाँ यथार्थले अन्तर्राष्ट्रिय सुरक्षा सहयोगमा थप गति प्रदान गरेको छ।

बक्स नं. २

## विभिन्न सुरक्षा व्यवस्थाहरू

### ० सामुहिक प्रतिरक्षा :

दुई वा सोभन्दा बढी राज्यहरूले बाहृय आक्रमणका बेला एक अर्कालाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै सामुहिक प्रतिरक्षालाई सन्धिद्वारा परिभाषित गरिएको हुन्छ । यस किसिमको सुरक्षा व्यवस्थाका उल्लेख्य उदाहरण नाटो र अमेरिकी राज्यहरूका संगठन हुन् ।

### ० सामुहिक सुरक्षा :

यस प्रणालीमा समुदायले बल प्रयोगलाई परित्याग गरेका हुन्छन् र आफ्नो सामुदायको कुनै सदस्यमाथि बल प्रयोग भएको अवस्थामा सहयोग गर्छ । यो अन्तर्राष्ट्रिय शान्ति भंग भएका बेला अन्तर्राष्ट्रिय समुदायले सशक्त प्रतिक्रिया व्यक्त गर्ने प्रणाली हो । सामुहिक प्रतिरक्षाभन्दा भिन्न सामुहिक सुरक्षा प्रणाली समुदाय भित्रबाट गरिने आक्रमण विरूद्ध निर्देशित हुन्छ । संयुक्त राष्ट्रसंघ सामुहिक सुरक्षा प्रणालीको ज्वलन्त उदाहरण हो । संयुक्त राष्ट्रसंघीय वडापत्रको धारा ४१ र ४२ अन्तर्गत अन्तर्राष्ट्रिय समुदायले शान्ति भंग गर्नेविरूद्ध दबाब सिर्जना गर्छ, जुन गैर-सैनिक दवाव वा सैनिक बलको प्रयोग हुन सक्छ ।

*स्रोत : SIMMA, Bruno: The Charter of the United Nations, 1995*

### ० सहयोगात्मक सुरक्षा :

सहयोगात्मक सुरक्षाले सामुहिक सुरक्षालाई सुरक्षाको व्यापक अवधारणासँग जोड्ने काम गर्छ । यसलाई यसरी परिभाषित गर्न सकिन्छ, "सुरक्षाको व्यापक अवधारणा, जसको क्षेत्र वहुआयामिक हुन्छ; निषेध होइन आश्वस्त तुल्याउँछ; असमावेशी होइन समावेशी हुन्छ; सदस्यतामा बन्देज गर्दैन; द्विपक्षीयताको सट्टामा वहुपक्षीयताको पक्षपोषण गर्छ; गैर-सैनिक विषयमा सैनिक समाधान खोज्दैन; राज्यहरूलाई सुरक्षा प्रणालीका प्रमुख कर्ताहरू मान्छ; तर गैर-राज्य कर्ताहरूले खेल्नसक्ने महत्वपूर्ण भूमिकालाई स्वीकार गर्छ; औपचारिक सुरक्षा संस्थाहरूको सिर्जना आवश्यक ठान्दैन, तर भइरहेकालाई अस्वीकार गर्दैन; र माथिका सबैले वहुपक्षीय आधारमा संवादको बानी सिर्जना गर्ने मूल्यमा जोड दिन्छन् ।"

*स्रोत : EVANS Gareth: Cooperating for Peace, 1993*



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

"सामुहिक सुरक्षा व्यवस्था" सहयोगको सबैभन्दा व्यापक प्रभाव पार्ने परिपाटी हो । यसबाहेक, औपचारिक वा हस्तक्षेपकारी सैनिक संगठनबाहेक द्विपक्षीय वा वहुपक्षीय सम्झौता अनुरुपका सञ्जालमार्फत् सहअस्तित्वसहितका न्यून सुरक्षा सहयोग विद्यमान रहन्छन् ।

सुरक्षा सहयोग संगठन, खासगरी सामुहिक प्रतिरक्षा संगठनमा सहभागी हुने निर्णयबाट देशको सुरक्षा स्थितिमा सशक्त प्रभाव पर्छ। सिद्धान्ततः यस्तो सहयोगले चुनौती विरुद्धको सामुहिक 'बल'का रुपमा राष्ट्रिय सुरक्षालाई अभिवृद्धि गर्छ। सदस्यताका लागि अवश्य नै मूल्य चुकाउनु पर्ने हुन्छ : एउटा देशले गठबन्धनका उद्देश्य र आवश्यकतालाई अंगीकार गर्न नतमष्तक हुनुपर्छ, त्यो बेला उसले राष्ट्रिय सुरक्षा नीतिलाई परिभाषित गर्ने विकल्प सीमित हुन जान्छ । यसबाहेक, नीति-निर्माण प्रक्रिया आंशिकरुपमा राष्ट्रिय स्तरबाट अन्तर्राष्ट्रिय क्षेत्रमा सर्ने भएकोले यसबाट संसदीय सुपरिवेक्षणमा प्रभाव पर्न जान्छ ।

अध्याय - २

# संसदीय सुपरिवेक्षणको सान्दर्भिकता

आम विश्वास के छ भने सुरक्षा नीति कार्यकारिणीको 'स्वाभाविक' कार्य हो किनभने उनीहरूसँग आवश्यक ज्ञान हुन्छ र यसमा तत्कालै कार्य गर्न सक्छन् । संसदको विशेष गरी धेरै समय लाग्ने प्रक्रिया र आवश्यक विशेषज्ञता तथा सूचनामा पूर्ण पहुँचको अभावले गर्दा सुरक्षा मुद्दाहरूमा व्यवहार गर्न कम उपयुक्त मानिन्छ । तथापि, कुनै पनि नीतिगत क्षेत्रमा कार्यकारिणीको समीक्षा तथा सुपरिवेक्षणका लागि संसदलाई पत्यार गरिन्छ । सुरक्षा मामिलामा यस्तो सुपरिवेक्षण किन धेरै महत्वपूर्ण हुन्छ, यसका कम्तिमा चार कारण छन् :

## तानाशाही शासनबाट जोगाउन लोकतन्त्रको जग

फ्रान्सेली पूर्व प्रधानमन्त्री जर्जस् क्लेमनस्यउले कुनै बेला भनेका थिए- "युद्ध भनेको सेनालाई सुम्पनु पर्ने एकदमै गम्भीर मुद्दा हो ।" यस अभिव्यक्तिले विनोदपूर्ण पक्ष बाहेक जनप्रतिनिधिमा सर्वोच्च अधिकार अन्तरनिहित हुन्छ र उनीहरूको नियन्त्रणबाट राज्यको कुनै पनि क्षेत्रलाई नछोएको हुँदैन भन्ने तथ्य स्मरण गराउँछ । संसदीय नियन्त्रण विनाको सुरक्षा क्षेत्र, विशेष गरी सेना भएको देशलाई अपूर्ण लोकतन्त्र वा निर्माणाधीन लोकतन्त्र मानिन्छ ।

प्रसिद्ध अमेरिकी विद्वान् रोवर्ट ए डालका अनुसार, "राजनीतिमा अत्यन्त आधारभूत तथा निरन्तरताको समस्या भनेकै तानाशाहीपनबाट जोगिनु हो ।" सुरक्षा क्षेत्रले राज्यको मुख्य कार्य वहन गर्छ, कार्यकारिणीको शक्ति प्रतिसन्तुलनका लागि नियन्त्रण तथा सन्तुलन प्रणाली आवश्यक छ । त्यसैले सुरक्षा क्षेत्र माथिको संसदीय सुपरिवेक्षण राज्य तहको शक्ति-बाँडफाँडका लागि नभई नहुने तत्व हो, यदि यो प्रभावकारी भएमा कार्यकारिणी वा राष्ट्रपतीय अधिकारका सीमा निर्धारण गर्छ ।





## जनप्रतिनिधित्व बिना कर लगाउन पाइन्न

अद्यापि कार्यकारिणीमाथि संसदीय नियन्त्रणका सबैभन्दा महत्वपूर्ण संयन्त्र मध्ये बजेट एक हो । पश्चिम युरोपमा पहिलो अधिवेशनको सुरुकै दिनदेखि नीतिगत विषयमा आफूले बोल्न पाउनुपर्ने माग गरेका थिए, उनीहरूको दावी थियो- "जनप्रतिनिधित्व बिना कर लगाउन पाइन्न ।" सुरक्षा क्षेत्रका संगठनहरूले राष्ट्रिय बजेटको उल्लेख्य अंश प्रयोग गर्ने भएकाले संसदले राज्यको सीमित स्रोतको प्रयोग प्रभावकारी र दक्षतापूर्वक दुबै किसिमले सुपरिवेक्षण गर्नु आवश्यक छ ।

## सुरक्षा मुद्दाहरूका लागि कानुनी सीमा निर्धारण

व्यवहारमा कार्यपालिकाले सुरक्षा मुद्दाहरूमा कानुनी मस्यौदा गर्छ । तथापि, संसद सदस्यहरूले यी मस्यौदाहरूको समीक्षाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । सुरक्षासम्बन्धी नयाँ अवधारणालाई प्रस्तावित कानुनी व्यवस्थामा पर्याप्त प्रतिबिम्बित गर्नु आवश्यक छ भन्ने लागेमा उनीहरूले संशोधन प्रस्ताव गर्न सक्छन् । यसबाहेक, कानुन मृत अक्षरमात्र नबनोस् बरु पूर्ण कार्यान्वयन होस् भनेर हेर्ने दायित्व समेत संसदलाई छ ।

## सर्वसाधारणका लागि पुल

कार्यकारिणी नागरिक प्राथमिकताका सुरक्षा मुद्दाहरूप्रति आवश्यकता अनुरुप पूर्ण सचेत नहुन सक्छ । सांसदहरू सर्वसाधारणसँग नियमित सम्पर्कमा हुन्छन् र तिनीहरूको दृष्टिकोणलाई यथोचितरुपमा प्रस्तुत गर्न सक्ने स्थितिमा हुन्छन् । उनीहरूले संसदमा नागरिक चासोका विषयलाई उठाउँछन् र सुरक्षा कानुन तथा नीतिहरूमा यो प्रतिबिम्बित भए/नभएको हेर्छन् ।

# सुरक्षा क्षेत्रमा संसदीय सुपरिवेक्षणका चुनौतीहरू

सुरक्षा क्षेत्रका कम्तिमा तीन पक्षले संसदीय सुपरिवेक्षणका वास्तविक चुनौतीलाई प्रतिनिधित्व गर्छन् :

√ सुरक्षा कानुनले सुरक्षा क्षेत्रको पारदर्शिता अभिवृद्धिको प्रयासमा अवरोध गर्न सक्छन् । विशेषगरी आरम्भिक लोकतन्त्र वा द्वन्द्वउप्रान्तका देशहरूमा सुरक्षा कानुनले सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणलाई सीमित वा खतरामा पार्न सक्छन्; सूचनाको स्वतन्त्रतासम्बन्धी कानुनको अभावमा यस्तो हुन सक्छ ।

√ सुरक्षा क्षेत्र एकदमै जटिल क्षेत्र हो, जसमा संसदले हतियार खरिद, हतियार नियन्त्रण र सैनिक इकाईहरूको तत्परता/तयारीजस्ता मुद्दाहरूको सुपरिवेक्षण गर्नुपर्छ । सबै सांसदहरूमा यी मुद्दालाई प्रभावकारीरुपमा व्यवहार गर्ने प्रयाप्त ज्ञान तथा विशेषज्ञता हुँदैन । न त उनीहरूसँग आफूलाई विकास गर्न समय र अवसर नै हुन्छ, किनभने उनीहरूको संसदीय पदावधि निश्चित हुन्छ र देशभित्र तथा बाहिरका विशेषज्ञ स्रोतसँगको पहुँचको कमी हुन सक्छ । सदनको अवधि निश्चित समयका लागि मात्र हुन्छ न त देशभित्र विज्ञ साधन र स्रोत नै हुन्छ र मुलुकबाहिर पनि यस्तो साधन र स्रोतको अभाव हुनसक्छ;

√ अन्तर्राष्ट्रिय सुरक्षा सहयोगमा मात्र जोड दिएर यस प्रक्रियामा संसदलाई वेवास्ता गरियो भने देशको सुरक्षा नीतिको पारदर्शिता तथा लोकतान्त्रिक वैधानिकतामा प्रभाव पार्न सक्छ । त्यसकारण अन्तर्राष्ट्रिय मञ्चमा संसदले सुझाव प्रदान गर्न, वहसमा सहभागी हुन तथा सुपरिवेक्षण र निर्णयका लागि सक्षम हुनुपर्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

**अध्याय - ३**

# संसद तथा राज्यका अन्य संस्थाहरुको भूमिका तथा दायित्व

## साझा दायित्व

सुरक्षा मामिलामा संसद र सरकारका भिन्न भूमिका भए पनि सुरक्षा क्षेत्रको सुसंचालनमा उनीहरूको साझा दायित्व हुन्छ । साझा दायित्वको यो अवधारणा राजनीतिक तथा सैन्य नेताहरूबीच समेत लागु हुन्छ । यी दुई पक्षले एक अर्कालाई पृथक लक्ष्य बोकेका विरोधीका रुपमा हेर्नु हुँदैन, जसले पृथक-पृथक लक्ष्यहरू अंगीकार गरेका हुन् । यस विपरित, प्रभावकारी, विस्तृत र जनकेन्द्रित सुरक्षा नीति हासिल गर्न उनीहरूलाई एक अर्काको आवश्यकता पर्छ । लोकतान्त्रिक सुपरिवेक्षणमा राजनीतिक नेताहरू र उच्च पदस्थ सैनिक अधिकृतहरूबीच विश्वास, खुला संचार र आपसमा समावेशी आधारमा संवाद हुनुपर्छ । यस्तो नियमित संवादले राजनीतिज्ञहरू र सैन्य नेताहरूलाई उदासिन हुनबाट जोगाउँछ र स्थायित्वलाई सुदृढ गर्न अतिरिक्त लाभ प्राप्त हुन्छ ।

## भूमिकाको बाँडफाँड

राज्यका तीनवटा अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले राष्ट्रिय सुरक्षामा मुख्य भूमिका निर्वाह गर्छन् । बक्स नं. ३ मा कार्यकारिणीका तीन मुख्य कर्ताहरू- राष्ट्राध्यक्ष, सरकार र सामान्य कर्मचारीहरूको भूमिकाको वर्णन गर्न खोजिएको छ । तालिकाको उद्देश्य प्रत्येक देशको राजनीतिक प्रणाली अलग भए पनि सम्भावित राजनीतिक क्रियाकलापहरूको सामान्य जानकारी गराउनु हो । अतः यसले सबै देशको स्थितिलाई प्रतिनिधित्व गर्ने दाबी गर्दैन ।

यसबाहेक, व्यवस्थापिका, न्यायपालिका तथा कार्यपालिका, नागरिक समाजले सुरक्षा नीति निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण अनौपचारिक योगदान पुऱ्याइरहेका हुन्छन्,

साथै संचार माध्यमले सर्वसाधारणलाई राज्यका कर्ताहरूको नियत र कार्यको जानकारी दिन योगदान गरिरहेको हुन्छ। (हेर्नुहोस् भाग ७)

अन्तमा, दुई संस्थागत कर्ताहरूले राष्ट्रिय सुरक्षा नीति र त्यस बमोजिमको बजेट कार्यान्वयनमा सुपरिवेक्षणको महत्वपूर्ण भूमिका निर्वाह गर्छन्, ती हुन् अम्बुड्सम्यान (हेर्नुहोस्. भाग १६) र महालेखा परीक्षक (हेर्नुहोस् भाग २४)।

## राजनीतिक जवाफदेही

सुरक्षा सेवाहरू राज्यका प्रत्येक प्रमुख अंगहरूप्रति जवाफदेही हुनुपर्छ :

√ कार्यपालिकाले सरकारका केन्द्रीय, क्षेत्रीय र स्थानीय तहको प्रत्यक्ष नियन्त्रण गर्छ, सुरक्षा सेवाहरूको बजेट विनियोजन, सामान्य मार्गदर्शन र गतिविधिका निम्ति प्राथमिकता निश्चित गर्छ।

√ व्यवस्थापिकाले सुरक्षा सेवाहरूलाई परिभाषित तथा नियमित गर्न कानुन पारित गरेर र त्यस अनुसारको बजेट विनियोजनमार्फत् संसदीय सुपरिवेक्षण गर्छ। यस्तो नियन्त्रणमा संसदीय अम्बुड्सम्यानको स्थापना वा सर्वसाधारणको सिकायतमाथि अनुसन्धान गर्न स्थापित हुन सक्ने आयोगसमेत समावेश हुन सक्छ।

√ न्यायपालिकाले सुरक्षा क्षेत्रको सुपरिवेक्षण र कर्मचारीहरूका गैर-कानुनी कार्य दुबैका लागि आवश्यकता अनुसार देवानी तथा फौज्दारी प्रक्रियामार्फत् कारवाही गर्छ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ३

### सुरक्षा क्षेत्रसम्बन्धी राज्यका मुख्य अंगका सम्भावित कार्यहरू

| | संसद | न्यायपालिका | कार्यपालिका | | |
|---|---|---|---|---|---|
| | | | राष्ट्राध्यक्ष | मन्त्रिपरिषद् | प्रधान सेनापति |
| सर्वोच्च नियन्त्रण (सुप्रिम कमान्ड) | केही देशमा संसदले सर्वोच्च कमान्डरबारे बहस र/नियुक्ति गर्छ | संवैधानिक अदालतले राष्ट्पतिको संवैधानिकता वा मन्त्रिपरिषद्लाई सेनाधिपतिको रूपमा मूल्यांकन गर्छ | केही देशमा राष्ट्र प्रमुखका केबल समारोहसम्बन्धी कार्य हुन्छन्, केहीमा भने उनीमा वास्तविक प्राधिकार रहन्छ; उदाहरणका लागि युद्धकालमा सर्वोच्च कमाण्डर | युद्धकालमा सरकार नै सर्वोच्च कमान्डर हुन्छ। | केही दशमा सर्वोच्च सैन्य कमान्डर पद युद्धकालमा मात्र विद्यमान रहन्छ, अन्यमा यो स्थायी हुन्छ। |
| सुरक्षा नीति | सुरक्षा अवधारणामाथि छलफल तथा स्वीकृति दिनु, कानुन बनाउनु | – | सुरक्षा नीतिसम्बन्धी कानुनमा स्वीकृति दिन्छ | सुरक्षा नीति प्रस्ताव तथा कार्यान्वयन | सरकारलाई परामर्श दिन्छ, र सुरक्षा नीतिमा योजना, सहयोग र कार्यान्वयन गर्छ |
| बजेट | बजेट स्वीकृत गर्छ | | – | बजेट प्रस्ताव गर्छ | सरकारलाई परामर्श दिन्छ |
| रक्षा कानुनहरू | कानुन बनाउँछ | संवैधानिक अदालतले कानुनको संवैधानिकतामाथि व्याख्या गर्छ | कानुन जारी गर्दा हस्ताक्षर गर्छ | कानुन प्रस्ताव गर्छ र कानुन अनुसार स्वीकृति दिन्छ | सरकारलाई परामर्श दिन्छ; कानुन कार्यान्वयन गर्छ |
| कर्मचारी | केही देशमा मुख्य ओहदाहरूमा नियुक्ति गर्ने अधिकार संसदलाई हुन्छ | उनीहरूको व्यवहारको कानुनी निरूपण गर्छ | मुख्य कमान्डरहरूलाई नियुक्त गर्छ; कर्मचारी योजनालाई स्वीकृति दिन्छ | मुख्य कमान्डरहरूलाई नियुक्त गर्छ | कर्मचारी योजनामा परामर्श दिन्छ; कर्मचारी योजना कार्यान्वयन गर्छ; तल्लो तहका कमान्डरहरूलाई नियुक्त गर्छ |

| | | | | | |
|---|---|---|---|---|---|
| खरिद | हतियार खरिद परियोजनाहरूको मूल्यांकन र/वा स्वीकृति | भ्रष्टाचार तथा जालसाजीमा कानुनको उल्लंघनसम्बन्धी मुद्दाको फैसला | - | हतियार खरिद प्रस्ताव | हतियार खरिद प्रक्रियाको पहल तथा कार्यान्वयन |
| सेनालाई विदेश पठाउनु/बाह्य सेनालाई आतिथेय प्रदान गर्नु | पूर्व स्वीकृति, आगमनपछिको स्वीकृति वा कुनै हालतमा स्वीकृति नदिनु | उनीहरूको व्यवहारको कानुनी निरूपण गर्छ | - | अन्तर्राष्ट्रिय सहभागिताका लागि सम्झौता गर्छ, त्यसमा सहभागिता निर्णय गर्छ | संचालन कमान्ड |
| अन्तर्राष्ट्रिय सम्झौताहरू, गठबन्धनमा सहभागिता | स्वीकृति | | अन्तर्राष्ट्रिय सम्झौताहरू टुंगो लगाउनु र अनुमोदन गर्नु | अन्तर्राष्ट्रिय वार्ताका लागि जिम्मेवार | सरकारलाई परामर्श दिन्छ |

माथि उल्लेख भए अनुसार राज्यका तीन अंगका भूमिका देशअनुरुप फरक हुन सक्छन् । सँधैभरि शक्ति बाँडफाँड प्रणालीको उपस्थिति महत्वपूर्ण हुन आउँछ, जसले सुरक्षा क्षेत्रमा राजनीतिक दुरुपयोग हुन नदिई सन्तुलन र नियन्त्रण प्रदान गर्छ । यस तथ्यलाई ध्यानमा राखेर धेरै देशका सरकारले सुरक्षा मामिलामा नियन्त्रणकारी भूमिका निर्वाह गरेका हुन्छन्, संसदलाई प्रभावकारी सुपरिवेक्षण अधिकार र स्रोतले सज्जित गराउनु उत्तिकै महत्वपूर्ण हुन जान्छ । नयाँ सुरक्षा चुनौतीहरू (हेर्नुहोस् भाग १) ले सार्वजनिक संस्थाहरूलाई उनीहरूको भूमिका पुनः परिभाषित गर्न प्रेरित गर्ने भएकोले यो बढ्ता महत्वपूर्ण छ ।

## लोकतान्त्रिक तथा संसदीय सुपरिवेक्षणका सिद्धान्तहरू

लोकतान्त्रिक तथा संसदीय सुपरिवेक्षण क्षेत्रका सर्वमान्य अन्तर्राष्ट्रिय मापदण्ड छैनन्, जब कि सुरक्षा तथा रक्षालाई राष्ट्रिय सार्वभौमसत्ता क्षेत्रमा पर्ने ठानिन्थ्यो । केही क्षेत्रीय मापदण्ड अस्तित्वमा छन्, उदाहरणका लागि ओएससीइ आचारसंहिता (थप जानकारीका लागि हेर्नुहोस् बक्स नं. ६६) । लोकतान्त्रिक नागरिक-सैनिक सम्बन्धसम्बनधी केही थप सिद्धान्तहरू रहेका छन् :





- √ राज्य समाजको एकमात्र त्यस्तो कर्ता हो जोसँग शक्ति एकाधिकारको वैधानिकता हुन्छ; सुरक्षा सेवाहरू वैधानिक लोकतान्त्रिक निकायप्रति जवाफदेही हुन्छन्;
- √ संसद सार्वभौम हुन्छ र कार्यपालिकालाई सुरक्षा तथा रक्षा नीतिको विकास, कार्यान्वयन र मूल्याङ्कनका लागि जवाफदेही बनाउँछ;
- √ संसदसँग रक्षा तथा सुरक्षा खर्चको अख्तियारी दिने तथा छानवीन गर्ने अद्वितीय संवैधानिक भूमिका हुन्छ;
- √ संकटकालको घोषणा वा युद्धकालको घोषणा घोषणा र फिर्ता लिने क्रममा संसदले महत्वपूर्ण भूमिका निर्वाह गर्छ (हेर्नुहोस् भाग १८) ।
- √ सुशासनका सिद्धान्तहरू (हेर्नुहोस् बक्स नं. ४) र कानुनको शासन सरकारका सबै अंगहरू र सुरक्षा क्षेत्रहरूमा समेत लागु हुन्छ;
- √ सुरक्षा क्षेत्रका कर्मचारीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन (देवानी वा फौजदारी सम्बन्धी अनाचार) उल्लंघनका लागि व्यक्तिगत रुपमा अदालतप्रति जवाफदेही हुन्छन्;
- √ सुरक्षा क्षेत्रका संस्थाहरू राजनीतिमा तथष्ट हुन्छन् ।

बक्स नं. ४

### सुरक्षा क्षेत्रको लोकतान्त्रिक सुपरिवेक्षणका लागि महत्वपूर्ण मूल्यका रूपमा सुशासन

"सुशासन अनुमानयोग्य, खुला र प्रगतिशील नीति-निर्माण, सार्वजनिक भलाइको अभिवृद्धि, कानुनको शासन, पारदर्शी प्रक्रिया, सार्वजनिक मामिलामा नागरिक समाजको सशक्त सहभागिताका लागि व्यवसायिक गुणसहितको कर्मचारीतन्त्रद्वारा घनीभूत हुन्छ । (अर्कोतिर) कुशासन स्वेच्छाचारी नीति-निर्माण, जवाफदेहीविहिन कर्मचारीतन्त्र, कमजोर वा अन्यायपूर्ण कानुन पद्दति, कार्यकारी अधिकारको दुरुपयोग, सार्वजनिक जीवनमा असंलग्न नागरिक समाज, व्यापक भ्रष्टाचारका विशेषतायुक्त हुन्छ ।"

*स्रोत : World Bank, 1994, Good Governance: The World Bank's Experience Washington*

भाग २

# राष्ट्रिय सुरक्षा नीतिको सुपरिवेक्षण

**अध्याय – ४**

# राष्ट्रिय सुरक्षा नीति तर्जुमा

## अन्तर्वस्तु

राष्ट्रिय सुरक्षा नीतिले सुरक्षा प्रतिको सरकारको दृष्टिकोण र त्यस्तो सुरक्षा व्यवस्था कसरी हासिल गरिनेछ भन्ने निर्धारण गर्छ। राष्ट्रिय सुरक्षा नीतिमा सुरक्षा क्षेत्रका प्रमुख निर्णयहरू समावेश हुन्छन्, जसले राज्य र समाजका आन्तरिक तथा वाह्य सुरक्षालाई प्रभावित पार्छ। यो नीति सुरक्षाप्रति लिइएको दृष्टिकोणमा आधारित हुन्छ, यसले सैन्य सिद्धान्तलाई निर्देशित गर्छ र राज्य पक्ष बनेका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संरचना अन्तर्गत नियमहरू तयार गर्छ। तसर्थ यो राष्ट्रिय सुरक्षाको आवश्यकता र प्राथमिकतामा मात्र आधारित हुँदैन, बरु यो विभिन्न वाह्य तत्व, दवाव र प्रतिबद्धताहरूद्वारा प्रभावित हुन्छ। जुनसुकै अवस्थामा यो मुलुकको संविधान वा वडापत्रमा उल्लेखित मूल्य तथा सिद्धान्त अनुरुप हुनुपर्छ।

बक्स नं. ५

राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी प्रश्नहरू :

जनप्रतिनिधिहरूले राष्ट्रिय सुरुक्षा नीतिसम्बन्धी दस्तावेजमाथिको वहस वा स्वीकृतिका क्रममा वा त्यसलाई विशेष परिस्थितिमा लागु गर्नेसम्बन्धी वहसका क्रममा निम्न केही वा सम्पूर्ण प्रश्नहरूलाई सम्बोधन गर्नुपर्छ :

- ✓ कस्तो किसिमको चुनौती तथा जोखिमबाट समाजलाई बचाउनु पर्छ ? कस्तो र कसको मूल्यलाई जोगाउनु पर्दछ ? र यसपछि कस्तो किसिमको सुरक्षाको आवश्यकता छ ?
- ✓ राष्ट्रिय सुरक्षा नीतिमा संगठित अपराध वा आतङ्कवादजस्ता सुरक्षासम्वन्धी नयाँ जोखिमहरूको परीक्षण समावेश हुन्छ ?
- ✓ कति सुरक्षा पर्याप्त हुन्छ ?
- ✓ राष्ट्रिय सुरक्षा कसरी प्राप्त गर्न सकिन्छ ? गठबन्धनमा संलग्न भएर ? तटस्थ रहेर ?

- ✓ राष्ट्रिय सुरक्षा बलद्वारा कस्तो किसिमको परिचालन हुनुपर्छ ? केवल रक्षासम्बन्धी परिचालन, वा उनीहरू शान्ति स्थापनामा परिचालित हुन्छन् ?
- ✓ अपेक्षित सुरक्षा तहसम्म पुग्न कस्ता साधनको आवश्यकता छ र कुन क्षेत्रलाई संलग्न गर्नु आवश्यक छ ? र कहिलेसम्म र कुन शर्त अन्तर्गत ?
- ✓ सुरक्षा नीतिको पुनरावलोकन कति समयमा हुनुपर्छ ?
- ✓ कसरी सुरक्षा नीति अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानुन र सिद्धान्त अनुरूप रहेको सुनिश्चित गर्ने ?
- ✓ वित्तीय तथा अर्थसम्बन्धी कस्तो प्रभाव पर्छ र करदाताहरू कतिसम्म तिर्न तयार हुन्छन् ?
- ✓ परराष्ट्र सम्बन्धमा र क्षेत्रीय स्थायित्वमा सुरक्षा नीति तथा यसको कार्यान्वयनको कस्तो प्रभाव पार्न सक्छ ?
- ✓ आम संहारका हातहतियार सम्बन्धमा कस्तो वास्तविक स्थिति र भावी राष्ट्रिय रणनीति रहेका छन् ?

नियमानुसार, राष्ट्रिय सुरक्षा नीति लागु गर्दा राज्यका धेरै निकाय, विभागका नीति दस्तावेजको संलग्नता हुन्छ । तसर्थ, राज्यले सुरक्षासम्बन्धी सान्दर्भिक सबै कर्ता र पक्षहरूलाई संलग्न गराएर विस्तृत राष्ट्रिय सुरक्षा नीति बनाउनु आवश्यक छ । यस्तो दृष्टिकोणले सरकारलाई अभिन्न र एकीकृतरुपमा सुरक्षासम्बन्धी पक्षमा व्यवहार गर्ने अवसर प्रदान गर्छ । आतंकवाद तथा अन्तर्राष्ट्रिय अपराधजस्ता कथित नयाँ जोखिमका लागि योजनावद्ध प्रयास आवश्यक हुन्छ, यी नयाँ चुनौती सामना गर्न विभिन्न संस्थाहरूको संलग्नता आवश्यक हुन्छ : सेना, अर्थ मन्त्रालय, प्रहरी, सीमा रक्षक र गुप्तचर सेवा ।

## संसदको संलग्नताको महत्व

माथि उल्लेखित पृष्ठभूमि र जनताका स्वार्थ तथा आकांक्षालाई प्रतिनिधित्व गर्ने संसदको अभियानलाई ध्यानमा राखेर सुरक्षा नीतिको तर्जुमा र संसदद्वारा त्यसलाई पारदर्शी किसिमले पारित गर्न संसदीय संलग्नता थुप्रै आधारहरू छन् :

- ✓ राष्ट्रिय सुरक्षा नीतिले जनताको जीवन, मूल्य र कल्याणमा प्रभाव पार्ने भएकोले कार्यकारिणी र सेनालाई मात्र निर्णय गर्न छोड्नु हुँदैन;





- ✓ राष्ट्रिय सुरक्षा नीतिले सेना, यसका पुरुष तथा महिला सुरक्षाकर्मीको भविश्यमा महत्वपूर्ण प्रभाव पार्छ;
- ✓ राष्ट्रिय सुरक्षा नीतिका प्रमुख वित्तीय प्रभाव हुन्छन्, त्यस्तै प्रभाव करदाताको रकममा हुन्छ;
- ✓ आर्थिक लागत अतिरिक्त सुरक्षा उपायहरूले नागरिक स्वतन्त्रता र मुक्तिमा अवरोध गर्छन् र लोकतन्त्रमै खास असरहरू पार्छन् ।
- ✓ तसर्थ सुरक्षाका उपायहरू जुनसुकै समयमा अन्तर्राष्ट्रिय मानवीय कानुन खासगरी चार जेनेभा महासन्धि तथा दुई सन्धिपत्र, र मानव अधिकार कानुन खासगरी मानव अधिकार विश्वव्यापी घोषणापत्र र अन्तर्राष्ट्रिय नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि अनुरुप परिचालित हुनेमा संसद सुनिश्चित हुनु आवश्यक छ । पछिल्लो खास अधिकारहरू जुनसुकै अवस्थामा अवरुद्ध गर्न पाइन्न । परिच्छेद १८-२० समेत हेर्नुहोस् ।

## राष्ट्रिय सुरक्षा नीति तर्जुमा चरणमा संसदको भूमिका

जहाँसम्म संसदको चासो छ, त्यो राष्ट्रिय सुरक्षा नीतिसम्बन्धी बहसको एउटा अवसरमात्र हुनुहुँदैन बरु यसका चार चरणमार्फत् विकसित प्रक्रिया हुनुपर्छ : विकास, निर्णय प्रक्रिया, कार्यान्वयन र मूल्याङ्कन । यो नीति निर्माण र कार्यान्वयनमा कार्यकारिणीको दायित्वप्रति कुनै हस्तक्षेप हुनुहुँदैन, त्यो प्रक्रिया सकेसम्म पारदर्शी र सहभागितामूलक हुनुपर्छ, सुरक्षा क्षेत्र स्वयम् र सैनिक मातहतका औद्योगिक क्षेत्र लगायत सबै ठाउँमा चाहिंदो सन्तुलन कायम गर्नुका साथै कसैको दवाव वा प्रभावबाट मुक्त हुनुपर्दछ ।

सांसदहरूले जनताको सुरक्षा चासो तथा अपेक्षाप्रति कार्यकारिणीलाई सचेत तुल्याउन सबै चरणमा आफूलाई उपलब्ध संयन्त्रको प्रयोग गर्नुपर्छ : मौखिक तथा लिखित प्रश्न, प्रस्ताव, जाँच, सुनुवाइ समितिको चयन, "श्वेतपत्र", मन्त्री तथा विभागमा प्रतिनिधित्व । (सुरक्षा क्षेत्रमा लागु संसदीय संरचनाका लागि हेर्नुहोस् परिच्छेद १४ समेत)

## विकास

सबै संसदीय व्यवस्थामा नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमा चरणमा संसदको सीमित भूमिका हुन्छ । प्रारम्भिक चरणमा यो काम सरकारका सम्बन्धित विभाग र निकायहरूले

गर्छन् । त्यसबाहेक संसद र यसका सदस्यहरूले प्रचलित सुरक्षा नीतिले जनताका इच्छा तथा अपेक्षा पूर्ति हुन्छ भनी विश्वस्त तुल्याउन र आवश्यक परेमा यसको परिमार्जनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

सामान्यतः संसदको भूमिका आफूमा प्रस्तुत कागजात स्वीकृत वा अस्वीकृत गर्नमै सीमित हुनु हुँदैन । यसको निर्माणमा संलग्न समितिका सदस्यहरूले तयार पारेको नीति दस्तावेज र विधेयक संसदको विविध दृष्टिकोण प्रतिबिम्बित हुने गरी प्रक्रियामा थप योगदानका लागि पहिल्यै प्रस्तुत गर्नुपर्छ । यसबाट नीति निर्माणको प्रारम्भिक प्रक्रियामै जनआकाङ्क्षाको प्रतिनिधित्वमात्र हुने होइन संसदमा स्वीकृतिका लागि नीति दस्तावेज प्रस्तुत हुँदा सकरात्मक वातावरण र बहस प्राप्त गर्न सक्छ । राष्ट्रको उच्च चासोमा संसदको बहुमत र विपक्षी शक्तिभन्दा माथि उठ्नुपर्छ र राष्ट्रिय सुरक्षा नीति दस्तावेज बाचनमा कुनै अवरोध आउनु हुँदैन । यस्तो भावना अभिव्यक्त हुन सकेमा संसदले यसमा प्रस्तुत दस्ताबेजमा परिवर्तनको प्रस्ताव गर्न सक्षम सक्षम हुनेछ ।

## निर्णय प्रक्रिया

संसदले निर्णय प्रक्रियाको चरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ र खेल्नुपर्छ, विशेषगरी राष्ट्रिय सुरक्षा दस्ताबेज संसदमा पुगेपछि यो "संसदको सम्पत्ति" हुन्छ र यसमा प्रत्यक्ष दायित्व हुन्छ । तसर्थ दस्तावेजबारे गहन अध्ययन गर्न पर्याप्त समय दिनु पर्छ र निर्णय दिन हतारिनु हुँदैन ।

संसदले सरकारले प्रस्तुत गरेको नयाँ नीति वा विधेयकमा स्वीकृति वा अस्वीकार र परिवर्तनको सुझाव दिन सक्छ । एकपटक फेरि यस चरणमा आफूमा प्रस्तुत दस्तावेजमा चित्त नबुझे प्रस्तावित परिमार्जनको लागि सक्रिय हुन्छ र केही प्रभावका लागि पहल गर्छ । यो परिच्छेदको सुरुमा नै संसदीय वहसमा कस्ता प्रश्नहरू उठाउने र निर्णय प्रक्रियामा के गर्ने भन्ने उल्लेख छ ।

यो चरणमा बजेट निर्माणमा संसदको महत्वपूर्ण प्रभाव रहन्छ । (अरु सूचनाका लागि आर्थिक स्रोतबारे भाग ६ हेर्नुहोस्) । संसदले छलफलका लागि छुट्टै समिति गठन गरेर र पूर्ण सुरक्षा नीति बजेटका साथसाथै सुरक्षा बजेट व्यवस्थामा मतदान गरेर यो प्रभावलाई अरु वृद्धि गर्न सक्छ । परीक्षणको सिलसिलामा सुरक्षा योजनाहरूलाई परिभाषित





गर्नुपर्छ बजेटसँग त्यसको प्रत्यक्ष सम्बन्ध हुनुपर्छ । सार्वजनिक समर्थनको विस्तार तथा वृद्धिका लागि र अन्तमा अनुमोदितको वैधानिकताका लागि संसदले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तसर्थ, सुरक्षासँग सम्बन्धित मुद्दासम्बन्धी संसदीय छलफलहरूमा पारदर्शिता जरुरी छ र संसदीय छलफल र सुनुवाइका लागि जनता र संचार माध्यमको पहुँच एकदमै महत्वपूर्ण हुन्छ ।

## कार्यान्वयन

राष्ट्रिय सुरक्षाको सन्दर्भमा संसदको जिम्मेवारी नीति दस्तावेज वा बजेटको स्वीकृतिपछि पूरा हुने होइनमू यसको सुपरिवेक्षण र लेखा परीक्षण कार्य उत्तिकै तत्परताका लागि लागु हुनुपर्छ । कार्यान्वयनको चरणमा संसदले आफूसँग रहेका सबै संयन्त्रहरू प्रयोग गरी सरकारका कामकारवाहीमा परीक्षण गर्नुपर्छ (हेर्नुहोस् परिच्छेद १४) र अरु सुपरिवेक्षण गर्ने संस्थाहरूको सहयोगबाट (जस्तो राष्ट्रिय लेखापरीक्षण कार्यालय, हेर्नुहोस् परिच्छेद २४) लिनुपर्छ । विशेष गरी बजेट व्यवस्थामा दवाव दिएर संसदले आफ्नो प्रभाव विस्तार गर्न सक्छ । संसदले लेखा कार्यालयको कार्यदक्षता तथा प्रभावकारिताका आधारमा लेखापरीक्षण गर्न लेखापरीक्षण कार्यालयको व्यवसायिक तथा प्राविधिक क्षमताको मूल्याङ्कन गर्नुपर्छ ।

संसदले महत्वपूर्ण परिवर्तनको समयमा वा सरकारी कामको स्वीकृतिका लागि संकट पर्दा हस्तक्षेप गर्न सक्छ । उदाहरणहरू : विदेशमा सेना पठाउँदा (परिच्छेद २२ हेर्नुहोस्) वा संकटकालीन घोषणा (परिच्छेद १८ हेर्नुहोस्) । त्यस अतिरिक्त, सरकारले गम्भीर त्रुटी गरेमा संसदले हस्तक्षेप गर्न सक्छ । यस्तो स्थितिमा संसदले प्रायः प्रश्नहरू उठाउने गर्छ, तर अत्यन्त गम्भीर मुद्दामा यसले विशेष छानवीनको आदेश दिन्छ ।

## मूल्याङ्कन तथा सिकिएको पाठ

लोकतान्त्रिक वातावरणमा आफूले निर्माण गरेको नीतिको औचित्यको समीक्षा गर्ने र गुणात्मक तथा परिमाणात्मक दुबै किसिमको मूल्याङ्कन प्रतिवेदन संसदमा पेश गर्नु सरकारको दायित्व हो । जहाँसम्म संसदको सम्बन्ध छ, निर्धारित बजेट विनियोजनको कार्यान्वयनसम्बन्धी तथ्यांक तथा कार्यदक्षतासहितको मूल्याङ्कन जरुरी छ । यद्यपि यसो

गर्न ढिलाइ भए तापनि प्रचलित नीतिलाई मान्यता दिन र नौलो नीति तर्जुमा गर्नसमेत यसमा ध्यान दिनु आवश्यक छ । जहाँ नागरिक समाज बढी गतिशील छ त्यहाँ गैर सरकारी संस्थाहरूका तर्फबाट पनि आफ्नै मूल्याङ्कन हुने गर्दछ । उदाहरणका लागि शान्ति मिसनहरूको मूल्याङ्कन, प्रमुख तथा खर्चिला हतियार प्रणालीका साथै रक्षा मन्त्रालयको कर्मचारीको व्यवस्था (खासगरी अनिवार्य सैन्य सेवा) छन् । संसदले विशेष कार्यमूलक लेखा परीक्षणका लागि परामर्शदातालाई जिम्मेवारी दिनसमेत सक्छ ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सुरक्षा नीति

- राष्ट्रिय सुरक्षा नीति, संचालन सिद्धान्त, रक्षा योजना र वजेट मागबीचको तार्किक सम्बन्धबारे निश्चित हुनुहोस् ।
- यदि सम्भव हुन्छ भने तुलनायोग्य परिस्थितिमा विशेषगरी अरू मुलुकमा प्रयुक्त नीतिको सान्दर्भिकता र/वा कार्यक्षेत्रमा यसको हालैको विकासक्रमको सन्दर्भअनुरूप संसदमा प्रश्न उठाउनुहोस् : हेर्नुहोस् अनुच्छेद १ सुरक्षा नीतिको विकास र यसका कर्ताहरू ।
- संसदले राष्ट्रिय सुरक्षा नीति तर्जुमा, निर्णय प्रक्रिया, कार्यान्वियन र मूल्याङ्कन प्रक्रिया, संसदको भूमिकाका चार चरणका चक्रको परिभाषाको संसदले कानुन निर्माण गर्नुपर्छ ।

सान्दर्भिक प्रश्नहरू

राष्ट्रिय सुरक्षा नीतिलाई परिभाषित र पुनः परिभाषित गर्ने क्रममा बक्स नं. ५ खण्डमा उल्लेख गरिएका अधिकांश प्रश्नहरू "राष्ट्रिय सुरक्षा नीतिबारे प्रश्नहरू" माथिको संवोधनमा सुनिश्चित हुनुहोस् ।





**अध्याय – ५**

# राष्ट्रिय सुरक्षा नीति र अन्तर्राष्ट्रिय नियमहरु

## अन्तर्राष्ट्रिय सिद्धान्तहरू :

अन्तर्राष्ट्रिय सन्धिहरूले राष्ट्रिय सुरक्षा नीतिलाई परिभाषित गर्ने विकल्पलाई कहिलेकाहीं सीमित र कहिले विस्तार गर्छन् । विश्वका अधिकांश राष्ट्रहरू संयुक्त राष्ट्रसंघका सदस्य छन् र तिनीहरू संयुक्त राष्ट्रसंघको वडापत्रसँग आवद्ध छन्, धारा २.३ र २.४ भन्छ :

*"सबै सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा र न्यायलाई जोखिममा नपारी आफ्ना आन्तरिक विवादलाई शान्तिपूर्णरुपमा समाधान गर्नेछन् ।"*

*"सबै सदस्य राष्ट्रहरू आफ्ना अन्तर्राष्ट्रिय सम्बन्धहरूमा कुनै पनि राज्यको प्रादेशिक अखण्डता वा राजनीतिक स्वतन्त्रता विरूद्ध अथवा संयुक्त राष्ट्रसंघका उद्देश्यहरूसँग नमिल्ने अन्य कुनै किसिमबाट धम्की वा शक्तिको प्रयोग गर्नबाट अलग रहनेछन् ।"*

यस अतिरिक्त, थुप्रै अन्तर्राष्ट्रिय परम्परागत सिद्धान्तहरूले सन्दर्भ ढाँचा उपलब्ध गराएका छन् । राज्यहरूबीच सौहार्दपूर्ण सम्बन्ध र सहकार्यसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त(१९७०) बारे साधारण सभाको घोषणा २६२५(xxv)लाई वडापत्रको आधिकारिक व्याख्या मानिन्छ र त्यसकारण सबै सदस्य राष्ट्रका लागि बन्धनकारी छ । यस घोषणामा समान महत्वका निम्न आठ अविभाज्य सिद्धान्तहरू समावेश गरिएका छन् :

| | |
|---|---|
| **पहिलो सिद्धान्त** | धम्की वा शक्तिको प्रयोग गर्नबाट रोक |
| **दोस्रो सिद्धान्त** | अन्तर्राष्ट्रिय विवादको शान्तिपूर्ण समाधान |
| **तेस्रो सिद्धान्त** | सीमाक्षेत्रको अनुल्लङ्घन र राज्यको प्रादेशिक अखण्डता |

| | |
|---|---|
| **चौथो सिद्धान्त** | आत्मनिर्णयको अधिकार र अन्तर्राष्ट्रिय मान्यताप्राप्त सुनिश्चित सीमानाभित्रको आफ्नो क्षेत्रमा शान्तिसँग बस्न पाउने जनताको अधिकार |
| **पाँचौं सिद्धान्त** | राष्ट्रको सार्वभौमिक समानता र आन्तरिक मामलामा अहस्तक्षेप |
| **छैठौं सिद्धान्त** | मानवअधिकारको सम्मान |
| **सातौं सिद्धान्त** | राष्ट्रहरूबीच सहकार्य |
| **आठौं सिद्धान्त** | अन्तर्राष्ट्रिय कानुनअन्तर्गत स्वीकृत नियमहरूको पालना |

## सुरक्षा र रक्षासम्बन्धी वहुपक्षीय सन्धिहरू

सुरक्षा क्षेत्रमा उल्लेखनीय संख्यामा बहुपक्षीय सन्धिहरू विद्यमान छन् । यी सन्धिहरूलाई मुख्य गरी निम्न अनुसार वर्गीकरण गरिएको छ (यो विवरण पूर्णरुपमा दिन सकिदैन, यसले प्रत्येक वर्गीकरणमा सन्धिहरूको उदाहरणमात्र दिएको छ ) :

**विश्व सुरक्षा व्यवस्थासम्बन्धी सन्धि** : संयुक्त राष्ट्रसंघको वडापत्र ।

**अन्तर्राष्ट्रिय मानवीय कानुनका अन्तर्राष्ट्रिय सन्धिहरू, जसले अन्तर्राष्ट्रिय तथा गैर–अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वलाई नियमन गर्छ** : चार जेनेभा महासन्धिहरू, १९४९, साथै दुई अतिरिक्त सन्धिपत्रहरू, १९७७

**फरक किसिमका हातहतियारहरू र तिनीहरूका क्षेत्रसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू** : एन्टी-व्यालेष्टिक मिसाइल सन्धि, रणनीतिक शस्त्र न्यूनीकरण सन्धि, बारुदी सुरुङ महासन्धि, लाटेलोल्को सन्धि आदि ।

**सुरक्षा मुद्दासँग आंशिकरूपमा सम्बन्धित क्षेत्रीय संगठन निर्माणसम्बन्धी सन्धिहरू** : अमेरिकी राज्यहरूको संगठनको वडापत्र, युरोपेली संघको सन्धि, सीएससीइको मूल कानुन (सीएसीइ/ओएससीइ), अफ्रिकी युनियनको विधायकी ऐन ।

**सैनिक सहयोग तथा आपसी रक्षा सहायता विषयक क्षेत्रीय सम्झौताहरू** : नेटो सन्धि, शान्तिका लागि साझेदारी सम्झौता, डब्लुइयु सन्धि, पारस्परिक सहायताका लागि अन्तर-अमेरिकी सन्धि ।





विभिन्न राष्ट्रहरूले अन्तर्राष्ट्रिय सुरक्षा सन्धि अनुमोदन गर्नुको औचित्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सुरक्षाको सुदृढीकरण र उनीहरूबीचको द्विपक्षीय वा वहुपक्षीय सहयोग अभिवृद्धिको उद्देश्यले अन्तर्राष्ट्रिय व्यवहारका सिद्धान्तलाई परिभाषित गर्नु हो । सामान्यतया, परराष्ट्र मन्त्रालय मार्फत् कार्यकारिणीले वार्ता प्रक्रियालाई अघि बढाउँछ ।

## मैत्री, सहयोग र पारस्परिक सैन्य सहायतासम्बन्धी द्विपक्षीय सम्झौता वा सन्धिहरू

राज्यको सुरक्षा नीतिको व्याख्या गर्दा द्विपक्षीय सम्झौताहरूले समेत महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । दुई राज्य पक्षमात्र सामेल भई, त्यस्ता सन्धिहरूको प्रावधानहरूलाई सम्भव भएसम्म अनुकूल बनाउने उद्देश्यले सम्बन्धित राष्ट्रका मूल्यहरू, परिस्थिति र आवश्यकता बमोजिम संवाद हुन सक्छ । उदाहरणको लागि पूर्व सोभियत संघ र अमेरिकाबीच भएको रणनीतिक हतियार न्यूनीकरण सन्धि (स्टार्ट) ।

यस प्रकारका सन्धिहरू मैत्री र अनाक्रमणकालागि मात्र प्रयोग नभई (उदाहरणको लागि सन् १९९७ मा रसिया र आर्मेनियाबीच हस्ताक्षरित मैत्री, सहयोग र पारस्परिक सहायतासम्बन्धी द्विपक्षीय सन्धि) सैनिक सहयोगका व्यवहारिक मुद्दाहरूका साथै विदेशी भूमिमा सेना तथा शस्त्र परिचालनका लागि अनुमति दिने केही मुद्दाहरूको टुङ्गो लगाउन समेत गरिन्छ । सन् १९९० ताका रसियाले अन्य पूर्व सोभियत गणराज्यहरू (युएसएसआर) सँग थुप्रै द्विपक्षीय सन्धिमा हस्ताक्षर गर्‍यो ।

यी सन्धिहरूले आवश्यकता परेका बेला ठोस सैनिक सहायतासमेत समावेश गर्न सक्छन् । यस सन्दर्भमा, सन् १९९४ को लोकतान्त्रिक साझेदारीसम्बन्धी वडापत्रलाई सन् १९९२ को अमेरिका-कजाक सम्झौताको निरन्तरताका रुपमा लिन सकिन्छ, जसले द्विपक्षीय सैनिक सम्बन्धको विकासको मार्ग प्रशस्त गर्‍यो ।

समग्रमा, द्विपक्षीय सन्धिहरूलाई वैदेशिक सुरक्षा नीति रेखाङ्कन गर्न, अन्य राष्ट्रसँग मैत्री सम्बन्ध विस्तार गर्न र ठोस समस्याहरू समाधान गर्नका लागि एक माध्यमका रूपमा लिन सकिन्छ । परम्परागत बहुपक्षीय सुरक्षा सन्धिहरूमा भन्दा यी सन्धिहरूलाई अनुमोदन गर्ने क्रममा संसदको थप निर्णायक भूमिकामा रहन्छ र वार्तामा सहभागी हुने अधिकारीहरूलाई सम्बन्धित पाठहरू परिमार्जन गर्न व्यापक क्षेत्र सहितका सझाव पेश गर्न सक्छ ।

## संसदीय तथा सार्वजनिक सहभागिताको महत्व

जुन मुलुकमा अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन प्रक्रियामा सर्वसाधारण तथा संसदको भूमिका प्रचलित छैन, त्यहाँ उनीहरूको सहभागितालाई प्रोत्साहन गर्नुपर्छ जसले जनसमर्थन अभिवृद्धिमा मद्दत पुग्छ । सिद्धान्ततः लोकतन्त्रमा संसदको जानकारी तथा अनुमतिबेगर कार्यकारिणीले गोप्य सन्धि तथा द्विपक्षीय सम्झौता सम्पन्न गर्न सक्दैन । निश्चय नै राष्ट्रको सार्वभौमिकता, राष्ट्रको सीमा तथा अन्तर्राष्ट्रिय सम्मानमा असर पुऱ्याउने अन्तर्राष्ट्रिय सम्झौताहरू संसदीय बहस तथा स्वीकृतिका विषय बन्छन् ।

स्वीट्जरल्याण्ड जस्ता केही राष्ट्रमा प्रमुख सन्धिहरू जनमत संग्रहका विषय बन्छन् । यस प्रकार, राष्ट्रको वैदेशिक नीतिको प्रमुख परिवर्तनमा नागरिक समाजको सहभागितालाई सुनिश्चित गरिएको छ । स्वीट्जरल्याण्डमा प्रचलित जनमत संग्रहले अनुमोदनलाई अघि सारेको छ (हेर्नुहोस् बक्स नं. ६) ।

बक्स नं. ६

### प्रत्यक्ष लोकतन्त्र, अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन र अन्य प्रमुख सम्झौताहरू : स्वीट्जरल्याण्डको अनुभव

स्वीट्जरल्याण्डमा संघीय संसद, संघीय परिषद (सरकार) र जनता अन्तर्राष्ट्रिय सम्झौताहरूको अनुमोदन प्रक्रियामा सहभागी हुने गर्दछन् । राष्ट्रका लागि महत्वपूर्ण सम्झौताहरू संसदीयमात्र नभई आम वहसका विषय हुन् । समाजले जनमत संग्रह मार्फत् गरिने संवादबाट सम्झौताहरूमा आफ्ना अभिमत राख्छ । यसका साथै, जनमतद्वारा संघीय परिषदलाई भावी सम्झौताहरू सुचारू या स्थगन गर्न आदेश दिन सक्छ । यदि सरकारले "सामुहिक सुरक्षा संगठन अथवा उच्च राष्ट्रिय समुदाय"को सहमति प्राप्त गर्न चाहेमा जनमत संग्रह आवश्यक हुन्छ । (संघीय संविधानको धारा १४०.ख)





## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सन्धि सम्झौताहरू

- संसद र यससम्बद्ध समिति(हरू)लाई विश्वस्त तुल्याउनुहोस् :
  - विभिन्न राजनीतिक झुकाव भएका सांसदहरूलाई वार्ता टोली सदस्यको रूपमा समावेश गरिएकोले यो वार्ता प्रकृयासँग आवद्ध हुन्छ;
  - नागरिक समाज र विशेष गरी महत्वपूर्ण अनुसन्धान तथा पैरवी गर्ने अधिकारवादी संस्थाहरूसँग गम्भीर मुद्दाहरूमा परामर्श गर्छ;
  - जनसरोकार र चासोलाई ग्रहण गरिएको सुनिश्चित गर्न सरकारसमक्ष आधिकारिक र उपयुक्त किसिमले विचार प्रस्तुत गर्न सक्छ ।

प्रभाव विश्लेषण

- संसदले सन्धिको संभावित प्रभाव (मध्यम र दीर्घकालिन दुबै)– राजनीतिक, आर्थिक, समाजिक, वातावरणीय अथवा अन्य पक्षको विस्तृत विश्लेषणको प्रस्तुति र छलफल गर्न सक्छ भनी सुनिश्चित गर्नुहोस् ।

अनुमोदन

- सन्धि अनुमोदन गर्न समयमै संसदलाई भनिएको छ भन्नेमा विश्वस्त हुनुहोस्;
- राष्ट्रिय प्रावधानहरूलाई परिमार्जित गरी अथवा आवश्यकता र सम्भावना भएसम्म, अन्तर्राष्ट्रिय सम्झौतासम्बन्धी अपवाद वा व्याख्यात्मक प्रावधानहरू राखी अनुमोदन गरिने सन्धि र राष्ट्रिय कानुनबीच एकरूपता सुनिश्चित गर्नुहोस् ।

अपवाद तथा व्याख्यात्मक प्रावधानको मूल्याङ्कन

- तपाईको राष्ट्रले निर्माण गरेका अपवाद र व्याख्यात्मक प्रावधानहरूको वैधानिक निरन्तरतालाई राष्ट्रिय सुरक्षा नीतिको आवधिक मूल्याङ्कन अनुरूप मूल्याङ्कन गरिएको सुनिश्चित गर्नुहोस् ।

अध्याय – ६

# नागरिक समाज र सञ्चारको भूमिका

सुरक्षा क्षेत्र विस्तृत र जटिल बन्दैछ। यसले संसदको बढ्दो चुनौतीलाई प्रतिनिधित्व गर्छ जब कि उनीहरूसँग सुरक्षा क्षेत्रको प्रभावकारी निरीक्षणमा सहयोग गर्न पर्याप्त स्रोत र दक्ष कर्मचारीको अभाव छ। परिणामतः संसदको भूमिकामा सहयोग गर्न विभिन्न अङ्गहरू अस्तित्वमा आएका छन्, यद्यपि सरकारलाई जवाफदेही बनाउने सर्वोच्च दायित्व संसदसँग यथावत् छ। नागरिक समाज र संचार माध्यम दुबैले सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणमा संसदद्वारा निर्धारित ढाँचामा रही योगदान पुऱ्याउँछन्।

## नागरिक समाज

नागरिक समाज भन्नाले एकातिर राज्य संस्था र अर्कोतिर व्यक्तिको निजी जीवन र समुदायबीचका स्वायत्त संगठनहरूलाई बुझाउँछ। नागरिक समाजभित्र वृहत् तथा विविध किसिमका स्वेच्छिक संगठन र सामाजिक अभियान/आन्दोलनहरू पर्दछन्, जस्तो फरक सामाजिक स्वार्थ र क्रियाकलापहरूको प्रतिनिधित्व गर्ने ठूला संख्याका संगठन तथा समूहहरू। तलका अनुच्छेदहरूले नागरिक समाजले किन सुरक्षा क्षेत्रको उत्तरदायित्व सुनिश्चित गर्ने भूमिका निर्वाह गर्नुपर्छ, यो भूमिकाले के समेट्नेछ र संसदीय सुपरिवेक्षणमा नागरिक समाजले कसरी योगदान पुऱ्याउँछ भन्ने बारे उल्लेख गर्नेछन्।

### नागरिक समाज र लोकतन्त्र

नागरिक समाज अभिव्यक्ति र लोकतान्त्रिक प्रक्रिया दुबैका लागि महत्वपूर्ण छ र स्थापित लोकतन्त्र सञ्चालन गर्न यसले बलियो र व्यापक भूमिका खेल्छ। यसले राजनीतिक नेतृत्वहरूलाई सार्वजनिक खर्च र राज्यका नीतिहरूबारे निर्णय गर्दा विभिन्न किसिमका माग र चाहनाका विषयमा ध्यान दिन सक्रियरूपमा सम्झाउँछ। त्यसकारण सक्रिय नागरिक समाज लोकतन्त्रको आधारभूत आवश्यकता हो। नागरिक समाजले एकाधिकारवादको प्रतिकार गर्छ, राज्यको शक्तिलाई सन्तुलित गराउने क्षमता र यसको





वहुल विशेषताको कारण यसले राज्य केही सरोकारवालाहरू अथवा सीमित समूहहरूको साधन होइन भन्ने सुनिश्चित गर्छ।

### नागरिक समाज र सुरक्षा क्षेत्र

नागरिक समाज अन्तर्गतका समूहहरू जस्तो प्राज्ञिक संस्थाहरू, वौद्धिक जमात, मानवअधिकारवादी गैर सरकारी संस्था र नीति-केन्द्रित गैर सरकारी संस्थाहरूले सुरक्षा क्षेत्रसँग सम्वन्धित निर्णय र नीतिहरूमा प्रभाव पार्न सक्रिय दवाव दिन्छन्।

सरकारले राष्ट्रिय सुरक्षा, सशस्त्र बल, प्रहरी तथा गुप्तचरसम्बन्धी सार्वजनिक वहसमा गैर सरकारी संस्थाहरूको सहभागितालाई प्रोत्साहन गर्न सक्दछ। यस्तो वहसले सरकारको पारदर्शितालाई थप वृद्धि गर्न सहयोग पुऱ्याउँछ।

### सुरक्षा क्षेत्रसँग सम्वन्धित गैर सरकारी संस्थाहरू र अनुसन्धान संस्थाहरूको विशिष्ट भूमिका र योगदान

गैर सरकारी संस्था (गैसस) हरू भन्नाले साधारणतया निजी, गैर नाफामुखी संगठनहरू, विशिष्ट विषयहरूमा सामाजिक अपेक्षा र चाहना प्रतिनिधित्व गर्ने उद्देश्य बोकेका संस्थाहरू भन्ने बुझिन्छ। अनुसन्धान संस्थाहरूको हकमा, यी संस्थाहरू सरकारदेखि स्वतन्त्र गैर सरकारी संस्थाहरू पनि हुन सक्छन् अथवा सरकारसँग आवद्ध पनि, उदाहरणको लागि, राज्यको लगानीबाट।

गैर सरकारी संस्था र अनुसन्धान केन्द्रहरूले सुरक्षा क्षेत्रको लोकतान्त्रिक र संसदीय सुपरिवेक्षणलाई निम्न प्रकारले सवल बनाउन सक्छन्:

- ✓ संसद, सञ्चार र जनतालाई सुरक्षा क्षेत्र, सैन्य विषय र रक्षासम्बन्धी मुद्दामा स्वतन्त्र विश्लेषण र सूचना वितरण गरेर;
- ✓ सुरक्षा क्षेत्रभित्र कानुनी शासन र मानवअधिकारको सम्मानका लागि प्रोत्साहन र निरीक्षण गरेर;
- ✓ समग्रमा, समाजलाई आवश्यक पर्ने सुरक्षासँग सम्बन्धित मुद्दाहरू राजनीतिक प्रस्तावमा राखेर;

- ✓ तालिम र कार्यशालाद्वारा संसदीय दक्षता र क्षमता अभिवृद्धिमा योगदान पुऱ्याएर;
- ✓ सरकारी सुरक्षा नीति, रक्षा वजेट र स्रोतको छनौट र उपलब्धतामाथि दक्ष वैकल्पिक दृष्टिकोण राखेर, सार्वजनिक वहसलाई प्रोत्साहन गरेर र संभावित नीतिगत विकल्प तयार पारेर;
- ✓ राष्ट्रिय सुरक्षा नीति निर्णयहरू र तिनीहरूलाई कार्यान्वयन गरिने तरीकाका लागि सुझाव दिएर उपलब्ध गराएर;
- ✓ जनतालाई शिक्षित बनाएर र सार्वजनिक वृत्तमा वैकल्पिक वहसहरूको सहजीकरण गरेर ।

ल्याटिन अमेरिकामा नागरिक समाजद्वारा गरिएको हस्तक्षेपले सुरक्षा क्षेत्रको सुपरिवेक्षण गर्न गैसस र अनुसन्धान केन्द्रहरूले खेल्नसक्ने विस्तृत भूमिकाबारे पूर्ण चित्रण गरेको छ । (हेर्नुहोस् बक्स नं. ७)

कोठा नं. ७

### ल्याटिन अमेरिकमा नागरिक समाज :

### नागरिक समाजका संगठनहरूको भूमिका र महत्वमाथि एक व्यवहारिक उदाहरण

सन् १९८० र १९९० को अन्त्यतिर ल्याटिन अमेरिकामा नवनिर्वाचित नागरिक सरकारले सेनाको पुनर्संरचना गर्ने भएपछि नागरिक र सैनिकबीच संवादलाई सुधार गर्ने उद्देश्यले थुप्रै नागरिक समाज गठन भए । यी वार्ताहरूले सैन्य शक्तिको पृथकीकरणलाई तोडेर नागरिक समाज, निर्वाचित अधिकारीहरू र सैनिक उच्च पदस्थबीच पेशागत आदानप्रदान प्रक्रिया शुरू गर्न मद्दत गऱ्यो । त्यस समयदेखि नै यी समूहहरूले प्रायः नागरिक विशेषज्ञका रूपमा, सुरक्षा र रक्षामा प्राविधिक सहयोग र सैन्य नीतिहरू अनि वजेट नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

#### उदाहरणहरू

एउटा उदाहरण अर्जेन्टिनी समूह एसइआर एन २००० हो । सन् १९९० को सैनिक विद्रोह प्रयासपछि स्थापित एसइआर एन २००० सुरुमा नागरिक समाजका प्रतिनिधिहरू, राजनीतिक पार्टीहरू र सैनिकबीचको संवादमा सुधार गर्ने ठाउँको रूपमा विकास भयो । यी वार्ताहरूले महत्वपूर्ण आधार निर्माण गरे, जसबाट विधायिकाको महत्वपूर्ण पक्षहरूको खाका निर्माण र मस्यौदाका लागि एसइआर एन २००० ले नागरिक योगदान उपलब्ध गरायो र त्यसले पछि गएर सफल सुरक्षा नीतिको संरचना निर्माण गऱ्यो ।

त्यस्तै डोमेनिकन गणतन्त्रमा फ्लास्कोको एक अङ्गको रूपमा निर्माण भएका सुरक्षा र रक्षा विशेषज्ञहरूले प्रहरी प्रशासनमा सुधार ल्याउने विधेयक विकास गर्न सेनासँग काम गरेका थिए र पछि विधेयक अनुमोदनका बेला कार्यपालिका र कंग्रेसलाई सल्लाह दिएका थिए ।

ल्याटिन अमेरिकामा धेरै समूहहरू सैनिक क्रियाकलापमाथि सुपरिवेक्षण गर्न विधायिकाको मानवीय तथा प्राविधिक क्षमतामा सुधारका लागि रक्षा र सुरक्षा समितिहरूसँग नजिक रहेर काम गर्दछन् ।

पेरूको इन्स्टिच्यूटो डे स्टुडिओस पोलिटिकोस वाइ स्ट्राटेजिस्कोस् (आइडीइपीइ) समूहले कंग्रेसको रक्षा समितिमा कंग्रेस महिला तथा पुरूषहरू र उनीहरूका कार्यकर्तालाई सैनिक बजेट व्यवस्थापन र प्रशासन विषयमा प्रशिक्षण दिने गर्दछ ।

ग्वाटेमालास्थित फ्लास्को समूहले कंग्रेसलाई सैनिक, गुप्तचर सुधार र सैनिक सेवा लगायतमा प्रभाव पार्ने थुप्रै कानुनहरूको विश्लेषण र अनुमोदन गर्नमा सहयोग गरेको छ ।

#### नागरिक विशेषज्ञताको अभाव

ल्याटिन अमेरिकामा अझै सुरक्षा र रक्षा क्षेत्रमा विशेषज्ञको अभाव छ । नागरिक विशेषज्ञको अभावले सैनिक सुपरिवेक्षण गर्ने उद्देश्य लिएका कार्यकारी र विधायिकी संस्थाहरूको प्रभावकारितामा असर परेको छ । अल्पकालका लागि जे भए पनि नागरिक समाजका संगठनहरूले राज्यका निकायलाई सहयोग गरेर र फैलिएको नागरिक दस्तालाई प्रशिक्षण दिएर उक्त खाडललाई पुर्न मद्दत गर्न सक्छन् ।

#### संजाल

यसको निम्ति एसइआर एन २००० ले हालै सुरक्षा र रक्षाको क्षेत्रमा प्रतिबद्ध वौद्धिक जमात र गैर सरकारी संगठनहरूको क्षेत्रीय संजाल गठन गरेको छ । आरइएसडीएएल

(www.ser2000.org.ar) नामक उक्त सञ्जालद्वारा सुरक्षा र रक्षासँग सम्बन्धित दस्तावेज र विधेयकको डाटाबेस स्थापना गर्नुका साथै नागरिकहरूलाई अनुसन्धान गर्न र संस्था भ्रमण कार्यक्रमका लागि आहवान गरिएको छ ।

*स्रोत : क्रिश सवाटिनी, नेशनल इन्डोमेन्ट फर डेमोक्रेसी, वाशिंगटन डि.सी., २००२*

## संचार माध्यम (मिडिया)

स्वतन्त्र सञ्चारले साधारणतया जनता र राजनीतिक प्रतिनिधिहरूलाई जानकार निर्णय प्रक्रियामा सहयोग गर्छन् । राज्यका तीनै अङ्गहरूको काम कारवाहीमाथि सुपरिवेक्षण गर्ने कार्यमा सञ्चारले योगदान पुऱ्याउँछ । यसले सार्वजनिक वहसमा उठाइने मुद्दाको अन्तरवस्तु र गुणस्तरमा प्रभाव पार्न सक्छ, जसको प्रतिफल सरकार, व्यवसाय, प्राज्ञिक र नागरिक समाजलाई प्रभाव पर्न सक्छ। त्यस कारण स्वतन्त्र सञ्चार लोकतन्त्रको लागि आवश्यक तत्व हो । यहाँ बक्स नं ८ मा सरकारको आलोचना गर्न खोज्ने पत्रकारहरूले वेहोर्नुपर्ने कठिनाइबारे उल्लेख गरिएको छ। प्रेस स्वतन्त्रताको लागि पत्रकारको सुरक्षाको सुनिश्चितता नभई नहुने पक्ष हो ।

बक्स नं. ८

### नयाँ प्रकारका युद्धहरू : प्रेस स्वतन्त्रताका लागि कठिन समय

"विश्वका झन्डै १ तिहाइ जनता अझैसम्म प्रेस स्वतन्त्रता नभएको राष्ट्रहरूमा बसोबास गर्दछन् । (...) जो युद्ध क्षेत्रमा मारिए, जसलाई पत्रकार भएकै कारण छुट्याएर मारिएको होइन र संवेदनशील विषयवस्तुमाथि अनुसन्धान र लेख प्रकाशित गरेकै भरमा तथा समाजमा व्याप्त अन्याय-अत्याचार, अपराध, भ्रष्टाचार, ठगी व्यापार र अन्य स्वच्छन्द व्यवहारहरूको निन्दा गरेकै कारण सुनियोजितरूपमा मारिएकाहरूबीचको फरक हामीले छुट्याउनु पर्छ । नयाँ प्रकारका युद्धहरूले समाचार संकलनलाई दिनानुदिन खतरापूर्ण बनाउँदैछन्, जुन पुराना नियमित सेनाहरूबीच नभई जातीय, धार्मिक, सैद्धान्तिक अथवा निकृष्ट अपराधिक स्वार्थहरूका लागि भइरहेको छ । तर, द्वन्दमा मारिएका वा घाइते भएका पत्रकारहरू माथिको हमला सँधै विशुद्ध दुर्घटना मात्रै हुँदैन । कतिपय अवस्थामा लडाकुहरू र नियमित सेनाहरू समेतले नियतवश उनीहरूका कर्मका असुविधाजनक साक्षीलाई लक्षित गर्न सक्छन् समस्या उब्जाउन सक्ने साक्षीहरूलाई नियतपूर्वक निशाना बनाउने गरेका छन् ।"

*स्रोतः वार्षिक प्रतिवेदन २००२, रिपोर्टर्स विथआउट बोर्डर्स*





त्यस्ता राष्ट्रहरू जहाँ सञ्चार सरकारी संस्थाहरूबाट स्वतन्त्र छैन, त्यहाँ शासकहरूले सजिलै सञ्चारलाई प्रचारवाजीको लागि दुरूपयोग गर्ने बढी सम्भावना रहन्छ । यस्तो अवस्थामा, सञ्चारले निश्चितरूपमा पारदर्शिता र सुरक्षा क्षेत्रको लोकतान्त्रिक सुपरिवेक्षणलाई अभिवृद्धि गर्न सक्दैन ।

इन्टरनेटको विकाससँगै, आधिकारिक सूचनासम्म जनताको पहुँचको सम्भावना विस्तृत भएको छ। बितेका दशकसम्म वृहत् पारदर्शिता, जनउत्तरदायित्व र आधिकारिक सूचनाको पहुँच सम्बन्धमा सामान्य प्रवृत्ति रहँदै आएको पाइन्छ। यो प्रवृत्तिलाई प्रोत्साहित गरिनुपर्दछ, किनभने यसले व्यापकरूपमा सुसूचित जनता, महत्वपूर्ण नीतिगत मुद्दाहरूमा गुणात्मक सार्वजनिक वहस र अन्ततोगत्वा असल शासनमा योगदान पुऱ्याएको छ। इन्टरनेटका वेफाइदाहरू पनि छन्, उदाहरणका अतिवादी समूहहरूले फैलाएको रंगभेद र यहुदी विरोधी क्रियाकलाप । हालैका केही द्वन्दहरूमा अन्य सञ्चार माध्यमहरू, उदाहरणको लागि, रेडियो स्टेशनहरूले अतिवादी समूहहरूलाई मञ्च प्रदान गरी समाजका विविध समुदायबीच घृणाको वातावरण सिर्जना गर्न मद्दत पुऱ्याएका छन् ।

## सुरक्षा सम्बन्धी मुद्दाहरूको सूचना संकलन र वितरण

लोकतान्त्रिक तथा सुशासनका दृष्टिकोणले सार्वजनिक चासोभित्र रहेका सुरक्षा सम्बद्ध विषयमा सूचना संकलन र वितरण गर्ने अधिकार सञ्चार क्षेत्रलाई छ र सत्य, तथ्य र निष्पक्षताको सिद्धान्तलाई आत्मसात गर्दै समाचार उपलब्ध गराउनु उसको समान दायित्व हो ।

यसरी सञ्चारले सरकार र संसदका निर्णय र नीतिहरू जनतासमक्ष व्याख्या गर्न सहयोग गर्छ, जो सुसूचित हुन र राजनीतिक प्रक्रियामा बौद्धिकरूपमा सहभागी हुन अधिकारसम्पन्न छन् । उदाहरणको लागि, सञ्चारले सुरक्षा क्षेत्रमा सार्वजनिक कार्यालय स्थापना, अपनाइएको सुरक्षा नीतिको प्रकार, विदेशी भूमिमा सेना परिचालन, सैनिक सिद्धान्त, हतियार प्राप्ति, सन्धिहरू र अन्य सम्झौताहरू, संलग्न सहभागीहरू, भावी सुरक्षा चुनौतीहरू र तत्सम्बन्धी वहसका विषयमा जनताको सुसूचित हुन पाउने अधिकारमा योगदान पुऱ्याउन सक्छ। तथापि, गोप्य सूचनाको हकमा जबर्जस्ती वा स्वनियन्त्रण (सेन्सरसिप) हुन सक्छ ।

## सञ्चार र सुरक्षासम्बन्धी मुद्दामा कानुन

सबै मुलुकका कानुनले प्रेस स्वतन्त्रताका मुद्दाहरूलाई सम्बोधन गरेका हुन्छन् । यो सिद्धान्तलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा व्यवस्था गरिएको छ, जसमा भनिएको छ :

> *"प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रता छ; यस अधिकार अन्तर्गत विना कुनै हस्तक्षेप विचार राख्ने स्वतन्त्रता र कुनै पनि माध्यम र सीमा बन्देजविना सूचना र विचारहरू खोज्ने, प्राप्त गर्ने तथा संचार गर्ने स्वतन्त्रता पर्छन् ।"*

यद्यपि, कसरी यस्तो स्वतन्त्रताको प्राप्ति र संरक्षण गर्न सकिन्छ भन्ने मान्य अन्तर्राष्ट्रिय मार्गदर्शन नभए पनि माथि उल्लेखित अन्तर्राष्ट्रिय सिद्धान्तलाई सुरक्षासम्बन्धी मुद्दाहरूमा जस्तोसुकै सम्भावित व्यापक अवरोध भए पनि यसलाई बन्देज बेगरको अर्थमा बुझ्न सकिन्छ ।

बक्स नं. ९

### सेप्टेम्बर ११, २००१ पछिको प्रेस स्वतन्त्रता

प्रत्येक वर्ष मे ३ मा अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस मनाइन्छ । सन् २००२ को अन्तर्राष्ट्रिय दिवस सेप्टेम्बर ११ को आतंकवादी हमलापछि राष्ट्रहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षालाई मजबुत बनाउनका लागि अपनाउन सक्ने उपायबाट प्रेस स्वतन्त्रतामा पर्न सक्ने सम्भावित असरका विषयमा केन्द्रित रह्यो ।

यस सम्बन्धमा युनेस्कोका महानिर्देशक कोइचिरो मात्सुराले भनेका छन्– "आधारभूत स्वतन्त्रताको अभ्यास र आतंकवादको सामना गर्न आवश्यक व्यापक सुरक्षाबीच निश्चय नै तनाव छ, तर कुनै पनि प्रतिआतंकवाद अभियानको उद्देश्य हाम्रो स्वतन्त्रताको सुरक्षा हुनुपर्छ ।"

*स्रोतः दी वर्ल्ड अफ पार्लियामेन्ट्स, अंक ६, मे २००२, आइपीयु*





## सुरक्षा मुद्दामा संसद र जनताबीच सञ्चार

असल शासनको सिद्धान्तको रूपमा लोकतान्त्रिक सुपरिवेक्षण त्यतिबेला मात्र प्रभावकारी हुन्छ जतिबेला जनता संसदीय तहको वहसका लागि खुला प्रमुख मुद्दाहरूमा जागरूक हुन्छन् ।

सुरक्षा मुद्दासम्बन्धी सार्वजनिक सञ्चारको प्रभावकारिता संसद र सरकारद्वारा जनताको लागि सार्वजनिक गरिएको सूचनाको प्रचुरता र यथार्थमा निर्भर गर्छ । संसदले जनतामा आवश्यक सूचनाको तह र गुणात्मकतामा विशेष अभिरूचि लिनुपर्दछ जसले गर्दा समसामयिक परिस्थिति र संसदमा सम्पन्न निर्णय प्रक्रियाको नतिजा दुबैबारे बुझ्न सक्ने हुन्छन् ।

### अभिलेखीकरणमा आम पहुँच

संसदले सरकारी सहयोग वा एक्लैले सुरक्षा क्षेत्रसँग सम्बन्धित मुद्दाहरूको विषयमा दस्तावेजको रूपमा अथवा वेभसाइट मार्फत् विविध प्रकारका सूचना र दस्तावेजहरू जनतालाई उपलब्ध गराउन सक्छ । संसदको लागि सार्वजनिक सूचना सुरक्षित गर्ने यो नै सबैभन्दा प्रभावकारी माध्यम हो ।

बक्स नं. १०

### संसदीय वेभसाइटहरू

मे, २००२ यता १८० वटा मुलुकमा २ सय ४४ संसदीय सदनहरू (६४ संसदहरू द्विसदनात्मक) छन् । आइपियुको जानकारी अनुसार १२८ मुलुकमा १ सय ६८ वटा संसदीय वेभसाइटहरू छन् (केही द्विसदनात्मक संसदमा प्रत्येकका छुट्टाछुट्टै वेभसाइट छन्) । आइपियु परिषदद्वारा मे, २००० मा स्वीकृत *"संसदीय वेभसाइटका अन्तर्वस्तु र संरचनासम्बन्धी निर्देशिका"* आइपियु वेभसाइटमा उपलब्ध छ : http://www.ipu.org.

सुरक्षा क्षेत्रसम्बन्धी मुद्दाहरूको उदाहरण, जसलाई सर्वसाधारणले बुझ्न सक्ने गरी आमरुपमा प्रकाशित गर्न सकिन्छ :

- ✓ रणनीतिक महत्वका दस्तावेजहरू, जस्तै, राष्ट्रिय सुरक्षा नीति;
- ✓ रक्षा वजेट (गोप्य कोषबाहेक);
- ✓ संसदमा भएका सुरक्षा क्षेत्रसँग सम्बन्धित सबै प्रमुख वहसहरू, निर्णयहरू, प्रस्ताव तथा कानुन आदि सम्बन्धी प्रेस विज्ञप्तिहरू;
- ✓ सुरक्षा मामिलासम्बन्धी सम्पूर्ण वैठक र वहसका निर्णय पुस्तिकाहरू (गोप्य वैठकहरू वाहेक); यस्ता वन्द सुनुवाईहरूको प्रतिवेदनमा क्षेत्र र विचारार्थ प्रस्तुत विषय प्रतिवेदनमा समावेश गर्नुपर्छ;
- ✓ सुरक्षा मुद्दाबारे संसदीय छानवीनसम्बन्धी प्रकाशनहरू;
- ✓ सम्पूर्ण सुरक्षा सेवाहरूको संचालनसम्बन्धी वार्षिक संसदीय प्रतिवेदन वा समीक्षाहरू;
- ✓ सुरक्षा क्षेत्रसम्बन्धी अम्बुड्सम्यान वा महालेखा परीक्षकका प्रतिवेदनहरू; अम्बुड्सम्यानलाई विशेष अनुसन्धानका प्रतिवेदनहरू पेश गर्ने अनुमति नदिइन सक्छ, तर प्रतिवेदन प्रस्तुतिका लागि समिति छनौट गर्न भन्न सकिन्छ; सरकारले संसदमा अम्बुड्सम्यान र लेखा परीक्षण प्रतिबेदनमाथि गरेको कारवाही टेबुल गर्नुपर्छ ।
- ✓ द्विपक्षीय र वहुपक्षीय सम्झौतासम्बन्धी जानकारी;
- ✓ संसदमा सुरक्षा क्षेत्रसँग सम्बन्धित मुद्धाहरूमा प्रत्येक सांसद वा राजनीतिक समूहले सुरक्षासम्बन्धी मुद्दामा मतदान गरेका छन् भन्ने सूचना (जस्तो वजेट, अन्तर्राष्ट्रिय गठबन्धन, अनिवार्य सैन्य सेवा मुद्दा, खरिद);
- ✓ विधायकी सूचनाको स्वतन्त्रता ।

## संसदीय कार्यमा आम संलग्नता निम्ति सहयोग

एकपक्षीय सूचना (संसद वा सरकारबाट जनतासमक्ष) पर्याप्त हुँदैन । संसदले सुरक्षासम्बन्धी मामिलामा जनतालाई आफूसँग संवाद गर्न सक्ने अवसर प्रदान गर्नुपर्छ । द्विपक्षीय वार्ता वा संवाद आवश्यक छ, किनभने :





- ✓ यसले नागरिकको तर्फबाट सहभागिता र स्थायी सुपरिवेक्षणलाई सुनिश्चित गर्छ;
- ✓ यसले संसदको कार्यप्रति आम विश्वास वृद्धि गर्छ;
- ✓ यसले कुप्रशासनको प्रभावकारी नियन्त्रणको लागि अवसर दिन्छ (उदाहरणका लागि अम्बुड्सम्यानमार्फत्);
- ✓ यसले कानुन र सरकारी नीतिहरूको लागि जनसमर्थन र वैधानिकता सुनिश्चित गर्छ, र फलस्वरूप प्रजातान्त्रिक स्थायित्व हुन्छ ।

संसदीय जानकारीलाई संसदीय सूचना, समाचार सेवाको सुनुवाइ तथा सुपरिवेक्षण, टेलिभिजन छलफलहरू र संसदीय अनुसन्धान सेवाबाट समिति सदस्यहरूलाई उपलब्ध हुने विशेष समाचार आदिद्वारा द्विपक्षीय सञ्चार अभिवृद्धि गर्न सकिन्छ ।

बक्स नं. ११

### संसद र सञ्चार

"११. सभाले राष्ट्रिय संसदहरूलाई लक्षित मापदण्ड हासिल गर्न आहवान गर्छ :

१. समिति वैठक लगायतका संसदीय कार्यको व्यापक खुलापनलाई सुनिश्चत गर्ने, यो प्रश्न सञ्चार नीतिका रूपमा मात्र नभई लोकतन्त्रको क्रियाशीलताका लागि प्रत्यक्ष प्रभावका साथै महत्वपूर्ण राजनीतिक प्राथमिकता हो;

२. परम्परागत संचार विधिको र नवीन सूचना प्रविधीको उचित सदुपयोग गर्ने, खासगरी :

   क. सञ्चार र त्यसमा पनि विशेष गरी संसदीय संवाददाताहरूलाई उच्च स्तरको कार्य वातावरण उपलब्ध गराएर;

   ख. छलफल बाहेक बैठकका निर्णय र बैठकको कारवाहीका अक्षरशः विवरणको सीघ्र प्रसारण गरेर;

   ग. सर्वसाधारण र पत्रकारहरूसँग प्रत्यक्ष विद्युतीय सञ्चार गर्नका लागि अन–लाइन सेवाहरू सिर्जना गरेर;

   घ. विधेयकमा मतदान गर्नुअघि सार्वजनिक बहसलाई प्रोत्साहित गर्न संसदीय दस्तावेजमा पूर्ण पहुँच दिएर;

३. सञ्चार विशेषज्ञहरूको परामर्शद्वारा लाभान्वित भएर;

४. कानुनी पाठ गैर-विशेषज्ञ पाठकहरूका लागि सहजै उपलब्ध गराएर;

५. राजनीतिक मुद्दा पहिचानमा आफूहरूलाई बढी केन्द्रित गर्न आवश्यक कदम चालेर, उदाहरणको लागि, त्यस्ता क्षेत्रहरू जहाँ शीघ्र निर्णयका लागि कार्यविधिलाई अझ सशक्त पार्न सकिन्छ;

६. पत्रकार र निकट सरोकारवाला व्यवसायिक वृत्तलाई सूचना तथा संचार सेवाभित्र प्रोत्साहित गरेर, सूचना सम्मेलनमा कानुनी प्रस्तुति र त्यसका खास विशेषताको व्याख्या गरेर;

७. विधायिकी कार्यविधि र संसदीय कारवाहीसँग परिचित गराउने र संसद तथा अन्तर्राष्ट्रिय निकायहरू बीचको सम्बन्धमाथि पत्रकारहरूको ज्ञानलाई अभिवृद्धि गर्ने उद्देश्यले संसदीय कार्यसम्बन्धी कार्यशाला आयोजना गरेर । स्थानीय तथा क्षेत्रीय समाचारपत्र र म्यागेजिनका पत्रकारहरूलाई विशेष ध्यान दिनुपर्छ;

८. इन्टरनेटमा सञ्चार संजाल सिर्जना गरेर, नागरिकहरूलाई सांसदहरू र संसदीय सूचना सेवा दुवैसँग अन्तरक्रियात्मक संवादका लागि सक्षम बनाएर;

९. विभिन्न युरोपेली राष्ट्रहरू, संयुक्तराज्य अमेरिका र क्यानडामा जस्तै संसदीय गतिविधिप्रति प्रतिबद्ध स्वतन्त्र टेलिभिजन प्रसारणहरूको स्थापनालाई प्रोत्साहन गर्नसक्ने योजना वा नीति बनाएर;

१०. जो पूर्ण स्वतन्त्र आधारमा उच्च गुणस्तरको सूचना उपलब्ध गराउन कडा परिश्रम गर्ने र जो बजारको प्रतिस्पर्धाद्वारा पराजित हुने त्रासमा रहेका सञ्चारलाई आर्थिक वा अन्य माध्यमबाट सहयोग गरेर ।”

*स्रोत : युरोप परिषदको संसदीय सभाको प्रस्ताव ११४२ (१९९७)*

लोकतान्त्रिक पद्दतिको दीर्घकालीन स्थायित्वका लागि जनसहभागिताको आवश्यकता पर्छ । सहभागिताको मात्रा देशैपिच्छे फरक हुन्छ । केही संसदले जनतालाई समितिको वैठकमा सहभागी हुन अनुमति दिन्छन् । कानुन निर्माण प्रक्रियामा चासो राख्नेहरूको लागि वा गैरसरकारी संस्थाका क्रियाकलापहरूको लागि यो विशेष महत्वको हुन सक्छ । यदि यस प्रकारको सहभागिताले समिति वैठकमा उपस्थित व्यक्तिहरूलाई हस्तक्षेप गर्ने अधिकार नदिए पनि उनीहरूको उपस्थिति नै मूल्यवान हुन्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

### गैर–संस्थागत कर्ताद्वारा सुरक्षा नीतिमा योगदान

- सुरक्षा तथा सुरक्षा–सम्बन्धी मुद्दाहरूमा नागरिक समाजका प्रतिनिधिहरूले गरेको योगदानको लाभ लिन संसदलाई सक्षम बनाउने संयन्त्रहरू उपयुक्त अवस्थामा रहेको सुनिश्चित गर्नुहोस् ।
- त्यसको निम्ति उपयुक्त भएमा सुरक्षा र सुरक्षासँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न सक्षम प्रतिस्पर्धी संस्थाहरू, गैससहरू र सञ्चारमाध्यमहरूलाई संसदीय समिति (हरू)को कार्यमा योगदान पुऱ्याउन विधान स्वीकृत गरी प्रोत्साहन गर्नुहोस् ।

### जन चेतना

- सुरक्षामा प्रभाव पार्ने निर्णयहरू र सो विषयमाथि हुने निर्णय प्रक्रियाको सन्दर्भमा संसदसँग सक्रिय जनसम्पर्क नीति रहेको सुनिश्चित गर्नुहोस् ।

### प्रेस स्वतन्त्रता र सुरक्षाबीचको सम्बन्ध

- सुरक्षा मुद्दाहरूको सन्दर्भमा कानुन र व्यवहारमा प्रेस स्वतन्त्रता कायम गरिएको र तोकिएको कुनै पनि सीमाले अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तहरूलाई भंग नगर्नेमा विश्वस्त पार्नुहोस् ।
- यथोचित सूचनाको स्वतन्त्रता कानुन निर्माण निश्चित गर्ने ।

अध्याय – ७

# सुरक्षा नीतिमा लैङ्गिक दृष्टिकोण

लैङ्गिक समानता सापेक्षित रुपमा अहिलेको सार्वजनिक चासो हो । यसलाई सुरक्षा मुद्दा समेतमा महत्वूर्ण आधारशिलाको रुपमा लिइन्छ, कुनै पनि सशस्त्र द्वन्द्वबाट यी वहुसंख्यक प्रभावित हुनेमात्र होइन शरणार्थी तथा आन्तरिकरुपमा विस्थापित व्यक्तिमा महिला तथा बालबालिका हुन्छन्, तर महिलाले विश्व जनसंख्याको आधा भागलाई प्रतिनिधित्व गरेका हुनाले पुरुषसरह अधिकार सम्पन्न र सुरक्षा मुद्दाको समाधानमा योगदान गर्नुपर्ने हुन्छ । महिला प्रतिभा र अन्तरज्ञानले सुरक्षा चुनौती सामनाका लागि मार्गदर्शन गर्छ, जुन अत्यधिक जनकेन्द्रित हुन्छ र मानवीय सुरक्षा विधि अनुरूप र दीगो हुन्छ । त्यसकारण सुरक्षा नीतिमा लैङ्गिक समानताको उद्देश्यलाई दुई फरक दृष्टिकोणबाट हेर्नु आवश्यक छ । पहिलो, सुरक्षा नीतिले लैङ्गिक संवेदनशील मुद्दामा ध्यान केन्द्रित गर्नु र सम्बोधन गर्नुपर्छ । महिला अधिकार, सम्मान र हित सुनिश्चित गर्न स्थापित संरचना र सम्भाव्य समाधान प्रस्तुत गर्नुपर्छ । दोस्रो, सुरक्षा नीतिसम्बन्धी निर्णय प्रक्रियाको सबै तह र सुरक्षा नीतिसँग सम्बन्धित सबै क्षेत्रमा महिला सहभागिता प्रवर्द्धन आवश्यक छ ।

## महिला र द्वन्द्व समाधान

द्वन्द्व समाधान, शान्ति पालना र शान्ति स्थापना कार्यमा युद्ध तथा सशस्त्र द्वन्द्वमा प्रत्यक्ष सहभागी प्रायः पुरुषहरूको मात्र चासो हुँदैन । यद्यपि शान्ति वार्ताको टेवलमा महिलाको उपस्थिति सँधै नगण्य छ । युद्ध तथा सशस्त्र द्वन्द्वका बेलामा समेत महिलाहरूले आफ्नो पारम्परिक लैङ्गिक भूमिकालाई पार गर्दै पुरुषहरूको दायित्व पनि ग्रहण गर्नु पर्छ । तथापि अहिले महिलाको योगदान गर्नसक्ने सीप, दृष्टिकोण र अन्तरज्ञानलाई स्वीकार गरिएको छ । व्यवहारमा निर्णय प्रक्रिया, द्वन्द्व समाधान र शान्ति पालना कार्यमा महिलाको प्रत्यक्ष सहभागिता हुनको लागि समाज र द्वन्द्व समाधानमा महिला र पुरुषको आफ्नो भूमिकाप्रतिको पारम्परिक सोचमा परिवर्तन आउनु पर्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. १२

शान्ति प्रक्रियामा लैङ्गिकता

"महिला आवश्यकता र भूमिकालाई बेवास्ता गर्ने कुनै पनि शान्ति प्रक्रिया अस्वाभाविक हुन्छ र स्वभावैले अस्थायी हुन्छ ।"..."द्वन्द्व पश्चात्को संक्रमणकालमा सामाजिक तथा आर्थिक विकास पुनः आरम्भ गर्न महिला सशक्तिकरण आवश्यक छ । महिला पनि पुरूष जस्तै युद्ध तथा सशस्त्र द्वन्द्व दुबैमा भिन्न तरिका र भिन्न क्षेत्रमा पीडित र कर्ता भएका छन् । युद्धका बेला महिलाहरूले नयाँ क्रियाकलापमा सहभागी भएर नयाँ भूमिका ग्रहण गर्छन्, साधरणतयाः बढी दायित्व वहन गर्दछन् । यी पक्षमा सुधारहरू भए पनि अन्तर्राष्ट्रिय शान्ति संचालकको शान्ति स्थापनासम्बन्धी रणनीतिक तयारी तथा कार्यान्वयन र द्वन्द्वबाट विकसित हुन थालेका समाजहरू र द्वन्द्व पश्चात्को शान्ति स्थापनामा महिलाहरू सीमान्तकृत छन् ।

*Gendering Human Security: From Marginalisation to the Integration of Women in Peace –building, 2001, Norwegian Institute of International Affairs*

बक्स नं. १३ ले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको प्रस्तव १३२५ (२०००) को उद्धरण प्रस्तुत गरेको छ, जसमा महिलाहरूलाई द्वन्द्व पीडितको रुपमा हेरिने दृष्टिकोण परिवर्तन (युद्धको हतियारका रुपमा हिंसा र बलात्कार) बाट द्वन्द्व समाधान, शान्ति स्थापना र शान्ति परिचालनमा पुरुष सरह महिलालाई कर्ताको रूपमा हेरिने दृष्टिकोणको महत्वलाई जोड दिएको छ । त्यस्तो परिवर्तनले युद्धअघि, युद्धताका र युद्धपश्चात् तथा सशस्त्र द्वन्द्वमा महिला र पुरुष दुबैका क्रियाकलाप र भूमिका प्रतिको हेराइमा आएको परिवर्तनलाई बुझाउँछ । यसको तात्पर्य, लैङ्गिक समानता र लैङ्गिक मुद्दाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा नीति व्याख्या र उपयुक्त कानुन निर्माणको प्रारम्भिक चरणमा भएको बुझाउँछ ।

बक्स नं. १३

### शान्ति परिचालन र प्रक्रियामा लैङ्गिक दृष्टिकोण

सुरक्षा परिषद (...)

"७. लैङ्गिक संवेदनशील तालिम कार्यका लागि सदस्य राष्ट्रहरूका साथै संयुक्त राष्ट्रसंघीय महिला कोष, संयुक्त राष्ट्रसंघीय बाल कोष, र संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालय र अन्य सम्बन्धित निकायहरूबाहेक सम्बन्धित कोषहरू र कार्यक्रमहरूले अङ्गिकार गरेका अन्य संगठनहरूलाई तिनीहरूको वित्तिय, प्राविधिक र भौतिक सहयोग (लजिस्टिक) स्वेच्छिककरूपले वृद्धि गर्न आग्रह गर्छ;

८. शान्ति सम्झौताको सहमति र कार्यान्वयनमा संलग्न सबै कार्यकर्ताहरूलाई लैङ्गिक दृष्टिकोण अपनाउन आग्रह गर्छ, यस बाहेक अन्य विषयहरूमा, (क) प्रमाणीकरण तथा पुनर्बासिका क्रममा, पुनर्बास, समायोजन र द्वन्द्व पश्चात्को पुनर्निर्माणका लागि महिला तथा बालिकाका विशेष आवश्यकताहरूमू (ख) स्थानीय महिलाको शान्ति अभियान, द्वन्द्व समाधानको स्थानीय प्रक्रिया, शान्ति सम्झौताको कार्यान्वयनका सम्पूर्ण संयन्त्रमा महिला सहभागितालाई सहयोग पुऱ्याउने उपाय; (ग) महिला र बालिकाहरूको मानव अधिकारको सम्मान र संरक्षणको सुनिश्चित गर्ने मापदण्डहरू, विशेष गरी तिनीहरूको संविधान, निर्वाचन प्रणाली, प्रहरी र न्यायपालिका (...) सँग सम्बन्धित हुन्छन् ।

१५. स्थानीय र अन्तर्राष्ट्रिय महिलाका समूहहरूसँगको परामर्शद्वारा सुरक्षा परिषद मिसनले लैङ्गिक महत्व र महिला अधिकारबारे ध्यान दिएको सुनिश्चित गर्न इच्छा अभिव्यक्त गर्छ; (...)"

*संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद प्रस्ताव १३२५ (२०००) बाट उद्दृत*
*३१ अक्टोबर २००० मा स्वीकृत*

प्रस्तावना १३२५ (२०००) को सहमतिद्वारा, संयुक्त राष्ट्रसंघीय महासचिवले अक्टोबर १६, २००२ मा "महिला, शान्ति तथा सुरक्षा" विषयक प्रतिवेदन पेश गरेका थिए । प्रतिवेदनमा महिला र बालिकाहरूमा सशस्त्र द्वन्द्वको प्रभाव, अन्तर्राष्ट्रिय कानुनी संरचना, शान्ति प्रक्रिया, शान्ति र मानवतावादी परिचालन, पुनर्निर्माण र पुनर्स्थापनाको





साथै निःसशस्त्रीकरण, अपरिचालन र पुनर्समायोजनमा महिला सहभागिताबारे उल्लेख छ । यसका केही शर्तहरू यस खण्डको अन्त्यमा सिफारिससँग समेटिएको छ ।

## संसदीय रक्षा समितिहरूमा महिला

विगत २५ वर्षदेखि अन्तर व्यवस्थापिका संघ (आइपीयु)ले राजनीतिमा महिलासम्बन्धी सर्वेक्षणले संसदीय रक्षा समितिहरूमा महिला अझै बृहत-रुपमा अनुपस्थित वा न्यून प्रतिनिधित्व भएको तथ्य प्रस्तुत गरेको छ । तिनीहरूले त्यस्ता समितिहरूमा प्रमुख वा उप-प्रमुख अधिकारी वा प्रतिवेदकको जिम्मेवारी बिरलै प्राप्त गर्छन् भन्नु अत्युक्ति नहोला । सन् १९९७ को एउटा आइपीयु सर्वेक्षण (राजनीतिमा पुरुष तथा महिला : लोकतन्त्र अझै निर्माणाधीन) ले के देखाउँछ भने, संसदीय समितिहरूमा ९७ जना महिलाहरू रहेको तथ्याङ्क प्रस्तुत गरेका थिए, केवल ३ प्रतिशत महिलाले रक्षा समितिको अध्यक्षता ग्रहण गरेका थिए । सामान्यतया, सम्पूर्ण संसदीय समितिको अध्यक्षतामा १८.६ प्रतिशतमात्र महिलाको प्रतिनिधित्व रहेको छ । यो स्थितिलाई दुई प्रमुख तत्वले स्पष्ट गर्नेछ । पहिलो, विश्वभर महिला सांसदहरू अझै पनि कम हुनु (१४.३ प्रतिशत, मे २००२ मा) । दोस्रो, सामान्यतः युद्ध र शान्ति तथा सुरक्षासम्बन्धी मुद्दाहरू पुरुषभन्दा महिलाका लागि कम सरोकार भएको भन्ने मानसिकता अझै विश्वव्यापीरुपमा छ । यो दृष्टिकोण समस्याग्रस्त छ किनकि युद्धले निश्चय नै राज्यको सम्पूर्ण जनसंख्यालाई प्रभावित पार्छ, प्रायः महिलाहरूलाई पुरुषभन्दा बढ्ता पीडित बनाउँछ ।

## सशस्त्रमा महिला

धेरै राष्ट्रका सशस्त्र बलमा महिलाको सहभागिता प्रशासनिक, भौतिक र सहयोग सेवा तहमा सीमित हुनु सामान्य र परम्परा मानिन्छन् । शान्ति कालमा मात्र नभएर कहिलेकाहीं युद्ध वा सशस्त्र द्वन्द्वको बेलामा थप सहयोग (ब्याक-अप)का लागि महिलाको उपस्थिति सापेक्षितरुपमा महत्वपूर्ण हुन्छ । यस विपरित, सैन्य र सेना परिचालन तहमा महिला संलग्नता अधिकांश हालै देखिन थाले यथार्थमात्र हुन् । सेनामा महिलासम्बन्धी अन्तर्राष्ट्रिय तथा तुलनात्मकस्तरमा थोरै तथ्याङ्क उपलब्ध छन् । तल दिइएको बक्स नं. १४ ले उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) सदस्य राष्ट्रहरूको सेनामा महिला सहभागिताको उदाहरण प्रस्तुत गरेको छ ।

बक्स नं. १४

**सैन्य महिला कर्मचारी बलको क्षमता : नाटो मुलुकहरुको उदाहरण**

| देश | संख्या | कूल सेनाको % |
|---|---|---|
| बेल्जियम | ३,२०२ | ७.६% |
| क्यानाडा | ६,५५८ | ११.४% |
| चेक गणतन्त्र | १,९९१ | ३.७% |
| डेनमार्क | ८६३ | ५.०% |
| फ्रान्स | २७,५१६ | ८.५% |
| जर्मनी | ५,२६३ | २.८% |
| ग्रीस | ६,१५५ | ३.८% |
| हङ्गेरी | ३,०१७ | ९.६% |
| इटाली | ४३८ | ०.१% |
| लक्जमवर्ग | ४७ | ०.६% |
| नेदरल्याण्ड्स | ४,१७० | ८.०% |
| नर्वे | १,५५२ | ३.२% |
| पोल्याण्ड | २७७ | ०.१% |
| पोर्चुगल | २,८७५ | ६.६% |
| स्पेन | ६,४६२ | ५.८% |
| टर्की | ९१७ | ०.१% |
| संयुक्त अधिराज्य | १६,६२३ | ८.१% |
| संयुक्त राज्य | १९८,४५२ | १४.०% |

स्रोत : NATO Review Summer 2001

सामान्यतया अनिवार्य सैन्य सेवा र/वा व्यवसायिक सैनिक इकाईहरूमा महिला सहभागिता राजनीतिक नेतृत्व वा सुरक्षा क्षेत्रभित्र आफैंले विकास गरेर बढाउन सकिन्छ भन्नु बढ्ता सुरक्षित हुन्छ। यसमा दुई पक्ष विद्यमान छन्, जुन एकअर्कामा स्वतन्त्ररुपमा देखिन सक्छ :





- ✓ राष्ट्रिय सुरक्षाको संरक्षण तथा प्रर्वद्धनमा सम्पूर्ण सर्वसाधारणलाई परिचालन गर्न आवश्यकता महसूस गर्नु;
- ✓ कुनै अन्य अंगहरूको गतिविधिजस्तै सशस्त्र बलको आधुनिकीकरण समाज विकास क्रममा प्रकट हुन्छ र लैङ्गिक समानताको अवधारणाप्रति संवेदनशील बन्दै जान्छ।

बक्स नं. १५

लैङ्गिक मूलप्रवाहीकरणको एक अंगका रूपमा सुरक्षा नीतिमा महिला सहभागिता

सरकारको सुरक्षा नीतिलाई लैङ्गिक मूलप्रवाहीकरणको दृष्टिकोणबाट मूल्याङ्कन गर्न सकिन्छ । बेइजिङ्गमा सम्पन्न चौथो संयुक्त राष्ट्संघीय विश्व महिला सम्मेलनमा राष्ट्संघले लैङ्गिक मूलप्रवाहीकरणलाई लैङ्गिक समानता प्रर्वद्धन गर्ने विश्वव्यापी रणनीतिको रूपमा अवलम्बन गरेको छ । संयुक्त राष्ट्संघीय (इसीओएसओसी)ले लैङ्गिक मूलप्रवाहीकरणलाई यसरी व्याख्या गरेको छ, *"...कुनै योजनावद्ध कार्यका साथै कानुन, नीतिहरू वा कार्यक्रमको महिला तथा पुरूषलाई सबै क्षेत्र र तहमा पर्ने प्रभावको मूल्याङ्कन प्रक्रिया हो । राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रका सबै योजना, कार्यान्वियन, नीतिहरू तथा कार्यक्रमहरूको सुपरिवेक्षण तथा मूल्याङ्कनमा महिलाकासाथै पुरूषहरूको सरोकार र अनुभवलाई अभिन्न अङ्ग बनाउने यो एउटा रणनीति हो, यसबाट महिला र पुरूष समानरूपले लाभान्वित हुन्छन् र असमानता सँधै रहँदैन । यसको अन्तिम लक्ष्य नै लैङ्गिक समानता प्राप्त गर्नु हो ।"*

स्रोत : UN ECOSOC Agreed Conclusions 1997/2

सशस्त्र सेनामा महिलाको बढ्दो संलग्नताले परम्परागत प्रतिरक्षालाई मानवीय सुरक्षामा रूपान्तरण गर्न योगदान पुऱ्याउन सक्छ : अनुसन्धान, सूचना प्रविधिहरू (बैंकिङ समेत) र गुप्तचर कार्यहरूवाहेक कहिलेकहीं विधि र परिचालनमा आवश्यक पर्ने शारीरिक बल र प्रशिक्षणको प्राथमिकतालाई जोड दिंदै आएको छ। यो प्रवृत्तिले महिलालाई नयाँ अवसरहरू प्रदान गर्दछ, विशेष गरी त्यस्ता मुलुकहरू जहाँ महिला र पुरूषको शिक्षा र प्रशिक्षणमा समान पहुँच हुन्छ।

बक्स नं. १६

### सुरक्षा क्षेत्रमा महिला समावेशीले ल्याएका नयाँ आयाम र चुनौतीहरू

सुरक्षा क्षेत्र र विशेष गरी सेना र प्रहरीमा महिलाको बढ्दो संलग्नताले प्रशिक्षण (खास गरी शारीरिक प्रशिक्षण) र अनुशासन महिला र पुरूषका लागि समान हुनु पर्छ या पर्दैन भन्ने प्रश्न उब्जाएको छ ।

सेना, राज्यका अन्य सैन्य संगठनहरू तथा प्रहरीहरूबाट नियमनिष्ठाका साथ निषेधित यौनिकताका पक्षहरूको लागि पनि नियमहरू आवश्यक हुन्छ : एकै तथा फरक इकाईहरू भित्रका विवाहित तथा अविवाहित दम्पतिहरूको विशेष आवश्यकता र चाहनाको साथै मातृत्व र पितृत्वसँग सम्वन्धित मुद्दाहरूमा समेत विचार गरिनुपर्दछ ।

यस अतिरिक्त पहिरन र त्यसको सौन्दर्यता र यौन आकर्षणका मुद्दामा पुनर्विचार गर्नु आवश्यक हुन्छ : पुरूष र महिलाका लगि पोशाक समान हुनपर्छ ? या सबै अवस्थामा पुरूषजस्तै देखिनु पर्छ ?

यी क्षेत्रहरूले नयाँ विचारको आवश्यकता महसूस गरेका छन् । राष्ट्रिय कानुनका साथै सेना, राज्यका अन्य सैन्य संगठनहरू र प्रहरी नियमहरूलाई यी वर्तमान यथार्थ अनुरूप परिमार्जन गर्नु आवश्यक छ ।

## शान्ति सेना परिचालन र रक्षा मन्त्रालयहरूमा महिला

नाटोले प्रस्तुत गरेको ग्रीष्मकालीन समीक्षा २००१ को तथ्याङ्क अनुसार शान्ति सेना परिचालनमा संलग्न महिला कर्मचारीको संख्या द्वितीय विश्व युद्धको अन्त्यदेखि सीमान्त रहेको छ । केबल केही राष्ट्रहरू क्यानाडा, हङ्गेरी, फ्रान्स, नेदरल्याण्ड र पोर्चुगलले शान्ति परिचालनका कर्मचारीमध्ये ५ प्रतिशतभन्दा बढी महिला समाविष्ट गरेका छन् । तथापि राष्ट्र संघको अनुभवले के देखाउँछ भने तिनीहरूको उपस्थितिलाई सम्बन्धित नागरिकले राम्ररी नै स्वीकारेका छन् र परिचालनको नतिजामा सकारात्मक प्रभाव परेको छ : उदाहरणका लागि लैङ्गिक मुद्दा र हिंसालाई बढी ध्यान दिइनेछ ।

रक्षामन्त्री वा उप-रक्षामन्त्रीको रुपमा महिलाको नियुक्ति अझ पनि नगण्य छ । आइपीयु विश्व सर्वेक्षणले के देखाउँछ भने मार्च २००० मा रक्षा तथा सुरक्षा मामिलाको





जिम्मेवारी प्राप्त गरेका सम्पूर्ण मन्त्रीहरूको १.३ प्रतिशत र उपमन्त्रीहरू तथा अन्य मन्त्रालय स्तरीय अधिकारीहरूसहित संसदीय सचिवहरूको ३.९ प्रतिशत मात्र महिलाले प्रतिनिधित्व गरेका छन् । (हेर्नुहोस् आइपीयु र संयुक्त राष्ट्रसंघले संयुक्त रुपमा जारी गरेको *राजनीतिमा महिला : २००० शीर्षक* विश्व मानचित्र) ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

तथ्याङ्क

- प्रत्येक सैन्य शाखा, राज्यका अन्य सैन्य संगठनहरू, प्रहरी तथा गुप्तचर सेवाहरूका साथै तिनीहरूका सम्बन्धित तालिम केन्द्रहरूमा महिला अनुपात सम्बन्धी तथ्याङ्कका लागि अनुरोध गर्नुहोस् । यसबाहेक उच्च र निर्णायक तहमा रहेका महिला र संयुक्त राष्ट्रसंघ, नाटो र अन्तर्राष्ट्रिय निकायमा सुरक्षा मामिलामा छलफलको लागि जाने तपाइँको राष्ट्रको प्रतिनिधि मण्डलमा महिला समावेशीकरणको आनुपातिक तथ्यांकका निम्ति अनुरोध गर्नुहोस् ।

लैङ्गिकता तथा द्वन्द्व समाधान र पुनर्निर्माण*

- संभव भएसम्म वार्ता टोलीमा लैङ्गिक सन्तुलनलाई सुनिश्चित गर्नुहोस्;
- शान्ति सम्झौतामा सशस्त्र द्वन्द्वबाट महिलाले भोगेको परिणाम, शान्ति प्रक्रियामा उनीहरूको योगदान र द्वन्द्वपछिको सन्दर्भमा उनीहरूको आवश्यकता र प्राथमिकतालाई व्यवस्थित तथा स्पष्टताका सम्बोधनलाई सुनिश्चित गर्नुहोस्;
- द्वन्द्वको अवधिमा महिलाले हासिल गरेको ज्ञान, अनुभव र संसाधनलाई पुनर्निर्माणको सन्दर्भमा उचित तरिकाले प्रयोग गर्न निश्चित गर्नुहोस् ।

लैङ्गिकता र शान्ति मिसन*

- शान्ति परिचालन र द्वन्द्व पश्चात्को पुनर्निर्माणमा महिला सहभागिताको पैरवी गर्नुहोस्;
- सम्भव भएसम्म कानुनमार्फत् शान्ति स्थापना कार्य र अन्य अन्तर्राष्ट्रिय कर्मचारीहरू दुबै साँस्कृतिक सम्वेदनशील र लैङ्गिक संवेदनशील तालिम प्राप्त भएको सुनिश्चित गर्नुहोस् ।

- महिलाको मानव अधिकार उल्लंघन गर्ने शान्ति सेना र अन्य अन्तर्राष्ट्रिय अधिकारीहरूको दण्ड सजायको सुपरिवेक्षण गर्नुहोस् ।

**सरकार**

- रक्षा मन्त्रालयमा महिला तथा पुरूषद्वारा वहन गरेको दायित्वको तह सुनिश्चित गर्नुहोस्, उदाहरणका लागि बिगत १० वर्षमा त्यो सन्तुलित थियो/थिएन । उच्च तह, निर्णय प्रक्रियाको दायित्वमा महिलाको अवसर वृद्धि गर्न पुरूष सरह समान कानुन व्यवहारमा भएको या नभएको प्रमाणित गर्नुहोस् ।

**संसद**

- ऐतिहासिक र/वा वर्तमानमा संसदको रक्षा तथा सुरक्षा समिति र यसभित्र महिलाले बहन गरेको दायित्वको संरचना सुनिश्चित गर्नुहोस् ।
- समितिले लैङ्गिक मुद्दामा ध्यान दिएको या नदिएको बारे थप निरीक्षण गर्छ र आवश्यक परेमा लैङ्गिक सन्तुलन अभिवृद्धि र संवदेनशीलताको लागि दवाव दिन्छ ।

* संयुक्त राष्ट्रसंघीय महासचिवको प्रतिवेदन महिला, शान्ति तथा सुरक्षा, अक्टोबर १६, २००२ बाट भिकिएका सुझावहरू

भाग ३

# सुरक्षा क्षेत्र सञ्चालनका प्रमुख तत्वहरू

**अध्याय – ८**

# सेना

इतिहासका सबै कालखण्डमा सैन्य विभागको उस्थिति रहँदै आएको छ र यसलाई आमरुपमा राज्यको ढाल तथा तरवारका रुपमा हेरिन्छ । बक्स नं. १७ ले देखाए अनुसार सन् २००२ को मध्येमा विश्वका केही राष्ट्रहरूमा मात्र सैन्य विभाग थिएनन् ।

बक्स नं. १७

सेना नभएका राष्ट्रहरू

केही राष्ट्रहरूसँग सशस्त्र बल छैन । दक्षिण महासागरीय साना राज्यहरू जस्तो नाउरू, माल्दिम्स, किरीवास, सामोवा, सोलोमन आइल्याण्ड, तुभालु, पालाउ र भानुआतु; अनि क्यारिबियन क्षेत्रमा : सेन्ट भिन्सेन्ट र ग्रेनाडिनस्, सेन्ट किट्स र नेभिस, सेन्ट लुसिया, डोमिनिका, ग्रेनाडा । सशस्त्र बल नभएका अरू राष्ट्रहरूमा कोष्टारिका, आइसल्याण्ड, मौरिसस, पनामा, पूर्वी टिमोर, सोमालिया (जो सेना गठन प्रक्रियामा छ), अण्डोरा, सन मारिनो, हैटी पर्छन् । धेरैजसो यी राष्ट्रहरूमा अर्ध–सैनिक इकाईहरू (उदाहरणका लागि राष्ट्रिय रक्षक र सीमा रक्षकहरू) रहेका छन् ।

## सेनाका कार्यहरू

शीत युद्धको अन्त्यपश्चात् सुरक्षासम्बन्धी विकासले विश्वभरिका सेनालाई व्यापक असर पारेको थियो । सेनालाई नयाँ कार्य सुम्पिइयो जब कि उनीहरूको पुरानो मुख्य कार्यलाई भने अर्कै किसिमले गर्न भनियो । वर्तमानमा, साधारणतया विश्वभरिका धेरै सेनाहरू निम्न पाँच कार्यहरूमा संलग्न छन् :

- ✓ राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डता वा व्यापक अर्थमा नागरिकको रक्षा
- ✓ अन्तर्राष्ट्रिय शान्ति सेना वा शान्ति नियोगहरू;
- ✓ आपतकालीन उद्धार;

✓ आन्तरिक सुरक्षा कार्यहरू (स्थिति बिग्रेर असाधारण स्थिति पैदा भएमा कानुन र व्यवस्था पालन कायम राख्न नागरिक कानुन कार्यान्वयन अधिकारीलाई सहयोग गर्ने);

✓ राष्ट्र निर्माणमा सहभागिता (सामाजिक कार्य) ।

सेनाले सम्पादन गर्ने यी कार्यहरू राज्यअनुसार फरक हुन्छन् जुन राष्ट्रिय कानुनी संरचना र सुरक्षा सतर्कतामा निर्भर गर्छ ।

## सार्वभौमसत्ता र समाजको रक्षा

नयाँ सुरक्षा विकास र चुनौतीका बावजुद धेरैजसो सैनिकका लागि परम्परागत कार्य नै महत्वपूर्ण रहँदै आएको छ, त्यो कार्य भनेको गृह तथा गठबन्धन राष्ट्रहरूलाई विदेशी हमलाविरूद्ध रक्षा गर्नु हो । यस कार्यमा राज्यको भू-भाग र राजनीतिक सार्वभौमसत्ताको रक्षामात्र नभई वृहत् अर्थमा समाजको समेत रक्षा गर्नु हो ।

शीत युद्ध समाप्त भएयता, राजनीतिक नेता र सेनाहरू राष्ट्रिय सार्वभौमसत्ता विदेशी सेनाद्वारा मात्र होइन आतङ्कवाद, गृहयुद्धहरू, संगठित अपराध, साइवर हमला र भ्रष्टाचारजस्ता अरू नयाँ गैर-सैनिक चुनौतीप्रति सजग बन्दै छन् (हेर्नुहोस् बक्स नं. १) । प्रायः सबै सशस्त्र बल हाल रक्षा क्षेत्रको सुधार प्रक्रियामा संलग्न छन् । बक्स नं. १८ ले यी तीन मुख्य सुधार प्रक्रियाबारे वर्णन गर्छ ।

बक्स नं. १८

रक्षा सुधार : उद्देश्य के ?

सन् १९९० देखि धेरैजसो सेनाहरूमा तीव्र सुधार गरिएको छ । विभिन्न राष्ट्रहरूमा विभिन्न कारणले यस्ता सुधारहरू सम्पन्न भए । सामान्य रूपमा हेर्दा यस्ता सुधारका तीन लक्ष्यहरू मात्र छुट्याउन सकिन्छ ।

➢ लोकतन्त्रीकरण

अधिकांश साम्यवाद, तानाशाही र द्वन्द्वपछिका राष्ट्रहरूमा रक्षा सुधारको लक्ष्य लोकतन्त्रीकरण हो :





- लोकतान्त्रिकरूपमा निर्वाचित राजनीतिक नेतृत्वप्रति सेनालाई जवाफदेही बनाउने, नत्र लोकतन्त्रका लागि उनीहरू खतरा बन्न सक्छन् ।
- सेनाका लागि आवश्यक स्रोतलाई समाजका अन्य क्षेत्रहरूको आवश्यकतासँगै सन्तुलनमा राख्ने ।

➢ नयाँ सुरक्षा वातावरणसँग समायोजन

- नयाँ सुरक्षा चुनौतीहरूसँग सेनाको संख्या र बजेट समायोजन गर्ने ।
- सेनालाई नयाँ अभियानका लागि तयार पार्ने, उदाहरणको लागि शान्ति सेना ।

➢ अन्तर्राष्ट्रियकरण

सेना अब बढी मात्रामा राष्ट्रिय सन्दर्भमा मात्र होइन अन्य विदेशी राष्ट्रका इकाईहरूसँगै परिचालित हुन्छन् । यस प्रकारका अन्तर्राष्ट्रिय सहयोग तत्कालीन आधारमा गर्न सकिन्छ, जस्तै संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरू वा दीर्घकालिन र संस्थागत आधारमा (जस्तो नेटो) अथवा द्विपक्षीय वा वहुपक्षीय आधारमा ।

- सेनालाई (आशिंक रूपमा) अन्तर्राष्ट्रिय मातहत र संगठनात्मक संरचनाहरू अन्तर्गत राख्नेर
- अन्य राष्ट्रका सेनासँग कार्यसम्पादन गर्ने सम्बन्धमा उपकरण, तालिम, भाषा, सूचना, आदेश अनि नियन्त्रण पद्धति (अन्तरकार्य पद्धति क्षमता) मा राष्ट्रिय सेनाको क्षमता अभिवृद्धि गर्ने ।

स्थायी अन्तर्राष्ट्रिय इकाईका उदाहरणहरू :

- प्रथम जर्मन-नेदरल्याण्ड्स कर्पस्
- वाल्टिक वटालियन (लिथुवानिया, इस्टोनिया, लाट्भिया)
- पोलिश-डेनिश-जर्मन कर्पस्
- स्लोभाकिया, हँगेरी, रोमानिया र युक्रेन (टिसा वटालियन) बीच मल्टीनेसनल इन्जिनियर वटालियन

## अन्तर्राष्ट्रिय शान्तिमा योगदान

सेनाहरू शान्ति स्थापना कार्यमा मुख्य गरी दुई कारणहरूले संलग्न हुन्छन् । पहिलो, द्वन्द्वको रोकथाम गर्न र द्वन्द्व फैलिएको खण्डमा हुन सक्ने क्षेत्रीय अस्थिरता, आर्थिक अस्तव्यस्तता र शरणार्थीहरूको अनियन्त्रित प्रवाहजस्ता संभावित असरलाई रोकथाम गर्न । दोस्रो, द्वन्द्वग्रस्त क्षेत्रहरूमा मानवीय सुरक्षामाथि योगदान गर्ने माध्यम बन्न र गैर सैनिक सर्वसाधारणको रक्षा गर्न । वर्तमान द्वन्द्वहरू धेरै हिंसात्मक बन्दै गएकाले त्यसले गैर सैनिक जनसंख्या (सर्वसाधारण) लाई असर पार्न थालेयता मानवीय सुरक्षा, विशेष त मानव अधिकारको उपभोग गर्न पाउनु अन्तर्राष्ट्रिय समुदायको महत्वपूर्ण नीतिगत उद्देश्य हुँदै आएको छ । शान्ति अभियानमा सहभागी हुँदाको फाइदा भनेको यस्तो अभियानले सैन्य इकाईलाई प्रशिक्षण दिन र वास्तविक परिवेशमा अनुभव हासिल गर्न अवसर प्रदान गर्छ ।

## आपतकालिन उद्धार

प्रत्येक राष्ट्र प्राकृतिक वा भू-कम्प, बाढी, भीषण आगलागी वा शहरी इलाकाहरूमा हवाई दुर्घटनाजस्ता मानव सिर्जित दुर्घटनाबाट प्रभावित भएका वा हुन सक्छन् । यस्ता आपतकालीन अवस्थामा नागरिक अधिकारीहरूले आपतकालिन उद्धार र आपूर्ति कार्यमा सहयोगका लागि सेनालाई आह्वान गर्छन् । सेनाले शान्ति सुरक्षा कायम गर्ने, खाद्यान्न, चिकित्सा सेवा र अन्य स्रोतहरू उपलब्ध गराउने र सञ्चार तथा यातायात सेवा सुचारू राख्ने जस्ता कार्यहरू गर्दछन् । सेनालाई यस किसिमले आपतकालीन उद्धार कार्यमा परिचालन गर्दा समाजमा उनीहरूको सकारात्मक छवि बन्न गई लोकप्रिय समर्थनमा वृद्धि हुन पुग्दछ ।

## नागरिक कानुन कार्यान्वयन अधिकारीहरूलाई सहयोग

केही सेनाले नागरिक कानुन कार्यान्वयन अधिकारीहरूलाई मद्दत गर्ने थप कार्य गर्छन् । यद्यपि सेनाको यो प्रयोग अत्यन्तै विवादस्पद विषय हो । समाजलाई खतरामा पार्न सक्ने त्यस्ता भयानाक चुनौतीहरूलाई नागरिक अधिकारी र प्रहरीले मात्र सामना गर्न नसक्ने भएकाले सैन्य सहायताको आवश्यकता पर्न सक्छ । यस प्रकारका चुनौतीका उदाहरणहरू आतङ्कवादी हमला, संगठित अपराध वा अवैध लागु औषध तस्करी हुन् । नागरिक कानुन पालनामा सेनालाई प्रयोग गर्दा हुने सरोकार र खतराहरूमा समावेश छन् :

- ✓ यसले नागरिक नियन्त्रण र सैनिक सुपरिवेक्षणलाई खतरामा पार्न सक्दछ ;
- ✓ यसले अपरिहार्यरूपमा सेनाको राजनीतिकरणमा सहयोग पुऱ्याउँछ ;
- ✓ सेनाले अस्थायीरूपमा मात्र कानुन तथा व्यवस्था बनाउन सक्छ, तर राजनीतिक, सामाजिक वा आर्थिक द्वन्द्व वा अव्यवस्थाको जडलाई निर्मूल गर्न सक्दैन;
- ✓ सशस्त्र सेनाहरू युद्धका लागि तालिमप्राप्त हुन्छन् र त्यसैकारण उनीहरूलाई प्रहरी कार्य वा घरमा रहेका आम नागरिकसँग कसरी व्यवहार गर्ने भन्ने विशेष तालिम प्रदान गरिएको हुँदैन;
- ✓ प्रहरी र सशस्त्र बलबीच कार्यगत होडवाजीको जोखिम हुन्छ ।

बक्स नं. १९

### दक्षिण अफ्रिकामा नागरिक कानुन कार्यान्वयन निम्ति सेनाको प्रयोग

(...) दक्षिण अफ्रिकी राष्ट्रिय सुरक्षा सेना (एसएएलडीएफ) लाई असामान्य स्थितिमा मात्र परिचालन गरिनेछ, जस्तो, दक्षिण अफ्रिकी प्रहरी संरचना, वा राज्यको राष्ट्रिय सुरक्षाको क्षमताभन्दा बाहिर गएर पूर्णरूपमा सार्वजनिक शान्ति सुव्यवस्था भङ्ग भएमा (...) । सेनाको आन्तरिक प्रयोग संसदीय नियन्त्रण मातहत रहने, मौलिक हकको संवैधानिक व्यवस्था र कानुनद्वारा संचालित हुनेछ ।

*स्रोत : "Defence in a Democracy". White Paper on National Defence for the Republic of South Africa, May 1996*

## सामाजिक कार्यहरू

सेना र विशेष गरी अनिवार्य सेवाका सिपाहीहरूले राष्ट्र निर्माणमा योगदान गर्छन् भन्ने मान्यता रहिआएको छ, यसमा सबै भू-भाग र भिन्न सामाजिक पृष्ठभूमि र जातिका युवा (अधिकांश पुरूषहरू) ले संयुक्तरूपमा काम गर्छन् । यो विशेषतः त्यस्ता अप्रवासी अथवा वहुसाँस्कृतिक समाजमा सत्य हुन्छ जहाँ सेनाहरूले 'मेल्टिङ्ग पट' को कार्य

गर्छन् । सेनाको अर्को सामाजिक कार्य भनेको जनतालाई शैक्षिक अवसर उपलब्ध गराउनु हो । सीमित वा कुनै श्रम सम्भावना नभएका व्यक्तिहरू सैनिक सेवामा भर्ना भई लाभान्वित हुन सक्छन् । सेनाका अरू सामाजिक कार्यहरूमा, विशेषगरी विकासोन्मुख राष्ट्रका दुर्गम क्षेत्रहरूमा निजामती प्रशासनलाई अनुभवी व्यक्तिहरू प्रयोग गरी शिक्षा, प्राथमिक स्वास्थ्योपचार वा वातावरणीय विनाश रोकथाम गर्ने जस्ता कार्यहरूमा सहयोग र समर्थन पर्छन् ।

सेनाले समाजमा कसरी सकारात्मक योगदान पुऱ्याउन सक्छन् भन्ने यी सामाजिक कार्यहरू उदाहरणहरू हुन् । यद्यपि, केही राष्ट्रहरूमा सेनाले समाज, अर्थव्यवस्था र राजनीतिमा नकारात्मकरूपमा हस्तक्षेप गरेका प्रमाण छन् । उदाहरणका लागि, केही राष्ट्रहरूमा सेनाले राजनीतिमा हस्तक्षेप गरेको छ र सरकारलाई धम्क्याएको छ । दुर्भाग्यवश, अन्य केही राष्ट्रमा भने सेनाहरू बाणिज्य व्यवसायमा संलग्न छन्, यसले उनीहरूलाई राज्यबाट अतिरिक्त आम्दानी प्राप्त भएको छ, यसमा कुनै सुपरिवेक्षण हुँदैन, न लोकतान्त्रिक सुपरिवेक्षण नै ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सेनाका कार्यहरू

- सेनाका काम कारवाहीहरूबारे निश्चित हुनुहोस् :
  - कानुन र सैनिक नियममा स्पष्ट परिभाषित गरिएको छ;
  - राष्ट्रिय सुरक्षा अवधारणा र नीतिबीच एकरूपता छ;
  - समाजको वास्तविक सुरक्षा आवश्यकतासँग मिल्दा छन्;
  - गैर–सैनिक कार्यहरूले सेनाका प्राथमिक कार्यप्रतिको तत्परतामा कमी आउन नदेओस्, जुन राष्ट्रिय सार्वभौमसत्ताको रक्षा र अन्तर्राष्ट्रिय कानुनको शासनमा योगदान हुन् ।

रक्षा सुधार

- सुधार गर्न सोचिएको वा जिम्मा लिइएको पक्षमा विस्तृत प्रतिवेदन र तत्सम्बन्धी प्रभाव विश्लेषणको विवरण विज्ञ संसदीय समितिहरूले प्राप्त गर्नेमा निश्चित गर्नु र यस सम्बन्धमा आवाज उठाउनुहोस्, उदाहरणका लागि सुनुवाइ आयोजना गरेर ।





नागरिक कानुन कार्यान्वियनमा सेनाको प्रयोग

सिद्धान्ततः नागरिक कानुन कार्यान्वियनमा सेनाको संलग्नता वाञ्छनीय हुँदैन, तर अन्य कुनै समाधान नभएको स्थितिमा संसदले गर्नुपर्दछ :

- नागरिक कानुन कार्यान्वियनमा सेनाको संलग्नतालाई स्पष्ट परिभाषित, नियन्त्रित र व्यवस्थित गरेको बारे निश्चित हुनुहोस् :
  - सहयोगको लागि यसलाई बोलाउनुपर्ने परिस्थिति;
  - संलग्नताको प्रकृति र सीमा;
  - संलग्नताको अवधि;
  - प्रत्येक मामिलामा संलग्न गर्नुपर्ने इकाईका प्रकार;
  - सेनालाई संलग्न गर्ने र हटाउनेबारे निर्णय लिनसक्ने निकायहरू;
  - कुनै कानुन भङ्ग वा त्यस सन्दर्भमा मानवअधिकार उल्लंघन भए सम्बन्धित क्षेत्राधिकारको व्यवस्था आदि ।
- घर खानतलासी, पक्राउ वा गोली चलाउनुअघि अधिकारप्राप्त निकायबाट स्वीकृति लिन वा पक्राउ पूर्जी जारी गर्न कानुन बनाउनुहोस् ।
- संसदीय वा अरू प्रकारका संयन्त्रहरू छन् भन्नेबारे निश्चित गर्नुहोस् जसले नागरिक कानुन कार्यान्वियनमा सेनाको संलग्नता र अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार कानुन र सिद्धान्तबीच एकरूपता रहेको सुनिश्चित गरोस् ।

**अध्याय – ९**

# राज्यका अन्य सैन्यकृत संगठनहरू

“अदर स्टेट मिलिटीराइज्ड अरगनाइजेशन्स” (अब उप्रान्त OSMOs भनिनेछ) अर्थात् “राज्यका अन्य सैन्य संगठनहरू”को शाब्दिक अर्थ भिन्न पृष्ठभूमि र प्रयोग भएका राष्ट्रहरू अनुसार फरक हुन सक्छ। जुनसुकै अवस्थामा निजी सैन्य संगठनहरूबाट OSMOs लाई अलग गर्नुपर्छ। लण्डनस्थित इन्टरनेशनल इन्स्टिच्युट अफ स्ट्राटेजिक स्टडिज (आइआइएसएस)का अनुसार, OSMOs (कहिलेकहीं अर्ध-सैनिक संगठनका रुपमा समेत लिने गरिन्छ) को अवधारणामा “जेन्डार्मेरी” (gendarmerie फ्रान्सको सशस्त्र प्रहरी बल), भन्सार सेवा र सीमा रक्षकसमेत समेटिन्छन्, यदि यी सैनिकहरूलाई सैन्य युद्धकलाको प्रशिक्षण दिइन्छ, सैन्य सेवाजस्तै हातहतियारले सुसज्जित बनाइएमा र युद्धको बेला सैन्य अधिकारीको मातहातमा परिचालन गर्न सकिन्छ भने।

संसारका प्रायः सबै राष्ट्रहरूमा सेनाका अतिरिक्त OSMOs अस्तित्वमा छन्। यी संगठनहरूको सेनासँग नजिकको सम्बन्ध हुन्छ र कुनै बेला सेनाले यिनीहरूलाई उपकरण, सैनिक आधार क्षेत्रसम्म पहुँच, प्रशिक्षण र सहयोग प्रदान गर्छ।

धेरै अवस्थामा OSMOs हरूले नागरिकका विभिन्न गतिविधिहरूको नियन्त्रण गर्ने कार्यमा (प्रहरीको कार्य) अनुपयुक्त किसिमले सैन्य प्रविधि प्रयोग गरेको र/वा मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न भएको पाइएको छ। OSMOs लाई यसरी प्रयोग गर्दा नागरिक प्रहरी र सशस्त्र सेनाबीचको फरक मेटिन सक्ने भएकोले यिनीहरूको भूमिका र स्थानको प्रष्ट व्याख्या गर्नुपर्छ। आन्तरिक सुरक्षा कार्य सञ्चालन र परिचालनमा यिनीहरूको सहभागितालाई हटाउनु श्रेयस्कर हुन्छ। यसका निम्ति संसदले उपयुक्त कानुन बनाउनुपर्दछ र सरकारका कामको सुपरिवेक्षण गर्नुपर्छ। राष्ट्रपति वा प्रधानमन्त्रीले OSMOs को संसदीय सुपरिवेक्षणको अनुमति दिनुपर्छ, राज्यद्वारा लगानी गरिएको कुनै पनि सेनालाई संसदले निगरानी गर्नुपर्ने कानुनी व्यवस्थाले गर्दा मात्र होइन, तिनीहरूको व्यापक र अनियन्त्रित प्रयोगका चुनौती र सम्भावनाका कारणले हो।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. २०

केही छानिएका राष्ट्रका अन्य सैन्य इकाईका उदाहरणहरू

| *राष्ट्र* | *सशस्त्र सेनामा सक्रिय कूल जवान संख्या* | *राज्यका अन्य सैन्य संगठनमा आवद्ध जवान संख्या* | *राज्यका अन्य सैन्य इकाईका किसिम* |
|---|---|---|---|
| फिनल्याण्ड | ३१,७०० | ३,४०० | सीमा रक्षक |
| अमेरिका | १३,६५,८०० | ५३,००० | सिभिल एयर पेट्रोल |
| रूसी महासंघ | १०,०४,१०० | ४,२३,००० | सीमा रक्षक, गृह मन्त्रालय सेना, रूसी महासंघको रक्षार्थ बल, संघीय सुरक्षा सेवा, संघीय सूचना तथा संचार एजेन्सी, रेल्वे सेना आदि। |
| मोरक्को | १,९८,५०० | ४२,००० | जेन्डार्मेरी, फोर्स अक्जिलरी आदि |
| फ्रान्स | २,९४,४३० | ९४,९५० | जेन्डार्मेरी |
| इटाली | २,५०,६०० | २,५२,५०० | विशेषत गरी ‘काराविनियरी’, र गृह मन्त्रालयको सार्वजनिक सुरक्षा गार्ड |
| टर्की | ६,०९,७०० | २,२०,२०० | जेन्डार्मेरी/राष्ट्रिय रक्षक, तटीय रक्षक (कोष्ट गार्ड) |
| बुर्किनाफासो | १०,००० | ४,४५० | जेन्डार्मेरी, सेक्युरीटी कम्पनीहरू |
| चिली | ८७,००० | २९,५०० | ‘काराविनियरोज’ |
| गणतन्त्र कोरिया | ६,८३,००० | ३५,००,००० | नागरिक रक्षा सेना र समुन्द्र तटीय प्रहरी (मारीटाइम पुलिस) |
| इन्डोनेसिया | २,९७,००० | १,९५,००० | प्रहरी लगायत समुन्द्री प्रहरी (मरिन पुलिस) र स्थानीय सैनिक सहायक बल (लोकल मिलिटरी अक्जिलरी फोर्स) |

*स्रोत : IISS, The Military Balance 2000-2001, London*

## राज्यका अन्य सैन्यकृत संगठनका कार्यहरू

OSMOs ले सम्पन्न गर्ने विभिन्न कार्यहरू मध्ये केही तल उल्लेख गरिएका छन् :

- ✓ सीमा नियन्त्रणका साथै वस्तुत तथा मानव तस्करी;
- ✓ दंगा नियन्त्रण;
- ✓ आपतकालीन परिस्थितिमा शान्ति सुरक्षा कायम राख्नुका साथै राष्ट्र प्रमुख र आणविक भट्टीजस्ता महत्वपूर्ण संरचनाको सुरक्षा गर्नु ।

### सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

कृपया सम्बन्धित खण्डका अघिल्ला र त्यसपछिका भागहरूमा हेर्नुहोस् जो यथोचित परिवर्तनसहित सम्पूर्णरूपमा लागु हुन्छन् ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

अध्याय – १०

# प्रहरी संरचना

## लोकतन्त्रमा प्रहरी

प्रहरी सधैं विधिको शासन अन्तर्गत संचालित हुनुपर्छ । तिनीहरू त्यही कानुनले बाँधिएका हुन्छन् जसलाई तिनीहरूले नै लागु गर्नुपर्छ र त्यसको संरक्षण गर्नुपर्छ । यसबाहेक, सरकारी वकिलको कार्यालय, न्यायपालिका वा दण्डशोधनसम्बन्धी व्यवस्थाजस्ता फौजदारी न्याय प्रणालीका अन्य संथाहरूभन्दा भिन्न किसिमको भूमिका प्रहरीको छ र हुनुपर्छ । सुशासनको परिप्रेक्ष्यबाट सबै राज्यले व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको सम्मान गर्दै जनतालाई सुरक्षा प्रदान गर्नुपर्छ । लोकतन्त्रमा नागरिकले प्रहरीबाट निष्पक्ष, पूर्वाग्रहरहित तथा अपेक्षित व्यवहारको आशा गर्ने अधिकार पाएको हुन्छ । जनताप्रति प्रहरी बलको व्यवहारलाई राष्ट्रको लोकतान्त्रिक गुणस्तरको प्रमुख सूचक मध्ये एक मान्न सकिन्छ ।

बक्स नं. २१

लोकतान्त्रिक प्रहरी कार्य (पोलिसिङ)का मुख्य विशेषताहरू :

- ➢ प्रहरी सेवाले विधिको शासनको सम्मान गर्नुपर्छ र पेशागत आचारसंहिता अनुरूप सञ्चालन हुनुपर्छ;
- ➢ लोकतान्त्रिक प्रहरीले मानव अधिकारको सम्मान गर्दै जनतालाई प्रभावकारी सुरक्षा प्रदान गर्न प्रयत्न गर्नुपर्छ;
- ➢ प्रहरी जवाफदेहीतामा पारदर्शिता आवश्यक छ र यसका लागि सुपरिवेक्षण संयन्त्रका साथै आन्तरिक तथा वाह्य नियन्त्रण हुनुपर्छ;
- ➢ लोकतान्त्रिक प्रहरी कार्य भनेको तलदेखि माथिको प्रक्रिया (बटमअप प्रोसेस) हो, प्रत्येक व्यक्ति तथा समुदायको आवश्यकता र सरोकारप्रति ध्यान दिंदै उनीहरूको विश्वास, समर्थन र सहयोगको अपेक्षा गर्नु हो । त्यसैले यो पारदर्शिता र सम्वादमा निर्भर रहन्छ । धेरै राष्ट्रमा स्थानीय आवश्यकता अनुरूप पर्याप्त र शीघ्र कार्यान्वयनका लागि प्रहरी सेवालाई विकेन्द्रित गरिएको हुन्छ ।

## विशेष सुरक्षाको आवश्यकता

प्रहरी संगठनहरू कार्यकारिणी अंगका उपकरण हुन् र तिनीहरूले समाजमा आफ्नो कार्य सम्पन्न गर्न कानुनीरूपमा बल प्रयोगको एकाधिकार उपभोग गरेका हुन्छन् । तथापि यही क्षमताले गर्दा तिनीहरूलाई राज्यले गर्ने दुर्व्यवहार, हिंसा, मानवअधिकारको दमन र भ्रष्टाचारको साधन बनाउनसक्ने सम्भावना उत्तिकै रहन्छ । लोकतन्त्रमा प्रहरी सेवाबाट प्रहरी, राजनीतिज्ञ, कर्मचारी वा स्वयं प्रहरी संस्थाको आफ्नै संरक्षण होइन यसबाट संरक्षित हुनुपर्ने समाजको स्वार्थ रक्षा सुनिश्चित गर्न विशेष सुरक्षाको आवश्यकता पर्छ । प्रहरी संरचनालाई स्वतन्त्ररूपमा कार्य सम्पादन गर्न स्वविवेकीय अधिकार दिनुपर्छ, तर कानुन र ऐनको मर्यादाका लागि निष्पक्षताको सम्मान गर्नैपर्छ । प्रहरी अधिकृतहरू व्यक्त र अव्यक्त पेशागत आचारसंहिताप्रति सजग र समर्पित हुनुपर्छ । व्यवसायिक प्रहरी कार्यको आचारसंहिता अन्तर्गत प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान गर्नु एक हुनुपर्छ, साथै वैधानिक उद्देश्य प्राप्तिका लागि आवश्यक परेमात्र बल प्रयोग गर्ने वचनवद्धता र कानुनले तोकेको तथा निर्धारित गरेको अत्यावश्यक प्रहरी संख्यामात्र परिचालन गर्नुपर्छ । प्रहरीले बल प्रयोग गर्दा सधैं समानुपातिक नियमको पालना गर्नुपर्छ । वाह्य-राजनीतिक र न्यायिक-जवाफदेहितासम्बन्धी संरचना (हेर्नुहोस् परिच्छेद ३) का अतिरिक्त आन्तरिक अथवा निजामती जवाफदेहितासम्बन्धी संरचनाहरू तयार गर्नुपर्छ । व्यवसायिक प्रहरी कार्य पद्दतिभित्र कथित प्रहरी दुर्व्यहारको आन्तरिक समीक्षा र जनताका उजुरीलाई सँधै स्थान दिनुपर्छ ।

कोठा नं. २२

खतरनाक विकृति र परिस्थितिहरू

"सुरक्षा बलको अलोकतान्त्रिक शासनले सुरक्षा प्राथमिकतामा विकृतिसमेत ल्याउन सक्छ । अधिकांश राष्ट्मा सैनिक सुरक्षाप्रति पक्षपात भएका सरकारले प्रहरी बलको सैनिकीकरण गर्छन् (यसले सेनासँगको भिन्नतालाई थप अस्पष्ट बनाउँछ) वा जनताको सुरक्षाको प्रत्याभूति गर्ने उनीहरूको क्षमताको अवमूल्यन गर्दै अत्यन्त न्यून बजेट प्रदान गर्छन् । विशेष गरी कम आय भएका राष्ट्का प्रहरी र अन्य सुरक्षा बलमा जीविकाका लागि मुस्किलले पुग्ने तलब, सीमित वा विना प्रक्षिण, भ्रष्ट व्यवस्थापन र उच्च दरको निरक्षरता पाइन्छ ।"..."प्रायः शिशु लोकतन्त्रमा निर्वाचित नेताहरू पदमा टिकिरहन सैन्य इकाई लगायतका सुरक्षामा निर्भर गर्छन्, किनभने ती निकायहरू समाजमा सबैभन्दा शक्तिशाली हुन्छन् । त्यही कारण, नेताहरूले सेनाको जवाफदेहीपन र खुलापनको प्रत्यक्ष विरोध गर्न सक्छन् किनभने उनीहरू आफ्नो स्वार्थपूतिका लागि यसको शक्तिमा निर्भर गर्छन् ।"

*(मानव विकास प्रतिवेदन, २००२)*





## स्थानीय पहल

प्रहरी सेवाको लोकतान्त्रिक सुपरिवेक्षणमा अनौपचारिक 'बटम-अप' (तलदेखि माथि) संयन्त्रद्वारा अभिवृद्धि गर्न सकिन्छ, जस्तो स्थानीय तहमा कार्यरत मानव अधिकार संगठन प्रहरी बलहरूलाई जनविश्वास प्राप्त गर्न सहयोग हुन सक्छन् । नागरिक सुपरिवेक्षण निकायहरूले, जस्तो प्रहरीविरूद्धका सार्वजनिक गुनासा सुन्न स्थापित अम्वुड्सम्यानले उनीहरूले सेवा गरिरहेको समुदायप्रतिका वाह्य जवाफदेही वोध गराउँछ । नागरिक समाज र स्थानीय नेताहरूलाई समावेश गरी गठन गरिएका प्रान्तीय सुरक्षा परिषदहरू स्थानीय प्रहरी सेवामा सुधार गर्न प्रभावकारी भएका उदाहरण छन् । प्रहरी, गुप्तचर निकाय र सेनाबाट सचेतक तथा नागरिक समाजका पहरेदार समूहलाई हैरानी हुनबाट जोगाउन कानुनी व्यवस्था हुनुपर्छ ।

कोठा नं. २३

इरिट्रियामा प्रहरी कार्य : एक सशक्त नमूना

प्रहरी संगठन र यसको वातावरणबीच सँधै केही हदसम्म वहुआयामिक सम्बन्ध हुन्छ । यो सम्बन्ध संगठनका दुई प्रमुख पक्षमा कसरी व्यवहार गरिन्छ भन्ने आधारमा व्याख्या गरिएको छ : ती कार्यहरू हुन् : कानुन पालनाका लागि प्रहरी बलको प्रयोग र सर्वसाधारणलाई प्रदान गर्ने सेवा । इरिट्रिया जस्ता कथित विकासोन्मुख राष्ट्रहरू यो सङ्कट अरू टड्कारो छ । इथोपियाविरूद्ध ३० वर्ष लामो मुक्ति संग्रामबाट गुज्रेको यो राष्ट्रमा पुनः सन् १९९८ र १९९९ मा पुनः सुरू संघर्ष अझै टुङ्गिएको छैन । ९० को प्रारम्भमा पूर्व मुक्ति सेनाहरू समावेश गरी करीब ५,००० संख्याको प्रहरी बलको पूर्ति गरियो । यसो गर्नुको सामान्य कारण थियो : सरकारले आफ्ना

पूर्व योद्धाको पालनपोषण गर्नु थियो । त्यसमध्ये, केही नेतृत्वकर्ताहरू प्रहरी पृष्ठभूमिका थिए, जसले पूर्व संयुक्त इरिट्रिया र इथोपियामा अधिकृतको रूपमा सेवा गरेका थिए ।

अपराध अनुसन्धान प्रक्रियामा विभिन्न किसिमका प्राविधिक सहयोग अतिरिक्त प्रहरी प्रतिष्ठान भवन निर्माण, शैक्षिक कार्यक्रमको थालनी सबैमा डच सरकारको सहयोग रहेको थियो, जसमा दाताहरू र देशभित्रका प्रमुख प्रभावशाली व्यक्तिहरूले कम्तिमा केही साँस्कृतिक परिवर्तनको आवश्यकता प्रष्ट महसूस गरे । सैन्य सेवामा रहिसकेका व्यक्तिहरूमा बल प्रयोगबारे भिन्न धारणा थियो, खास किसिमको मैत्रीपूर्ण प्रहरी (इङ्गिलिस बबी) भन्दा भिन्न । डच सरकारको सहयोगमा इरिट्रिया प्रहरी बलभित्र सुरू गरिएको साँस्कृतिक परिवर्तनसम्बन्धी परियोजनाको उद्देश्य न्यूनतम बल प्रयोगद्वारा लोकतान्त्रिक प्रहरीकार्यलाई महसूस गराउनु थियो ।

*स्रोत :* *Casper w. Vroom, University of Maastricht, The Netherlands, involved in the cultural change project of the Eritrea Police Force, 2002.*

## सांसदका रुपमा तपाईँले गर्न सक्नु हुनेछ

लोकतान्त्रिक संरचना

- विधिको शासन अन्तर्गत प्रहरी सञ्चालनलाई सुनिश्चित गर्नुहोस् ।
- प्रहरी आचारसंहिता अनुरूप सञ्चालन भएको सुनिश्चित गर्नुहोस्, जसबाट नागरिकले उनीहरूबाट निष्पक्ष, पूर्वाग्रहरहित र अपेक्षित व्यवहार प्राप्त गर्न सकून् । यस सन्दर्भमा तपाईले राज्यले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि संयुक्त राष्ट्रसंघीय आचारसंहिता (१९७९) को पालना गर्नेमा सुनिश्चित गर्नुहोस् : हेर्नुहोस् कोठा नं. ६५ ।

प्रशिक्षण

- प्रहरीको व्यवसायिक शिक्षा र प्रशिक्षणले न्यूनतम बल प्रयोगद्वारा सार्वजनिक शान्ति सुव्यवस्था कायम गर्न सकिने लक्ष्य लिएको बारे सुनिश्चित गर्नुहोस्, र त्यसका लागि विशेष गरी लोकतान्त्रिक र नैतिक मूल्य, मानव अधिकार तथा लैङ्गिक संवेदनशीलता र प्रशिक्षणलाई समावेश गर्नुहोस् ।

वित्तीय, मानवीय तथा भौतिक स्रोतसम्बन्धी खण्ड ६, ७, ८ मा गरिएका सिफारिसहरू समेत हेर्नुहोस् ।





अध्याय – ११

# गोप्य तथा गुप्तचर सेवाहरू

गुप्तचर सेवाहरू (कहिलेकहीँ “सुरक्षा सेवाहरू”समेत भनिन्छ) कुनै पनि राज्यका प्रमुख अङ्ग हुन्, जसले राज्य तथा समाजको सुरक्षा र यसका प्रमुख स्वार्थ रक्षासम्बन्धी सान्दर्भिक सूचनाको स्वतन्त्र विश्लेषण प्रदान गर्छ । तथापि, उनीहरू कार्यकारिणी अंगहरूमा निर्भर रहन्छन्, संसदले उनीहरूका गतिविधिको सुपरिवेक्षणमा महत्वपूर्ण भूमिका खेल्छ ।

अन्तर्राष्ट्रिय आतङ्कवाद, लागु औषध ओसारपसार, तस्करी, संगठित अपराध र गैर कानुनी बसाइँसराइबाट आन्तरिक सुरक्षामा उत्पन्न नयाँ चुनौती तथा खतराहरूले गर्दा गुप्तचरी कार्यलाई सुदृढ गर्नुपर्ने आवाज उठिरहेका छन् । विशेषगरी, सेप्टेम्बर ११ को घटनापछि सक्षम गुप्तचर सेवा अत्यावश्यक भएको छ । आक्रमण पछिका महिनाहरूमा धेरै राष्ट्रका सरकारहरूले गुप्तचर सेवालाई व्यापक अधिकार प्रदान गरेका छन्, जस्तै इन्टरनेट, टेलिफोन र फ्याक्स संचारको वायरट्यापिङ्ग (गोप्यरूपमा संवाद र गतिविधि थाहा पाउने विधि) (हेर्नुहोस् आतङ्कवादबारे परिच्छेद २०) ।

नयाँ प्रविधिहरूले निगरानी, सुराकी र सम्भावित शंकास्पद व्यक्तिको गिरफ्तारी क्षमता बढाएका छन् र आन्तरिक तथा वाह्य दुबै गुप्तचर सेवाहरू बीचको सहयोगमा व्यापक विस्तार भएको छ । गुप्तचर सेवाहरूको विस्तारित शक्तिले अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानुन र सिद्धान्तमा प्रतिकुलता सिर्जना नगरोस् भन्नेमा संसदले सुनिश्चित तुल्याउनु पर्छ ।

## गुप्तचर सेवाको प्रकृति

गुप्तचर सेवाको वास्तविक प्रकृति भनेको सूचना संकलन र विश्लेषण हो । यस्तो कार्यमा उच्च स्तरको गोपनीयता आवश्यकता हुन्छ । अर्कातिर आन्तरिक राजनीतिक सर्न्दभमा यी सूचना दुरुपयोग हुनसक्ने खतरा उत्तिकै हुन्छ । गुप्तचर सेवा यसले बचाउनु पर्ने समाज र राजनैतिक व्यवस्थाका लागि खतरनाक हुन सक्छ । त्यसकारण,

कार्यकारी नियन्त्रणका अतिरिक्त गुप्तचर सेवामा स्पष्ट लोकतान्त्रिक र संसदीय सुपरिवेक्षण अत्यन्त आवश्यक छ । सन्तुलन र नियन्त्रण व्यवस्थाले मात्र कार्यपालिका वा व्यवस्थापिकालाई आफ्नो राजनैतिक उद्देश्य पूर्तिका लागि गुप्तचर सेवा दुरूपयोग गर्नबाट रोक्न सक्छ ।

लोकतन्त्रमा गुप्तचर सेवा प्रभावकारी, राजनीतिक रूपमा तटस्थ (निष्पक्ष), पेशागत आचारमा दृढ, कानुनी भावनाबाट सञ्चालित हुनुपर्दछ र संवैधानिक-कानुनी मूल्यमान्यता तथा राज्यका लोकतान्त्रिक अभ्यास मुताविक हुने प्रयत्न गर्नुपर्छ ।

गुप्तचर संरचनाको लोकतान्त्रिक सुपरिवेक्षणको थालनी स्पष्ट तथा विस्तृत कानुनी संरचनाबाट हुनुपर्छ, संसदीय अनुमोदनबाट राजकीय मान्यता अनुरुप गुप्तचर संगठन स्थापित हुनुपर्छ । यसको मान्यतामा सेवाको अधिकारको सीमा, यसको संचालन विधि र यसलाई जवाफदेही बनाउने माध्यम थप उल्लेख हुनुपर्छ ।

बक्स नं. २४

## संसद र गुप्तचर सेवाका लागि विनियोजित विशेष रकम : अर्जेन्टिनाको उदाहरण

राष्ट्रिय गुप्तचर कानुन नं. २५.५२० (२७ नोभेम्बर, २००१) धारा ३७ : "राष्ट्रिय गुप्तचरका विभिन्न अङ्गहरूका लागि "विनियोजित बजेट"को सुपरिवेक्षण तथा नियन्त्रण गर्न राष्ट्रिय कँग्रेसको द्विसदनात्मक समिति समर्थ छ । यो उद्देश्यका निम्ति राष्ट्रिय कँग्रेसको द्विसदनात्मक समितिले आफ्नो क्षमता अभिवृद्धि गर्ने जुनसुकै ऐन कार्यान्वयन गर्न सक्छ, विशेषतः :

१. कार्यकारिणी शक्तिले कँग्रेसलाई पठाउने राष्ट्रिय बजेट कानुनको छलफलमा भाग लिनु र हस्तक्षेप गर्नु । यो उद्देश्यसहित, कार्यकारिणी शक्तिले सम्पूर्ण आवश्यक दस्तावेजहरू पठाउँछ, विशेष गरी, क) क्षेत्राधिकारद्वारा कार्यान्वयन गरिएको संरक्षित, गोप्य, विश्वसनीय र सीमित पहुँच भएका बजेटहरूको परिशिष्ट । (ख) खर्चको उद्देश्य, कार्यक्रम र प्रयोजन संलग्न गरिएको परिशिष्ट ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

२. यस कानुन अनुसारका सम्पूर्ण गुप्तचर निकायहरूलाई सहयोगका लागि आह्वान गर्नु, जो आफ्ना कामसम्बन्धी सम्पूर्ण तथ्याङ्क, पृष्ठभूमि र प्रतिवेदन उपलब्ध गराउन बाध्य हुन्छन् । आवश्यकताको त्यो स्थितिका धारा ३९ मा उल्लेखित तथ्याङ्क र दस्तावेजहरू समेतको आवश्यकता पर्न सक्छ ।

३. बजेट कानुनको उद्देश्यअनुसार बजेट विनियोजन भएकोबारे सुपरिवेक्षण गर्नु ।

४. यी पक्ष समावेश गरी राष्ट्रिय कँग्रेस र राष्ट्रपतिको लागि वार्षिक प्रतिवेदन तयार गर्नु, : क) गुप्तचर निकायहरूलाई प्रदान गरिएको बजेटको कार्यान्वयनको विश्लेषण र मूल्याङ्कन; (ख) द्विसदनात्मक समितिले जारी गरेको सुपरिवेक्षण तथा नियन्त्रण क्रियाकलापहरूको विवरणका साथमा अन्य केही सिफारिसहरू गर्न चाहेमा तिनीहरूलाई पनि राख्ने ।"

*स्रोत : Law No 25.520 on National Intelligence of Argentina, 27 November 2001.*

अधिकांश राष्ट्रले संसदीय सुपरिवेक्षण समितिका रूपमा केही हदसम्म विधिवत् सुपरिवेक्षण कार्यान्वयन गर्छन् । रक्षा तथा सशस्त्र बल समितिजस्ता पहिल्यै विद्यमान संसदीय समितिहरूको क्षेत्राधिकार विस्तार गर्न कहिलेकाहीं गुप्तचर मामिला समावेश गरिन्छ । अन्य राष्ट्रहरूमा, संसदले गुप्तचर तथा गोप्य सेवाको सुपरिवेक्षणमा विशेष केन्द्रित भई संसदीय समिति वा उप-समितिहरू स्थापना गरेको पाइन्छ ।

संसदीय सुपरिवेक्षण समितिलाई सूचनामा पहुँचको प्रत्याभूति हुनुपर्छ, गुप्तचर सेवा(हरू)का प्रमुखहरूको नियुक्ति र बजेट सुपरिवेक्षणको भूमिका हुनुपर्छ (हेर्नुहोस् बक्स नं. २४ मा विशेष कोष) ।

यस अतिरिक्त वा एक सक्षम संसदीय समितिको अभावमा केही मुलुकले कार्यकारिणी शाखा वा मन्त्रीपरिषदभन्दा बाहिर औपचारिकरुपमा गुप्तचर सुपरिवेक्षण समितिहरू स्थापना गरेका छन् । मन्त्रीपरिषद तथा कार्यकारिणी स्तरका सुपरिवेक्षण निकायहरू सामान्यतया व्यवस्थापन वा प्रशासनिक कार्यमा संलग्न हुन्छन् र यी निकायहरू आफूले सुपरिवेक्षण गर्ने निकायबाट विभिन्न राजनीतिक प्रतिनिधित्व हुने संसदीय समितिहरू भन्दा कम स्वतन्त्र हुन्छन् ।

बक्स नं. २५

गोप्य दस्तावेजसम्बन्धी संसदीय समितिका केही अभ्यासहरू

- यदि आवश्यक भएमा समितिले गोप्य बैठक गर्छ ।
- समितिले संसदको पूर्ण बैठक (प्लेनरी) प्रतिवेदन पेश गर्छ र त्यसपछि सार्वजनिक वहस हुन्छ (गोप्य नरहेका विषयहरूमा) ।
- समितिलाई जुनसुकै सूचना माग गर्ने अधिकार भए पनि वर्तमानमा सञ्चालन भइरहेको कुनै पनि कारवाही अथवा त्यसमा संलग्न कुनै पनि गुप्तचर सेवा र त्यस अन्तर्गतका कर्मचारीहरूको नाम सार्वजनिक गर्न नपाइने व्यवस्था छ ।
- यस्तो सूचनाले सार्वजनिक भलाइ हुन्छ भन्ने लागेमा समितिले (तोकिएको बहुमत अथवा सामान्य बहुमतद्वारा) निर्णय गरिसकेपछि प्रकाशन गर्छ ।
- समितिले आफूलाई माग गरिएको सूचनामा मात्रै सीमित गर्दैन । यसको आफ्नै पहलमा, गुप्तचर सेवासम्बन्धी जिम्मेवार मन्त्री(रू)ले समितिलाई सूचना उपलव्ध गराउनुपर्छ, जुन सूचनाले सम्पूर्ण वास्तविकता बुझ्न सजिलो हुन्छ ।

## लोकतन्त्रमा गुप्तचर सेवाका सीमाहरू

गुप्तचर वा गोप्य सेवाको सुपरिवेक्षणको स्वरुप निर्धारणमा राज्यको कानुनी परम्परा, राजनीतिक व्यवस्था र ऐतिहासिक तत्वहरूले प्रभाव पारेको हुन्छ । उदाहरणको लागि, बेलायती मुलुकी ऐन (British Common Law) परम्पराबाट प्रभावित केही राष्ट्रले सुपरिवेक्षणको न्यायिक पक्षलाई महत्व दिन लागेका छन् । यस विपरित, युरोपेली महादेश र ती राष्ट्रहरू जसले आधुनिक इतिहासको कुनै विन्दुमा दमनकारी प्रहरी शक्तिको अनुभव गरिसकेका छन्, उनीहरूले व्यवस्थापिकाको सुपरिवेक्षण रूचाउन थालेका छन् । संयुक्त राज्य अमेरिकाको कार्यपालिका, व्यवस्थापिका र संघीय न्यायिक शाखाहरूमा सुपरिवेक्षण नियन्त्रण संयन्त्र रहेको छ । केही लोकतान्त्रिक राष्ट्रहरूले अधिकार दुरुपयोग र सरकारी कामको गुनासोबारे सुन्ने तथा छानविन गर्ने सरकारी वा अर्ध सरकारी निकाय अम्बुड्सम्यान स्थापना गरेका छन् । यसलाई गुप्तचर सेवा विरुद्धका मानव अधिकार उल्लङ्घनसम्बन्धी अभियोगको अनुसन्धान गर्न र यसको परिणाम सार्वजनिक जानकारी गराउन अधिकारसम्पन्न बनाइएको हुन्छ । (हेर्नुहोस् परिच्छेद १६ मा अम्बुड्सम्यान) ।





### क्षेत्र

गुप्तचर सेवाको सुपरिवेक्षण क्षेत्र प्रायः सीमित हुन्छ । यो गतिविधिका प्रकार (आन्तरिक/प्रति गुप्तचर वा वैदेशिक गुप्तचर) वा विशिष्ट सरोकारका क्षेत्रहरू (संचालन प्रक्रियाहरू, गोप्य कार्य) मा सीमित हुन सक्छ ।

### संसदमा खुला वा गोप्य छलफल

सामान्यतः लोकतान्त्रिक समाजमा गुप्तचर सुपरिवेक्षण राज्यको अन्य क्षेत्रका गतिविधिभन्दा कम खुला र विकसित हुन्छन् । उदाहरणको लागि, संसदीय गुप्तचर सुपरिवेक्षण समितिका विषयमा हुने सार्वजनिक छलफलमा खुला विवेचना र विचारविमर्श कम हुन्छ र यसमा संलग्न संसद सदस्यहरूलाई उपलब्ध गराइने गोप्य प्रकृतिका सूचनाको रक्षाका निम्ति विशेष शपथ लिन लगाइन्छ । खास प्रकारको सुपरिवेक्षण स्वरूप अपनाए पनि लोकतान्त्रिक समाजले एकातिर नियमित सुपरिवेक्षण मार्फत् उचित कानुनी व्यवहार र संगठनको जवाफदेही सुनिश्चित र अर्कोतिर राष्ट्रिय सुरक्षा जोगाउन यिनीहरूको गोपनीयता र प्रभावकारिताको संरक्षण गरेर यिनीहरूबीच सन्तुलन कायम गर्न खोज्छन् ।

### कार्य विभाजन

गुप्तचर नियन्त्रणको संरचनात्मक माध्यम भनेको एउटै संगठन वा निकायको गुप्तचर कार्यमाथिको एकाधिकार हटाउनु हो । विभिन्न गुप्तचर संगठनहरू तथा तदनुरूपका छुट्टा-छुट्टै संरचनाहरू जस्तो सशस्त्र बल र प्रहरी, अथवा आन्तरिक वा विदेशी गुप्तचर सेवाहरू वृद्धि भइरहेका छन् । यस्तो वृद्धिले दक्षतामा कमी अनि कर्मचारीतन्त्रको प्रतिस्पर्धालाई बढवा दिने गर्छ, तैपनि सामान्यतया लोकतान्त्रिक नियन्त्रणको लागि बढी सहायक सिद्ध हुने ठानिन्छ । त्यसकारण, धेरै राष्ट्रमा आन्तरिक र सैनिक गुप्तचरीका लागि छुट्टाछुट्टै सेवा छन् । लोकतान्त्रिक सुपरिवेक्षणको दृष्टिकोणबाट यो भिन्नता उपयुक्त देखिन्छ, तर यसले गोप्य सूचना संकलन र विश्लेषण कार्यलाई खण्डीकरण गर्दछ, जुन अमेरिकामाथि आतङ्कवादी हमलापछि यो पक्ष विशेषरूपले समस्याग्रस्त बन्न पुग्यो ।

## गुप्तचर कर्मचारीको प्रशिक्षण

प्रशिक्षण र गुप्तचर विशेषज्ञहरूको व्यवसायिक संरचना सुपरिवेक्षणको प्रमुख पक्ष हो । विशेष गरी, यस्ता प्रशिक्षणका महत्वपूर्ण पक्षहरू पेशागत प्रतिबद्धता र लोकतान्त्रिक मूल्यमान्यता तथा मानवअधिकारप्रतिको प्रतिबद्धताका साथै नागरिक जिम्मेवारी बोध गराउनु हुन् । लोकतान्त्रिक समाजले गुप्तचर सेवामा सेनाको प्रभुत्व नरहोस् भनेर नागरिक/गैर सैनिकलाई प्रशिक्षण र रोजगारीको व्यवस्था गर्ने प्रयत्न गर्छ ।

## सामग्रीको गोपनीयता भङ्ग

अर्को संरचनात्मक तत्व त्यो हो जसले जवाफदेही र नियन्त्रणलाई सहज बनाउँछ ता कि निश्चित समयावधिपछि गुप्तचर गतिविधिसम्बन्धी सूचनामा जनताको पहुँचको सम्भावना रहन्छ । यसलाई विधायिकी सूचनाको स्वतन्त्रता र तोकिएको समयावधिमा गोप्य सामग्रीहरू सार्वजनिक गर्ने नियमद्वारा प्रवर्द्धन गर्न सकिन्छ । यो ढिलो गरी हुने पारदर्शिता र जनताको अन्तिम छानविनले लोकतान्त्रिक नियन्त्रणलाई सहज बनाउन सक्छ (हेर्नुहोस् परिच्छेद २१) ।





## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

संसदीय सुपरिवेक्षण संयन्त्रहरू

- तपाईको संसदमा सम्पूर्ण गुप्तचर सेवाहरूलाई सुपरिवेक्षण गर्ने विशेष आदेशसहितको एक समिति वा उप-समिति तोक्नुहोस् । (तुलनाका लागि संसदीय समिति सम्बन्धी परिच्छेद १५ हेर्नुहोस्) ।
- समितिको आदेशलाई स्पष्टरूपमा व्याख्या गरिएको र सम्भव भएसम्म कम प्रतिवन्ध लगाइएको हुनुपर्छ र सम्बन्धित सदस्यहरूको सम्पूर्ण आवश्यक सूचना तथा विशेषज्ञतामाथि पहुँच छ भन्ने सुनिश्चित गर्नुहोस् ।
- संसदीय समितिले कारवाही गर्ने र आफ्ना निर्णय, निष्कर्ष र सिफारिसहरूको आवधिक प्रतिवेदन तयार पार्न सक्नेसमेत बनाउनुहोस् ।

लोकतान्त्रिक तथा कानुनी संरचना

- गुप्तचर सेवासम्बन्धी कानुनले निम्न विषयलाई व्यवस्थित गरेको छ भन्ने निश्चित गर्नुहोस् : तिनीहरूको हैसियत, कार्यक्षेत्र, सञ्चालन, सहयोग, काम कारवाही, प्रतिवेदन तयार गर्ने कर्तव्य र गुप्तचर सेवाहरूको सुपरिवेक्षण विषयमा परिभाषित गर्नुपर्छ । यस अतिरिक्त, सूचना प्राप्त गर्न विशेष प्रक्रियाको प्रयोग गर्ने र व्यक्तिगत विवरणहरू समावेश गरिएका अभिलेखहरू राख्ने कार्य तथा गुप्तचर सेवाका कर्मचारीहरूको पदीय हैसियतलाई पनि कानुनले व्यवस्थित गरेको छ ।
- गुप्तचर सेवाहरू राजनीतिकरूपले तटस्थ छन्/छैनन् र पेशागत आचारसंहिता अनुरुप लोकतान्त्रिक मूल्यमान्यता प्रतिको प्रतिबद्धता र नागरिक जिम्मेवारी बोध सहित सञ्चालन भएका छन्/छैनन् भन्ने सुपरिवेक्षण गर्नुहोस् ।
- संसदीय गुप्तचर सुपरिवेक्षण समितिले गुप्तचर कर्मचारीहरूले लोकतान्त्रिक सिद्धान्त र मानव अधिकार कानुनी शिक्षा प्राप्तिलाई सुनिश्चित गर्न कारवाही गर्नुहोस् ।
- संसदले राज्यका तीन शाखाहरूलाई सहयोगी भूमिका प्रदान गर्ने कानुन निर्माण गर्नुपर्छ, जुन यसप्रकार छ :
  - गुप्तचर सेवाका कामकारवाही र प्राथमिकताबारे अन्तिम जिम्मेवारी कार्यपालिकाको हो;

- संसदले त्यससम्बन्धी कानुन निर्माण गर्छ, वजेट (आय व्यय), सरकारको भूमिका र गुप्तचर सेवाका गतिविधिहरूको सुपरिवेक्षण गर्छ; संसदले चालु गुप्तचरी कार्यमा कहिल्यै हस्तक्षेप गर्नु हुँदैन;
- गुप्तचर सेवाले निजी सम्पत्ति/वा सञ्चारमाथि हस्तक्षेप गर्न खोजेमा न्यायपालिकाले पक्राउ पूर्जी जारी गर्दछ र यी सेवाहरू कानुनसम्मत सञ्चालित भएका छन्/छैनन् भन्ने सुपरिवेक्षण गर्छ ।

पारदर्शिता र जिम्मेवारी

- ➢ कार्यपालिकाद्वारा तयार पारिएको सामान्य गुप्तचर नीतिबारे संसदीय सुपरिवेक्षण समितिसँग परामर्श लिइएको वा त्यसबारे जानकारी गराइएको छ भन्ने विषयमा सुनिश्चित गर्नुहोस् ।
- ➢ संसदीय गुप्तचर सुपरिवेक्षण समितिले आफ्नो गोपनीयता र प्रभावकारिता कायम राख्दै गुप्तचर सेवाहरू कानुनी, उचित र जिम्मेवारीपूर्ण तरीकाले संचालित हुन्छन् भन्ने सुनिश्चित गर्नुहोस्मू यसमा अन्य कुराका साथै वायर ट्यापिङ्गको कानुन व्यवस्था समावेश हुन्छ ।
- ➢ गुप्तचर निकायका गतिविधिबारे समितिलाई व्यापक सुचित गरिएको र गुप्तचर तथा गोप्य सेवाका प्रमुखहरूको नियुक्तिसम्बन्धी भूमिका सुनिश्चित गर्नुहोस् ।

गोपनीयता सम्बन्धी मुद्दाहरू

- ➢ प्रत्यक्ष र अप्रत्यक्षरूपमा गुप्तचर सेवाहरूको जवाफदेही तथा सुपरिवेक्षणको महत्वपूर्ण माध्यम भनेको सूचनाको स्वतन्त्रतासम्बन्धी कानुन हो भन्ने निश्चित गर्नुहोस् ।
- ➢ गोप्य रकमहरूको सम्बन्धमा गोपनीयता र जवाफदेहीबीच सन्तुलन कायम गर्न विशेष लेखा परीक्षणको व्यवस्था गर्नुहोस् ।
- ➢ एक पटक गोप्य भइसकेका सामग्री सार्वजनिक गर्न भएको ढिलाइ र त्यससम्बन्धी मापदण्डहरूको व्यवस्था कानुनमा व्यवस्था भए अनुसार निश्चित गर्नु, वा ढिलाइ भएको पारदर्शिता सम्भावना बढाउनुहोस् । ती प्रतिवेदनहरूको शीर्षकलाई आवधिकरूपमा सार्वजनिक गर्नुपर्छ जसमा सूचनाको स्वतन्त्रतासम्बन्धी कानुनी व्यवस्थामार्फत् पहुँच प्राप्त गर्न सकिन्छ ।

(हेर्नुहोस् परिच्छेद २० आतंकवाद र खण्ड ६ आर्थिक स्रोत)





अध्याय - १२

# निजी सुरक्षा र सैनिक कम्पनीहरू

राज्यलाई सेनाको वैध प्रयोगमा एकाधिकार हुन्छ र एकमात्र सुरक्षा प्रबन्धकको हैसियतले आन्तरिक सुरक्षा र वाह्य खतराहरूबाट रक्षा गर्ने उत्तरदायित्व उसलाई हुन्छ । यद्यपि, हालका वर्षहरूमा आन्तरिक द्वन्द्व वृद्धिले सुरक्षा कार्यहरूमा निजीकरणका नयाँ प्रवृत्ति देखिन थालेका छन् । केही गैर-राज्य सुरक्षाकर्मीहरू पुनः अस्तित्वमा आएका छन् र उनीहरूले सुरक्षा क्षेत्रलाई लोकतान्त्रिक रूपले नियन्त्रण गर्ने परम्परागत स्वरुपलाई चुनौती दिएका छन् ।

सन् १९९० देखि निजी सुरक्षा र सैनिक कम्पनीहरूको अत्यधिक वृद्धि हुँदै आएको छ । तीमध्ये वहुसंख्यकलाई तीन मुख्य समूहमा विभाजन गर्न सकिन्छ : भाडाका सेना, निजी सैनिक कम्पनी र निजी सुरक्षा कम्पनी । यी कर्ताहरूका गतिविधिमा राज्य संयन्त्रको नियन्त्रण महत्वपूर्ण हुन्छ ।

## निजी सुरक्षा र सैनिक कम्पनीका कार्य र खतराहरू

द्वन्द्वोत्तर वा कथित असफल राष्ट्रहरू निजी सुरक्षा र सैनिक कम्पनीहरूप्रति आकर्षित हुन्छन् । उनीहरूले पर्याप्त सैनिक प्रशिक्षण र शक्तिको अभावमा आफ्ना सबै नागरिक र/वा समूहलाई वा  सुरक्षा दिन नसकेका कारण वा आफ्नो सुरक्षा क्षेत्रमा यथार्थ लोकतान्त्रिक सुपरिवेक्षणको कार्यान्वयनका लागि हिंसामा राज्यको एकाधिकारलाई परिभाषित गर्न नसकेका कारण वा अन्तर देशीय द्वन्द्व सामना गरेका बेला उनीहरूले कार्य गर्छन् ।

त्यस्तो परिस्थितिमा, निजी सैनिक तथा सुरक्षा कम्पनीहरूको प्रयोगले अल्पकालका लागि सकारात्मक प्रभाव पार्न सक्छ, विशेषगरी राष्ट्रिय व्यवसायिक सीप र प्रशिक्षण क्षमताको सुधार र कहिलेकहीं आत्मविश्वास वृद्धिका लागि । यद्यपि, बक्स नं. २६ मा देखाए अनुसार लोकतान्त्रिक प्रक्रियामा यसको नकारात्मक असर उच्च र वहुआयामिक हुन्छ ।

सार्वजनिक तथा लोकतान्त्रिक विधिबाट निर्वाचित संस्थाहरू, सर्वप्रथम "प्रापक" राज्यका सम्पूर्ण संसदहरूलाई सुपरिवेक्षणको प्रयाप्त र सक्षम संयन्त्र आवश्यक हुन्छ र राज्य सुरक्षा संयन्त्रमा मात्र होइन भाडाका सेना/सुरक्षा विशेषज्ञमा समेत लोकतान्त्रिक नियन्त्रण हुनुपर्छ ।

बक्स नं. २६

निजी सुरक्षा तथा सैनिक कम्पनी र लोकतन्त्रका संभावित खतराहरू

- निजी सुरक्षाकर्मीहरूले केही हदसम्म सैनिक तथा सुरक्षा क्षेत्रमा स्थिरता ल्याउन सक्छन् तर अन्त्यमा केही सरकारहरूले आन्तरिक समस्या समाधानका लागि सैनिक शक्तिमाथिको निर्भरतालाई प्रमुख उपायका रूपमा लिन सक्छन् ।
- विदेशी विशेषज्ञहरू नियुक्त गर्दा अनेकन प्रश्नहरू उब्जन्छन्, जस्तो- उनीहरूको वास्तविक सैनिक/सुरक्षा मिसन र आय-व्ययका पक्षहरू (बजेट) : लोकतान्त्रिक तथा सुशासनको दृष्टिकोणबाट, त्यस्ता प्रश्नहरूलाई सार्वजनिक र संसदीय बहसमा सँधै सम्बोधन गर्नु पर्छ ।
- धेरै जसो स्थितिमा, यी निजी सुरक्षाकर्मीहरूले प्रत्यक्ष देखिने (र वैधानिकरूपमा) मिसन अन्तर्गत हतियार दलालको एजेन्टका रूपमा कार्य गर्छन् ।

## भाडाका सेनाहरू

भाडाका सेनाहरू सापेक्षितरुपमा पुराना घटनाका एक पक्ष हुन् । हालैका द्वन्द्वहरूले विश्वका धेरै भागमा भाडाका सेनाहरू अझै अस्तित्व रहेको प्रमाणित गरेका छन् ।

डिसेम्बर ४, १९८९ को साधारणसभाको प्रस्ताव ४४/३४ द्वारा लागु गरिएको भाडाका सेनाको भर्ती, प्रयोग, आर्थिक लगानी र तालिम विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा १ मा भाडाको सेनाबारे परिभाषा गरिएको छ । यो महासन्धि अक्टोबर २०, २००१ देखि लागू भए पनि हालसम्म धेरै कम राष्ट्रले मात्र अनुमोदन गरेका छन् । यस महासन्धिले जेनेभा महासन्धि १९४९ को अतिरिक्त सन्धिपत्र १ को धारा ४७ को परिभाषा (खास गरी ती व्यक्तिहरूका लागि जो विशेषतः हिंसाको योजनाबद्ध कार्यहरू, सरकार फ्याक्ने, अथवा जुनसुकै किसिमले राज्यको संवैधानिक व्यवस्था अथवा भौगोलिक





अखण्डतामा खलल पुऱ्याउने उद्देश्यले भर्ती गरिन्छन्) लाई विस्तारित गरेको छ :

"धारा १ - *हालको महासन्धिको प्रयोजनका लागि,*

१. *भाडाको सैनिक त्यो कुनै पनि व्यक्ति हो जो : (क) विशेष गरी, स्थानीय तहमा वा विदेशमा सशस्त्र द्वन्द्वमा लड्नका लागि भर्ना गरिन्छ; (ख) व्यक्तिगत लाभ प्राप्तिका लागि युद्धमा भाग लिन प्रेरित गरिन्छ; वास्तवमा ती कुराको युद्धरत पक्षले वा सो पक्षको प्रतिनिधित्व गरी, दस्तामा रहेका अन्य लडाकुको पद र काम सरह तलब र भौतिक क्षतिपूर्ति सम्मका लागि प्रतिज्ञा गरिएको हुन्छ; (ग) जो न त द्वन्द्व पक्षीय नागरिक हुन्छ न द्वन्द्वरत पक्षद्वारा नियन्त्रित क्षेत्रको बासिन्दा नै; (घ) जो द्वन्द्वपक्षीय सशस्त्र सेनाको सदस्य होइन; र (ङ) द्वन्द्वसँग सम्बन्धित नभएका राज्यले आफ्नै सशस्त्र सेनाका सदस्यको हैसियतले आधिकारिक काम गर्न पठाइएको होइन ।*

२. *भाडाका सैनिक त्यो कुनै पनि व्यक्ति हो जो, कुनै अन्य परिस्थितिमा : (क) जसलाई विशेष तवरमा स्थानीय वा विदेशमा योजनावद्ध हिंसामा भाग लिने उद्देश्यले भर्ना गरिन्छ जसको यी लक्ष्य हुन्छन्; (अ) सरकार फ्याक्ने अथवा राज्यका संवैधानिक व्यवस्थामा खलल पुऱ्याउने; अथवा (आ) राज्यको भौगोलिक अखण्डतामा खलल पुऱ्याउने; (ख) व्यक्तिगत लाभ प्राप्तिको इच्छा अनि प्रतिज्ञा गरिए अनुरूप भौतिक क्षतिपूर्तिको भुक्तानी दिइने भनिएकोले प्रेरित भएको; (ग) जसको विरूद्ध यस्तो कार्य निर्देशित हुन्छ त्यो न राज्यको नागरिक हुन्छ न त बासिन्दा नै; (घ) एउटा राज्यले आधिकारिक काममा नपठाएको व्यक्ति; (ङ) जुन राज्यमा त्यो कारवाही चलिरहेको छ त्यसको सशस्त्र सेनामा सदस्य नभएको ।*

अन्तर्राष्ट्रिय महासन्धिको उद्देश्य प्राप्तिका लागि त्यो जुनसुकै व्यक्ति जो अरूलाई भर्ती गर्छ, प्रयोग गर्छ, भाडाका सेनालाई प्रशिक्षण दिन्छ वा आर्थिक लगानी गर्छ अथवा यस्ता काम गर्न वचनबद्ध हुन्छ अथवा यस्ता कार्य सम्पन्न गर्न कोसिस गर्दछ भने त्यसले गम्भीर अपराध गरेको ठहरिन्छ । यद्यपि, केही मामिलामा सरकारले नै विदेशी सैनिक विशेषज्ञहरूलाई विशेष कार्यका लागि भाडामा लिन्छन् (जेट पाइलटहरू, प्रतिआतङ्कवादी कार्यहरू आदि) ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको भाडाका सेनासम्बन्धी विशेष प्रतिवेदकले आफ्नो प्रतिवेदनमा सिफारिश गरेका छन् "साधारणसभाले ती सम्पूर्ण राष्ट्रहरूलाई पुनः निमन्त्रणा गर्नुपर्दछ जसले अहिलेसम्म महासन्धिको अनुमोदन वा औपचारिक समर्थन गरेका छैनन् । साथै, यसैबेला सम्पूर्ण सदस्य राष्ट्रहरूलाई महासन्धिको सीमाभित्र ल्याउन तिनीहरूको राष्ट्रिय कानुनमा पुनरावलोकन गर्न आग्रह गर्नुपर्दछ ।" (भाग ७०)

## निजी सैनिक कम्पनीहरू

निजी सैनिक कम्पनीहरू एक प्रकारका आधुनिक र करपोरेट किसिमका "भाडाका सेनाहरू" हुन् । त्यसैले, तिनीहरू नाफाको लागि काम गर्छन्, उदाहरणको लागि सैनिक सेवा र प्रशिक्षण उपलब्ध गराउँछन् अर्थात् अझ यथार्थमा, लडाकु र गैर लडाकू भूमिकाहरू निर्वाह गर्दछन् । कानुनी दृष्टिकोणबाट हेर्दा भाडाका सेनाहरूको सीमित परिभाषामा तिनीहरू अटाउँदैनन् किनकि तिनमा सामान्यतया अवकास प्राप्त सैनिकहरू हुन्छन् जो हाल सुरक्षा सेवामा सक्रिय छैनन् । निजी सैनिक कम्पनीहरूले व्यापक क्षेत्रमा सेवाहरू प्रदान गर्दछन्, जस्तो- युद्ध र अपरेसन कार्यमा सहयोग अथवा परामर्श, प्रशिक्षणदेखि हतियार उपलब्ध गराउने, गोप्य सूचना संकलन गर्ने वा बन्धकहरूको उद्धार कार्य आदि । उनीहरूले जस्तो किसिमको सेवा उपलब्ध गराए पनि तिनीहरूको साझा विशेषता भनेको विशेष गरी द्वन्द्वको स्थिति वा द्वन्द्वोत्तर पुनःनिर्माण कार्यमा सरकारको अनुरोधमा मात्र परिचालन हुनु हो ।

यस प्रकारका निजी सैनिक कम्पनीको उदाहरणमा अमेरिकास्थित एमपीआरआइ एक हो । यो व्यवसायिक सेवाहरू उपलब्ध गराउने त्यो कम्पनी हो जसले रक्षासँग सम्बन्धी करार, रक्षा मामिलाहरूमा कानुन लागु गराउने विशेषज्ञता र नेतृत्व विकासजस्ता विषयमा केन्द्रित भई सहयोग र समर्थन गर्छ । यो कम्पनी सन् १९८८ मा भूतपूर्व वरिष्ठ सैनिक अधिकृतहरूद्वारा स्थापना गरिएको हो र हालसम्म मुख्य गरी भूतपूर्व सैनिक अधिकृतहरूद्वारा सञ्चालन गरिँदै आएको छ ।





## निजी सुरक्षा कम्पनीहरू

निजी सुरक्षा कम्पनीहरूले व्यवसाय र सम्पत्तिको सुरक्षालाई लक्षित गरेर सेवाहरू उपलब्ध गराउँछन् र यसबाट अपराध रोकथाममा योगदान पुग्छ । यसकारण पनि निजी सुरक्षा कम्पनीहरू जतातत्तै छन्, तर वर्तमान प्रवृत्तिले उनीहरूको प्रयोग विशेषगरी द्वन्द्वग्रस्त क्षेत्रमा बृद्धि भएको छ, जहाँ व्यवसायीहरू राज्यले उपलब्ध गराउन सक्ने भन्दा बढी नै सुरक्षाको आवश्यकता महसूस गर्छन् । तिनीहरू द्वन्द्वको सैनिक पक्षको भन्दा सम्पत्ति र कर्मचारीहरूको सुरक्षाप्रति धेरै संवेदनशील हुन्छन् भन्ने मानिन्छ । तर व्यवहारमा भने कम्पनीहरूले प्रायः सेना र सुरक्षाविद्हरूलाई मिसाउँछन् किनकि यी दुबै सम्बन्धित क्षेत्रहरूमा समानरूपले महत्वपूर्ण र आवश्यक ठानिन्छन् । यो प्रवृत्तिले निजी सैनिक र सुरक्षा कम्पनीहरू बीचको सीमारेखालाई मेटेको छ ।

निजी सुरक्षाकर्मीहरूको बढ्दो महत्व र विस्तारका कारण लोकतान्त्रिक संस्थानहरू, विशेष गरी संसदले सुरक्षा क्षेत्रका नयाँ कर्ताहरूमाथिको सुपरिवेक्षण र नियन्त्रणका लागि न्यूनतम मापदण्ड सुनिश्चित गर्छ, अन्यथा आधारभूत लोकतान्त्रिक सिद्धान्तहरू खतरामा पर्न सक्छन् ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

कानुन

- भाडाका सेनाको भर्ती, प्रयोग, आर्थिक लगानी र तालिम विरूद्धको सन् १९८९ को अन्तर्राष्ट्रिय महासन्धिको पक्षमा तपाइँको राष्ट्र भएको र मापदण्ड अनुरूप कानुन बनाएको सुनिश्चित गर्नुहोस् ।
- निजी सुरक्षा र सैनिक कम्पनीहरूको लागि कानुनी संरचना प्रभावकारी छ भनी पुष्टि गर्नुहोस् ।

मान्यता (नर्मस) तथा हतियार इम्बार्गोको सम्मान

- विदेशका द्वन्द्व क्षेत्रहरूमा निजी सुरक्षा र सैनिक कम्पनीहरूले संचालन गरेका गतिविधिहरू तपाइँको राष्ट्रको राष्ट्रिय सुरक्षा रणनीतिको सहमति अनुरूप भए वा नभएको साथै वैदेशिक नीति अर्न्तराष्ट्रिय कानुन, मान्यता र प्रस्तावनाअनुरूप भए/नभएको बारे तपाईको संसदलाई निरीक्षण गर्न प्रोत्साहित गर्नुहोस् ।
- कानुनले व्यवस्था गरे बमोजिम सुरक्षा र सैनिक कम्पनीहरूलाई युद्ध सामग्री प्रतिवन्धित क्षेत्रहरू तथा राष्ट्रहरूमा सञ्चालन गर्ने अनुमति नदिनुहोस् ।

पारदर्शिता

- वैदेशिक निजी सुरक्षा र सैनिक कम्पनीहरूलाई राष्ट्रिय भू-भागहरूमा सरकारको अनुरोध र सहमतिमा सञ्चालन गरेको भए पनि संसदको पूर्व जानकारी वा अनुमति बिना सञ्चालन गर्न बन्देज लगाएको निश्चित गर्नुहोस् ।
- निजी सुरक्षा र सैनिक कम्पनीहरूको लागि सरकारको बजेट र उनीहरूको क्रियाकलापहरूमा संसदीय सुपरिवेक्षणलाई सुनिश्चित गर्नुहोस् ।

जवाफदेही

- निजी सुरक्षा र सैनिक कम्पनीले गरेका सम्पूर्ण कार्यहरूको कानुन तथा व्यवहार स्वदेश तथा विदेश दुबैमा सरकारलाई संसदले जवाफदेही गराएको छ भनी विश्वस्त पार्नुहोस् ।



भाग ४

# संसदीय परीक्षण मातहत राष्ट्रिय सुरक्षाः

## सर्त र संयन्त्र

**अध्याय – १३**

# प्रभावकारी संसदीय सुपरिवेक्षणका सर्तहरू

सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण सरकार र सुरक्षा सेवाहरूमाथि संसद्‌को अधिकारमा निर्भर गर्दछ। यस सन्दर्भमा जनताका सामुहिक आकांक्षाहरू संसद्‌मा अभिव्यक्त भएका हुन्छन्। त्यसअनुरूप सरकारका विकल्प र व्यवहारउपर प्रभाव पार्न सक्ने संसदीय क्षमता भन्ने बुझ्नुपर्छ। यसअन्तर्गत संसद्‌बाट अनुमोदन भएको नीति, कानुन र बजेटको कार्यान्वयन भए-नभएको हेर्नसक्ने क्षमता पनि पर्दछ। यस्तो अधिकार केवल संविधान र कानुनद्वारा व्यवस्था भएबमोजिमको मात्र नभई संसदीय कार्यप्रक्रियासम्बन्धी नियमहरू तथा परम्परागत अभ्यासद्वारा सिर्जित पनि हुन सक्छन्।

सुरक्षा क्षेत्रको प्रभावकारी संसदीय सुपरिवेक्षणका सर्तहरूअन्तर्गत निम्न विषयहरूलाई लिन सकिन्छ :

- ✓ स्पष्ट रूपमा परिभाषित संवैधानिक र कानुनी अधिकारहरू
- ✓ परम्परागत अभ्यास
- ✓ स्रोत र विशेषज्ञता
- ✓ राजनीतिक इच्छाशक्ति

## संवैधानिक र कानुनी अधिकार

संविधान (वा अरू त्यस्तै)ले नै सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणका सम्बन्धमा सबैभन्दा महत्वपूर्ण कानुनी आधार प्रदान गर्छ। मुलुकको राजनीतिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक पृष्ठभूमिको आधारमा मुलुकपिच्छे नै संविधान फरक फरक हुने भए पनि प्रायजसो सबै संविधानमा निम्नलिखित कुरा उल्लेख भएकै हुन्छ :

- ✓ कार्यकारी (उदाहरणका लागि राष्ट्रपति, प्रधानमन्त्री वा रक्षामन्त्री) नै सुरक्षा सेवाहरूबारे जिम्मेवार अधिकारी हुन्छन्।
- ✓ त्यस्ता कार्यकारी अधिकारी संसद्‌प्रति उत्तरदायी हुन्छन्।

संवैधानिक प्रावधानहरूको न्यायिक हैसियत अत्यन्त उच्च हुने भएकाले सुरक्षा क्षेत्रतर्फको संसदीय अधिकारको विषय संविधानमा नै उल्लेख हुनु वाञ्छनीय ठहर्छ। संविधान त्यति सहज रूपबाट संशोधन गरिरहन मिल्दैन, त्यस प्रकारको कुनै संशोधन ल्याउनु पर्‍यो भने संसद्‌को अधिकतम बहुमतले मात्र गर्न सक्छ। तसर्थ यसप्रकारका संवेदनशील क्षेत्रसँग सम्बन्धित संसदीय अधिकारको रक्षा गर्ने एउटा प्रभावकारी उपाय संविधानले नै प्रदान गर्छ। यस्ता अधिकारहरूलाई विशेष कानुनहरू निर्माण गरेर वा संसदीय कार्यप्रक्रियासम्बन्धी नियमहरूका माध्यमले अझ सशक्त बनाउन सकिन्छ। साथै समयक्रममा सामाजिक मूल्य मान्यता र जवाफदेहिता वहनको परम्परा एवं संसदीय सुपरिवेक्षण आदिमा सामयिक सुधार र विकास गरिँदै लगिएको छ।

बक्स २७ मा संसद्‌ले सुरक्षा क्षेत्रको सुपरिवेक्षण जिम्मेवारी वहन गर्दा प्रयोग गर्न सक्ने व्यापक अधिकारहरूबारे केही आधार दिइएको छ। यस्ता अधिकांश अधिकारहरूबारे आगामी अध्यायहरूमा चर्चा हुनेछ।

बक्स नं. २७

### संसद्‌ले सुरक्षा क्षेत्रको प्रभावकारी जिम्मेवारी वहन गर्नका लागि प्रयोग गर्न सक्ने संयन्त्र वा उपायहरू

१. सामान्य अधिकारहरू
- क. कानुनको संशोधन वा पुनर्लेखन
- ख. कानुनको कार्यान्वयन
- ग. कार्यपालिकाका सदस्यहरूसँग सोधपुछ
- घ. कार्यपालिकाका सदस्यहरूलाई संसदीय बैठकहरूमा उपस्थित गराएर जिम्मेवारी वहन गराउने
- ङ. सैनिक एवं निजामती कर्मचारीहरूलाई संसदीय बैठकहरूमा उपस्थित गराई जिम्मेवारी बोध गराउने
- च. कार्यपालिकाबाट कागजातहरू प्राप्त गर्ने
- छ. संसदीय जाँचबुझको कार्य गर्ने
- ज. सुनुवाइ गर्ने

२ बजेट नियन्त्रण
- क. बजेटसँग सम्बन्धित सबै लिखित कागजातहरूमा पहुँच,





- ख. प्रतिरक्षा र सुरक्षासम्बन्धी खर्च कोषको समीक्षा गर्ने र संशोधन गर्न पाउने अधिकार,
- ग. कार्यक्रम, परियोजना र त्यससँग सम्बन्धित अन्य विषहरूयमा बजेट नियन्त्रण अधिकार,
- घ. कुनै प्रतिरक्षा तथा सुरक्षा बजेट प्रस्तावहरू स्वीकृत वा अस्वीकृत गर्ने अधिकार

३. देशबाहिर शान्ति सेना/फौज पठाउने–नपठाउने सम्बन्धमा स्वीकृत वा अस्वीकृत गर्न सक्ने संसदीय अधिकारः
- क. फौज बाहिर खटाउनुअघि निर्णय प्रक्रियामा सहभागिता
- ख. संयुक्त राष्ट्रसंघीय म्यान्डेटको सम्मान गर्नु मिसनको पनि म्यान्डेट
- ग. मिसनको म्यान्डेट
- घ. संलग्न सैनिक कर्मचारीको जोखिम
- ङ कामको तरिका
- च. चेन अफ कमान्ड
- छ. मिसनको समयावधि
- ज. मिसनमा खटिएका सैनिकसँग भेट्न पाउने अधिकार

४. खरिद प्रक्रिया
- क. खरिद प्रक्रियामा संसद्‌लाई पूर्ण सुसूचित गर्नु कार्यपालिकाको कर्तव्य
- ख. ठेक्का अनुमोदन र अस्वीकृत गर्ने अधिकार
- ग. खरिद प्रक्रियाका निम्न चरणहरूको पुनरावलोकन
  - १) नयाँ औजारको आवश्यकताको औचित्य खुलाउने,
  - २) निर्माणकर्ताको तुलना र छनोट
  - ३) क्षतिपूर्तिका लागि प्राप्त प्रस्तावहरूको मूल्यांकन तथा मूल्यमा हेरफेर वा कटौती

केन्द्रीय प्रतिरक्षा तथा सुरक्षा नीतिः स्वीकृत वा अस्वीकृत गर्ने अधिकार
- क. सुरक्षा नीतिको अवधारणा
- ख. संकट व्यवस्थापन अवाधारणा
- ग. सुरक्षाबलको स्वरूप
- घ. सैनिक रणनीति/सिद्धान्त

प्रतिरक्षा/सुरक्षा कर्मचारी
क. कर्मचारी योजना स्वीकृत वा अस्वीकृत गर्ने अधिकार
ख. जनशक्तिको हद तोक्ने अधिकार
ग. उच्चपदस्थ सैनिक अधिकार (जस्तै प्रधानसेनापति)को नियुक्तिमा स्वीकृति/अस्वीकृति वा छलफल र सरसल्लाहको अधिकार

## प्रचलित अभ्यास

सबै किसिमका व्यवहार तथा अन्तरक्रियाहरू कानुनद्वारा नियमित गर्न सकिँदैन। तसर्थ संसदीय सुपरिवेक्षणलाई पनि पारस्परिक सम्मान र विश्वास जस्ता सामाजिक मर्यादाले पुष्टि गर्दै बानी र चालचलनको विकास गरिनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। उदाहरणका लागि संसद् सदस्यहरू सुरक्षाका विषयमा भएका नयाँ प्रगति र विकासबारे पूर्ण सुसूचित रहनु र स्व-अनुकूल समयमा जनसम्पर्कमा रहनुले उनीहरूको कामको पारदर्शिता र कानुनी जवाफदेहिता मात्र पुष्टि गर्दैन, जनतासँग सम्पर्क र वार्ताका लागि पनि वातावरण बन्छ।

## स्रोत र विशेषज्ञता

सुरक्षा क्षेत्रको सुपरिवेक्षणमा संसद्को क्षमता सामान्य तथा समय, परिस्थिति, विशेषज्ञताको स्तर तथा यसलाई प्राप्त सूचना जस्ता कारक तत्वहरूद्वारा प्रभावित हुन्छ।

### समय तत्व

सुरक्षासँग सम्बन्धित विषयवस्तुहरू एवं सुरक्षा क्षेत्रमा सरकारको दृष्टिकोण तथा उसले लिएका निर्णयहरूका सम्बन्धलाई समयमै जानकारी प्राप्त गर्ने काम संसद्को लागि अति नै निर्णायक तत्व बन्ने गर्दछ। यदि सरकारले आफ्नो अन्तिम निर्णय गरिसकेपछि मात्र त्यसबारे जानकारी दिने गऱ्यो भने त्यसमा संसद्को आफ्नो दह्रो अडान रहन सक्दैन। यस्तो अवस्थामा संसद्ले जे भयो भयो, त्यसको नै सामना गर्नुपर्ने हुन्छ र सरकारको निर्णयलाई स्वीकृत वा अस्वीकृत गर्नुबाहेक अरू विकल्प ऊसँग रहँदैन। राष्ट्रिय संकट वा संकटकालको अवस्थामा सरकार अत्यन्त सीमित





समयमा छिटो छरितो निर्णय गर्न बाध्य हुन्छ। यस्तो अवस्थामा निर्णय भइसकेपछि मात्र संसद्लाई सूचना गर्ने अवसर प्राप्त हुन्छ। तथापि सरकारलाई संसद्ले निर्धारण गरेको प्रक्रियाभन्दा बाहिर गएर निर्णय गर्ने अधिकार रहन्छ भन्ने मानिँदैन। जहाँसम्म नियमित भइरहने कार्य र दीर्घकालीन नीतिगत विषय छन्, तिनमा प्रतिरक्षा खर्च, हतियार खरिदको निर्णय वा प्रतिरक्षा पुनरावलोकन जस्ता अत्यावश्यक विषयहरूमा विश्लेषण र छलफल चलाउन संसद्लाई प्रशस्त समय दिइनुपर्छ।

समयतालिकानुसार आ-आफ्नो काममा जुधिरहेका सांसदहरूले समयको चापलाई सदुपयोग गर्न 'कुराभन्दा काम बढी' गरी देखाउने रणनीतिको विकास गर्नुपर्ने हुन्छ। सुरक्षा क्षेत्रको सुपरिवेक्षणको लागि क्रियाशील रहिरहने यस प्रकारको रणनीतिबारे बक्स २८ मा केही तत्वहरूको उल्लेख गरिएको छ।

बक्स नं. २८

**सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणको सदैव सक्रिय रहने रणनीतिः**

सांसदहरूको क्रियाकलाप प्रायजसो दैनिक घटनाहरूद्वारा प्रभावित रहन्छ। साथै उनीहरूको राजनीतिक कार्यक्रम अत्यधिक मात्रामा सरकारद्वारा लादिएका हुन्छन्। समयको गतिरोध हटाउने एउटा प्रभावकारी उपाय संसदीय सुपरिवेक्षणका विषयमा एउटा क्रियाशील रणनीति विकसित गर्नु हुनेछ। सुरक्षा क्षेत्रको सम्बन्धलाई लिएर बन्ने यस्तो रणनीतिमा तपसिलका विषयहरू समावेश हुन सक्छन् _

विषयवस्तु निर्धारण : संसद्का सदस्यहरूले हरहमेसा जनताका मनोभावना र आवश्यकतालाई आफ्नो राजनीतिको मूल विषयवस्तु बनाउनुपर्छ।

पछिल्लो घटनाको ताजा विकास : संसद्का सदस्यहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय सुरक्षा र सामरिक विषयमा भइरहेका पछिल्ला घटनाक्रमहरूका बारेमा जानकारी राख्नु आवश्यक हुनेछ। यस्ता घटनाक्रमहरूको जानकारी सरकारी सम्पर्क माध्यमहरूमार्फत मात्र उपलब्ध हुने नयाँ विश्वविद्यालय, बौद्धिक जनसमूह जस्ता गैरसरकारी माध्यमहरूद्वारा पनि प्राप्त गर्न सकिने हुन्छ।

विगतका अनुभवबाट सिकाइ : सुरक्षा क्षेत्रसँग आबद्ध सहभागीहरूले विगतमा संचालन गरिसकेको कामका अनुभवहरूलाई संसद्ले स्वतन्त्र एवं रचनात्मक समीक्षा वा उपायहरूद्वारा प्राप्त गरी सिक्ने कोसिस गर्नुपर्छ।

नियमित पुनरावलोकन : आफ्नो सुरक्षा नीतिलाई अद्यावधिक गर्दाका बखत सरकारले आफ्ना उद्देश्य, उपलब्धि एवं सिकेका पाठहरूलाई महत्व दिन्छ भन्ने कुराको जानकारी पनि संसद्ले राखेको हुनुपर्छ ।

## सूचना, विशेषज्ञता र संसदीय कर्मचारी :

सुरक्षा क्षेत्रको प्रभावकारी संसदीय सुपरिवेक्षणका लागि संसद्भित्रै वा यसले देख्न सक्ने ठाउँमा निश्चित विशेषज्ञता एवं स्रोतहरू उपलब्ध भइरहेको हुनुपर्छ । यसो भए पनि संसद्भित्रै उपलब्ध हुने विशेषज्ञता सरकार वा सुरक्षानिकायसँग भएका जस्ता विशेषज्ञता हुँदैनन् । कतिपय अवस्थामा संसद्सँग सीमित कर्मचारी हुन्छन्, जब कि सरकारले रक्षा मन्त्रालय वा सुरक्षा मामिला हेर्ने अन्य मन्त्रालयका कर्मचारीहरूको विश्वास पाएको हुन्छ । केही संसद्हरू जस्तो कि अर्जेन्टिनी संसद्ले आफ्नो स्थायी संयन्त्रको रूपमा सांसद तथा संसद्का कर्मचारीले सम्पर्क गरिरहन सम्भव हुने किसिमले सैनिक सम्पर्क कार्यालयको व्यवस्था गरेको छ । यस्तो सम्पर्क कार्यालयले अक्सर विषयगत समितिलाई सुरक्षाको विषयमा सरसल्लाह प्रदान गरिरहन्छ ।

अर्को कुरा सांसदहरू सीमित अवधिका लागि निर्वाचित भएर आएका हुन्छन् जब कि निजामती र जंगीतर्फका कर्मचारीहरूले प्रतिरक्षाको विषयमा लामो समयसम्म काम गरिरहेका हुन्छन् । यसमा मूलभूत समस्या के हो भने संसद् सरकार र सेनाबाट प्राप्त सूचनामा पूर्ण रूपमा निर्भर हुनुपर्छ जब कि ती अंगहरूमा निगरानी राख्ने र निरीक्षण गर्ने अभिभारा पनि संसद्कै हो । यसले गर्दा सांसदहरूका निम्ति असहज परिस्थिति सृजना हुने मात्र हैन, सरकार र सेनालाई पनि त्यस्तो अवस्था उत्तिकै असहज बन्न जान्छ । यस्ता परिस्थितिलाई सुरक्षा क्षेत्रको संकीर्ण प्रवृत्तिले अझै बढी प्रभावित गरेको हुन्छ किनकि यिनीहरूको विशुद्ध फौजी कार्य, संस्कृति, शिक्षा एवं गोप्य विधि विधान नै यसो हुनुमा कारक तत्व बनेका हुन्छन् ।

बक्स २९ ले सुरक्षा क्षेत्रका सम्बन्धमा कसरी संसद् सदस्यहरूमा विशेषज्ञता अभिवृद्धि गर्ने विषयमा केही सुझावहरू पेस गरेको छ ।





बक्स नं. २९

### सुरक्षाका मामिलामा संसदीय विशेषज्ञता अभिवृद्धिको लागि आवश्यक संयन्त्र र अभ्यासहरू : केही सुझाव

- ▷ जुन मुलुकमा अझै एउटा छुट्टै एकाइको रूपमा छैन । त्यस्ता ठाउँमा सुरक्षा मामिलामा संसद् सदस्यहरूको विशेषज्ञता र ज्ञानलाई ध्यानमा राखेर संसदीय सुरक्षा/प्रतिरक्षा एकाइको स्थापना गर्ने : संसद्को यस्तो समितिलाई खरिद, कर्मचारी, खर्च र शान्ति आयोग नामका उपसमितिहरूमा विभाजन गर्नेतर्फ पनि विचार गर्न सकिनेछ ।
- ▷ राष्ट्रिय र अन्तर्राष्ट्रिय सेमिनारमा भाग लिने, अध्ययन भ्रमणमा जाने, सुरक्षानिकायका भवनहरूको भ्रमण (गोप्य एवं जासुसी सेवा विषय अध्याय ११ हेर्नुहोस्) गर्ने र संसद् सदस्यहरूलाई तालिम संचालन गर्ने । यसअन्तर्गत जुन मुलुकमा राष्ट्रिय फौजहरू शान्ति सेनामा संलग्न भएका छन्, त्यस्ता देशहरूमा हुने सांसदहरूको भ्रमणबाट प्राप्त हुने सार सुझाव पनि पर्छन् ।
- ▷ विभिन्न मुलुकका संसद्का सदस्यहरूबीच आ–आफ्नो अभ्यास र अनुभवहरू आदान–प्रदान गर्ने । जस्तै : अन्तर्राष्ट्रिय संसदीय सम्मेलनहरूमा भाग लिने ।
- ▷ उपयुक्त तालिम प्राप्त तथा विविध क्षेत्रमा पर्याप्त मात्रामा व्यवसायिक ज्ञान हासिल गरेका संसदीय कर्मचारीहरूको व्यवस्था गर्नु ।
- ▷ सम्बन्धित विषयमा विशेष ज्ञान हासिल हुन सक्ने तथा ताजा जानकारी प्राप्त हुने पुस्तकालय एवं दस्तावेजीकरण/अनुसन्धान केन्द्रहरू लगायत विद्युत्जडित तथ्यांक भण्डारको सहज पहुँचको सुविधा प्राप्त हुनु ।
- ▷ गैरसरकारी संगठन (उदाहरणको लागि विश्वविद्यालय, विशेषज्ञ बुद्धिजीवी) हरूका बाह्य विज्ञहरू वा अवकाशप्राप्त सैनिक अधिकारी (नागरिक समाज पाठ ६ हेर्नुहोस्) बाट परामर्श लिने ।
- ▷ सुरक्षा क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौताको दस्तावेज सांसदहरूलाई राष्ट्रभाषामा उपलब्ध गराउने । सन्धि/सम्झौताको दस्तावेजसँगै तिनीहरूको अनुमोदनको अवस्था र सुपरिवेक्षण समितिको प्रतिवेदन पनि सांसदहरूलाई उपलब्ध गराउने ।
- ▷ सुरक्षा क्षेत्रसँग सम्बन्धित २ वा ३ वटा विषय वार्षिक रूपमा छनोट गरी त्यसमा विस्तृत अनुसन्धान गर्ने (उदाहरणको लागि उपसमितिहरूले यो काम सम्पादन गर्ने)
- ▷ सुरक्षा/प्रतिरक्षा मामिलामा सरोकार राख्ने सांसद्हरूको सर्वदलीय समूहको स्थापना गर्ने (उदाहरणको लागि : जहाँ उपयुक्त हुन्छ त्यहाँ दुवैवटा सदन) यस्तो समूहले सुरक्षाको मामिलामा अनौपचारिक थिंक ट्यांकको काम गर्छ ।

## राजनीतिक इच्छाशक्ति

संसदीय सुपरिवेक्षणको कानुनी आधार प्रस्ट र प्रशस्त स्रोत तथा विशेषज्ञता भए पनि सुरक्षा क्षेत्रको प्रभावकारी सुपरिवेक्षणको लागि सर्वत्र छुट दिइएको छैन ।

प्रभावशाली संरक्षण सुरक्षा क्षेत्रबाट संसद् सदस्यहरूको राजनीतिक चाहना, विभिन्न स्रोत र संयन्त्र नष्ट गर्ने हुन सक्छ । राजनीतिक इच्छाशक्तिको अभावले त्यसलाई सुरक्षा प्रदान गर्न समस्याका कारक यी हुन सक्छन् -

**दलीय अनुशासन** : संसद् सदस्य शक्तिहरूको चासो स्रोत र साधन तिनीहरूलाई नष्ट गर्न सत्तारुढ दलले कार्यकारी अधिकार राख्दछ । तिनीहरूले जनतालाई आफ्नो पक्षमा ल्याउन त्यसो गर्न सक्छन् ।

**क्षेत्रीय चासो/बेवास्ता** : अधिकांश देशहरूमा सर्वसाधारण जनता सुरक्षाका कुरामा वास्ता गर्दैनन् । अतः अधिकतम संसद् सदस्यहरू पुनर्निर्वाचित भएको अवस्थामा आफ्नो समय सुरक्षासम्बन्धी मामिलामा खासै भूमिका खेल्दैन भन्ने सोच्छन् ।

सुरक्षा अवधारणाले बौद्धिक क्षेत्रसँग संलग्न संसद् सदस्यहरूलाई दबाबमा राख्छ र त्यसको उत्तर खुल्दैन ।

यस प्रकारको स्थितिमा आएको परिणामले संसदीय संयन्त्रहरूमा निष्क्रियता ल्याउन सक्छ, जब यो राजनीतिक नियन्त्रण र कार्यकारी अधिकारमा आइपुग्छ र वास्तवमा स्क्यान्डल र आकस्मिक स्थिति शक्तिशाली हुन पुग्छ ।

तैपनि, यो कानुनी कर्तव्य र महत्वपूर्ण कार्य हो, यसको उद्देश्य र लक्ष्यको विश्लेषण गर्नु कुनै पनि संसद् सदस्यको कर्तव्य हो ।





अध्याय - १४

# सुरक्षा क्षेत्रतर्फ उपयोगमा ल्याइएका संसदीय संयन्त्रहरु

कुनै पनि प्रणालीमा संसद्लाई सूचनाका विविध माध्यमहरूद्वारा नियन्त्रणसम्बन्धी नीति, प्रशासनिक निरीक्षण, व्यक्तिको संरक्षण वा उसको उन्मुक्ति तथा व्यभिचार र अन्याय निर्मूल पार्ने आदि विषयमा सूचनाहरू प्राप्त हुने गर्छन् । यसअतिरिक्त संसद्का सदस्यहरूले आफ्नै किसिमका अनौपचारिक संयन्त्रहरू विकसित गरी वा अभ्यासमा ल्याई यस्ता कानुनी एवं वैधानिक संयन्त्रहरूको उद्देश्यमा टेवा पुऱ्याउने उपाय र संरचनाहरू पनि बनाएका हुन्छन् ।

सरकारबाट संसद्लाई प्राप्त हुन सक्ने विधिसम्मत तीनवटा सरल सम्भाव्यताहरू हुन्छन् :

- ✓ संसदीय बहस
- ✓ संसदीय सोधपुछ र प्रश्नोत्तर
- ✓ संसदीय जाँचबुझ

## सुरक्षाका सवालमा संसदीय बहस

सुरक्षाका विषयमा हुने छलफलले विचारहरूको आदान-प्रदान एवं अत्यावश्यक सूचनाहरूको संकलनका माध्यमद्वारा तथ्यहरूको उजागर गर्न र सरकारको मनोभावना बुझ्नका लागि महत्वपूर्ण अवसर प्रदान गर्छ । सामान्य रूपमा भन्नुपर्दा सुरक्षा नीति र विषयहरूबारे निम्न ५ अवस्थाहरूमा संसद्मा छलफल हुन सक्छ :

- ✓ कार्यकारीले वार्षिक रक्षा बजेट प्रस्तुत गर्दाको क्रममा
- ✓ सम्बन्धित मन्त्रीहरूले जस्तो कि प्रतिरक्षा र परराष्ट्र विषयमा औपचारिक वा अनौपचारिक वक्तव्य अघि बढाउँदा

- ✓ राष्ट्रिय प्रतिरक्षा पुनरावलोकन (समीक्षा) गर्दा प्रतिरक्षासम्बन्धी श्वेतपत्र वा प्रतिरक्षासम्बन्धी अन्य राष्ट्रिय दस्तावेज प्रस्तुत गर्दा
- ✓ कुनै निर्वाचन सम्पन्न भएपछिका सरकारले आफ्नो कार्यक्रम ल्याउँदाको बखत
- ✓ संसदीय छलफल आवश्यक पर्ने अन्य महत्वपूर्ण मुद्दाहरू जस्तो कि सार्वजनिक महत्वको कुनै चर्चित घटना, प्रमुख सुरक्षा सरोकार वा प्रकोपसँग सम्बन्धित विषय आदि

बक्स नं. ३०

### संसदीय संयन्त्रको सामान्य झलकहरू र कार्यकारीउपर निरीक्षणको प्रक्रिया सामान्य बहस

'केही मुलुकहरूमा त्यहाँको संविधानले कार्यकारीलाई आफ्नो संरक्षकत्व आवधिक विवरण प्रस्तुत गर्नुपर्ने अवस्था पनि तोकेको हुन्छ । धेरैजसो मुलुकहरूमा सामान्य नीतिगत विषयहरू स्वतः आवश्यक परीक्षणका विषय हुँदैनन् । कुनै सदस्यले विशेष रूपमा प्रश्न उठाएका अवस्थामा मात्र तिनीहरू छलफलमा आउन सक्छन् ।'

▷ प्रश्नोत्तर

'प्रश्नोत्तर भनेको पुरानो संसदीय प्रणालीमा सूचनाको प्राप्ति र नियन्त्रणको प्रयोग गर्ने एउटा जगेडा कार्यप्रक्रिया हो । यसअन्तर्गत संसद्को कुनै एउटा सदस्यले कुनै मन्त्री वा सरकारको प्रमुखलाई सामान्य नीतिगत कुराको सम्बन्धमा उसको विभागले के गरिरहेको छ भन्नेबारेमा सोधपुछ गर्ने काम हुन्छ । प्रश्नोत्तर प्रक्रियाका दुईवटा महत्वपूर्ण विशेषताहरू छन्ः पहिलोले विषयवस्तुलाई सामान्य छलफलमा ल्याउने काम गर्छ र दोस्रोले राजनीतिक अख्तियारी प्राप्त गरेको हुन्छ किनकि यस्तो प्रस्तावमा सरकारले दिएको जवाफ सदनको स्वीकृति–अस्वीकृतिमा टुंगो लाग्ने गर्दछ । यो एउटा अति प्रभावकारी कार्यप्रक्रिया पनि हो, किनकि यो मन्त्रीको प्रत्यक्ष जवाफदेहितासँग सम्बन्ध राख्दछ । त्यसैले यो एउटा सूचना प्राप्त गर्ने उपाय मात्र नभई नियन्त्रणको प्रत्यक्ष स्वरूप पनि हो ।'

▷ स्थगन प्रस्ताव

'बेलायती पद्धति प्रश्नोत्तरको प्रक्रियाबारे अनभिज्ञझैं लाग्छ । तथापि 'स्थगन प्रस्ताव' प्रश्नोत्तरभन्दा भिन्न रूपको देखिँदैन । सदनको बैठक सुरू भएलगत्तै





ल्याइएको स्थगन प्रस्तावले सरकारमाथि कतिपय गम्भीर प्रश्नहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्छ, तर स्थगन प्रस्तावमा मतदान भने हुँदैन ।'

▷ सोधपुछ

'सोधपुछको प्रक्रिया' को उद्देश्य प्रशासनबाट सटीक सूचनाहरू प्राप्त गर्नु, हस्तक्षेपको लागि अनुरोध गर्नु र आवश्यक परेको खण्डमा दुरूपयोगहरूको खोजी र समाधान गराउनु हो । संसद्समक्ष प्रस्तुत विधेयक र कानुनी प्रस्तावहरूको जटिल विषयवस्तुको समग्र जानकारी लिन सदस्यहरूलाई सहयोग पुर्‍याउनु यसको अर्को उद्देश्य हो । यस प्रक्रियाले प्रतिपक्षीहरूलाई सरकारको कमजोरीका बुँदा पहिल्याउन मसला उपलब्ध गराउँछ । साथै यस्तो प्रक्रियाको पारदर्शिताले प्रतिपक्षीहरूलाई पनि प्रशासनमा आफ्नो प्रभाव बढाउने अवसर दिन्छ । यस प्रक्रियाले प्रसिद्धि पाउनु पछाडिको तथ्य के हो भने सदस्यहरू प्रश्न सोध्न पाउने आफ्नो अधिकारको प्रयोग गर्न सक्षम रहेको र ऊ संसद्को एउटा स्वतन्त्र सदस्य रहेको भन्ने कुराको पनि पुष्टि गर्छ ।'

▷ जाँचबुझ समितिहरूः (बक्स ३२ हेर्नुहोस्)

*(स्रोतः माइकेल आमलेर इन्टरपार्लियामेन्ट युनियन, १९६६ द्वारा लिखित 'संसद' नामक पुस्तक)*

## संसदीय प्रश्नहरू तथा सुरक्षासँग सम्बन्धित प्रश्नोत्तरहरू

प्रश्नहरू लिखित वा मौखिक दुवै हुन सक्छन् र यिनीहरूलाई संसद्को बौद्धिक क्रियाकलापको एउटा अंगको रूपमा लिइन्छ। साथै सरकारको काम कारबाहीको पुनरावलोकन गर्न पाइने र व्यवहारिक अभ्यासको एउटा कार्यप्रक्रियाका रूपमा पनि यसलाई लिइन्छ।

प्रश्नहरूले सुरक्षा क्षेत्रको एउटा प्रभावकारी जिम्मेवारीतर्फ नाटकीय रूपमा योगदान पुर्‍याउन सक्छ मानौं कि यो उनीहरूले सम्पादन गर्नुपर्ने एउटा महत्वपूर्ण कार्य हो। सुरक्षाका सम्बन्धमा संसदीय प्रश्नहरू भनेको सामान्यतया :

- ✓ संसद्का सदस्यहरूलाई सरकारको प्रतिरक्षा एवं सुरक्षा नीति तथा समग्र सुरक्षा मुद्दाहरूबारे समय समयमा भरपर्दो र अद्यावधिक सूचना तथा जानकारीहरू प्राप्त गर्ने अवसर प्रदान गर्ने।

- ✓ संसद्ले पारित गरेका सुरक्षासँग सम्बन्धित वैधानिक कानुनहरू कार्यान्वयनमा नियन्त्रण गर्न संसद्लाई मद्दत गर्ने ।
- ✓ प्रतिरक्षा र सुरक्षासँग सम्बन्धित विषयहरूमा विशेषतः जवाफदेहिता बोध गराउनेबारे टेलिभिजनद्वारा प्रसारण गरिएको वा अन्य कुनै माध्यमद्वारा संसद्मा छलफलको लागि प्रस्तुत वा आधिकारिक राष्ट्रिय प्रतिरक्षा बुलेटिनमा प्रकाशित गरिएको छ भने त्यसतर्फ जनसाधारणको ध्यानाकर्षण गराउने कार्यमा मद्दत गर्ने (स्पष्टतः भन्नुपर्दा संसदीय प्रश्नहरूको सम्प्रेषणको कार्य संसद्को क्षेत्रभित्र मात्र सीमित नरही यस्ता प्रश्नहरूको जानकारी सकेसम्म सञ्चारमाध्यममा, गैरसरकारी संस्था, नागरिक समाजलगायत आम सरोकारवालाहरूसम्म पुगोस् भन्ने चाहना राखिन्छ) ।
- ✓ सुरक्षा विषयसँग सम्बन्धित सरकारको राजनीतिक विषयसूचीलाई प्रभाव पार्न र पुनः सोचविचार गर्नका लागि एउटा उपयोगी अस्त्र हुन सक्छ ।
- ✓ प्रतिपक्षका सदस्यहरूले जान्न चाहेको सुरक्षा विषयमा वा सोबारे उनीहरूलाई अहिलेसम्म चित्तबुझ्दो जानकारी प्राप्त भएको छैन । त्यस्ता सुरक्षा विषयहरूमा प्रश्न उठाउन पाउने अवसर प्रदान गर्ने ।

सुरक्षा क्षेत्रसँग सम्बन्धित अधिकांश संसदीय सवालहरू अत्यन्त संवेदनशील हुन्छन् । संसदीय प्रश्नहरूको जवाफ दिनुपर्ने दायित्व भएका मन्त्रीहरू जवाफ दिन प्रायः हिच्किचाउने गर्छन् । यसो हुनुमा सुरक्षा क्षेत्रका गतिविधिहरू प्रायशः गोप्य रहनुपर्ने धारणा पनि जिम्मेवार छ। राष्ट्रिय सुरक्षा विषयका कागजातहरू वर्गीकरण गरी राखिनाले पनि यसबारे न त संसद् सदस्यहरू न सर्वसाधारण कसैलाई पनि जानकारी उपलब्ध हुन सक्छ ।

बक्स नं. ३१

**प्रभावकारी प्रश्नहरूबारे सुझाव**

- ▷ समग्र तयारी : सुरक्षासँग सम्बन्धित प्रश्न र त्यसमा पनि प्राविधिक पक्षको छ भने तुरुन्त जवाफ दिन असम्भव हुन्छ । यस्तो अवस्थामा सैनिक कर्मचारीहरूसँगको अनौपचारिक सम्पर्क (वा आफूमा त्यस्तो ज्ञान) भए राम्रो मद्दत पाउन सकिन्छ।





- ▷ अस्पष्ट भाषा : सोधिने प्रश्नको भाषा प्रस्ट छैन भने पनि मन्त्रीले जवाफ दिँदा पनि अपर्याप्त जवाफ दिने हुन्छ ।
- ▷ समय निर्धारण : प्रश्न सोधिने समय र परिस्थितिलगायतका विषयले प्रशासनले खेल्ने महत्वपूर्ण भूमिकाको पनि विचार गरिनुपर्छ ।

कागजात वर्गीकरण गर्ने कार्यकारी अधिकार पनि कानुनद्वारा निर्धारित गरिएको हुन्छ । त्यसका साथै कागजात वर्गीकरण प्रक्रिया पारदर्शी हुनुपर्छ, ता कि कसले यस्तो निर्णय गर्ने अधिकार पाएको छ कतिसम्म लिखित वर्गीकरण गर्न सकिन्छ कति समयसम्म गोप्य रहनेछ । वर्गीकरण गरिने र नगरिने आधारहरू के के हुन सक्छन्, स्पष्ट होस् ।

जहाँसम्म संस्थागत सन्दर्भको कुरा छ संसदीय प्रश्नहरू प्रभावकारी हुन निम्नानुसारका तत्वहरू महत्वपूर्ण हुन सक्ने देखिन्छन् -

- ✓ जवाफसँग सन्तुष्ट हुन नसकिएमा वा अरू स्पष्टताको अपेक्षा रहेमा सांसदले पूरक प्रश्न सोध्ने सम्भावना पनि रहन्छ ।
- ✓ प्रश्नोत्तर समयमा उठेका सवालहरूउपर छलफल प्रारम्भ गराउन पनि सांसद समर्थ हुन सक्छ ।
- ✓ सांसद सदस्य स्वयं पनि प्रश्न सोध्न सक्ने प्रक्रियाकै एउटा अंग पनि हो
- ✓ संसदीय प्रश्नोत्तर समयमा सर्वसाधारणलाई पनि सहभागीका रूपमा उपस्थित गराउन वा रेडियो टेलिभिजनमा त्यसलाई प्रसारण गरिदिन सकिन्छ ।
- ✓ छलफलमा उठेका सम्बद्ध विषयवस्तुहरूको प्रचार-प्रसार र सम्भव भएमा सर्वसाधारणको पहुँच पुग्ने प्रसारण माध्यममा सवाल जवाफको प्रकाशन ।

## सुरक्षा विषयमा विशेष संसदीय जाँचुबझ

कानुन निर्माण प्रक्रियामा सहभागी हुनका अतिरिक्त संसदीय समितिहरूले सरकारको नीतिको प्रभावकारी निरीक्षणका कार्यमा पनि भाग लिन सक्छन् । सरकारी कामकाजको सुपरिवेक्षणका लागि संक्षिप्त सूचनाद्वारा जानकारी गराउन सकिने र यसमा एकभन्दा बढी समिति पनि समावेश हुन सक्ने गरी त्यस्तो निरीक्षणको प्रतिवेदन पनि प्रकाशन

गरिन्छ । विशेष संसदीय जाँचबुझको अधिकारसहित म्याद पुर्जी काट्ने साक्षी प्रमाण बुझ्ने अधिकार पनि भएको हुनुपर्छ ।

## जाँचबुझ समितिका प्रमुख फाइदा र विशेषताहरू

सुरक्षा/प्रतिरक्षा विषयलाई लिएर एउटा अस्थायी जाँचबुझ समितिको विशेष महत्व रहने देखिन्छ, जसका फाइदाहरू पनि असंख्य हुनेछन् । तिनमा खासगरी :

- ✓ उनीहरूको बनोटको प्रकृतिलाई जनताले विशेषतः एउटा सकारात्मक राजनीतिक संकेतका रूपमा हेर्नेछन् ।
- ✓ यिनीहरू सुरक्षानिकायसँग सम्बन्धित राजनीतिक रूपमा संवेदनशील मुद्दाको विस्तृत जाँचबुझ गर्न समर्थ एउटा उपयुक्त औजार हुन सक्छन् ।
- ✓ विशेष सुरक्षा विषयमा सरकारी नीतिको संक्षिप्त मूल्यांकन गर्न पाउने अनुमति उनीहरूलाई प्राप्त हुनेछ । उपयुक्त ठाउँमा सिंगो सदन र सरकारलाई नै स्वीकार हुनसक्ने गरी समाधानका उपाय वा पुनः सबलीकरणका उपायहरू प्रस्ताव गर्न पनि सक्षम हुनेछन् ।

बक्स नं. ३२

### संसदीय जाँचबुझ समितिका मूल विशेषताहरू

'विशेष मुद्दाहरू अध्ययन गर्न अनुसन्धान समितिहरूको गठन गरिनु आमप्रचलन बनेको छ । यस प्रयोजनका लागि जहाँ जहाँ संसद्को नियन्त्रण मनासिब र आवश्यक देखिन्छ ती ठाउँबाट सम्बद्ध सूचनाहरू संकलनका लागि आफ्ना सदस्यहरूलाई अह्राउँछ र त्यसको एउटा प्रतिवेदन तयार गरी मनासिब देखेमा सदनमा छलफलमा ल्याई एउटा निष्कर्षमा पुग्न सक्छ ।

संसद्को जाँचबुझ गर्न पाउने अधिकार भनेको कार्यकारीले कुनै पनि विषयमा चलाएको कारबाहीबारे संसद् पूर्णरूपमा सूचित भएको हुनुपर्छ भन्ने एउटा अन्योन्याश्रित नैसर्गिक सिद्धान्तअन्तर्गत नै पर्छ ।

केही मुलुकमा जाँचबुझ समितिहरूलाई प्रभावकारी जाँचबुझ गर्न त्यति सजिलो छैन । प्रायशः अदालती प्रक्रियादेखि बाहेक अन्य व्यवस्थापन, कुनै व्यक्तिलाई





म्याद पुर्जी काटी झिकाउन र बयान दिन कर लगाउन सकिँदैन । सरकारी अधिकारीहरूले यसमा व्यवधान खडा गर्छन् र जाँचबुझ समितिको कारबाहीलाई शिथिल पारेर प्रमाण लोप गराउने दुस्साहस पनि गर्छन् । संसदीय जाँचबुझलाई प्रभावकारी बनाउन सकिने एउटै उपाय छ, त्यो हो – सत्य भन्नेछु भनी प्रतिज्ञा गराएर प्रमाण लिनु ।

निजामती कर्मचारीहरूले जाँचबुझ समितिमा पेस गरेको प्रमाणले एउटा खास समस्या उब्जाएको छ, किनकि उनीहरू मन्त्री मातहत आ–आफ्ना विभागका प्रमुख हुन्छन् । उनीहरूलाई सरकारले संसद् सदस्यहरूले सोधेका प्रश्नहरूको जवाफ नदिन भनेर कतिसम्म टाल्न सक्छ । त्यसैगरी (केही मुलुकहरूमा) सम्बन्धित विभागको सहमति (प्रमाण दिन) जहिले पनि आवश्यक पर्छ, तर खोजिएको प्रमाण सार्वजनिक सुरक्षाको बर्खिलाप छ । सार्वजनिक प्रशासनलाई नै खतरा व्यवधान पैदा गर्ने खालको छ भन्ने नलागेसम्म त्यस्तो कर्मचारीलाई निलम्बन पनि गरिँदैन ।

यो तथ्य मनन योग्य छ कि व्यवस्था जेसुकै होस् जाँचबुझ गर्न खडा भएको समिति भनेको एउटा अनुसन्धान समिति वा तथ्य पत्ता लागाउने निकायभन्दा अरू केही होइन र उसको एकमात्र काम भनेको आफूलाई गठन गर्ने संसद्लाई सोको प्रतिवेदन पेस गर्नु मात्र हो । जाँचबुझबाट प्राप्त तथ्यांकका आधारमा आवश्यक निष्कर्ष निकाल्नु संसद्को आधारभूत काम हो ।

*(स्रोतः माइकेल आमलेर इन्टरपार्लियामेन्ट युनियन, १९९६ द्वारा लिखित 'संसद्' नामक पुस्तक)*

यस्ता जाँचबुझ समितिहरूको अर्को महत्वपूर्ण विशेषता भनेको तिनीहरूको गठन हो । यस्ता समितिमा प्रतिपक्षका सांसद्हरूको बाहुल्य हुने गरी गठन गर्न सकियो भने जाँचबुझको नतिजा बढी प्रभावकारी हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

जाँचबुझसम्बन्धी अधिकार सारभूत रूपमा संसदैपिच्छे र समितिपिच्छे फरक फरक हुन सक्छन् । त्यस्ता अधिकारहरूमध्ये मूलभूतरूपमा तलका अधिकारहरूलाई लिन सकिन्छ -

- ✓ संसदीय जाँचबुझको विषयवस्तु र क्षेत्राधिकारको चयन
- ✓ सैनिक आधार शिविरहरू तथा सुरक्षासँग सम्बन्धित अन्य आवास स्थलहरूको भ्रमण (परिच्छेद १७ हेर्नुहोस्)

- ✓ सम्बन्धित सबैको सूचनाको संकलन जसअन्तर्गत वर्गीकृत एवं अति गोप्य दस्तावेजहरू चाहे ती राष्ट्रपति, सरकारी प्रशासन वा सामान्य कर्मचारीहरूबाट नै किन नहुन्
- ✓ सरकारप्रमुख, सरकारी प्रशासन वा सैनिक एवं नागरिक समाजका सदस्यहरूबाट प्रतिज्ञा गराएर प्रमाण लिने
- ✓ खुला वा बन्दसत्र सुनुवाइ कार्यक्रमहरूको आयोजना गर्ने

क्यानडाली सिपाहीहरूलाई सोमालियामा खटाइएको उपर भएको क्यानडा सरकारको जाँचबुझ यसको एउटा उपयुक्त उदाहरण हुन सक्छ (बक्स ३ हेर्नुहोस्)

बक्स नं. ३३

### क्यानडाली सेनालाई सोमालियामा खटाइएको सम्बन्धमा गठित जाँचबुझ समिति : सुरक्षा मामिलामा संसदीय प्रतिवेदनले सर्वसाधारणमा पारेको प्रभावको एउटा उदाहरण :

सन् १९९३ मा क्यानडाली फौजलाई सोमालियामा खटाउँदाका बखत त्यहाँबाट प्रवाह भएका घटनाका सूचनाले समस्त क्यानडाली जनतालाई स्तब्ध पाऱ्यो । जस्तो कि सोमालियाली हमलाकारहरूले बेलेट हुएन नामक स्थानको क्यानडाली घेराभित्र गरेको गोलीकाण्ड, क्यानडाली कमान्डोहरूले एउटा किशोरको हिरासतमा हत्या, त्यसमा एउटा क्यानडाली सिपाहीको आत्महत्या गर्ने प्रयास तथा मिसन फर्केपछि महत्वपूर्ण सूचनाहरू बदलेको, लुकाएको आरोप आदि । हवाइसेनाका जवानहरूको अश्लील कार्यहरूको भिडियो टेप सार्वजनिक । यस घटनाको अनुसन्धान गर्न गठित सैनिक समितिलाई सरकारले क्यानडाको सार्वजनिक जवाफदेहितापूर्ण रूपमा बहन गर्न नसकेको आधारमा अमान्य गरी क्यानडाली संसद्ले जाँचबुझ ऐनअन्तर्गत एउटा खुला सार्वजनिक जाँचबुझ समितिको गठन गऱ्यो ।

कर्मक्षेत्र र अख्तियारी – जाँचबुझ ऐनले समितिका पदाधिकारीहरूलाई साक्षी झिकाउने, प्रमाण बुझ्ने, विशिष्ट कानुनी सल्लाहकार राख्ने प्रमाणको मूल्यांकन गर्ने अधिकार दिएको छ । साक्षी दिन बाध्य गराइन सक्ने अख्तियारी नै सोमालियामा के भएको थियो र राष्ट्रिय प्रधान कार्यालयले के गऱ्यो भन्ने वास्तविकता ठहर गर्ने प्रमुख औजार सावित भयो । खुला सत्रमा सोधपुछका क्रममा ११६ जवान साक्षीले क्यानडाली टेलिभिजनले देशभर प्रसारण गरेको थियो । यसको कार्यक्षेत्र केवल सोमालिया नभएर स्वयं क्यानडाली सन्दर्भ पनि जोडिएको र जसमा आदेश जारी गरिने पद्धतिसँग सम्बन्धित तत्वहरू लगायत अनुशासन, क्यानडाली सैनिकहरूको संचालन प्रक्रिया र राष्ट्रिय प्रतिरक्षा विभागले चलाएका कारबाही र लिएका निर्णयहरू पनि यसभित्र पर्थे । सम्पादन गर्नुपर्ने कार्यहरूको विवरणको दोस्रो भागका सन्दर्भमा कमिसनले सेना खटाउनुपूर्व विचार पुऱ्याउनुपर्ने सोमालियासम्बन्धी नाटक मञ्चनको पूर्व प्रसंग र मञ्चनोत्तर प्रसंग समेत यससँग गासिएका थिए ।

यो कुनै परीक्षण हैन – यो जाँचबुझ परीक्षणको रूपमा लिइने विचारले गरिएको थिएन । यद्यपि, घटना संस्थागत कारणहरूको जाँचबुझ तथा कुनै व्यक्तिका सम्बन्धमा र फेरबदलका विषयमा पहिल्यै घटेका घटनाहरूको उत्तर पाउनका लागि पनि गरिनु आवश्यक थियो । जाँचबुझको पहिलो केन्द्रबिन्दु संस्थागत एवं सांगठनिक व्यवस्थासँग सम्बन्धित मुद्दा क्यानडाली फौजको व्यवस्थापन तथा राष्ट्रिय प्रतिरक्षा विभाग नै थियो न कि यी संस्थाहरूमा आबद्ध व्यक्तिहरू । तथापि, त्यस्ता व्यक्तिहरू जो कमान्ड र व्यवस्थापनको तहमा बसेर नेतृत्वदायी भूमिका निर्वाह गर्ने उनीहरू पनि जाँचबुझको केन्द्रबिन्दु नभइरहन सक्ने अवस्था थिएन ।

यो कुनै परीक्षण हैन – दुई वर्ष लामो यस जाँचबुझले दिएको बृहत् प्रतिवेदनमा क्यानडाली सेनाको संरचनागत ढाँचा र संगठनात्मक स्वरूपदेखि लिएर सोमालिया मिसन ताकाको राष्ट्रिय प्रतिरक्षा विभाग, क्यानडाली सेनामा कमान्डको तहगत स्वरूप, सैनिक संस्कृति र नैतिकतासम्बन्धी विषयमा छलफल तथा क्यानडामा सेना र निजामतीबीचको सम्बन्ध आदि विषयवस्तु प्रतिवेदनले ओगटेको थियो । यसले क्यानडाली सरकार र त्यहाँको सैनिक संरचना तथा त्यसको कार्यपद्धति र नीतिमा व्यापक सुधारको खाँचो रहेको सिफारिससहित टुंगोमा पुग्यो । यी सिफारिसहरूमध्ये अधिकांश कार्यान्वयनका प्रक्रियामा रहेका छन् ।

*(स्रोतः प्राध्यापक डा. डोन्ना विन्स्लो, क्यानडाली संसदीय जाँचबुझ समितिको प्राविधिक सल्लाहकार, १९९६)*

अध्याय – १५

# संसदीय प्रतिरक्षा वा सुरक्षा समितिहरू

सुरक्षा क्षेत्रका जटिलताबीच राम्रोसँग विकसित भएको संसदीय समितिको सरकारमाथि वास्तविक प्रभाव पार्ने महत्वपूर्ण भूमिका हुन्छ। समग्रमा सुरक्षा मामिलाबारे संसदीय दृष्टि भन्नेबित्तिकै कुनै एउटा समितिको मात्र नाम आउँदैन। विभिन्न संसद्मा धेरै खाले समितिहरू हुन सक्छन्, सुरक्षा मामिलासम्बन्धी। कतिपय अवस्थामा तिनको कार्यक्षेत्र एकापसमा सम्बन्धित पनि हुन्छ।

सामान्यतया यी समितिहरू जसका संयुक्त बैठकहरू पनि हुन्छन्। ती यस प्रकार छन्–

- प्रतिरक्षा वा सुरक्षा समिति (कहिलेकाहीँ सुरक्षा फौज समिति, राष्ट्रिय प्रतिरक्षा एवं सुरक्षा समिति अथवा बाह्य मामिला समितिको नाममा ती आउन सक्छन्) ले सामान्यतया सरक्षा मामिलासम्बन्धी सबै विषयमा काम कारबाही गर्छ। जस्तोः विदेशमा फौज पठाउने, सुरक्षानिकायको सांगठनिक संरचना, सैनिकहरूको, आर्थिक लगानी, जबरजस्ती सैन्यभर्ती तथा खरिदबिक्रीसम्मका काम।
- परराष्ट्र मामिला समिति उदाहरणका रूपमा जसले शान्ति स्थापना मिसनका सम्बन्धमा, सुरक्षा फौजको राष्ट्रिय, अन्तर्राष्ट्रिय सुरक्षामा परिचालन गर्ने नीति स्वीकृति दिने र अन्तर्राष्ट्रिय/क्षेत्रीय संस्थाहरू, सन्धि र व्यवस्थाहरूका बारेमा सरोकार राख्छ।
- बजेट तथा आर्थिक समिति जसको काम सुरक्षानिकाय र संस्थाहरूका लागि बजेटका बारेमा निर्णय दिनुहुन्छ। सभवतः सार्वजनिक लेखासमितिले सम्पूर्ण बजेटको लेखा पुनरावलोकन गर्दछ, जसमा रक्षा बजेट पनि हुन्छ।
- गुप्तचर सेवासम्बन्धी समिति तथा उपसमिति जसले भित्रभित्र गोप्य रूपमा काम गरिरहेको हुन्छ।
- उद्योग र व्यापार समिति जसको सुरक्षाका क्षेत्रमा हतियार खरिदबिक्री र तिनमा अनुदान र कर छुट जस्ता विषयमा काम हुन्छ।





- विज्ञान तथा प्रविधि समितिले सुरक्षानिकायका लागि आवश्यक विज्ञान तथा प्रविधिका बारेमा काम गर्छन्।
- राज्य व्यवस्था समिति जसको सरोकारको क्षेत्र प्रहरी, सीमा सुरक्षा फौज र अन्य सशस्त्र प्रहरी संगठनसँग सम्बन्धित हुन्छ।

## अधिकार र उपायहरू

समितिहरूको संसद्बाहिरबाट प्रमाणहरू संकलन गर्ने वा प्राप्त गर्ने अधिकारमा विविधता छन्। केही संसदीय समिति, जस्तो बेलायतको हाउस अफ कमन्सको तदर्थ स्थायी समितिलाई आफैंले प्रमाणहरू लिने अधिकार हुँदैन। जब कि अमेरिकी कंग्रेसका समितिहरूलाई बाह्य प्रमाणहरू लिने शपथअनुसार असीमित अधिकार दिइएको हुन्छ।

केही संसदीय समितिहरूले नयाँ कानुन अपनाउन वा प्रस्ताव गर्न सक्छन्, तिनले भइरहेको कानुनमा संशोधनको प्रस्ताव गर्न सक्छन्। तर कतिपय समितिलाई त्यस्तो अधिकार दिइएको हुँदैन, तिनलाई सरकारका काम र बजेटसम्बन्धी छानबिन गर्ने मात्र अधिकार हुन्छ।

समितिहरूलाई उपलब्ध विशेषज्ञता, क्षमता, उपायहरूले समितिको प्रभावकारीका लागि महत्वपूर्ण भूमिका खेल्छ। जस्तो, समितिका सदस्यहरू, समितिका कर्मचारी, तिनको दक्षता, वरिष्ठता, स्थायित्व, अनुसन्धान गर्ने क्षमता आदि। विशेषज्ञता हासिल गरेका वा सामान्य, संसद्को बृहत् अनुसन्धान निकायको एउटा भाग वा बेग्लै अनुसन्धान एकाइ, तथ्य र प्रमाणमाथिको पहुँच र आवश्यक सहयोगी कागजातहरू प्राप्त गर्ने क्षमता र पुनरुत्पादन गर्नसक्ने क्षमता समितिका महत्वपूर्ण पक्ष हुन्। समितिसँग विशेषज्ञहरू बोलाउने, छानबिन गर्ने, सुनुवाइ गर्ने क्षमता छ कि छैन भन्ने कुराले त्यसको प्रभावकारिता निर्धारण गर्छ। विस्तृत जानकारीका लागि अध्याय १४ को संसदीय प्रक्रिया र औजार (टुल) हेर्नुहोस्।

बक्स नं. ३४

## प्रतिरक्षा र सुरक्षा मामिलामा संसदीय समितिहरूले गर्नसक्ने सम्भाव्य प्रमुख कामहरू

### सुरक्षानीति

- रक्षा मन्त्रालयले अपनाएका कुनै पनि महत्वपूर्ण नीतिहरूको परीक्षण गर्नु र रिपोर्ट तयार गर्नु ।
- समय समयमा रक्षा मन्त्रालयले आफ्ना नीतिहरू र जिम्मेवारी कसरी लागू गर्छ भनेर परीक्षण गर्नु ।
- रक्षा मन्त्रालयले सूचनाको हकसम्बन्धी कानुनको पालना कसरी गर्दै छ, त्यसको छानबिन गर्नु । जुनसुकै तरिकाबाट भए पनि संसद्‌लाई सूचनाहरू उपलब्ध गराउने विषयमा सरोकार राख्नु ।
- सुरक्षा मामिलासम्बन्धी सुरक्षाकर्मी र सामान्य नागरिकका पुनरावेदन, गुनासाहरू छानबिन गर्नु ।

### कानुन निर्माण

- सरकारले संसद्‌मा पेस गरेको विधेयकहरू विचार गर्नु र प्रतिवेदन तयार गर्नु ।
- रक्षा मन्त्रालयको जिम्मेवारीभित्र पर्ने अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धि वा व्यवस्थाहरूमाथि विचार गर्नु ।
- यदि उपयुक्त लाग्छ भने सरकारलाई नयाँ कानुनको प्रस्ताव गर्न अनुरोध गर्नु वा आफैंले नयाँ कानुन प्रस्ताव गर्नु ।

### खर्चहरू

- रक्षा मन्त्रालयको अनुमानित बजेट र वार्षिक खर्चमाथि विचार गर्नु ।
- रक्षा मन्त्रालयले पेस गरेका प्रत्येक पूरक बजेटमाथि विचार पुर्‍याउनु र थप विचार गर्न पर्ने स्थितिमा संसद्‌समक्ष रिपोर्ट पेस गर्नु ।
- आवश्यक भएमा सक्षम लेखापरीक्षकबाट लेखापरीक्षण गराउने काम गर्नु ।

### व्यवस्थापन र प्रशासन

- समितिलाई उपयुक्त लागेमा सम्बन्धित सरकारी निकायले गरेका महत्वपूर्ण नियुक्तिमाथि विचार पुर्‍याउनु । (जस्तो महत्वपूर्ण सैनिक अधिकारी वा सरकारी सेवामा नियुक्ति)





- प्रतिरक्षा निकायका आन्तरिक संस्थाहरूमाथि संसदका बाह्य संस्थाहरू अम्बुड्समयानमार्फत विचार पुर्‍याउनु, गलत कामबारे संसद्‌को ध्यानाकृष्ट गर्नु ।

*(स्रोत : हानसर्ड सोसाइटी कमिसन अन पार्लियामेन्ट्री इस्क्रुनिटी, बेलायत २००१ रिपोर्टमा आधारित)*

बक्स ३५ मा नर्वेजियन पार्लियामेन्टले काम गर्ने तरिका उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

बक्स नं. ३५

## नर्वेजियन संसद् (स्टोटिङ) को विदेश मामिला र प्रतिरक्षा समितिको संयुक्त बैठक

नर्वेजियन संसद्‌को विदेश मामिला र प्रतिरक्षा समितिको संयुक्त बैठक (इनलार्जड कमिटी)को मुख्य काम सरकारसँग महत्वपूर्ण विदेश नीति, व्यापार तथा राष्ट्रिय सुरक्षा नीतिमा छलफल गर्नु नै हो । छलफलहरू महत्वपूर्ण नीतिहरू अख्तियार गर्नुअघि गरिन्छ । विशेषावस्थामा इनलार्जड समितिले संसद्‌समक्ष सिफारिसहरू गर्ने गर्छ । इनलार्जड कमिटीमा विदेश मामिला समितिका साधारण सदस्यहरू, संसदका अध्यक्ष र उपाध्यक्ष (यदि उनीहरू समिति सदस्य छैनन् भने), प्रतिरक्षा स्थायी समितिको अध्यक्ष र निर्वाचन कमिटीले सिफारिस गरेका बढीमा ११ जनासम्म सदस्यहरू । सदस्यहरू नियुक्ति गर्दा संसद्‌मा रहेको पार्टीहरूको समानुपातिक प्रतिनिधित्वलाई महत्व दिइन्छ । यसै सिद्धान्तमा आधारित भएर निर्वाचन कमिटीले आफ्ना सहायकहरू नियुक्त गर्छ, तिनलाई गयल र बिदामा फिर्ता बोलाइन्छ । समितिको बैठक अध्यक्षले आवश्यक ठानेमा, प्रधानमन्त्री, विदेश मन्त्रालयको अनुरोधमा वा समितिका एक तिहाइ सदस्यको अनुरोधमा बोलाइन्छ । अन्यथा उल्लेख नगरेको अवस्था बाहेक इनलार्जड कमिटीको कारबाही गोप्य राखिन्छ । यस्तै तरिका अन्य संयुक्त बैठक र समितिका बैठकहरूमा अपनाइन्छ । समितिका अध्यक्षले बैठकहरूको कारबाही गोप्य राख्ने नराख्ने निर्णय गर्छन् । इनलार्जड कमिटीका ६ जना सदस्यहरूले अनुरोध गरेमा संसदमा समितिका एजेन्डाहरू प्रस्तुत गर्नुपर्ने हुन्छ । समितिले ती एजेन्डाहरू संसद्‌मा राख्ने वा नराख्ने बारेमा विचार गर्छ र संसद्‌का अध्यक्षलाई जानकारी दिन्छ । संसद्‌ले त्यो बैठक क्यामरामा

रेकर्ड गर्ने-नगर्ने र सार्वजनिक गर्ने नगर्ने निर्णय गर्छ । संसद्मा सरकारी प्रतिनिधिले विचार गरियोस् भन्ने प्रस्ताव राख्छन् । सरकारी प्रस्तावमाथि तत्काल छलफल गर्ने वा त्यसपछिका बैठकहरूमा त्यो निर्णय संसद्ले गर्दछ । प्रस्तावहरू सरकारले विचारका लागि प्रस्तुत गर्न सक्तैन ।'

*(स्रोत : सेक्सन १३, रूल्स अफ प्रोसिडुर अफ दि नर्वेजियन पार्लियामेन्ट)*

## सांसदका रुपमा तपाईँले गर्न सक्नु हुनेछ

प्रतिरक्षा मुद्दामा काम गर्ने समितिको कार्यक्षेत्र ?

- निम्न कुरा सुनिश्चित गर्न समिति र उपसमितिलाई प्राप्त कार्यक्षेत्रको पुनरावलोकन गरी :
  - यो स्पष्टसँग परिभाषित छ कि छैन ?
  - समितिलाई सबै क्षेत्रमा गहिरिएर काम गर्न दिइन्छ कि दिइँदैन ?
  - यसले सुरक्षा मामिला नीति र सुरक्षासम्बन्धी अन्य मन्त्रालयको नीतिसँग तालमेल राख्छ कि राख्दैन ? जसको सुरक्षासम्बन्धी अन्य प्रभाव हुन्छ, जस्तो हवाई उड्डयन, जल सेना, उद्योग, ऊर्जा आपूर्ति आदि ।

एउटा प्रभावकारी संसदीय समिति

- समिति वा उपसमितिलाई कानुन र व्यवहारद्वारा बक्स ३४ मा उल्लेख भएअनुसारको व्यवस्था गरिएको छ कि छैन सुनिश्चित गर्नुहोस् ।
- समिति प्रतिरक्षा, सुरक्षा मामिलासम्बन्धी विशेष कामका लागि स्थापना भएको भन्ने कुरामा ध्यान दिनुहोस्, जस्तो : सुरक्षा बजेट, सैन्य जवान, शान्ति सेना, सैन्य सामग्री खरिद ।
- सुरक्षा क्षेत्रको सूचना प्रवाह नीतिसम्बन्धी कानुन बनाउने काम र प्रतिरक्षा खर्चसम्बन्धी प्रक्रियाको पुनरावलोकन गर्नुहोस् ।
- समितिले पुग्दो मात्रामा स्रोत, साधन र विशेषज्ञसँग परामर्श गर्नसक्ने अवस्था छ कि छैन, सुनिश्चित गर्नुहोस् ।
- अन्तर्राष्ट्रियस्तरमा समितिहरूले अपनाएका उत्कृष्ट प्रक्रियाहरूको परीक्षण र पुनरावलोकन गर्नुहोस्, जसले सुरक्षा क्षेत्रमा संसद्को व्यापक दृष्टिगोचर राख्न सकेको होस् ।





**अध्याय - १६**

# अम्बुड्सम्यान (अभिभावक)

सुरक्षानिकायको सुपरिवेक्षण गर्ने स्वतन्त्र संस्थाहरूमध्ये अम्बुड्सम्यानको विशेष स्थान रहन्छ । कतिपय देशमा ओम्बसम्यानले कु-प्रशासनबाट उत्पन्न हुने सबै खाले समस्यामाथि निगरानी राख्ने कार्यक्षेत्र हुन्छ र त्यसैअनुसार काम गर्छ । कतिपय देशमा अन्य खाले निकाय पनि हुन्छन्, आयोग वा सार्वजनिक गुनासो समिति जस्ता (नाइजेरिया) । अन्य देशमा विशेषज्ञता हासिल गरेको अम्बुड्सम्यानको स्थापना गरिएको हुन्छ, जसले सुरक्षाफौजसँग सम्बन्धित काम गर्छ ।

बक्स नं. ३६

### अम्बुड्सम्यान

अम्बुड्सम्यानले नागरिकहरूको सार्वजनिक प्रशासनका निर्णय, प्रशासनिक लापरवाही, काम कारबाहीसम्बन्धी काम गर्छ । अम्बुड्सम्यानको कार्यलय चलाउने व्यक्ति संसद्बाट चुनिन्छ, राष्ट्रप्रमुख, सरकारले संसद्सँगको परामर्शमा नियुक्त गर्छ । नागरिकलाई आफ्ना हक अधिकारको उल्लंघनबाट बचाउ गर्नु, प्रशासनिक शक्तिको दुरूपयोग, असावधानी, धाँधलीपूर्ण निर्णय र कुशासनका बारेमा सचेत गराएर असल शासनको प्रवर्द्धन गर्नु हो । यसले सरकारी काम कारबाही पारदर्शी र सरकारी कर्मचारी नागरिकप्रति जवाफदेही बनाउने काम गर्छ । अम्बुड्सम्यानको गठन संवैधानिक प्रावधान वा कानुन बनाएर गरिन्छ ।

जनताका अधिकारको रक्षा गर्न अम्बुड्सम्यानलाई विभिन्न अधिकार दिइएको हुन्छ ।

१) सरकारको प्रशासन यन्त्र कानुन, नियमानुसार काम गरिरहेको छ कि छैन भनेर अनुसन्धान वा छानबिन गर्न सक्छ ।

२) अनसुन्धानबाट प्रशासन यन्त्रका गलत कामहरू पाइएको अवस्थामा त्यस्ता काम बन्द गर्न सिफारिस गर्न सक्छ ।

३) विशेष घटनाहरूमा आफ्ना कामको प्रतिवेदन सरकारलाई र गुनासो गर्ने पक्षलाई दिन्छ । सरकारले त्यस्तो निश्चित घटनासम्बन्धी सिफारिसहरू स्विकारेन भने त्यस्तो बेला संसद्लाई दिन्छ । धेरै जस्तो अम्बुड्सम्यानले वार्षिक प्रतिवेदन पनि तयार गर्छन्, संसद्मा बुझाउँछन् र सार्वजनिक पनि गर्छन् ।

सामान्यतया अम्बुड्सम्यानलाई सरकारलाई बाध्य पार्ने निर्णय गर्ने अधिकार दिइएको हुँदैन, तर अम्बुड्सम्यानले परिवर्तनका निम्ति सिफारिस गर्छ । सामान्यतथा अम्बुड्सम्यानको सार्वजनिक सरोकारका क्षेत्रसँग सम्बन्धित विभिन्न सरकारी निकाय र क्षेत्रमा काम गर्ने कार्यक्षेत्र हुन्छ । कतिपय देशमा अम्बुड्सम्यानको कार्यक्षेत्र भित्र न्यायपालिका, प्रहरी र सेना पनि पर्दछन् भने कतिपय देशमा यी निकाय राखिएको हुँदैन ।

*(स्रोत : द इन्टरनेसनल ओम्बसम्यान इन्स्टिच्युट इनफरमेसन पुस्तिकाअफिस अफ दि युनाइटेड नेसन्स हाइ कमिसन फोर ह्युमन राइट्स, फ्याक्ससिट नं १९, नेसनल इन्सिटुयसन फर दि प्रोमोसन एन्ड प्रोटेक्सन अफ ह्युमन राइट्स ।)*

## प्रतिरक्षा, सुरक्षानिकायसँग सम्बन्धित अम्बुड्सम्यान

सुरक्षा, प्रतिरक्षा निकायसँग सम्बन्धित अम्बुड्सम्यान एउटा बेग्लै संस्थागत व्यवस्था गरिएको हुन्छ । विभिन्न देशमा त्यस्ता अम्बुड्सम्यानको काम र कार्यक्षेत्र र अधिकार पनि फरक फरक हुन्छ । जस्तो, फिनल्यान्ड, नर्वे, पोर्चुगल र जर्मनीमा 'अम्बुड्सम्यान फर डिफेन्स' भनिन्छ भने इजरायलमा 'मिलिटरी सोल्डर्स कम्प्लेन कमिसनर', क्यानडामा 'अम्बुड्सम्यान अफ दि डिपार्टमेन्ट अफ नेसनल डिफेन्स एन्ड दि क्यानेडियन फोर्सेज' भनिन्छ भने अष्ट्रेलियामा 'अष्ट्रेलियन डिफेन्स फोर्स अम्बुड्सम्यान' भनिन्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ३७

### केही छानिएका देशका सुरक्षा, प्रतिरक्षासम्बन्धी ओम्बुसम्यानको झलक

| *देश* | *क्षमता (कम्पिटेन्स)* | *काम* | *जवाफदेहिता र राजनीतिक संस्थाका सन्दर्भमा उसको हैसियत ।* |
|---|---|---|---|
| अष्ट्रेलिया | डिफेन्स फोर्स ओम्बुसम्यान : मन्त्रिपरिषद्को निर्णयबाट नियुक्ति | अष्ट्रेलियन सुरक्षा निकायबाट हुने कुनै पनि गलत काम कारबाही | प्रत्येक वर्ष मन्त्रीमार्फत संसद्मा प्रस्तुत गर्ने उद्देश्यले प्रतिवेदन पेस गर्ने । |
| क्यानडा | डिफेन्स ओम्बुसम्यान : सरकारी निर्णयबाट नियुक्ति | क्यानडाको राष्ट्रिय सुरक्षानिकायका कर्मचारी र क्यानडाली सैनिकहरूको मानवअधिकारको सुरक्षा गर्नु । | निश्चित घटनामा क्यानडाको राष्ट्रिय सुरक्षा विभाग र क्यानेडियन फोर्ससमक्ष प्रतिवेदन पेस गर्ने । आफूले गरेका कामको मन्त्रीसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने । तटस्थ र वस्तुगत बोर्ड । रक्षा मन्त्रालयको व्यवस्थापनबाट स्वतन्त्र । |
| नर्वे | द ओम्बुसम्यान फर डिफेन्स : नर्वेजियम संसद्अन्तर्गत । | सैनिकहरूको हित, सुरक्षा । विभिन्न सुरक्षानिकायबीचको द्वन्द्व समाप्त गर्ने र एक-अर्काबीच विश्वासको वातावरण बनाउन भूमिका खेल्ने । | यसले सम्बन्धित सरकारी निकायसमक्ष आवश्यक सुझाव, लेखाजोखा र आलोचना गर्ने काम पनि गर्छ । |

अम्बुड्सम्यान नागरिक तथा संसद्को प्रतिनिधि बनेर सेनाको सुपरिवेक्षण गर्ने एउटा अतिरिक्त प्रक्रिया हो। सैनिक अम्बुड्सम्यानको प्रमुख काम आरोपित जथाभावी निर्णयहरू, गलत कामहरूको मन्त्रीको तर्फबाट अनुसन्धान गर्नु हो।

राजनीतिक प्रणालीमा सैनिक अम्बुड्सम्यानको संस्थागत संरचना देशअनुसार फरक फरक हुन सक्छ। जर्मनी र स्विडेनमा प्रतिरक्षा अम्बुड्सम्यान संसद्बाट नियुक्त हुन्छ र संसद्मै प्रतिवेदन पेस गर्छ। क्यानडा, इजरायलमा सेनासम्बन्धी अम्बुड्सम्यान रक्षा मन्त्रालय आफैंले गठन गर्छ। कतिपय अम्बुड्सम्यानको कार्यालय संसदीय परिसरमै हुन्छ, जस्तो जर्मन पार्लियामेन्ट्री कमिससन फर द आर्मड फोर्सेज, बक्स ३८। कतिपय देशमा संसद् परिसरबाहिर संस्थागत कार्यलयको रूपमा हुन्छन्, जस्तो स्विडेन।

नागरिक तथा कर्मचारीहरू जसमाथि दुर्व्यवहार भयो, त्यस्ता पीडितले छानबिन गर्न अम्बुड्सम्यानसमक्ष आग्रह गर्न सक्छन्। यसबाहेक सांसदहरूले नै अम्बुड्सम्यानलाई शक्तिको दुरुपयोगका आरोपहरू, गुनासाहरूमाथि अनुसन्धानका नीम्ति अनुरोध गर्न सक्छन्। सामान्यतया अम्बुड्सम्यानले गर्ने अनुसन्धानहरूमा मिनाहा, माफी, स्थगन, कानुनी सैनिक दायित्व, सेवाका क्रममा सरुवा र स्थानान्तरण, शोषण, सैन्य भंग, बिदा, गलत अनुशासनका कारबाही, दण्डनीय कार्यहरूसँग सम्बन्धित विषयमा सरोकार राख्छ। यदि अम्बुड्सम्यानको अनुसन्धानबाट गुनासो वस्तुगत आधारमा सत्य सावित भयो भने उसले सिफारिस गरेर सुरक्षानिकायलाई आफ्नो निर्णय परिवर्तन वा पुनर्विचार गर्न भन्न सक्छ।

## अम्बुड्सम्यान र गोपनीयता

सुरक्षानिकायको प्रकृतिलाई ध्यानमा राखेर राष्ट्रिय सुरक्षाका दृष्टिले कतिपय सूचना सार्वजनिक गर्न मिल्दैन। धेरैजसो देशले अम्बुड्सम्यानले राष्ट्रिय सुरक्षालाई ध्यानमा राखेर कसरी काम गर्ने भन्ने स्पष्ट कानुन बनाएका हुन्छन्। सामान्यतथा, उच्च गोपनीयता राख्नुपर्ने अवस्थामा पनि अम्बुड्सम्यानलाई आवश्यक अनुसन्धान गर्न दिइन्छ, जसअन्तर्गत सैनिक आधार, सान्दर्भिक कागजातको निरीक्षण र छानबिन गर्न छुट दिइन्छ, निश्चित घटनामा। तर, अम्बुड्सम्यानले अनुसन्धानका क्रममा पत्ता लगाएका कुरा सार्वजनिक गर्न भने हुँदैन।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ३८

### सशस्त्र फौजसम्बन्धी जर्मन संसदीय कमिस्नर

सन् २०५० को दशकमा पुनःस्थापित भएको जर्मन सशस्त्र फौजको नियन्त्रणसम्बन्धी जर्मन संसद्मा विशेष खाले नियन्त्रणको व्यवस्था गरियो। संविधानको मर्मअनुसार एउटा नागरिकलाई जसरी केन्द्रमा राखिन्छ, त्यसैगरी सशस्त्र फौजलाई पनि राखियो। जर्मनीको संविधानमा ४५ बी, धारा थप गरियो। जसमा भनिएको छ –

*'सशस्त्र फौजका सबैलाई मौलिक अधिकारको रक्षा गर्न र फौजमा संसद्को नियन्त्रण छ भन्ने प्रत्याभूति दिलाउन एउटा संसदीय समितिको व्यवस्था गरिनेछ। यो धाराको कार्यान्वियनका निम्ति आवश्यक सबै कुरा 'ल अन दि पार्लियामेन्ट्री कमिसनर फर द आर्म्ड फोर्सेस' मा व्यवस्था गरिनेछ।'*

पार्लियामेन्ट्री कमिसनर संसद्कै एउटा अंग हो र यो संसद्को सदस्य पनि हुन्छ। उसले निश्चित विषयमा संसद् वा प्रतिरक्षासम्बन्धी समितिको सुझावअनुसार अनुसन्धान गर्छ र आफैंले परिस्थितिअनुसार कार्यान्वियन पनि गर्छ।

शक्तिपृथकीकरणको सिद्धान्तमा आधारित भएर कमिसनरले रक्षा मन्त्रायमाथि नियन्त्रण गर्ने काम गर्छ। उसलाई जोकोही सैनिक वा सैन्य निकायबाट जानकारी लिन सक्ने र प्रमाणहरूमा पहुँच कायम गर्न सक्ने अधिकार दिइएको हुन्छ। उसले जुनसुकै बेला जानकारीविना सुरक्षासम्बन्धी विभिन्न निकाय, मुख्यालय, पदाधिकारीका कार्यालयमा सुपरिवेक्षण अध्ययन गर्नसक्छ। जुनसुकै पदका सैनिकबाट आएका गुनासाहरूमाथि अनुसन्धान गर्नसक्छ। सैनिक सेवाका जो सुकै कमिसनरसमक्ष उजुरी गर्ने हैसियत राख्छ, त्यसो गर्दा उसले आफ्नो कार्यलयका प्रक्रिया पुऱ्याइरहन पर्दैन।

## अम्बुड्सम्यान : सेनामा विश्वासको वातावरण वृद्धि गर्ने स्रोत

स्विडेनको सैनिक अम्बुड्सम्यान उदाहरणका रूपमा लिन सकिन्छ। सन् १९१५ मा स्थापित अम्बुड्सम्यान नागरिकको सेनाप्रति विश्वास बढाउन एउटा सशक्त औजार बन्न सक्यो। यसबाहेक यसले सैनिकहरूलाई व्यक्तिगत र उनीहरूमाथि हुने दुर्व्यवहार भएको अवस्थामा सुरक्षा प्रदान गर्छ। सामान्यतया सुरक्षानिकायसम्बन्धी अम्बुड्सम्यानको

प्रमुख उपलब्धि भनेको यसले सुरक्षानिकायमा विश्वासको वातावरण वृद्धि गर्नु हो – पूरै प्रशासनिक संयन्त्रमा व्यापक पारदर्शिताको स्थिति निर्माण गरेर । तर सैनिक पदीय वरिष्ठता बिथोल्न हुँदैन ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

अम्बुड्सम्यानको संस्थागत व्यवस्था

- यदि तपाईंको देशमा अम्बुड्सम्यानको व्यवस्था छैन भने स्थापनाका निम्ति काम थाल्नोस् ।
- अम्बुड्सम्यानको स्थापना गर्ने काममा तपाईंलाई अम्बुड्सम्यान इन्टरनेसनलको वेबसाइट http://www.ombusdmaninternational.com उपयोगी बन्न सक्छ । वेभसाइट मार्गदर्शक बन्नसक्छ, त्यहाँ सन्दर्भसामग्री र अनुभवहरू राखिएको छ ।

प्रतिरक्षा वा सुरक्षा अम्बुड्सम्यान

- यदि तपाईंको देशमा त्यस्तो अम्बुड्सम्यान छैन भने यसको स्थापना र प्रवर्द्धन गर्न काम थाल्नोस् ।
- प्रतिरक्षा, सुरक्षा अम्बुड्सम्यानको व्यवस्था भएका देशहरूबाट आवश्यक सूचना, तिनको अनुभव र तिनले सिकेको पाठ प्राप्त गर्नुहोस् ।
- यदि तपाईंको देशमा केही समयका लागि प्रतिरक्षा, सुरक्षा अम्बुड्सम्यानको व्यवस्था थियो भने त्यसको सर्त, सन्दर्भ, काम, कार्यपद्धतिको पुनरावलोकन, संसद्मा प्रतिवेदन पेस गर्ने, त्यसको प्रभाव, स्रोत साधन र बजेटको पुनरावलोकन गर्नुहोस् । यसो गर्दा अन्य देशका अम्बुड्सम्यानसँग र ती देशको सुरक्षा स्थितिको बारेमा तुलना पनि गर्नुहोस् ।





**अध्याय – १७**

# सुरक्षानिकायको परिसरमा भ्रमण

## सान्दर्भिकता

सबै सांसद सुरक्षा क्षेत्रसम्बन्धी जानकार हुनु महत्वपूर्ण हुन्छ। सैद्धान्तिक ज्ञान, व्यवहार र स्थलगत अध्ययनबाट खारिन्छ, जसले सुरक्षानिकायका आवश्यकता राम्रोसँग परिचित र अनुभव गर्न सकिन्छ। यस सन्दर्भमा सांसदहरूको सुरक्षानिकायको परिसर भ्रमणले दुवै पक्षबीच संवादको वातावरण बनाउँछ, राजनीतिक र सैनिक नेतृत्वबीच विश्वास र एक-अर्कालाई बुझ्न सक्ने बनाउँछ। यस्ता भ्रमणले सांसदहरूलाई सेनाका दैनिक समस्याबारे सचेत गराउँछ भने सेनामा हाम्रा समस्याप्रति राजनीतिक नेतृत्व संवेदनशील छ र हाम्रो उद्देश्य र प्रगतिमा प्रतिबद्ध छ भन्ने भावना जगाउँछ।

बक्स नं. ३९

### अर्जेन्टिनाको एउटा उदाहरण

राजनीतिज्ञले सेनाका बेस र एकाइहरूमा विचारहरू आदान प्रदान गर्ने उद्देश्यले भ्रमण गरे । भ्रमणहरूले सशस्त्र फौजबारे जानकारी पाउन सहयोग गऱ्यो र दुई पक्षबीचको अविश्वास र द्वेषभाव कम गर्न सहयोगी बन्यो । सांसद र सशस्त्र फौजसँगको सम्पर्कले गर्दा फौजको समस्या बुझ्न सहयोगी बन्यो ।

*(स्रोत : पाब्लो कार्लोस मार्टिनेज, द रिस्टकचरिङ या द आर्म्ड फोर्सेज एन्ड द रोल अफ तवा पार्लियामेन्टः द अर्जेटाइन इक्सपेरियन्स ।)*

थुना र जेलहरूमा राखिएका मानिसहरू सुरक्षाकर्मीहरूको हात र नियन्त्रणमा हुन्छन्। यस्तो अवस्थामा उनीहरू मानवअधिकार उल्लंघनका हरेक पक्षका जोखिम हुन्छन्। दुर्भाग्यवश जेल र थुनामा यातना, दुर्व्यवहार व्यापक छ। त्यसकारण त्यस्ता संस्थाहरूमा विशेषगरी निगरानी र नियन्त्रणको व्यवस्था गर्नुपर्छ। यस्तो स्थितिमा सांसदहरू र विशेषज्ञहरूले त्यस्ता ठाउँको भ्रमण गर्न धेरै उपयोगी हुन्छ। भ्रमणको उद्देश्य गलत व्यवहार खोतल्ने र थप दुरुपयोग नहोस् भन्नु हो।

बक्स ४० ले थुनुवा केन्द्रहरूमा भ्रमण गर्नेसम्बन्धी प्रक्रिया बताउँछ। यहाँ संयुक्त राष्ट्रसंघको यातनाविरुद्धको अभिसन्धिको अतिरिक्त प्रोटोकल प्रस्तुत गरिएको छ।

बक्स नं. ४०

**यातनाविरूद्धको अभिसन्धिको ऐच्छिक प्रोटोकलले सुरक्षानिकायको परिसरमा भ्रमण गर्ने सम्भावनालाई विस्तृत गर्छ ।**

सन् २००२ डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारणसभाले यातनाविरूद्ध र अन्य अमानवीय, क्रूर, अपमानित व्यवहार र सजायसम्बन्धी एउटा प्रोटोकल पास गऱ्यो । प्रोटोकलले राज्यहरुले आफ्ना थुनुवा केन्द्रहरू स्वतन्त्र, राष्ट्रिय, अन्तर्राष्ट्रिय विशेषज्ञहरूका लागि खुला गर्नुपर्ने बाध्यात्मक प्रावधान राख्यो । पोटोकलले सबै खाले दुर्व्यवहार घटाउन सुझाव दिने उद्देश्यले भ्रमण गर्न दिनुपर्छ भन्यो ।

## सफल भ्रमणका सर्तहरू

यो भन्नैपर्ने हुन्छ, सांसदहरूको सुरक्षानिकायका परिसरमा गरिने भ्रमण सम्बन्धित मन्त्रालयको समन्वयमा हुनुपर्छ। अप्रत्यासित र समन्वय नगरिएको भ्रमण प्रत्युत्पादक बन्न सक्छ र त्यस्तो भ्रमणलाई सुरक्षानिकायले विश्वासको संकटको रूपमा लिन सक्छ। त्यस्तै वरिष्ठता मिचेर भ्रमण गरियो भने त्यसले सेनाको सामान्य काममा असर गर्नसक्छ। भ्रमण तयारीसाथ गरिनुपर्छ र सबै पार्टीका प्रतिनिधिहरूको सहभागिता हुनु आवश्यक हुन्छ। यस्ता भ्रमणका सीमाबन्धनहरू पनि हुन्छन्। संसदीय समितिले सुरक्षानिकायका अधिकारीले जति देखायो, त्यति मात्रै जान्न बुझ्न सक्ने अवस्था हुन्छ। यस्ता भ्रमणले वास्तविक समस्या बुझ्नेभन्दा पनि सेनाले आफूलाई लागेका बजेट माग जस्ता समस्या मात्र अवगत गराउने अवसरका रूपमा लिन सक्छन्। यस्ता समस्याबाट उपचार पाउन तीन किसिमका भ्रमणप्रति सहमति जनाउन सकिन्छ। सेनाको सुझावअनुसारको भ्रमण, संसद्को सुझावमा भ्रमण जुन पहिल्यै जानकारी गराइएको हुन्छ र संसद्ले छोटो एक दिनको सूचनामा भ्रमण गर्ने सुझाव।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सुरक्षानिकायको परिसर भ्रमण गर्नेसम्बन्धी कानुन निर्माण

- कानुनमै सांसदहरूले सुरक्षानिकायको परिसर तथा विदेशमा परिचालित भएको अवस्था भए त्यस्तोमा पनि भ्रमण गर्न सक्ने व्यवस्थाको निम्ति दबाब दिने ।
- कानुन नभएको अवस्थामा पनि भ्रमणमा सांसदहरू समावेश गर्ने गरिएका छन् कि छैनन्, त्यसको जाँचबुझ गर्ने । यदि समावेश गरिएको छ भने कुन आधारमा, कस्तो प्रक्रियामा सांसदहरू छानिएको छ, त्यसको प्रभाव कस्तो परेको छ भन्ने कुरा जाँचबुझ गर्ने ।
- नियममा भ्रमण गर्ने स्थान विशेष तोकिएको छ–छैन, त्यो सुनिश्चित गर्ने ।
  - सुरक्षानिकायको कुन क्षेत्रमा भ्रमण गर्न सकिन्छ ।
  - कस्तो अवस्था र सर्तका आधारमा त्यस्तो भ्रमण गर्न सकिन्छ ।
  - सुरक्षानिकायको राष्ट्रिय सैन्य बेसमा संसदीय भ्रमणसम्बन्धी वास्तविक परम्परा र प्रवृत्ति ख्याल गर्ने ।
- भ्रमणपछि विस्तृत रिपोर्ट संसद्, समिति वा उपसमितिमा पेस गरिनेछ भनेर सुनिश्चित गर्ने ।
- अघिल्लो भ्रमणको प्रभावको मूल्यांकन गर्ने ।
- तिम्रो देशले संयुक्त राष्ट्रसंघको यातनाविरूद्धको अधिसन्धि र यससँग जोडिएको प्रोटोकल अनुमोदन गरेको छ कि छैन जाँच गर्ने ।

संसदीय भ्रमण टोलीका सदस्यहरू

- संसदीय टोलीमा एउटै पार्टीका सदस्य मात्र हुनु भएन । टोलीमा बहुमत र प्रतिपक्षी दलका सांसदहरूको उचित प्रतिनिधित्व हुन आवश्यक छ ।
- सम्भव भएसम्म टोलीमा लैंगिक सन्तुलन कायम गर्ने ।

भ्रमणको तयारी

- भ्रमण प्रत्युत्पादक नहोस् भन्नका लागि रक्षा मन्त्रालयको समन्वयमा भएको कुराको सुनिश्चित गर्ने ।

संसद्मा प्रतिवेदन

- भ्रमणसम्बन्धी विस्तृत रिपोर्ट संसद् वा सम्बन्धित समितिमा प्रस्तुत हुनेछ र त्यसमाथि बहस गरिनेछ भन्ने कुराको सुनिश्चित गर्ने ।

- दक्ष सुरक्षा अधिकारीलाई समयमै आफ्ना धारणा राख्ने अवस्थाको सुनिश्चित गर्ने ।

प्रभाव र प्रचार

- भ्रमण टोलीले तयार गरेको प्रतिवेदनमा उल्लिखित उपलब्धि र सुझावहरू कार्यान्वयनको सुनिश्चितता हुनुपर्छ । सान्दर्भिक बनाएर त्यसलाई सार्वजनिक गर्ने निर्णय गर्नुपर्छ ।



भाग ५

# सुरक्षा सेवासम्बन्धी कार्यको सुपरिवेक्षणः

## विशेष स्थिति र संचालन

अध्याय – १८

# विशेष अवस्थामा राज्य

युद्ध, आन्तरिक द्वन्द्व र अन्य किसिमका संकटजस्ता केही विशेष अवस्थाहरू छन् जहाँ राज्यले समस्या समाधानका लागि विशेष शक्ति र तरिकाहरू अपनाउनुपर्ने हुन्छ। त्यस्ता कदमहरूले सरकारको लोकतान्त्रिक व्यवस्थामा असर नपार्ने हुनुपर्छ।

युद्ध र अन्य यस्ता संकटको अवस्थाले सैन्य प्रतिक्रिया वा सैन्य कानुन घोषणाको अवस्थाको समेत माग गर्छ। यस्तो अवस्थामा सैन्य र सुरक्षा क्षेत्र धेरै हदसम्म अर्न्तराष्ट्रिय मानवीय कानुन जस्ता अन्तर्राष्ट्रिय सिद्धान्त र प्रत्याभूतिप्रति जवाफदेही रहन्छ र साथसाथै लोकतान्त्रिक व्यवस्थाको नियन्त्रणभित्र रहनुपर्छ। मानवअधिकारलाई पनि सम्भव भएसम्म कायम राख्नु पर्छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले २००१ अगस्टमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ४ को २९ नं. बुँदामा स्पष्ट किटान गरिदिए अनुसार निलम्बन गर्न नमिल्ने भनिएका केहीलाई भने कटौति गर्नु हुँदैन।

## युद्धको अवस्था

संयुक्त राष्ट्रसंघीय घोषणापत्रको दफा २.४ ले उल्लेख गरेको छ :

> *"राष्ट्रसंघका सदस्यहरूले आफ्नो अर्न्तराष्ट्रिय सम्बन्धमा चेतावनी वा शक्ति प्रयोग गर्ने छैनन् (...)"।*

यसरी अन्य राष्ट्रविरुद्ध शक्ति प्रयोग गर्न कडा रोक लगाइएको छ। संसदको एउटा कार्य भनेको कार्यपालिकाले युद्ध वा युद्धको चेतावनीको प्रयोग र द्वन्द्वका क्रममा यस्ता अर्न्तराष्ट्रिय बन्देजहरूहरूको पालना गरे/नगरेको बारे पर्यवेक्षण गर्नु हो।

स्वीजरल्याण्डजस्ता तटस्थ राष्ट्रहरूले वाह्य सम्बन्धमा उत्पन्न विवाद समाधान गर्न शक्ति प्रयोगलाई स्पष्ट रुपमा अस्वीकार गरेको छ। कम्तिमा एक अर्को राष्ट्र जापानको संविधान १९४६ ले पनि सेना राख्न स्पष्ट बन्देज लगाएको छ। हंगेरीजस्ता केही अन्य

राष्ट्रहरूले युद्ध त्याग्नुलाई दुई देशबिचको विवाद समाधानको माध्यमको रुपमा प्रस्तुत गरेका छन् ।

युद्धको समयमा, संवैधानिक व्यवस्थाको आधारमा निर्णायक प्रक्रियामा संसदहरूलाई कम्तिमा ३ फरक तरिकाले सहभागी गराउन सकिन्छ :

१. संविधानले युद्ध र शान्तिको घोषणाको अधिकार संसदलाई दिन सक्छ । कार्यान्वयनको क्रममा आजकल यो आवश्यकता बढी काल्पनिक सावित हुन सक्छ किनकि युद्ध विना कुनै चेतावनी सुरु हुन सक्छ र घटनाक्रमले नै संसदलाई निर्णयमा पुग्ने योग्यतालाई बन्देज लगाउन सक्छ ।

२. संविधानले युद्ध वा शान्तिको कुनै पनि कार्यमा संलग्न हुनुपूर्व संसदबाट सिधै अधिकार प्राप्त गर्न कार्यपालिकाको आवश्यकताको माग गर्न सक्छ । यस्तो व्यवस्थाले युद्धको ठोस कार्यमा संलग्न हुनु अगाडि अथवा अझ विस्तृत सैन्य हस्तक्षेप गर्नु अगाडि संसदलाई छलफलको लागि मौका प्रदान गर्छ ।

३. संविधानले युद्धमा संलग्न हुन कार्यपालिकाले संसदबाट पूर्व स्वीकृति लिनु नपर्ने तर संसदलाई कार्यपालिकाको निर्णयबारे जानकारी गराइनुपर्ने व्यवस्था गरेको हुनसक्छ । धेरैजस्तो संविधानमा संसदलाई जानकारी गराइनुपर्ने व्यवस्था गरिएको हुन्छ ।

## संकटकालीन अवस्था

संकटकाल वा अन्य राष्ट्रिय संकटहरू विभिन्न अवस्थामा हुने गर्छन् । संविधान र कानुनी प्रावधानले कतिबेला संकटकालको घोषणा गर्न सकिन्छ भन्नेबारे सैवैधानिक सुव्यवस्था वा सार्वजनिक सुव्यवस्थामा खलल पर्ने गरी सशस्त्र क्रियाकलाप भएको अवस्थादेखि प्राकृतिक प्रकोप, महामारी र अन्य राष्ट्रिय आर्थिक संकट सम्मका केही यस्ता अवस्थाहरूको पूर्व निक्यौंल गरेको हुन्छ ।

संकटकालको घोषणा यस्ता असामान्य परिस्थितिमा मात्र गर्न सकिन्छ र यसले केही प्रमुख सिद्धान्तको अनुशरण गरेको हुनुपर्छ ताकि लोकतान्त्रिक सिद्धान्तहरूमा खतरा नपुगोस् । यस्ता असामान्य अवस्थाहरूको व्याख्या प्रत्येक संवैधानिक र कानुनी व्यवस्थामा





निर्भर गर्छ । संविधान र कानुनले कार्यपालिकालाई दलको राजनीतिक लक्ष पूरा गर्न संकटकालको घोषणा गर्नबाट रोक्नुपर्छ । यसबाहेक संविधान र सम्बन्धित कानुनहरूले सैन्य कु संवैधानिक रुपमौ अवैधानिक भएको किटान गर्नुपर्छ ।

बक्स नं. ४१

### संकटकालीन अवस्थाः उद्देश्य र सिद्धान्त

सबै कानुनी व्यवस्थाले संकटकालको अवस्थामा अगाडि बढ्न विशेष व्यवस्था गरेको हुन्छ । यद्यपि, यस्तो संकटको अवस्थामा अगाडि बढ्नकै लागि निलम्बन गरिएका वा घटबढ गरिएका अधिकारहरूरूअस्थायी प्रकृतिका मात्र हुनुपर्छ र यसको उद्देश्य सामान्य व्यवस्थाको पुर्नस्थापना र मौलिक अधिकारको संरक्षण मात्र हुनुपर्छ ।

अन्तर्राष्ट्रिय सिद्धान्त

संकटकालीन वस्थलाई लिएर देखिएका अर्न्तराष्ट्रिय सिद्धान्तहरूलाई यसप्रकार संक्षेपीकरण गर्न सकिन्छ :

वैधानिकताको सिद्धान्त, जसले एकातिर संकटकालको अवस्था र त्यसको लागि अवलम्बन गरिएका उपाय बीचको र अर्कातिर संकटकालको घोषणा र आन्तरिक विधानसँगको सामन्जस्यतासँग चासो राख्छ । यो सिद्धान्तले आन्तरिक कानुनले अन्तर्राष्ट्रिय कानुन स्वीकार गर्छ भन्नेमा पनि सुनिश्चितता खोज्छ ।

घोषणाको सिद्धान्त, जसले संकटकालको घोषणा सार्वजनिक रूपमा गरिनुपर्ने आवश्यकताप्रति लक्षित गर्छ ।

सञ्चारको सिद्धान्त, जसले संकटकालको अवस्थामा अन्य राष्ट्रहरूका पक्षँहरूलाई सम्बन्धित सन्धिहरूबारे, सन्धिहरू स्थगित गरेर र संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदनमार्फत् संकटकालको अवधिमा मानवअधिकारको अवस्थाबारे जानकारी दिनुपर्छ ।

अस्थायीत्वको सिद्धान्त, जसले संकटकालको घोषणाको विशेष प्रकृतिप्रति लक्षित गर्छ र यसको समयसीमा तोक्नैपर्ने जनाउँछ ।

विशेष अवस्थाको खतराको सिद्धान्त, जसले संकटले यथार्थ, वर्तमान र कम्तिमा समुदायमाथि हुनसक्ने खतराको यथार्थ चित्रण गर्नुपर्ने आवश्यकता जनाउँछ ।

अनुरूपताको सिद्धान्त, जसले संकटको गम्भीरता र त्यसलाई समाधान गर्न चालिएको कदममा अनरूपता हुनुपर्ने आवश्यकताप्रति लक्षित गर्छ ।

अदृश्यताको सिद्धान्त जसले घटबढ गर्न नसकिने निश्चित मौलिक अधिकारहरूसँग सम्बन्ध राख्छ ।

मानवअधिकारको संरक्षकको रूपमा रहेको संसदको लागि यो विशेष आवश्यक छ कि सिधै विगटन वा व्यवस्थापकीय शक्तिमा वा कार्यपालिकाको शक्तिमाथि निगरानी राख्नसक्ने अधिकारको तीव्र कटौति गरेको परिणामस्वरूप संकटकालको घोषणाको पहिलो शिकार बन्नु हुँदैन । संसदले संकटकालको घोषणा र अन्त्य दुबैमा भूमिका खेल्न सक्षम हुनु अत्यावश्यक छ ।

संकटकालको वैधानिक प्रकृति

संकटकालको वैधानिक प्रकृति यस्तो हुनुपर्छ कि यसमा संलग्न कार्यहरू जस्तै घोषणा, त्यसको कार्यान्वयन आदि र संकटकालको लागू भएको अवस्थामा अपनाइएका उपायहरू जस्तै केही अधिकारहरूमा बन्देज अथवा निलम्बन आदि विधिको शासन चलाउने सिद्धान्तको घेराभित्र पर्नुपर्छ र यसरी नियन्त्रणका विषय पनि हुन् ।

संसदको सञ्चालन

राज्यमा विभिन्न शक्तिबीचको स्वतन्त्रता र सन्तुलनको सिद्धान्तलाई विधिको शासनका अंगका रूपमा हेरिन्छ । त्यसैले संसारभरका वैधानिक व्यवस्थाहरूले संसदलाई या त संकटकालको घोषणामा वा कार्यपालिकाले घोषणा गरिसकेपछि यसको कार्यान्वयनमा क्रियाशील भएर संलग्न हुने मौका प्रदान गर्छ । यसको उद्देश्य यस्तो गम्भिर अवस्थामा चालिने कदमको सम्पूर्ण शक्ति कार्यपालिकालाई मात्र दिनबाट रोक्नु हो ।

संकटकालसम्बन्धी वैधानिक व्यवस्थाहरूको श्रेणी

संकटकालको अवस्थालाई चलाउने प्रावधानहरूलाई सैवैधानिक उपायको श्रेणीमा राख्न आवश्यक भएका अनुभवहरूले देखाएका छन् । प्रायः व्यवस्थापिकाहरूले यसको स्पष्ट व्यवस्था गरेका हुन्छन् यद्यपि अरूले "संकटकाल भएकै आधारमा कुनै पनि शक्तिले व्यवस्थापकीय कार्यभार ग्रहण गर्न नसक्ने" भन्दै घुमाउरो पारामा यसलाई हटाउने गरेका छन् ।

*मानवअधिकार र विशेष अवस्थाबारे संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक एल डेस्पोयुद्वारा अन्तर व्यवस्थापिका संघ (आइपीयु) सिम्पोजियम अन पार्लियामेन्ट, गार्जियन अफ ह्युमन राइट्स्, बुढापेस्ट १९९३ का लागि प्रस्तुत प्रतिवेदनका अंशहरू*





## दिर्घकालिन र वास्तविक (डीफ्याक्टो) विशेष अवस्थामा राज्य

संसदले केही वर्षमा अथवा दशकपछि पनि नवीकरण गरिरहने केही दीर्घकालीन संकटकालले सुरक्षा अंगमाथिको जनताको सर्वोच्चता नै खतरामा पर्ने अवस्था ल्याउन सक्छ भने यस्ता सुरक्षा संयन्त्रहरूले लोकतन्त्र नै खतरामा पर्ने गरी दण्डहीनताको अवस्थाको फाइदा उठाउन सक्छन् । यसले संसदलाई कमजोर र फितलो अवस्थामा पुऱ्याउँछ । केही राष्ट्रहरूमा कायम यस्तो अनियन्त्रित र वास्तविक (डीफ्याक्टो) विशेष अवस्थाहरूले सबै वास्तविक क्रियाकलापमा बढी शक्ति उपभोग गरिरहेको सुरक्षा संयन्त्रमाथिको संसदीय शक्तिलाई सिधै खतरा पुऱ्याएको देखाएको छ ।

## सांसदका रुपमा तपाईंले गर्न सक्नु हुनेछ

विशेष अवस्थामा संसद

- विभिन्न खालका विशेष अवस्थालाई संविधान र कानुनमा व्याख्या गरे/नगरेको बारे स्पष्ट हुनुपर्छ
- संसदीय छलफल र नविकरणको लागि मतदान नभएको खण्डमा यस्तो संकटकाल तीन वा छ महिनाभित्रमा आफैं खारेज हुनुपर्छ
- राष्ट्रिय व्यवस्थामा संकटकाललाई लिएर वैधानिकता, घोषणा, सञ्चार, अस्थायित्व, विशेष खतरा, अनुरूपताका अन्तराष्ट्रिय सिद्धान्त चित्तबुझ्दो रूपमा समेटिए नसमेटिएको हेर्नुपर्छ ।
- मानवीय कानुन, संवैधानिक प्रत्याभूति र लागू हुन सक्ने मानवअधिकारको सम्मान भए/नभएको बारे स्पष्ट हुनुपर्छ
- संकटकाल लागू गर्न र हटाउन व्यवस्थापिका र कार्यपालिकाको शक्तिलाई संविधानमा स्पष्ट र विस्तृत रूपले व्याख्या गरे/नगरेको बारे थप स्पष्ट हुनुपर्छ ।

संकटकालमा संसद

भएका विशेष अवस्थाहरूले सुरक्षा र अपरिहार्य मानव अधिकारका पक्षलाई लिएर संसदले कार्यपालिकाको काममाथि निगरानी गर्न सक्ने अधिकारमा बन्देज नलगाउने कुरामा ढुक्क हुनुपर्छ ।

**अध्याय - १९**

# आन्तरिक सुरक्षाको संरक्षण

आन्तरिक अथवा सार्वजनिक सुरक्षा र सार्वजनिक सुव्यवस्था सार्वजनिक हितका लागि प्रमुख हुन् । यी विना भेदभाव, राष्ट्रिय भूमिमा वसोवास गरिरहेका, बसाइँ सराइ गरेर आएका वा विदेशीहरू जस्ता सर्वसाधारणका लागि लक्षित हुन्छन् । यसलाई राजनीतिक नेताहरू वा शक्तिको भइपरिआउने उद्देश्यका लागि सुरक्षा क्षेत्रकै स्वार्थ पूर्तिका लागि प्रयोग गरिनु हुँदैन ।

## यस्ता व्यवस्थाहरूको सामान्य आधार र विशेषताहरू

सबै कानुनी व्यवस्थामा संकटकालनै घोषणा गर्नु पर्ने अवस्था आइनसकेको तर आन्तरिक सुरक्षा र सार्वजनिक शान्ति सुव्यवस्थालाई भने खतरा पुग्नसक्ने वा खतराको संकेत पाएको अवस्थालाई संवोधन गर्न केही प्रकारका व्यवस्था हुन्छन् ।

यस्ता व्यवस्थाले प्रायः कार्यपालिकालाई विशेष शक्ति प्रदान गर्छ र अन्य अधिकार संरक्षणका लागि केही अधिकार निलम्बन गर्ने वा सामयिक बन्देज लगाउसक्ने व्यवस्था गर्छ ।

साधारणतया वन्देज लगाइने वा निलम्बन गरिने अधिकारहरूमा सूचनाको हक, सार्वजनिक प्रदर्शन गर्न पाउने हक, स्वतन्त्रताको हक र शरण लिन पाउने अधिकार आदि पर्छन् । अन्तर्राष्ट्रिय कानुनले बाँच्न पाउने स्वतन्त्रता, कुनै पनि किसिमको शारीरिक यातना वा सजाय दिन नपाइने अथवा तल्लो स्तरको वा अमानवीय व्यवहारबाट बच्न सक्ने अधिकारको निलम्बनमा रोक लगाएको छ । विशेष निगरानीमा राखिनेहरूमा बसाइँ सरेकाहरू, पत्रकार, राजनीतिक कार्यकर्ता, मानवअधिकार रक्षकहरू, शरण खोज्नेहरू, शरणार्थीहरू साथसाथै धार्मिक र अल्पसंख्यक जातिहरू पर्छन् ।

## सम्बन्धित अन्तरनिहित खतराहरू

- कार्यपालिकाको परिस्थितिगत आवश्यकता बमोजिम हुने गरी विवेचनाको मौका प्रदान गर्ने गरी जोखिमको अवस्थाको फितलो व्याख्या;



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

- कार्यपालिका र यसकै माध्यमबाट सुरक्षासँग सम्बन्धित अन्य अंगलहरूलाई उपयुक्त रोकतोक र प्रशासनिक एवै न्यायिक अवरोध विना अत्याधिक र दीर्घकालीन शक्ति प्रदान;
- कहिलेकाहीँ निश्चित जनसंख्याको विभिन्न क्षेत्र, राजनीतिक नेतृत्व वा सुरक्षा क्षेत्रकै निहित स्वार्थ पूर्तिका लागि अथवा सर्वसाधारणको अधिकारमा बन्देज लगाउन वा क्रियाकलाप नियन्त्रण गर्न आन्तरिक सुरक्षाको संरक्षण र सार्वजनिक सुव्यवस्थाको दुरुपयोग हुने गर्छ;
- आन्तरिक कानुनको संरक्षक प्रहरी बलको सैनिकिकरणले वाह्य सुरक्षाको संरक्षक सेनाबीचको फरकलाई अस्पष्ट पार्छ । सुरक्षाबललाई आर्थिक स्रोतको कमी भएको खण्डमा यसले सुरक्षा अवस्थाको दुरुपयोग गरी दण्डहीनता सहितको भ्रष्टाचारलाई प्रश्रय पुग्नेमा विशेष खतरा हुन्छ । यसबाहेक प्रहरीबलको सैनिकिकरणले शक्तिमा भएकाहरूले आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्था कायम गर्न नभई विपक्षीलाई नियन्त्रण गर्न वा दबाउने माध्यमको रुपमा प्रहरी अझ कहिलेकाहीँ गुप्तचर सेवा र परसैनिक शक्तिलाई पनि प्रयोग गर्ने सम्भावना रहन्छ । यसबाहेक सार्वजनिक सुव्यवस्थलाई नियन्त्रणमा लिन पटक पटक सैन्य बल प्रयोगले गर्दा सेनालाई राजनीतिकरण तिर डोऱ्याउने संभावना हुन्छ ।
- संसदीय र न्यायपालिकाको कार्यमा रोक लागेमा यिनीहरू कार्यपालिकाको शक्तिलाई चुनौति दिन सक्ने अवस्थामा रहँदैनन् ।

बक्स नं. ४२

### सुरक्षा र लोकतन्त्र दुवैको संरक्षण

इतिहासदेखि नै र आज पनि धेरै विकासशील राष्ट्रहरूमा तानाशाह सरकारहरूले लोकतन्त्र सार्वजनिक सुव्यवस्था र व्यक्तिगत सुरक्षाको प्रतिकूल भएको तर्क गर्दै लोकतन्त्रका लागि चालिएका कदमहरूमा रोक लगाउने र उल्ट्याउने गरेका छन् । तर अभिलेखहरूले सत्य यो भन्दा उल्टो भएको देखाएका छन् : राज्यको सुरक्षा बलमाथि लोकतान्त्रिक नागरिक नियन्त्रण, व्यक्तिगत सुरक्षा विरूद्धमा नभई यसको लागि आवश्यक छ । त्यो नियन्त्रण विना व्यक्तिगत सुरक्षाको ग्यारेन्टि गर्ने भनिएकाहरू नै सबैभन्दा ठूलो खतरा बन्न सक्छन् ।

*स्रोतः मानव विकास प्रतिवेदन, २००२*

केही राष्ट्रहरूमा लोकतन्त्रको संरक्षणका लागि विशेष व्यवस्थाहरू अपनाइएका छन् । उदाहरणको लागि अर्जेन्टिनामा १९८४ कानुन नं २३.०७७ "लोकतन्त्रको संरक्षण"मा क्रिमिनल कोडलाई संसोधन गरेर लोकतान्त्रिक व्यवस्था विरुद्ध फौजदारी अपराध जस्तै लोकतन्त्रलाई खतरा पुग्ने अथवा संविधानको गरिमामा खलल पुग्ने काममा संलग्नलाई कारवाहीको व्यवस्था गरेको छ ।

## आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्थामा खतरा हुने आधारमा व्यक्तिलाई नियन्त्रणमा लिनु

सबै कानुनले आन्तरिक सुरक्षाको संरक्षण र सार्वजनिक सुव्यवस्थामा खतरा पुग्ने कार्यमा संलग्न रहेको आशंका भएका व्यक्तिलाई हिरासत लिन सकिने व्यवस्था गरेको हुन्छ । यस आधारमा, कम्तिमा २ प्रकारका व्यवस्था हुन्छन् :

- राष्ट्रिय सुरक्षामा खास खतरा पुग्ने अवस्थामा नियन्त्रणमा लिन सकिने कानुनः यस्तो नियन्त्रण न्यायपालिकाको आदेशमा हुने भए पनि विशेष परिस्थितिमा कार्यपालिकाले मात्र आदेश दिन सक्छ ।
- राष्ट्रिय सुरक्षामा खतरा पुग्नेमा कार्यपालिका आश्वस्त भएमा कुनै व्यक्तिलाई नियन्त्रणमा लिन सक्ने कानुन जसले त्यस्तो सम्भावित अवस्थामा राष्ट्रिय सुरक्षालाई नै खतरामा पारेर स्वनिर्णयद्वारा रोक्न कार्यपालिकालाई विशेष अधिकार दिन्छ

ब्रिटिस कमनवेल्थका कतिपय सदस्य राष्ट्रहरूमा माथि उल्लेखित दोस्रो प्रकारको विधान रहेको छ । यस्तो विधानमा कार्यपालिकालाई व्यवस्थापिका वा न्यायपालिकाको पूर्व स्वीकृतिविना नै कतिपय संवैधानिक हकहरू निलम्बन गर्न व्यापक शक्ति प्रयोग गर्ने अनुमति हुन्छ । एउटा प्रमुख मुद्दा भनेको कार्यपालिकाको राष्ट्रिय सुरक्षाप्रति खतराको संकेत गर्ने व्यक्तिलाई प्रशासनिक र नियन्त्रणमा लिनसक्ने सामर्थ्य हो । यस्ता व्यक्तिहरूलाई कार्यपालिकाको मातहतमा लामो वा छोटो समयसम्म अझ कतिपय अवस्थामा त पटक पटक नवीकरण गरेर वा अनिश्चितकालसम्म पनि नियन्त्रणमा राख्न सकिन्छ । तर केही विधानमा भने सुझाव दिनसक्ने प्रकृतिको पुनर्विचार गर्ने अंगको व्यवस्था गरिएको हुन्छ तर योसँग कार्यपालिकालाई सो व्यक्तिलाई नियन्त्रण मुक्त गर्न आदेश दिन सक्ने सम्मको अधिकार रहन्छ ।





धेरै देशहरूमा उपनिवेशको समयदेखिनै चलिआएका यस्ता विधानहरूबारे आजभोलि व्यापक विवाद हुने गरेको छ भने अझ यसले कार्यपालिका र सुरक्षा संयन्त्र विशेषगरी प्रहरीलाई दिने असामान्य शक्ति र त्यसले नागरिक र राजनीतिक अधिकारको उपभोगमा पुऱ्याउने असरलाई लिएर यस्तो व्यवस्थालाई चुनौती दिने गरिएको छ ।

बक्स नं. ४३

शक्तिको आधारको रूपमा जहाँ सरकार सुरक्षा संयन्त्रमाथि निर्भर हुन्छ, त्यहाँ जनता र छिमेकी राष्ट्रको असुरक्षाको मुख्य कारण सुरक्षा बल नै हुने गर्छ । गृह मन्त्रालयका सेना, संसदीय प्रहरी र गुप्तचर सेवालाई आन्तरिक राजनीतिक संघर्षमा सहभागी गराइन्छ, लोकतान्त्रिक नागरिक नियन्त्रणको सुधारका लागि चालिएका कदमहरू प्रायः खतरामा पर्छन् ।

*संयुक्त राष्ट्रसंघीय मानव विकास प्रतिवेदन, २००२, पृष्ठ ८७ र ९२*

## सांसदका रुपमा तपाईँले गर्न सक्नु हुनेछ

आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्था संरक्षण कानुन

- यो ध्यानमा राख्नुस् कि सुरक्षा र सार्वजनिक सुव्यवस्था जनताको लागि हो, कुनै दलको राजनीतिक उद्देश्य पूरा गर्न जनतालाई दबाउने वा वादविवाद गर्ने माध्यम होइन । प्रहरीको प्रयोग दमनको लागि नभएको र ज्यादा सैनिकीरण भए नभएकोमा सुनिश्चित गर्नुहोस्;
- कार्यपालिकालाई संसदप्रति जिम्मेवार बनाउनुहोस् र यसको शक्तिको स्पष्ट सीमा तोकिदिनुहोस्मू
- अत्याधिक शक्ति प्रयोग गरेको खण्डमा सुरक्षा क्षेत्र प्रशासनिक र न्यायिक बन्देजको घेराभित्र पर्ने व्यवस्था गर्नुहोस्;
- लोकतन्त्रको संरक्षणको लागि बनाइएका कानुन सजिलो वा लागू गर्न मिल्ने नमिल्ने बारे विवेचना गर्नुहोस् ।

संसदको निगरानी

- संसदले निरन्तर रूपमा आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्थाको विषयलाई लिएर सुरक्षा क्षेत्रमा विद्यमान कानुनको उपयोगिताबारे छलफल गर्ने कुरा सुनिश्चित गर्नुहोस्
- संसदीय समितिहरूले आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्थाबारे जानकारी राख्न र प्रभावकारी दृष्टिकोण लागू गर्न आफ्नो मातहतमा रहेका सबै स्रोत र माध्यम प्रयोग गरेका छन् भन्ने बारे पनि निश्चित हुनुहोस् । आवश्यक भएमा यस्ता स्रोत, माध्यम र ज्ञानको प्रवर्द्धनका लागि कदम चाल्नुहोस् ।
- आवश्यक र सम्भव भएसम्म, यस्ता विषयमा सार्वजनिक सुनुवाइको लागि प्रोत्साहन गर्नुहोस् ।
- आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्था र यसको नियन्त्रणका लागि चालिएका कदमले मानवअधिकारको उपभोग र मौलिक स्वतन्त्रतामा पारेको प्रभावबारे गैरसरकारी संघसंस्थासँग संस्थागत वा व्यक्तिगत तहमा छलफल गर्नुहोस् ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

अध्याय – २०

# आतंकवाद

*"आतंकवाद यस्तो एउटा खतरा हो जसबाट राज्यले आफ्ना जनताको सुरक्षा गर्नुपर्छ । यसको लागि राज्यसँग अधिकार मात्र नभई सुरक्षा दिनुपर्ने कर्तव्य हुन्छ । तर राज्यले आतंकवाद विरुद्ध चालेका कदमहरूले मानवअधिकार हननलाई ढाकछोप गर्ने वा पुष्टि गर्ने काम गरेको छैन भन्नेमा निश्चित हुनुपर्छ ।"*

*"आन्तरिक रुपमा यो खतरा रहन्छ कि सुरक्षाको उद्देश्यका लागि सार्वजनिक सुरक्षालाई कमजोर बनाउने र लोकतान्त्रिक सरकारको शक्तिलाई खियाउने गरी हामी महत्वपूर्ण स्वतन्त्रताहरूको बलिदान गर्छौं"*

आन्तरिक साथसाथै क्षेत्रीय र अन्तर्राष्ट्रिय सुरक्षाको लागि पनि आतंकवाद एउटा ठूला खतरा हो । विशेषगरी आतंकवादलाई सुनियोजित अपराधसँग जोडेर हेरिने भएकाले यसप्रतिको प्रतिक्रिया जटिल हुने गरेको छ । ती प्रतिक्रियाहरू प्रहरीको प्रयोग र समा नियन्त्रणदेखि गुप्तचर सेवासम्म, आर्थिक क्षेत्रदेखि आपराधिक कानुन र सूचना प्रविधिको क्षेत्रसम्म पनि विस्तार हुन्छन् ।

११ सेप्टेम्बर देखि धेरै राष्ट्रहरूले माथि उल्लेखित क्षेत्रमा कानुन लागू गर्नुपर्ने आवश्यकता महसूस गरेका छन् । यसबाहेक विशेषगरी गुप्तचर सूचना आदनप्रदान र सूचना प्रविधिको प्रयोगमा अन्तरदेशीय सहकार्य मजबुत पारिएको छ । तर यस्ता कदमहरू मानवअधिकारको उपभोग र नागरिक स्वतन्त्रतालाई असर पार्नसक्ने खतराबाट मुक्त छैनन् ।

आतंकवाद नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सहकार्यको आधारमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३७३ ले आर्थिक सम्पत्तिको नियन्त्रणमा विशेष जोड दिएको छ । यसैगरी आतंकारी वा आतंकवादी समूहको आन्तरिक र सीमापार आवतजावत नियन्त्रणका लागि सिमा नियन्त्रणमा, परिचयपत्र र ट्राभल डकुमेन्टको जाँचको आवश्यकता

औल्याएको छ। यसबाहेक सो प्रस्तावमा आतंकवादी समूहमा सदस्यहरूको भर्ती, हतियार र संवेदनशील वस्तुको आपूर्ति, रोकथामको उपाय प्रवर्द्धन गर्ने तरिका साथसाथै अन्तरदेशीय सहकार्यका लागि सुझावहरू प्रस्तुत गरिएको छ। यसले आतंकवादी क्रियाकलापलाई आर्थिक सहयोग, योजना, तयारी र बढावा दिने कार्यमा संलग्न लाई न्यायको कठघरामा ल्याउन आग्रह गर्छ। यस अतिरिक्त तिनीहरू विरुद्ध अन्य कुनै मापदण्डको स्थापना तथा यस्ता आतंकवादी क्रियाकलापलाई गम्भीर आपराधिक क्रियाकलापको रुपमा आन्तरिक नियम कानुन अर्न्तगत उचित तरिकाले दण्डित गर्न आग्रह गर्छ। यसले अन्तर्राष्ट्रिय र राष्ट्रिय नियम कानुन अर्न्तगत रही सूचनाको आदान प्रदान तथा आतंकवादी क्रियाकलाप नियन्त्रणका लागि प्रशासनिक र न्यायिक विषयवस्तुमा सहकार्यको आग्रह गर्छ। यो प्रस्तावले विज्ञहरूको सहयोगमा यसको कार्यान्वयनको सुपरिवेक्षण गर्न राष्ट्रसंघीय सुरक्षा परिषद्का सम्पूर्ण सदस्यहरू रहेको सुरक्षा परिषद् समिति स्थापना गरेको छ।

बक्स नं. ४४

### सेप्टेम्बर ११ को घटनाप्रति राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रतिक्रिया

सुरक्षा परिषद् (...)

३. सबै राष्ट्रहरूलाई निम्न कदम चाल्न आग्रह गर्छ :

- आतंकवादीहरू वा आतंककारी सञ्जालका कार्यहरू विरूद्ध, झूठा ट्राभल डकुमेन्टहरू, हतियार, विस्फोटक पदार्थ र संवेदनशील वस्तुहरूको नियन्त्रण, आतंकवादीहरूले प्रयोग गर्ने सञ्चारका प्रविधिहरू तथा आतंकवादी समूहहरूले आम नरसंहारमा प्रयोग गर्न सक्ने हतियारहरुद्वारा आउने खतरा विरूद्ध गरिएका कारवाहीको सूचना आदान प्रदानलाई गति दिने उपायहरूको खोजी गर्नु
- यसले अन्तर्राष्ट्रिय र राष्ट्रिय नियम कानुन अर्न्तगत रही सूचना आदनप्रदान तथा आतंकवादी क्रियाकलाप नियन्त्रणका लागि प्रशासनिक र न्यायिक विषयवस्तुमा सहकार्य गर्नु
- आतंकवादी हमला तथा यस्ता क्रियाकलापलाई बढावा दिने व्यक्तिहरूका विरूद्ध गरिएका कारवाहीमा द्विपक्षीय वा वहुपक्षीय समझदारीमा सहकार्य गर्नु





- ९ डिसेम्बर १९९९ को आतंकवाद दमनका लागि अन्तर्राष्ट्रिय महासन्धिसमेत गरी आतंकवादसँग सम्बन्धित अर्न्तराष्ट्रिय महासन्धि र सन्धिपत्रहरूको जतिसक्दो छिटो सदस्यता दिनु
- सहकार्य वृद्धि गर्नु र सुरक्षा परिषदका प्रस्तावहरू १२६९ .१९९९ र १३६८. २००१ र अन्य उचित आतंकवादसम्बन्धी उचित अन्तर्राष्ट्रिय महासन्धिहरू र सन्धिपत्रहरूलाई पूर्णरूपले कार्यान्वयन गर्नु
- शरणार्थीको दर्जा दिनु भन्दा अघि शरण खोज्नेले आतंकवादी क्रियाकलापमा भाग लिएको छ वा त्यसलाई सहज बनाएको छ वा योजना बनाएको छ वा छैन भनी जान्न मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड समेत गरी अन्य उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको आधारमा उचित कदम चाल्ने
- कुनै पनि आतंकवादी क्रियाकलापको सहजकर्ता वा सञ्चालक वा उत्प्रेरकले शरणार्थीको दर्जा दुरूपयोग गरेको छ वा छैन र राजनीतिक अभिप्रायलाई आधार मानेर आरोपित आतंकवादीलाई निष्कासन गर्न गरिएका आग्रहहरूको मानिएको छ वा छैन भन्ने कुराको अन्तर्राष्ट्रिय कानुन अनुसार निक्यौंल निकाल्न

९ डिसेम्बर १९९९मा संयुक्त राष्ट्रसंघको साधारण सभाले अवलम्बन गरेको आतंकवादको दमनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, यस महासन्धिमा हस्ताक्षर गर्ने सम्पूर्ण राष्ट्रहरूले आतंकवादी क्रियाकलापहरूमा आर्थिक सहयोग गर्ने कार्यमा लागेका व्यक्तिहरूलाई देश निकाला गर्ने र शंकास्पद आर्थिक कारोवारहरूको छानवीनका लागि उचित मापदण्ड अपनाउनुपर्ने व्यवस्था गरेको छ। २ अप्रिल २००२ सम्ममा १ सय ३२ राष्ट्रहरूले यस महासन्धिमा हस्ताक्षर गरिसकेका थिए र २६ राष्ट्रहरूले स्वीकृति प्रक्रियालाई पूरा गरिसकेका थिए र राज्य पक्ष बनेका सदस्य बनेका थिए। सन् २००२ मा यो महासन्धि पूर्णरुपमा लागू भयो।

## ९/११ को प्रभाव

विधायकहरूले सरकारले आतंकवादी आक्रमण नियन्त्रणमा दिन अवलम्बन गरेका उपायहरूले सन्तुलित रुपले मानवअधिकार र सुरक्षाको प्रत्याभूति गर्छ वा गर्दैन

भन्नेबारे सुपरिवेक्षण गर्नुपर्छ। विधायकहरूको दृष्टिकोणबाट आतंकवाद सम्बन्धी विषयहरूमा नियम कानुन सुरक्षा सम्बन्धी विस्तृत पहुँच र आतंकवाद विरोधी मापदण्डहरू र अन्तर्राष्ट्रिय मानवीय तथा मानवअधिकार कानुनहरूलाई सम्मान गर्ने गरी सुरक्षा र स्वतन्त्रताबीच सन्तुलनका प्राप्ति पर्छन्।

## आतंकवादको कानुनी व्याख्या

हालसम्म आतंकवादको अन्तर्राष्ट्रिय रुपमै मान्य साझा व्याख्या छैन। अन्तर्राष्ट्रिय समुदाय आतंकवादको साझा व्याख्यामा सहमत नभएसम्म आतंकवाद सधैं अमिल्दो दृष्टिकोणबाट व्याख्या गरिनेछ। अन्तर्राष्ट्रिय न्यायशास्त्रका अनुसार विदेशी कब्जाबाट राष्ट्रिय मुक्ति र स्वतन्त्रताका लागि गरिने संघर्षलाई कानुनी अधिकारको दर्जा दिइएको छ र यस्ता उद्देश्यलाई आतंकवादी क्रियाकलापको रुपमा हेर्न मिल्दैन। यसबाहेक अन्तर व्यवस्थापिका संघ (आइपीयु) समेत गरी अन्य अन्तर्राष्ट्रिय समुदायले आतंकवादलाई कुनै धर्म, राष्ट्रियता वा सभ्यतासँग जोडेर हेर्न वा पुष्टि गर्न नहुने जनाएका छन्। यसबाहेक आतंकवादी कार्यसँग सम्बन्धित आक्रमणहरू जस्तै निर्दोष सर्वसाधारण समेत पर्ने गरी गरिने विभेदरहित हिंसात्मक आक्रमणहरूका आधारमा आतंकवादको व्याख्या गरिन्छ।

आतंकवादी क्रियाकलापहरूलाई सर्वसाधारणप्रति विभेदरहित हिंसात्मक आक्रमण, मानवीय मूल्य मान्यताको वेवास्ता र प्रचारको ध्येयहले चित्रण गरेको हुन्छ। यसका लागि अपनाइने उपायहरूमा अपहरण, आम नरसंहार,कार बम, आत्मघाती हमला र उच्च पदस्थ व्यक्तिहरूको हत्या आदि पर्छन्। आतंकको अभियानलाई निरन्तरता दिन आर्थिक सहयोग, हात-हतियारको निरन्तर आपूर्ति र अन्तर्राष्ट्रिय सञ्जालको सहयोग आवश्यक पर्छ। तेस्रो राष्ट्रले आतंककारीहरूलाई सहयोग र लुक्ने स्थानको व्यवस्था गरिदिन्छ। तल बक्स नं ४५ मा विरोध गर्ने कानुनी अधिकारको संरक्षण र आतंकवाद विरुद्ध कदम चाल्नुपर्नेमा जोड दिंदै सन्तुलित पहुँचको लागि आवश्यक केही बुँदाहरू उल्लेख गरिएको छ। बुँदा ३७ ले आतंकवादी क्रियाकलाप रोक्नका लागि मात्र नभई सो देशमा आतंकवादीको नयाँ पुस्तालाई प्रश्रय दिने सामाजिक, आर्थिक र राजनीतिक वातावरण तयार हुन नदिन आतंकवाद विरोधी कदमहरू लक्षित हुनुपर्ने तर्फ संकेत गरेको छ।





बक्स नं. ४५

### आतंकवादविरूद्धको लडाईं

३४. (...) यो सम्मेलनले विदेशी कब्जाबाट राष्ट्रिय मुक्ति र स्वतन्त्रताका लागि गरिने संघर्षलाई कानुनी अधिकारको दर्जा दिएको छ र यस्ता उद्देश्यलाई आतंकवादी क्रियाकलापको रूपमा हेर्न नमिल्ने स्पष्ट पारेको छ । तर यो सम्मेलनले निर्दोष सर्वसाधारण पर्ने गरी गरिएका कुनै पनि विभेदरहित आक्रमण र आतंकवादको संगठित अवस्थालाई भने कुनै पनि कदमले पुष्टि गर्न नसक्नेमा जोड दिएको छ।

३७. यो सम्मेलनले आर्थिक तथा सामाजिक विकासका लागि बनाइएका संरचनात्मक मापदण्डद्वारा समर्थित आतंकवाद विरूद्धका सुरक्षाका मापदण्डमाथि र प्रतिनिधिमूलक लोकतन्त्रलाई बलियो बनाउनुमा जोड दिन्छ।

विभिन्न आतंकवादविरुद्धका कानुनहरू जस्तै अष्ट्रिया (पेनल कोडको मस्यौदा अनुच्छेद २७८ ख), जर्मनी (पेनल कोडको अनुच्छेद १२९क), क्यानाडा (बील ग-३६) मा यी पक्षहरू रहेका छन् :

- आतंकवादी क्रियाकलापको सीमित सूची, हत्या,बन्दी बनाउने कार्य, विमान अपहरण, आतंककारी बम हमला, आतंकवादी कार्यका लागि आर्थिक सहयोग आदिजस्ता कार्य, छुट वा चेतावनी। यी अपराधका सुचीहरूले विद्यमान कानुनमा अवैधानिक भनिएका अपराधहरूलाई जनाउँछन्। (जर्मनी,अष्ट्रिया र क्यानाडाका आतंकवाद विरुद्धका कानुन)
- आतंकवादी संगठनको नेतृत्व वा सहयोग (आर्थिक वा अन्य) गर्नुलाई पनि अवैधानिक मानिन्छ। (जर्मनी, अष्ट्रिया र क्यानाडा)
- आतंकवादी क्रियाकलापको कारण जुन राजनीतिक, बैचारिक वा धार्मिक पनि हुनसक्छ (क्यानाडा)
- सर्वसाधारणलाई जबर्जस्ती गर्ने, धम्की दिने अथवा सर्वसाधारण वा सरकारलाई निश्चित तवरमा काम गर्न जर्बजस्ती गर्ने वा निश्चित कार्य गर्न बन्देज लगाउने जस्ता आतंकवादी क्रियाकलापको उद्देश्य (क्यानाडा)
- हत्या गर्ने अथवा हिंसाद्धारा जनतालाई हानी पुऱ्याउने, कसैले जीवन खतरामा

पार्ने, अत्यावश्यक सार्वजनिक वा व्यक्तिगत सेवा वा संयन्त्रमा हानी पुऱ्याउने वा अवरोध गर्ने जस्ता आतंकवादी क्रियाकलापमा सिधा उद्देश्यहरू (क्यानाडा)

- लोकतन्त्रको स्थापना वा पुर्नस्थापनाको लागि, विधिको शासनको लागि अथवा मानवीय कानुनको सुरक्षाको लागि अगाडि बढाइएका कार्यहरू भने यो कानुन अर्न्तगत पर्दैनन् (अष्ट्रिया)। यस्तो कानुनी व्यवस्थाले वैधनिक विरोध प्रदर्शन र संघर्षलाई आपराधको दर्जामा राख्न दिँदैन
- आतंकवाद विरोधी कानुनका यी पक्षका आधारमा हेर्दा आतंकवादको साभ्का प्रकृति हिंसा र व्यक्ति वा संस्थालाई हानी पुऱ्याउनु हो। यसबाहेक कानुनले आतंकवादी कार्यको सूचीभित्र पर्नेलाई बन्देज लगाएको छ। यस्ता आतंकवादी क्रियाकलाप गर्नुमात्र गैरकानुनी नभई यसबाहेक आतंकवादी समूहसँग सम्बन्धित हुनु (सदस्य, समर्थक वा अगुवाको रुपमा) लाई पनि आतंकवादी कार्यको रुपमा लिइन्छ।

संसदीय दृष्टिकोणबाट हेर्दा, नयाँ आतंकवाद विरुद्धका कानुनमा आतंकवादको उपयुक्त व्याख्या भएको छ भन्नेमा निश्चित हुनु आवश्यक छ। एकातिर यो व्याख्या आतंकवादी समूहले गर्नसक्ने सबै संभावित कार्य नसमेटिने गरी धेरै साँघुरो हुनुहुँदैन। अर्कातिर आतंकवादको व्याख्या कानुनी र वैधानिक लोकतान्त्रिक विरोधलाई समेत अपराधको दर्जामा पर्ने खतरा हुनेगरी विस्तारित हुनुहुँदैन। यहाँ पहिलो प्रश्न भनेको लोकतान्त्रिक समाजमा कुन हदसम्मको हिंसा मान्य हुन्छ भन्ने हो। प्रत्येक समाजले हिंसाको वैधानिकताबारे आफ्नै मान्यता तयार पारेकाले पनि विभिन्न राष्ट्रका कानुन निर्माताहरूले यस प्रश्नको उत्तर भिन्न तरिकाले दिने गरेका छन्। यो प्रश्नबारे बिचार गर्दा हिंसाको लक्षको वैधानिकताबारे मनन गर्नुपर्ने हुन्छ। यदि हिंसालाई पुष्टि गर्न सकिन्छ भने यसको खतराको गम्भीरता र यसको लक्षसँग अनुरुपता हुनुपर्छ।

दोस्रो प्रश्न भनेको आतंकवाद विरुद्धका कदमहरू आतंकवादी खतरा अनुरुप हुनुपर्छ साथसाथै सम्बन्धित पनि हुनुपर्छ। हरेकले यो मनन गर्नुपर्छ कि आतंकवाद विरुद्धको कानुनको उद्देश्य भनेको प्रहरी र सुरक्षा सेवालाई आतंकवादमा संलग्नहरू विरुद्ध प्रभावकारी कदम चाल्न सहयोग गर्नु हो। यो अभिव्यक्ति र आबद्ध हुने स्वतन्त्रतामा बन्देज लगाउन प्रयोग गरिनु हुँदैन र यस्तो मनशायले प्रेरित हुनुहुँदैन र यसले कानुनी राजनीतिक विरोध र परिवर्तनलाई नियन्त्रणमा लिने दिशातिर डोऱ्याउनु हुँदैन।





## आतंकवाद विरूद्धका ३ कदम

समाज र यसका राज्य संस्थाहरूलाई आतंकारी आक्रमणबाट सुरक्षा दिन ३ प्रकारको कार्य गर्न सक्छ :

- **आतंकवाद विरुद्धका कदम** : जनता, सार्वजनिक जीवन, भवन र पूर्वाधारहरूलाई खतरामुक्त बनाउने
- **आतंकवाद प्रत्याक्रमणका कदम** : आतंककारीको पहिचान गरी तिनीहरूलाई रोक्ने र हमला गर्न नदिने
- **संकट व्यवस्थापन** : आतंकवादी आक्रमणपछिको अवस्थाको समाधान र सामान्यीकरण गर्ने

विश्लेषणहरूले आतंकवाद विरुद्धका क्रियाकलाप यी पक्षसँग सम्बन्धित भएको देखाएका छन् :

१. राष्ट्रिय कानुन, समन्वय,कोष बाँडफाँड
२. आन्तरिक सुरक्षा
३. विदेशी
४. आवतजावत र सीमा नियन्त्रण
५. अर्थ
६. अर्न्तर्राष्ट्रिय सहकार्य
७. आणविक, जैविक र रासायनिक खतरा

संभावित आतंकवाद विरुद्धका कदमका लागि यो पूर्ण सूचीलाई क्याटलगको रुपमा लिनुपर्छ।

<u>राष्ट्रिय कानुन, समन्वय र बजेट</u>

- विशेष आतंकवाद विरुद्धका कानुन अपनाउनु वा भइरहेको विधानलाई अनुकूल बनाउनु
- संगठन जस्तै प्रहरी, सीमा नियन्त्रण, राष्ट्रिय वायुसेवा, राष्ट्रिय स्वास्थ्य, हुलाक र सेनालाई अतिरिक्त कोषको व्यवस्था
- आन्तरिक सुरक्षा संयन्त्रबीच सूचना आदान प्रदानमा वृद्धि

- सुरक्षा सेवा (प्रहरी, सेना, गुप्तचर सेवा, सीमा सुरक्षाकर्मी)सँग सम्बन्धित नीतिहरू स्थानीय, प्रान्तीय वा राष्ट्रिय तहमा मिलाउन र समन्वय गर्न दिर्घकालीन कर्मचारी वा समन्वय केन्द्रको स्थापना
- गुप्तचर र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई भन्सार र कर कार्यालयको सूचना अभिलेखमा पहुँच दिनु

आन्तरिक सुरक्षा

- इन्टरनेट, टेलिफोन वा फ्याक्स सञ्चारमा अदालत जस्ता सम्बन्धित संस्थालाई जानकारी नदिई जासुसी गर्नु
- टेलिकम्यूनिकेसन उपलब्धकर्ताहरूले कानुन कायान्वर्यन निकायको पहुँचलाई सहजताका लागि आफ्ना ग्राहकसँग सम्बन्धित आवतजावत तथ्यांकहरू कायम राख्नु (जस्तै १ वर्ष)
- शंकास्पद व्यक्तिलाई सुचना नदिई ब्यांक, इन्टरनेट प्रदायकहरू र क्रेडिट व्यूरोबाट विद्युतीय तथ्यांक प्राप्त गर्नु
- धेरै डाटाबेसहरूलाई नागरिक जानकारीसँग जोडेर अझ प्रभावकारी कम्प्यूटरकृत खोजको विकास गर्नु
- प्रहरीको तथ्यांक प्रशोधन प्रणााली (डाटा प्रोसेसिङ्ग सिस्टम)का व्यक्तिगत फाइलहरू प्रयोग गर्न अन्य गैर प्रहरी अधिकारीहरूलाई अनुमति दिनु
- थप जानकारी प्राप्त गर्न व्यक्तिलाई लामो समयसम्म बन्दी बनाउनु
- नेशनल ट्र्याकिङ्ग सिस्टमको स्थापना गर्नु जस्तै परिचय पत्रको व्यवस्था

गैर नागरिक (बसाईं सरेकाहरू, शरण खोज्नेहरू र विदेशी)

- विदेशी/गैर नागरिकसँग सम्बन्धित डाटाबेसमा सुरक्षाकर्मीलाई पहुँच दिनु
- निश्चित जातिसँग सम्बन्धित व्यक्तिलाई निशाना बनाउनु
- शरण खोज्ने व्यक्ति आतंकवादी क्रियाकलापमा संलग्न भएको आशंका भएमा न्यायिक पुनरावलोकनको पहुँच हटाउनु
- सम्बन्धित पक्षले कुनै व्यक्ति राष्ट्रिय सुरक्षाको लागि खतरा भएको प्रमाणित गरेमा शरण खोज्नेको दावीलाई अस्वीकार गर्नु





- बसाईंसराइ र शरणको मामलामा लिइएको फिंगरप्रिन्टहरूलाई कायम राख्नु (१० वर्ष सम्मका लागि)
- आतंककारी खतरा पुऱ्याउन सक्ने तर देशबाट हटाउन नमिल्नेहरूलाई हिरासतमा राख्नु
- भिसा प्रणालीका क्रममा परिचय जाँचलाई बझाउनु र भिसा आवेदक र शरण खोज्नहरूको राजनीतिक पृष्ठभूमिको जाँचलाई तव्र बनाउनु

आवतजावत र सीमा नियन्त्रण

- सीमा नियन्त्रणलाई कडा पार्ने
- सर्वसाधारण चढ्ने विमान टोलीलाई सशस्त्र बनाउनु
- बुलेट प्रुफ ककपिट ढोकाहरू राख्नु
- विमानस्थलमा सबै लगेजहरूको शत प्रतिशत जाँचको व्यवस्था
- परिचयपत्र र पासपोर्टमा बायोमेट्रिक गुण थप गर्नु
- बढी जोखिममा रहेका प्रवेश बिन्दुहहरू जस्तै तट, सुरु र विमानस्थलमा पटकपटक र विस्तृत जाँचको व्यवस्था गर्नु
- प्रवेश बिन्दुमा विवरण राख्नु

अर्थ

- आर्थिक कारोवारको रेखदेख गर्नु
- ब्यांक र बित्तीय संस्थाहरूमा आर्थिक ठगी रोक्न पर्यवेक्षणमा वृद्धि गर्नु र आतंककारी क्रियाकलपासँग सम्बन्धित भएको आरोप लागेका ब्यांक खाताहरू रोक्का गर्नु
- ब्यांकहरूले उसका सबै लेखा र सुरक्षासम्बन्धी जानकारी केन्द्रीय डाटाबेस (ब्यांक अकाउन्ट इन्फरमेसन एक्सचेन्ज)लाई दिनुपर्ने व्यवस्था गर्दै यदि ब्यांकले कारोबार आतंककारी प्रयोजनका लागि प्रयोग भएको थाहा पाएमा वा शंका लागेमा त्यसबारे जानकारी नदिए त्यसलाई अपराधको रुपमा मान्नु
- आर्थिक गुप्तचर अंग (अर्थ मन्त्रालयमा) निर्माण गर्नु वा अझ प्रभावकारी बनाउनु

अन्तर्राष्ट्रिय सहकार्य

- अन्तर्राष्ट्रिय सहकार्यमा वृद्धि उदाहरणको लागि युरोपेली गिरफ्तार पूर्जी (युरोपीयन एरेस्ट वारेन्ट) अथवा छिटोछरितो पर्त्यपण (फास्ट ट्र्याक एक्सट्र्याडिसन)
- आतंकवाद विरुद्धका मुद्दाहरूलाई लिएर अन्तर्राष्ट्रिय सहमतिहरू राष्ट्रिय कानुनमा संलग्न गर्नु
- अन्तर्राष्ट्रिय सुरक्षा सहायता बल (आइएसएएफ) को अंगको रुपमा अफगानिस्तानमा सेना तैनाथ गर्नु
- आतंकवादसँग सम्बन्धित राष्ट्रसंघीय मान्यतामा हस्ताक्षर र लागु गर्नु
- अन्तर्राष्ट्रिय स्तरमै भातृ सुरक्षा संगठनबीच सूचना आदन प्रदान गर्नु
- आतंकवादलाई आश्रय वा आधार दिने देशहरूमा विकास सहयोग प्रदान गरेर आतंकवादको मूल जडलाई संवोधन गर्नु

आणविक, जैविक र रासायनिक खतरा

- आणविक, जैविक, रासायनिक र रेडियोधर्मी युद्धको स्थापना गर्नु वा भइरहेकालाई थप प्रभावकारी बनाउनु र यसमा भइरहेका प्रयास जस्तै विभिन्न भ्याक्सिनको उत्पादन, भण्डारणबीच समन्वय गर्नु
- औषधिको यथेष्ट आपूर्तिको सुनिश्चितता सहित स्वास्थ्य अधिकारीहरूको तयारीमा वृद्धि गर्नु
- आणविक सुविधाको बचाउलाई प्रभावकारी बनाउनु (जस्तै तल उड्ने साना विमानहरू पत्ता लगाउन राडार उपकरणहरू जडान गर्नु)

## मानवअधिकार र सुरक्षाबीच सही सन्तुलन

विभिन्न देशमा अबलम्बन गरिएका यस्ता कदमहरू अस्थायी नभई लामो समयसम्म प्रभावकारी रहने देखिन्छन् । त्यसैले आतंकवाद विरुद्धका कदमहरू विशेष कदम नभई सामान्य जीवन र समाजकै अंगहरू हुन् । यस्ता कदमहरूले नागरिक अधिकार जस्तै अभिव्यक्तिको स्वतन्त्रता, आबद्ध हुने स्वतन्त्रता र गोप्यताको अधिकारलाई नै प्रभाव पारेका खण्डमा यो अझ महत्वपूर्ण हुन जान्छ । यस्ता आतंकवाद विरुद्धका कदमको





दीर्घकालीन प्रकृतिलाई ध्यानमा राख्दा देशमा संकटकालको अवस्था वा विशेष अवस्था उचित हुँदैन ।

यस अतिरिक्त आतंकवाद विरुद्धका कदमहरूले कानुन कार्यान्वयन र जासुसीबीचको परम्परागत कार्य विभाजनलाई धमिलो पारिदिन्छ । कानुन कार्यान्वयन गर्ने संस्था जस्तै प्रहरी र गुप्तचर संस्थाका प्रयोजन भिन्न-भिन्न हुन्छन् । गुप्तचर सेवाले सम्भावित खतराबारे सम्बन्धित जानकारी प्राप्त गर्ने काम गर्छ भने प्रहरीको भूमिका भनेको शान्ति सुव्यवस्था कायम गर्नु हो । सामान्यतया गुप्तचर संस्थाले शंकास्पदहरूलाई रोक्ने वा गिरफ्तार गर्दैन भने प्रहरीले अपराध गरेको हो भन्ने विश्वासिलो प्रमाण नभएसम्म नियन्त्रण गर्ने उपायहरूको लागि जासुसी काम गर्दैन । लोकतान्त्रिक कार्यशैलीमा हेर्ने हो भने गुप्तचर संस्थालाई आफ्नै नागरिक विरुद्ध जासुसी गर्न प्रयोग गर्नु हुँदैन । आतंकवाद विरुद्धको लडाईको आवस्यकताले धेरै देशहरूले आन्तरिक आपराधिक अनुसन्धानलाई जासुसीको प्रयोग गर्न सकिने सीमालाई घटाउने भएकाले पनि कार्यविभाजनमा अझ कठिनाइ बढ्ने गरेको छ ।

तेस्रो समस्या भनेको सुरक्षा संयन्त्रलाई नागरिकलाई कुनै पनि निगरानी राख्ने संस्था जस्तै अदालतलाई सूचना नदिई निगरानीमा राख्ने अनुमति दिइएको हुन्छ । यसमा नागरिक अधिकारको गम्भीर हनन्को खतरा हुनसक्छ । यसरी जानकारी नगराइएकाले नागरिक, अम्बुड्सम्यान र गैरसरकारी संस्थालाई सो कार्यका लागि सरकार र यसका अंगलाई जिम्मेवार ठह्याउन कठिन हुन्छ ।

चौथोमा बसाईंसराई गरेकाहरू, शरण खोज्नेहरू र विदेशीहरू आतंकवाद विरुद्धका कदमहरूको निशाना बन्नसक्ने संभावना हुन्छ । यस्ता कदमहरूले समाजमा विभिन्न जातजातिबीच तनाव वृद्धि हुने र सबैलाई समान व्यवहार गर्नुपर्ने कानुनी मान्यताको क्षय हुने खतरा हुन्छ ।

आतंकवाद विरुद्ध लड्न यस्ता कदमहरू आवश्यक भए पनि संसदले यी अन्तर्राष्ट्रिय मानवीय र मानव अधिकार सम्बन्धी कानुन र सिद्धान्तसँग अनुकूल छ भन्ने निश्चित गर्नुपर्छ । निरपेक्ष सुरक्षाको लागि गरिने प्रयास काल्पनिक हुने मात्र नभई अन्तर्राष्ट्रिय र राष्ट्रिय कर्तव्यप्रति सो राज्यले गर्ने सम्मान पनि खतरामा पर्न सक्छ । यसबाहेक यो निरंकुश अधिकारसँग सँगै जाने भएकाले लोकतन्त्रकै मान्यता विपरित हुन्छ । यसैकारण

सबै कानुनी व्यवस्थाले कार्यपालिकालाई दिने विशेष अधिकारको सीमा तोकेका हुन्छन् । आतंकवादविरुद्धको हालको युद्धको परिप्रेक्षमा स्वतन्त्रता र सुरक्षाबीचको तनावले संसदलाई गम्भीर चुनौती दिन सक्छ । तर यो अत्यावश्यक छ कि स्वतन्त्रता र सुरक्षाबीचको सन्तुलन कार्यपालिकाको मात्र एकल जिम्मेवारी हुनुहुँदैन र जनताको अधिकारको प्रतिनिधित्व गर्ने र प्रत्याभूति दिने संसदले यसमाथि नजिकैबाट निगरानी राख्नुपर्छ ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

आतंकवाद विरूद्ध लड्न

- आतंकवाद विरूद्ध लड्न संरक्षण र सुरक्षामा मात्र केन्द्रित नभई आन्तरिक द्वन्द्व जस्ता यसका मूलकारणहरूलाई पनि संबोधन गर्ने विस्तृत उपाय उपनाउनुहोस् । आतंकवाद नियन्त्रणको लागि क्षेत्रीय द्वन्द्वहरूलाई शान्तिपूर्ण उपायबाट समाधान गर्दै अन्तरसांस्कृतिक छलफल र बुझाइ सबैभन्दा महत्वपूर्ण हुने तथ्यलाई मनन गर्नुहोस् ।
- केही क्षेत्रीय द्वन्द्वका मूल कारणहरू जातीय हिसाबमा व्याख्या गर्न सकिने अल्पसंख्यक-बहुसंख्यक बिचको मनमुटाव वा धार्मिक असमझदरीको घेरासँग सम्बन्धित भएको पाइन्छ । यस्ता विवादहरूमा सशस्त्र सेवाको प्रयोग वा दुरूपयोग हुनसक्छ । अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्ने विधायकहरू सुरक्षा र गुप्तचर र न्यायिक क्रियाकलापसँग सम्बन्धित समितिको सदस्य हुनुपर्छ । अल्पसंख्यकहरूको सुरक्षाको लागि संसदले विशेष समिति बनाउनुपर्छ ।
- आफ्नो राज्य ९ डिसेम्बर १९९९ को आतंककारीको लगानीमाथि दमन गर्ने अन्तर्राष्ट्रिय महासन्धि र अन्य आतंकवादसँग सम्बन्धित अर्न्तराष्ट्रिय मान्यता र सन्धिपत्रको सदस्य भए नभएको निश्चय गर्नुस् । सही भएमा यस्ता माध्यमहरूको कार्यान्वियन र समर्थन र सम्बन्धित कानुन र नीतिहरूको अवलम्बनका लागि कदम चाल्नुहोस् ।
- संयुक्त राष्ट्रसंघीय साधारण सभाको आणविक आतंकवाद नियन्त्रण सम्मेलन र आतंकवाद उम्मुलनसम्बन्धी व्यापक सम्मेलन





- राष्ट्रिय ऐक्यबद्धताको अभिव्यक्तिको रूपमा आतंककारी गतिविधिको शिकार भएकाहरूलाई क्षतिपूर्ति दिने कानुनी व्यवस्था अबलम्बनको लागि काम गर्नुहोस्
- आतंक विरूद्धका कानुनहरूले सुरक्षा आवश्यकता र नागरिक र राजनीतिक अधिकारको उपभोगबीचमा सन्तुलन कायम गरे/नगरेको, ती कानुनहरूले सबै सम्बन्धित क्षेत्रमा पार्ने संभावित असर र कार्यान्वियनको लागि लाग्ने खर्च निश्चय गर्नुहोस् ।

यसका लागि अध्याय १८ को विशेष अवस्था र अध्याय १९ को आन्तरिक सुरक्षा र सार्वजनिक सुव्यवस्थाका लागि दिइएको सुझाव हेर्नुहोस् ।

**अध्याय – २१**

# सुरक्षा र सुचना प्रविधिः नयाँ साधनहरु र चुनौतीहरु

नयाँ सुचना प्रविधिहरूको आगमनले सुरक्षालाई प्रवर्द्धन गर्न सहयोग गरेको छ भने एकैपटक गम्भीर नयाँ खतराहरूलाई पनि जन्म दिएको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३७३ (२००१) *बक्स नं ४४ हेनुहोस्*- अगाडिकै अध्यायमा इंगित गरे अनुसार- अन्तर्राष्ट्रिय आतंकवादसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय शान्तिमा खतरा पुऱ्याउने गरी सूचना प्रविधिको दोहोरो प्रयोग हुन सक्नेमा अन्तर्राष्ट्रिय समुदायको सचेतताको स्पष्ट प्रमाण दिएको छ ।

विगतका केही दशकदेखि विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले सूचना प्रविधिको अपराध र अन्तर्राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउन सक्ने क्रियाकलापमा हुने प्रयोगलाई नियन्त्रण गर्न साथसाथै राज्यलाई मानवअधिकार र स्वतन्त्रतालाई खतरा पुग्ने गरी त्यस्ता प्रविधि प्रयोग नगर्न मार्गदर्शन गर्दै आएका छन् ।

विधायकहरूलाई कानुन निर्माण गर्ने क्रममा यी चुनौतिहरूको समना गर्न तलका बुँदा चासोका विषय हुन सक्छन् :

## साइबर अपराध

इन्टरनेटमा हुने अपराधमा के लाई मान्ने भन्ने व्याख्याको अझै विकास हुँदैछ यद्यपि यो शब्दले पटक पटक घटने ह्याकरहरू र कम्प्यूटर भाइरस सम्मिलित घटना सहित सूचना प्रविधि क्षेत्रमा हुने विस्तृत अपराध र दुर्व्यवहारलाई जनाउँछ । पछिल्लो केही वर्षमा यो क्षेत्रमा ह्वात्तै चासो बढेको पाइए पनि कम्प्युटर अपराधको घटना नौलो होइन र सुरुका दिनदेखि नै लगातार घट्दै आएका केही साझा घटनाहरू छन् । अहिलेको फरक अवस्था भनेको इन्टरनेटको लोकप्रियताले सम्भावित आक्रमणकारीलाई उपलब्ध दायरामा भएको वृद्धि हो । इन्टरनेटले प्रदान गरेका असंख्य फाइदा र विश्वव्यापी





वेभले यसको व्यापक सार्वजनिक प्रयोगतिर डोऱ्याएको छ । यद्यपि यसको प्रयोगमा भएको वृद्धिले जोडिएका समस्याहरूलाई थप उर्जा प्रदान गरेको छ ।

२३ नोभेम्बर २००१ मा युरोप परिषद्ले साइबर अपराध महासन्धिलाई अनुमोदन गऱ्यो र हाल यो प्रमाणीकरणका लागि खुला छ र ३ वटा युरोपेली संघका राष्ट्र सहित ५ वटा राष्ट्रले प्रमाणीकरण गरेपछि यो लागु हुन्छ । (मे २००२ सम्ममा यो महासन्धिमा युरोप परिषद्का २९ राष्ट्रहरू र अन्य ४ गैर सदस्य राष्ट्रले हस्ताक्षर गरिसकेका छन्) । उपयुक्त कानुनको अनुशरण र अन्तर्राष्ट्रिय सहकार्यमा वृद्धि गर्दै सामाजिक सुरक्षाको लागि साझा अपराध नीतिको आवश्यकतामा यो महासन्धि आधारित छ ।

## सूचना पद्धतिको सुरक्षा

सम्भव सबै क्षेत्र र कार्यका लागि सूचना पद्धतिको प्रयोगमा भएको उच्च वृद्धिले अन्तर्राष्ट्रिय संगठनहरूलाई यसका खतराबारे चासो राख्न सचेत गराएको छ । यसले आर्थिक सहयोग तथा विकाससम्बन्धी संगठनको परिषद् (ओइसीडी)लाई निम्न बुँदाहरूप्रति लक्षित सूचना पद्धतिको सुरक्षाको लागि विस्तृत मार्गनिर्देशन जारी गर्न डोऱ्यायोः

- सूचना पद्धतिमा आउन सक्ने खतरा र ती खतराको समाधानका लागि उपलब्ध सुरक्षाविधिबारे जनचेतना जगाउनु
- सरकारी र व्यक्तिगत क्षेत्रमा सूचना पद्धतिको सुरक्षाका लागि उपयुक्त उपाय, प्रयोग वा प्रणालीको विकास र कार्यान्वयनका लागि जिम्मेवार व्यक्तिलाई सहयोग गर्ने परिपाटी निर्माण गर्नु
- यस्ता उपाय, प्रयोग र प्रणालीको विकास र कार्यान्वयनका लागि निजी र सरकारी क्षेत्रबिच सहकार्यलाई बढावा दिनु
- सूचना पद्धति उपलब्ध र प्रयोग गरेको तरिकामाथि विश्वास अभिवृद्धि गर्नु
- सूचना पद्धतिको सुरक्षाको लागि अन्तर्राष्ट्रिय सहकार्यलाई बढावा दिनु

यिनीहरूलाई अबलम्बन गर्दा, ओइसीडी परिषदले उल्लखे गरेको छ- "यी निर्देशनहरूले राष्ट्रिय कानुन आवश्यक पर्ने राष्ट्रिय सुरक्षा र सार्वजनिक सुव्यवस्थाका लागि राष्ट्रिय सरकारलाई आवश्यक सार्वभौम अधिकारलाई प्रभाव पार्दैन ।"

## कम्प्युटरकृत व्यक्तिगत तथ्यांक फाइलहरू

डिसेम्बर १९९० मा संयुक्त राष्ट्रसंघीय साधारण सभाले **कम्प्युटरकृत व्यक्तिगत तथ्यांक फाइलहरू**सम्बन्धी निर्देशनहरूलाई अनुमोदन गऱ्यो । केही वर्ष अगाडि, सेप्टेम्बर १९८० मा ओइसीडीले व्यक्तिगत तथ्यांकको सिमापार प्रवाह रोक्न र गोप्यताको सुरक्षा गर्न दिइएका निर्देशनलाई लिएर गरिएको सिफारिसलाई अनुमोदन गरेको थियो । युरोप परिषद्ले पनि १९८१ व्यक्तिगत तथ्यांकको स्वचालित प्रशोधनबाट व्यक्तिको सुरक्षा गर्न एउटा महासन्धिको अनुमोदन गऱ्यो ।

बक्स नं. ४६

### व्यक्तिगत तथ्यांकको स्वचालित प्रशोधनका क्रममा व्यक्तिको संरक्षण महासन्धि (इटीएस नं. १०८)

यो महासन्धि व्यक्तिलाई व्यक्तिगत तथ्यांक जम्मा गरेर र प्रशोधन गर्ने जस्ता दुर्व्यवहारबाट बचाउने र यस्ता व्यक्तिगत तथ्यांकको सिमापार प्रवाहलाई व्यवस्थित गर्ने अन्तर्राष्ट्रिय नियम हो । यसबाहेक यसले व्यक्तिको जात, राजनीति, स्वास्थ्य, धर्म र यौन जीवनका "संवेदनशील" तथ्यांकको प्रशोधन गर्नबाट रोक्छ । यसले व्यक्तिलाई उसको बारेमा जानकारी राखिएको छ भनेर जान्ने र यसलाई आवश्यक भएमा सच्याउने अधिकार समेत समेट्छ । राज्य सुरक्षा आदिका लागि आवश्यक भए मात्र यो महासन्धिले दिएको अधिकारमा बन्देज लाग्न सक्छ । यस महासन्धिले कानुनले बराबर सुरक्षा नदिने राष्ट्रहरूमा व्यक्तिगत तथ्यांकको सीमापार प्रवाहमा पनि बन्देज लगाउँछ ।

*स्रोतः युरोप परिषद्*





## सांसदका रुपमा तपाईँले गर्न सक्नु हुनेछ

सूचना प्रविधि सम्बन्धी कानुन

- सूचना प्रविधि र साइबर अपराधसँग सम्बन्धित यथेष्ट कानुन भए/नभएको र यस्ता प्रविधि छिटो छिटो विकास भइरहने हुनाले छलफलमा रहेको कानुनमाथि निरन्तर पुनर्विचार र नवीकरण गरे/नगरेको स्पष्ट हुनुहोस्
- तपाईंको देश सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय महासन्धिको सरोकारवाला भएको र सोही अनुरूप आन्तरिक कानुन र नीति अनुकुल बनाए/नबनाएको बारे स्पष्ट हुनुहोस् ।
- सूचना प्रविधिको प्रयोग र साइबर अपराधसम्बन्धी राष्ट्रिय कानुनहरूलाई मानवअधिकार र मौलिक स्वतन्त्रताको रक्षा हुने गरी विस्तार र लागु गरिए नगरिएकोमा ध्यान दिनुहोस्
- कुनै पनि असन्तोषजनक अवस्थाको निराकरणको लागि सुनुवाइको अनुरोध वा सदस्यको प्रस्तावका आधारमा उपयुक्त भएमा सरकारलाई संसदीय प्रश्नको रूपमा समेत कदम चाल्नुहोस्

संसदीय स्रोत र साधन

- संसदीय समिति र उपसमितिहरू  सूचना प्रविधि र त्यसको प्रयोगको विकास र मुद्दाहरूको स्थायी रूपमा सुपरिवेक्षणका लागि जिम्मेवार भए/नभएकोमा स्पष्ट हुनुहोस्
- आवश्यक भए यस्ता समिति र उपसमितिको गठन वा भइरहेकाको म्यान्डेटमा यी मुद्दाहरू समावेश गर्न कदम चाल्नुहोस्
- दक्ष संसदीय अंगसँग यो मिसन अगाडि बढाउन सम्भव भएसम्मको उचित स्रोत र विज्ञहरू भए/नभएको सुनिश्चित गर्नुहोस्
- उपयुक्त भएमा यस क्षेत्रमा भएका विकासको सुपरिवेक्षण गर्न र छलफल र कार्य अगाडि बढाउन अनौपचारिक संसदीय समिती गठन गर्नेबारे बिचार गर्नुहोस् । यस्तो समिति निष्पक्ष द्विसदनात्मक हुनुपर्छ ।

अध्याय - २२

# अन्तर्राष्ट्रिय शान्ति अभियान

हालको अन्तर्राष्ट्रिय परिप्रेक्षमा संयुक्त राष्ट्रसंघको बडापत्रको छैठौं अध्याय (द्वन्द्वको शान्तिपूर्ण समाधान)अथवा सातौं अध्याय (शान्तिका लागि खतरा, शान्ति भंग र हस्तक्षेप कार्यमा ससम्मान कारवाही)उल्लेख भएअनुसार द्वन्द्व समाधान गर्न पहल भइरहेका छन्। यिनै व्यवस्थामा आधारित भएर, संयुक्त राष्ट्रसंघले धारण र कारवाहीको र साथसाथै यस्ता अभियान सञ्चालन गर्ने प्रणाली विकास गरेको छ। अन्तर्राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने गतिविधिका अधारमा यस्तो अभियानमा भाग लिन राष्ट्रहरूलाई निम्त्याउन सकिन्छ।

## देशबाहिर शान्ति अभियानमा योगदान

शान्तिस्थापना, शान्ति कार्यान्वयन र शान्ति निमार्णको कारवाही सुरक्षा परिषद्ले अधिकार दिएको आधारमा सदस्य राष्ट्रहरूको संलग्नतामा हुने गर्छ। राज्यहरूले अस्थिरता भएका क्षेत्रहरूमा शान्ति सुरक्षाको पुनर्स्थापना गर्ने उद्देश्यले देशबाहिर कारवाहीका लागि सेना तैनाथ गर्छन्। सबै तैनाथी अन्तर्राष्ट्रिय नियम र सिद्धान्त अर्न्तगत छ भनेर उल्लेख गर्नु जरुरी छ। ती मध्ये अध्याय ५ मा उल्लेखित राष्ट्रिय सुरक्षा नीति र अन्तर्राष्ट्रिय नियम शीर्षकमा उल्लेखित बुँदाहरू सबैभन्दा महत्वपूर्ण छन्।

असल शासनको दृष्टिकोणबाट यो उचित र सल्लाहयोग्य छ कि संसद र सरकारबीच नियन्त्रण र सन्तुलनको व्यवस्थाभित्र रही, देशबाहिर सशस्त्र बल परिचालन गर्ने निर्णयमा सहभागी हुने मौका दिनुपर्छ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ४७

### शान्ति निर्माण, शान्ति कार्य, शान्ति कार्यान्वयन, शान्ति स्थापना : केही आवश्यक व्याख्या

#### शान्ति निर्माण

शान्ति निर्माणले द्वन्द्वमा संलग्न पक्षलाई वैमनस्यता त्यागेर विवादको शान्तिपूर्ण समाधानको लागि वार्ता गर्न मनाउनका लागि कुटनीतिक माध्यमको प्रयोगलाई जनाउँछ। द्वन्द्वरत पक्षले चाहेमा मात्र रोकथामको कदमसहित संयुक्त राष्ट्रसंघले यसमा भूमिका खेल्न सक्छ। शान्ति निर्माणभित्र एकमात्र पक्षलाई वैमनश्यता त्याग्न र त्यसलाई कार्यान्वियन गर्न दबाब दिने कार्य पर्दैन।

#### शान्ति कार्य

सन् १९४८ देखि संयुक्त राष्ट्रसंघका ५४ वटा शान्ति स्थापनाका कारवाहीहरू भइसकेका छन्। तीमध्ये ४१ कारवाही विगत १२ वर्षमा सुरक्षा परिषद्ले सिर्जना गरेको हो। हाल १५ वटा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कारवाही भइरहेका छन्।

शान्ति कार्य सुरुवातमा दुई-देशीय द्वन्द्व समाधानको माध्यमको रूपमा विकास भएको थियो र सशस्त्र द्वन्द्व समाधान गर्न राष्ट्रसंघको नेतृत्वमा विभिन्न राष्ट्रका सैन्य अधिकारीको तैनाथि समावेश हुन्थ्यो। आज शान्ति स्थापनालाई अन्तर देशीय द्वन्द्व र गृहयुद्धमा पनि प्रयोग गरिन्छ। संयुक्त राष्ट्रसंघीय शान्तिकर्ताहरू – सैनिक अधिकारी, जन प्रहरी र अन्य नागरिकको कार्य द्वन्द्वरत पक्षलाई शान्तिपूर्ण रूपमा अलग्गै राख्नेदेखि उनीहरूलाई शान्तिपूर्ण तरिकाले सँगै काम गर्न सघाउनेसम्म हुन्छन्।

यसको अर्थ शान्ति सम्झौता कार्यान्वियन, युद्धविराम सुपरिवेक्षण, मध्यवर्ती क्षेत्र निर्माण गर्नु, यसबाहेक राजनीतिक संस्था स्थापना गर्नु, आपतकालीन उद्धार उपलब्ध गराउन, सरकारी, गैरसरकारी र स्थानीय जनसमूह सँगसँगै काम गर्नु, पूर्व लडाकूहरूलाई निष्क्रिय पार्नु र समाजमा पुनरसमायोजन गर्नु, बारूदी सुरुङ्ग हटाउनु, चुनावलाई व्यवस्थित गर्नु र चुनाव गराउनु र दिगो विकासलाई प्रोत्साहन दिनु आदि सहयोगहरू पर्दछन्। सो कार्यका लागि सदस्य राष्ट्रहरूले स्वेच्छिक रूपमा सेना र उपकरण उपलब्ध गराउँछन्। राष्ट्रसंघको आफ्नै सेना वा जन प्रहरी हुँदैन। चुनावमा रेखदेख गर्ने, मानवअधिकार सुपरिवेक्षणकर्ता र अन्य नागरिकहरू

वर्दीमा रहेका अधिकारीहरूसँग काम गर्छन् । शान्ति स्थापकहरूको बलियो हतियार भनेकै निश्पक्षता हो जसको सहायताबाट उनीहरूले आफ्नो म्यान्डेट पूरा गर्छन् । तर शान्ति स्थापना खतरापूर्ण कार्य हो, १९४८ यता हालसम्म १६ सय ५० भन्दा बढी राष्ट्रसंघीय सेना र नागरिक शान्ति स्थापकहरूको कर्तव्य निर्वाह गर्ने क्रममा मृत्यु भइसकेको छ ।

शान्ति कार्यान्वयन : शान्ति कार्यान्वयन शान्ति कार्य जस्तै हो त ?

कार्यान्वयनको मामलामा सुरक्षा परिषद्ले सदस्य राष्ट्रहरूलाई निर्दिष्ट उद्देश्य प्राप्तिका लागि आवश्यक सबै कदम चाल्ने अधिकार दिन्छ । यसको लागि सबै पक्षको अनुमति आवश्यक छैन । धेरै कम अवस्थामा मात्र कार्यान्वयन कदमको प्रयोग गरिएको छ । उदाहरणमा खाडी युद्ध, सोमालिया, रूवाण्डा, हाइटी, बोस्निय र हर्जगोभिना, अल्बानिया र पूर्वी टिमोर पर्छन् । यो कार्यान्वयन कारवाही राष्ट्रसंघको नियन्त्रणमा हुँदैन । यसको साटो यिनीहरूलाई एकल राष्ट्र वा राष्ट्रहरूको समूह जस्तै पूर्वी टिमोरमा अस्ट्रेलिया (१९९९), बोस्निया र हर्जगोभिनामा नेटो (१९९५ देखि) र कोसोभो (१९९९) जहाँ नेटोले सेनाको नेतृत्व गर्छ र राष्ट्रसंघले अन्तरिम प्रशासन अभियानको नेतृत्व गर्छ ।

शान्ति स्थापना र कार्यान्वयन दुवैको आधार भने अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको निर्वाह प्रयोजनका लागि संयुक्त राष्ट्रसंघको को बडापत्र नै हो ।

शान्ति स्थापना

शान्ति निर्माणले द्वन्द्वपछि शान्तिको विकास गर्न राष्ट्रहरूलाई सहगोग गर्नेतर्फ लक्षित क्रियाकलापलाई जनाउँछ । राज्य निर्माण र पुर्ननिर्माणजस्ता कार्यहरू गर्नुपर्ने भएकाले यस्ता कारवाहीको अत्यन्त ठूलो म्यान्डेट हुने गरेको छ ।

मानवीय अभियानहरू

यस्ता अभियानहरू गृहयुद्ध, भोकमरी र बाढी, पहिरो, आँधी र भूकम्पजस्ता प्राकृतिक प्रकोपमा परेकाहरूलाई मानवीय राहत दिनेतर्फ लक्षित हुन्छन् । धेरै सहभागीहरू– सरकारी, गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरूले यस्तो आपतकालीन अवस्थामा एकैसाथ काम गर्न खोज्छन् । यस्तो अवस्थामा कहिलेकाहीं राहत कार्यक्रम लागू गर्ने एउटै बाटोको रूपमा सैन्य बलको सहयोग आवश्यक पर्छ ।

*स्रोतः संयुक्त राष्ट्रसंघको वेवसाइटको संयुक्त भाग www.un.org*





देश बाहिर सेना पठाउने प्रक्रियामा संसदीय छलफल र मतदानमार्फत् संसदको सहभागिता सरकार र जनताको हितमा हुन्छ भनिन्छ । यसले अभियानको लोकतान्त्रिक वैधानिकतामा वृद्धि गर्छ र जन समर्थन बढाउँछ ।

## देशबाहिर सेना पठाउने निर्णय प्रक्रियामा संसदको सहभागिता

देशबाहिर सेना पठाउनु नयाँ खतराहरूसँग सामना गर्नु र अन्तर्राष्ट्रिय संकट समाधान गर्ने परिप्रेक्षमा धेरै भन्दा धेरै महत्वपूर्ण हुने भए पनि, केही राज्यहरूमा शान्ति अभियानमा संलग्न हुन स्वीकृति दिने कार्यमा संसदको भूमिका सीमित हुन्छ अझ केहीले यसको भूमिका रहँदैन । सुरक्षाका विषयहरूलाई लिएर लोकतान्त्रिक दृष्टिकोण सुनिश्चित गर्न पनि यस्ता प्रावधान परिवर्तन गरिनुपर्छ ।

तीन फरक अवस्था पत्ता लगाउन सकिन्छ र प्रत्येकका लागि असल शासनको दृष्टिकोणबाट संसदको भूमिका र प्रत्यक्ष सहभागितालाई सशक्त बनाउन सकिन्छ ।

### संसदको पूर्व वा पछि स्वीकृति (बलियो भूमिका)

पहिल्यै स्वीकृति चाहिएको खण्डमा, सशस्त्र बललाई संसदको निर्णयअनुसार मात्र देशबाहिर पठाउन सकिन्छ । संसदसँग छलफल गर्ने र मतदान गराउन सक्ने अधिकार भएको अवस्था (अमेरिका) र यस्तो अवस्था जहाँ यस्ता अभियानको म्यान्डेट र कारणको लागि विशेष कानुन अबलम्बन गर्नुपर्ने अवस्था (स्वीडेन) बीचमा भने थोरै अन्तर कायम राख्नुपर्ने हुन्छ । दुवै अवस्थाले मानवीय मध्यस्थता र शान्ति स्थापना अभियानको लोकतान्त्रिक बैधानिकतामा वृद्धि गर्छ ।

सुरक्षा मामलामा समय महत्वपूर्ण हुन्छ र संसदीय प्रणाली छिटो नहुने भएकाले स्वीकृति व्यवस्था कार्यान्वयन गर्न त्यति सहज भने छैन । यसैकारण धेरै जसो अवस्थामा संसदलाई देशबाहिर सेना तैनाथ गर्ने मामलामा पहिल्यै संलग्न गराइएको हुन्छ । जस्तै अमेरिकाको "युद्ध शक्ति प्रस्ताव"मा ९२ दिनभन्दा बढी देश बाहिर सेना तैनाथ गर्नुपर्ने भएमा कंग्रेसले पूर्व सहमति दिनुपर्छ । यसले संसदले आफ्नो स्वीकृति दिनु अगावै सेना तैनाथ भइसकेको अवस्थालाई जनाउँछ । यस विपरित नेदरल्याण्डको संविधानको १०० धाराले संसदलाई अन्तर्राष्ट्रिय कानुन र व्यवस्था कार्यान्वयन र बढावाका लागि सेना तैनाथीलाई लिएर अगाडि नै सबै आवश्यक जानकारी गराएर

सरकार र संसदबीच छिटो सहकार्यका लागि आग्रह गर्छ। यसमा सशस्त्र द्वन्द्वका क्रममा मानवीय सहयोग पनि पर्छ।

### देशबाहिर सेना पठाउन संसदको भूमिका – छलफलमा सीमित (सीमित भूमिका)

संविधान वा कानुनले संसदको भूमिकामा अंकुश लगाएको हुन्छ। केही ठोस अवस्थामा देश बाहिर सेना पठाउनेबारे संसदलाई छलफल गर्ने अधिकार दिइने भए पनि यसले कार्यपालिकाले लिएको निर्णयलाई चुनौति दिन सक्दैन। अझ यस विषयमा संसदले मतदान गर्न नपाउने मानिन्छ। यस्तो अवस्थामा सरकारले संसदलाई पछि मात्र जानकारी गराउँछ। संसदले मतदान गर्न नपाउने भए पनि यस्तो छलफलले सेना बाहिर पठाउने कार्यको लोकतान्त्रिक वैधानिकतामा थप बल पुऱ्याउँछ।

यसरी संसदको भूमिका सीमित भएको अवस्थामा, सेनालाई बाहिर पठाउने कार्यविधिमा संसदलाई औपचारिक रुपमा सहभागि नगराउन पनि सकिन्छ। यद्यपि चलिआएको चलन अनुसार भने सरकार र संसदलाई यसबारे छलफल गर्न र केही देशमा मतदान गर्न समेत निर्दिष्ट गरेको हुन्छ।

### निर्णय प्रक्रियामा संसदलाई सहभागी नगराउनु (भूमिका नभएको)

यो संसदलाई बाहिर सेना पठाउने विषयको छलफलमा पनि सहभागी नगराइनु र निर्णय पश्चात् जानकारी गराइनुपर्ने अवश्यकता नरहेको अवस्था हो। बाहिर सेना पठाइनुलाई परराष्ट्र मामिलाको रुपमा हेरिन्छ र यसको सम्पूर्ण निर्णयको जिम्मेवारी कार्यपालिकाको हुन्छ। यसरी संसदलाई छलफलमा सहभागी नगराइनुले यसको शान्ति अभियानमा निगरानी राख्ने क्षमतालाई सीमित गरेको छ।

## संसदलाई उपलब्ध अन्य उपायहरू

संसदलाई निर्णय लिने प्रक्रियामा समावेश नगरिए पनि अथवा सीमित भूमिका मात्र खेल्न सक्ने भए पनि, संसदले कम्तिमा ४ भिन्न तरिकाबाट सरकालाई दबाब दिन सक्छः





- सेना बाहिर पढाउने निर्णयलाई लिएर संसदले कार्यपालिकालाई उसको जिम्मेवारीबारे संसदसामु स्पष्ट पार्न दबाब दिन सक्छ। यद्यपि यदि सरकारको अन्तर्राष्ट्रिय समझदारीबारे संसद पूर्ण जानकार छैन भने यसले प्रभावकारी रुपमा सरकारको निर्णयलाई चुनौती दिन सक्दैन।
- बजेटमा सुधारको लागि संसदमा प्रस्तुत गरिएको खण्डमा पनि यसले कार्यपालिकालाई चुनौती दिन सक्छ। अनपेक्षित वा पूर्वयोजना विनाका शान्ति अभियानका लागि संसदले बजेटमा उल्लेख नभएका थप रकमका लागि स्वीकृति दिनुपर्ने हुन्छ। यसरी थैलीको माध्यमबाट पनि संसदले आफ्नो धारणा व्यक्त गर्न सक्छ (उदाहरणको लागि फ्रान्स)
- संसदको भूमिका सेना देशबाहिर पठाउनको लागि छलफल र मतदानमा मात्र हुँदैन। शान्ति अभियानको क्रममा, विधायकहरूले अभियानलाई लिएर सरकारलाई प्रश्न गर्न सक्छन् अथवा प्रश्नोत्तर समयको उपयोग गर्न सक्छन्। यसबाहेक विधायकहरूले बाहिर रहेका सेनासँग भेटघाट गर्न सक्छन्।
- पछिको जवाफदेहितालाई ध्यानमा राखेर शान्ति अभियान सकिएपछि संसदले संसदीय छानविन कार्य अगाडि बढाउन सक्छ वा सरकारलाई शान्ति अभियानको लेखाजोखा गर्न आग्रह गर्न सक्छ।

बक्स नं. ४८

### पटक पटक गरेर राष्ट्रसंघीय शान्ति स्थापना कारवाही अगाडि बढाउनु

संयुक्त राष्ट्रसंघको आफ्नै सुरक्षाफौज छैन। प्रत्येक शान्ति स्थापनाको कारवाही नयाँ आवश्यकता र अवस्था अनुकूल हुने गरी योजनाबद्ध गरिनुपर्छ र प्रत्येक पटक सुरक्षा परिषद्ले नयाँ कारवाही निर्माणको लागि आग्रह गर्दा यसका तत्वहरूको पुनः एकीकरण गर्नुपर्ने हुन्छ।

१५ सदस्यीय सुरक्षा परिषद्ले शान्ति स्थापना अभियानलाई आधिकारिकता दिन्छ र यसको म्यान्डेट तोक्छ। यस्ता निर्णयहरूको पक्षमा लागि कम्तिमा ९ मत आवश्यक हुन्छ र परिषद्का ५ स्थायी सदस्यहरू (चीन, फ्रान्स, रूस, बेलायत र अमेरिका) मध्ये कसैले विपक्षमा मतदान गरेमा भीटो शक्ति लाग्न सक्छ। महासचिवले यस्तो

कारवाहीको सुरूवात, सञ्चालन र प्रगतिबारे सुझाव दिन्छन् भने विश्वभरिका संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कारवाहीको दैनिक कार्यसञ्चालनको निर्देशन, व्यवस्थापन र कार्यगत सहयोगका लागि शान्ति कार्य संचालन विभाग (डीपीकेओ) जिम्मेवार हुन्छ ।

महासचिवले सुरक्षाफौजको कमाण्डर चुन्छन् र सदस्य राष्ट्रहरूलाई सेना, जनपद प्रहरी वा अन्य अधिकारीहरूको योगदान दिन आग्रह गर्छन् । सदस्य राष्ट्र अथवा निजी ठेकेदारको तर्फबाट आपूर्ति, साधन, यातायात र कार्यगत सहयोगको सुनिश्चिता हुनुपर्छ । नागरिक सहयोगका कर्मचारीहरूमा राष्ट्रसंघकै व्यवस्थाअनुसार खटाइएका, सदस्य राष्ट्रहरूले प्रदान गरेका र निश्चित कार्यका लागि अर्न्तराष्ट्रिय रूपमा स्थानीय रूपमा भर्ना गरिएका कर्मचारी हुन्छन् ।

अभियान सुरू गर्न लाग्ने समय सदस्य राष्ट्रहरूको सैन्य योगदान दिने इच्छामा निर्भर गर्छ र फरक पर्छ । यसैगरी आर्थिक स्रोत र धान्न सक्ने रणनीतिक क्षमताले पनि परिचालनको लागि लाग्ने समयलाई असर गर्छ । उदाहरणको लागि सन् १९७३ मा दोस्रो संयुक्त राष्ट्रसंघीय आपतकालीन बल (युएनइएफ दुई) का तत्वहरूलाई मध्य पूर्वमा २४ घण्टाभित्र परिचालन गरिएको थियो । यद्यपि कठिन कार्यादेश वा कार्यविधि भएका अथवा शान्ति स्थापकहरूले धेरै खतराको सामना गर्नुपर्ने मिसनहरूका लागि भने आवश्यक सामग्री जुटाउन र परिचालन गर्न महिनौं लाग्न सक्छ ।

*स्रोतः संयुक्त राष्ट्रसंघको वेवसाइट www.un.org*

बक्स नं. ४९

### शान्ति अभियानमा जवाफी कारवाहीमा शक्ति प्रयोगको नियम (Rules of engagement)

देश बाहिर सेना पठाउन संसदले आधिकारिकता प्रदान गरेपछि, यसले सुरक्षाबलले प्रयोग गर्न सक्ने शक्तिको मापदण्ड र कस्तो अवस्थामा प्रयोग गर्ने भन्ने कुराको पनि व्याख्या गर्न सक्छ, यसलाई अर्को शब्दमा संलग्नताको नियम भनिन्छ ।

संलग्नताको नियम भन्नाले निश्चित कारवाहीको लागि खतरनाक शक्तिको जथाभावी प्रयोगमा लगाइएको बन्देज वा तोकिएको सीमा भन्ने बुझिन्छ । यसको व्यक्तिगत आधारमा निर्णय गरिनुपर्छ र शक्ति प्रयोगलाई सकेसम्म सीमित गर्नुपर्छ साथसाथै





सैनिकलाई आफ्नो सुरक्षाको लागि शक्ति प्रयोग गर्नसक्ने छुट भने हुनुपर्छ । आत्मरक्षाको न्युनतम आधार कायम राख्नुपर्छ ।

संलग्नताको नियममा भीडन्त निष्क्रिय पार्न, चर्काउन वा समाधान गर्न आवश्यक सन्तुलन उपलब्ध गराउनेको लागि शक्ति प्रयोगको मापदण्ड समावेश भएको हुनुपर्छ । शक्ति प्रयोगका तलका मापदण्ड सीमित गर्न सकिन्छ :

- सेनाको आत्मरक्षाको लागि मात्र
- सेना साथसाथै सर्वसाधारणको आत्मरक्षाको लागि
- सेना सर्वसाधारण र अत्यावश्यक सेवाहरू जस्तै अस्पताल, पुल आदिको सुरक्षाको लागि
- कारवाहीको लक्ष पूरा भएको निश्चित गर्न सबै उपाय अपनाउनु

यसबाहेक संलग्नताको नियमले निश्चित शान्ति कारवाहीमा प्रयोग गर्न सकिने हतियारबारे स्पष्ट पार्नुपर्छ । यो हातहतियार रहितदेखि लिएर ठूला हातहतियारको प्रयोगसम्म हुनसक्छ ।

## शान्तिका लागि सैनिकहरूलाई प्रशिक्षण

कुनै पनि सैन्यबलको लागि शान्ति स्थापनाको कारवाहीमा सहभागी हुनु भनेको कठिन कार्य हो र यसका लागि थप प्रशिक्षण, निर्देशन र अझ सबैभन्दा त सेनाहरूका लागि गुणस्तरीय तयारी आवश्यक पर्छ ।

कार्यान्वयनको तहमा सेनालाई बारुदी सुरुङ्ग हटाउनेबारे विशेष ज्ञान, मध्यस्तता गर्ने दक्षता सहित सर्वसाधारणसाग अर्न्तक्रिया गर्नसक्ने क्षमता (कहिलेकाहीं स्थानीय भाषाको ज्ञान), स्थानीय परम्परा र रितिरिवाजबारे ज्ञान, मानव र मानवीय कानुन र खास रुपमा सो अभियानको संलग्नताका नियमहरू आदिको जानकारी आवश्यक छ। अन्तिम बुँदाको सन्दर्भमा यो कुरालाई महत्व दिनु जरुरी छ कि शान्ति अभियानहरूमा शक्तिको प्रयोग साधारणतया प्रतिबन्धित हुन्छ भने केही अवस्थामा सैन्य बलले कुनै पनि हतियार बोक्दैनन् ।

शान्ति अभियानमा संलग्न सुरक्षाफौजलाई यसअघि काम गर्ने स्थानको रुपमा नहेरिएको घरभन्दा टाढाको स्थानमा परिचालन गरिने भएमा उनीहरूलाई योजनागत तहमा पनि विशेष प्रशिक्षण जरुरी छ । यस्तो अवस्थामा सुरक्षाफौजको लागि यातायात र अन्य बन्दोबस्तीका सामानको व्यवस्था गर्न अफ्ठ्यारो हुनसक्छ र कहिलेकाहीं देशको भौतिक क्षमताले थेग्न नसक्ने पनि हुनसक्छ ।

अन्त्यमा नेतृत्व र कार्यगत तहमा पनि थप तालिम र तयारी आवश्यक हुन्छ । धेरै देशका सुरक्षाकर्मीहरूले युनिफाइड कन्ट्रोलको आधारमा एउटै क्षेत्रमा काम गर्ने भएकाले रक्षा मन्त्रालयसम्म पुग्ने नेतृत्वको परम्परागत सोझो रेखामा परिवर्तन हुन्छ । विभिन्न राष्ट्रका सशस्त्र फौज र रेडक्रसजस्ता संस्थाबीचको समन्य महत्वपूर्ण हुन आउँछ ।

राष्ट्रसंघद्वारा संचालित शान्ति अभियानमा, सुरक्षाफौजको नेतृत्व सुरक्षा परिषद्को प्रस्तावले मात्र नभई संलग्नताको नियम, राष्ट्रसंघीय संचालनका नियम, राष्ट्रसंघीय आचारसंहिता र राष्ट्रसंघको वहुराष्ट्रिय फौजसँग सम्बन्धित अन्य प्रशासनिक कार्यसँग सम्बन्धित हुन्छ ।

बक्स नं. ५०

शान्तिस्थापकहरूका लागि राष्ट्रसंघले दिने प्रशिक्षण

सचिवालयको शान्तिस्थापना कार्य सम्बन्धी विभागमा स्थापित प्रशिक्षण इकाईले सुझाव, विज्ञहरूको सहयोग र शान्ति स्थापनासम्बन्धी प्रशिक्षणबारे सदस्य राष्ट्रहरूलाई जानकारी दिन्छ । यस इकाईले शान्ति स्थापनाको वर्षौंको अनुभवबाट प्राप्त सञ्चित ज्ञान र स्तरीय कार्य प्रणालीको विस्तार गर्ने हेतुले प्रशिक्षण विधि र अन्य सामग्रीहरूको विकास गर्छ । यस इकाईले सैन्य प्रशिक्षण प्रतिष्ठान, विभिन्न देशका राष्ट्रिय र क्षेत्रीय प्रशिक्षण संस्थान र शान्ति स्थापनाको अभियानसँग सहकार्य गर्छ । सदस्य राष्ट्रहरूलाई शान्ति स्थापना सम्बन्धी प्रशिक्षण कार्यक्रम विकास र लागू गर्न सहयोग गर्नका लागि राष्ट्रसंघीय तालिम सहयोग टोली र “प्रशिक्षक प्रशिक्षण”जस्ता पाठ्यक्रमहरू निर्माण गरिएका छन् । न्यूनतम स्तरमा समानता कायम गर्न आचारसंहिता, विभिन्न पुस्तिका र हाते पुस्तिकाको व्यवस्था गरिएको छ ।

स्रोतः संयुक्त राष्ट्रसंघको वेवसाइट www.un.org





## सुरक्षाफौजलाई देश बाहिर मानवीय राहत अभियानमा पठाउने मापदण्ड

संसद र सरकारले सुरक्षाफौजलाई देशबाहिर पठाउन मापदण्डको विकास गर्न सक्छ । स्पष्ट मापदण्डको प्रयोगले निर्णय प्रक्रियाको पारदर्शितामा वृद्धि गर्छ जसले बदलामा जनसमर्थन वृद्धि गर्न मद्दत गर्छ । दुई प्रकारका मापदण्डहरू महत्वपूर्ण छन् (तलको बक्स हेनुहोस्) । पहिलो मापदण्डले राजनीतिक परिप्रेक्ष र कारवाहीको प्रकारलाई जनाउँछ भने दोस्रो अभियान आफैं, त्यसको म्यान्डेट, नेतृत्व, समायावधि र सुरक्षाफौजको प्रकारमा केन्द्रित हुन्छ ।

### सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

शान्ति अभियानको सन्दर्भ र प्रकारलाई जनाउने साधारण मापदण्ड

संसद वा यसका सम्बन्धित समितिले तलका पक्षमा ध्यान दिएका छन् भन्ने निश्चय गर्नुहोस्ः

- राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धता
- शान्ति अभियानको हिस्साको रूपमा सुरक्षाफौज पठाउने वा प्राप्त गर्ने उपयुक्तता
- कुनै पनि निश्चित हस्तक्षेपको पृष्ठभूमि वा कारणको व्याख्या (उदाहरणको लागि

सम्बन्धित देशमा मानवअधिकारको ठूलो मात्रामा हनन्)

- क्षेत्रीय र विश्वव्यापी शान्ति अभियानको लागि आधारभूत शर्तको व्यवस्था
- क्षेत्रीय र विश्वव्यापी शान्ति अभियानका सेनाका लागि आधारभूत संलग्नताका नियमहरू
- सैन्य बलको समानुपातिक प्रयोग
- प्रभावकारी राजनीतिक निर्णय गर्ने व्यवस्था
- राज्यको अधिकारमा सीमितता
- शान्ति अभियानमा राष्ट्रिय संलग्नताको सिद्धान्तमाथि जनसमर्थन वा विरोध
- फलोअप गर्नुपर्ने विषयहरूलाई लिएर सुपरिवेक्षण प्रक्रिया वा अन्य सिद्धान्त

- संसदलाई अभियानको अन्त्यमा सम्पूर्ण शान्ति अभियानमाथि समिक्षा गर्न सम्पूर्ण जानकारी प्राप्त गर्नुपर्ने अवस्था

दिइएको शान्ति अभियानसँग सम्बन्धित निश्चित मापदण्ड
संसद र यसका समितिले तलका बुँदामा ध्यान पुऱ्याएका छन् भन्ने निश्चय गर्नुहोस्
- शान्ति अभियानको क्षेत्र र म्यान्डेटको व्याख्या
- संलग्न सैनिक इकाईको प्रकार
- अभियानको सैन्य व्यवहारिकता
- सैन्य इकाई र सामग्रीको उपलब्धता र उपयुक्तता
- सम्बन्धित सैनिक अधिकारीहरूलाई हुनसक्ने सम्भाव्य खतरा
- कारवाहीको अपेक्षित समायावधि र बढाउने आवश्यकता भएमा त्यसको मापदण्ड
- बजेटको प्रभाव
- सो विषयलाई लिएर जनताको प्रतिक्रिया

शान्ति अभियानलाई लिएर संसदीय प्रक्रियाको प्रयोग
आवश्यक परेको खण्डमा संसदले यी कार्यहरू गर्न सक्छ भन्नेमा निश्चित हुनुहोस् :
- शान्ति अभियानलाई लिएर सार्वजनिक सुनुवाई
- शान्ति अभियानलाई अगाडी बढाउन विषयमा थप छानवीन
- शान्ति स्थापनामा संलग्न कोही मानव अधिकार उलंघनका कार्यमा सामेल भएको भए तिनलाई गिरफ्तार गर्न आग्रह गर्नु

जारी शान्ति अभियानसँग सम्बन्धित रहेर संसदीय प्रश्न र सुनुवाइको प्रक्रियाको सहयोग लिन अप्ठ्यारो नमानुहोस् ।

भाग ६

# आर्थिक स्रोतः

## सुरक्षा सम्बन्धी बजेटमा प्रभावकारी नियन्त्रण हासिल गर्नु

**अध्याय - २३**

# रक्षा र थैलीको शक्ति

## रक्षा सम्बन्धमा संसद र बजेट प्रक्रिया

भूमिका निर्वाह गर्नका लागि राजनीतिक उत्प्रेरण र सम्भाव्यताहरूको मात्रा देशैपिच्छे फरक परे पनि संसारभर सबैतिर कानुनतः सुरक्षासँग सम्बन्धित बजेट प्रावधानहरू लागू गर्ने र निगरानी राख्नमा संसदको मुख्य भूमिका हुन्छ। तर व्यवहारमा हेर्ने हो भने, सधैंजसो कुनै पनि निर्णयक प्रभावको लागि दबाब दिन उनीहरूसँग यथेष्ट साधनको कमी हुन्छ। कतिपय सुरक्षा खर्च र बाँडफाँडमा गोप्यता र अपारदर्शिताले अझ तिनीहरूको कार्यमा वाधा पुऱ्याएको हुन्छ। सुरक्षा क्षेत्रमा कार्यपालिकाको सर्वोच्चताको लामो समयदेखि स्थापित सर्वोच्चताले संसदका कार्यहरूमा अवरोध पुऱ्याउँछ। यस्तो अवरोध सुरक्षा सम्बन्धी बजेट निर्माणको सम्पूर्ण जिम्मेवारी कार्यपालिका र सशस्त्र बलको हातमा दिनेतर्फ लक्षित हुन्छ।

तर विधायकहरूले सुरक्षा क्षेत्रको निगरानी र सामाजिक आवश्यकता अनुसार यसको सुधारको औजारको रुपमा राष्ट्रिय बजेटको शक्तिलाई कम आंकलन गर्न भने हुँदैन। जनताप्रति उत्तरदायी हुने तवरले "थैलिको शक्तिलाई" बिनियोजित रकमको राम्रो प्रयोगको सुनिश्चितताको लागि उपयोग गर्न सकिन्छ र गर्नुपर्छ।

बक्स नं. ५१

बजेटः लोकतान्त्रिक शासनको मुख्य औजार

- राष्ट्रिय बजेट आम्दामी र खर्चको लेखाजोखा गर्ने प्राविधिक औजार मात्र होइन। यो कार्यपालिकाले वर्षभरिमा बनाएको सबैभन्दा महत्वपूर्ण नीतिको विवरण पनि हो। यसले राष्ट्रिय नीतिमा रहेका आधारभूत मान्यताहरू प्रतिबिम्बित गर्छ। यसले देशको सामाजिक र आर्थिक अवस्था बारे सरकारको धारणा उल्लेख गर्छ। यो सरकारको आर्थिक र वित्तीय उद्देश्यको घोषणा हो र

यसले सरकारको सामाजिक र आर्थिक प्राथमिकता प्रतिबिम्बित गर्छ । बजेटले अझ सरकारको भविष्यका योजना र विगतका कार्यशैलीबारे आवश्यक मापक उपलब्ध गराउँछ ।

- पारदर्शिता, जवाफदेहीता, सरलता र असल शासनको सुनिश्चिता गर्ने महत्वपूर्ण दस्तावेज हो । प्रस्तावित खर्चको पूर्ण विवरण उपलब्ध गराएर, यसले संसद र सर्वसाधारण जनतालाई रकम कहाँ जान्छ भन्ने जान्न मद्दत पुऱ्याउँछ जसका कारण पारदर्शितामा वृद्धि हुन्छ । यसबाहेक सरकारले रकम खर्च गर्नु वा राजस्व उठाउनुभन्दा पहिला बजेटमाथि संसदको स्वीकृति आवश्यक हुन्छ जसले मन्त्रीहरूलाई संसद र यसका समितिप्रति जवाफदेही बनाउँछ ।
- राष्ट्रिय बजेट निर्माण प्रक्रियाका लागि पारदर्शिता र जवाफदेहीता संवैधानिक आवश्यकता हुनुपर्छ । सम्पूर्ण बजेट प्रक्रियामा पारदर्शिता सहितको जवाफदेहिता लोकतन्त्रको केन्द्रविन्दुमा हुन्छ ।

वास्तवमा खास बजेट चक्रका ४ मुख्य अवस्थामा संसद सुरक्षाका विषय र सुरक्षा क्षेत्रलाई लिएर चनाखो हुन सक्छ :

**बजेट तयारी** : यो अवस्था कार्यपालिकालाई विभिन्न प्रयोजनमा रकम बाँडफाँडको लागि प्रस्ताव राख्ने प्रयोजनका लागि हो तर संसद र यसका सदस्यहरूले विभिन्न औपचारिक र अनौपचारिक संयन्त्रद्वारा यस प्रक्रियामा योगदान दिन सक्छन् ।

**बजेट स्वीकृति** : यस अवस्थामा संसद बाँडफाँड भएको रकमको उचितता र जन धारणा निर्धारण र अध्ययन गर्न सक्षम हुनुपर्छ । र केही परिप्रेक्षमा निश्चित मार्गदर्शनसहित सुरक्षा सम्बन्धित विनियोजनमा थप गर्न सक्षम हुनुपर्छ ।

**सम्पादन वा खर्च** : यस अवस्थामा संसदले सरकारको खर्चको पुनरावलोकन र रेखदेख गर्छ र पारदर्शिता र जवाफदेहितालाई शसक्त पार्ने प्रयास गर्न सक्छ । थप बजेट मागको सम्बन्धमा, संसदले यस्ता मागहरूको निरीक्षण र रेखदेख गर्छ र बढी खर्च रोक्छ ।

**लेखापरीक्षण अथवा पुनरावलोकन**: यस अवस्थामा संसदले सरकारले विनियोजन गरेको रकमको दुरुपयोग भए नभएको जाँच गर्छ । यसबाहेक, जवाफदेहिता, दक्षता र



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

यर्थाथताको सुनिश्चितताको लागि संसदले नियमित रुपमा सम्पूर्ण बजेट र अडिट प्रक्रियाको मूल्यांकन गर्छ ।

बक्स नं. ५२

किन संसद बजेटमा सक्रिय रूपमा सहभागी हुनपर्छ ?

- विपक्षले बैकल्पिक प्रस्तावका लागि बजेट छलफल प्रयोग गर्न सक्छन्
- कानुनअनुसार मतदानमा बहुमतले कार्यकारिणकीको कार्यप्रति जसले विश्वास गर्न सकिने पक्षलाई अभिवृद्धि र नीति तथा बहुमतले निर्वाचनका बेला अघि सारेको घोषणापत्रसँग सामञ्जस्यमार्फत् विश्वास प्रकट गर्छन्
- बजेट नियन्त्रण सरकारको नीतिलाई प्रभाव पार्ने एक महत्वपूर्ण तरिका हो
- बजेट पुनरावलोकन कानुन अर्न्तगत यसले बजेट चक्रलाई अन्त्य गरी कार्यपालिकालाई मुक्ति दिन्छ ।

## रक्षा खर्च

तलको बक्सले विश्वका विभिन्न भागको रक्षा खर्चको जानकारी दिन्छ । धेरै देशहरूले शान्ति लाभांश (peace dividend) को फाइदा उठाइरहेको उदाहरण हेर्दा, शितयुद्ध पछिको समयमा रक्षा खर्चमा गिरावट आएको देखिन्छ । यद्यपि एसिया र अफ्रिकाका अन्य राष्ट्रहरूले रक्षा खर्चमा वृद्धि गरेका छन् ।

बक्स नं. ५३

कूल गार्हस्थ्य उत्पादन प्रतिशतको आधारमा विश्वका क्षेत्र र खास राष्ट्रको रक्षा खर्च

| | १९८५ | २००० | २००१ |
|---|---|---|---|
| नाटो | ४.० | २.२ | २.२ |
| अमेरिका | ६.५ | ३.० | ३.२ |
| बेलायत | ५.२ | २.४ | २.५ |
| फ्रान्स | ४.० | २.६ | २.६ |
| जर्मनी | ३.२ | १.६ | १.५ |
| नाटोबाहेकका युरोप | ४.३ | २.८ | २.३ |
| सोभियत संघ/रूस | १६.१ | ५.० | ४.३ |
| मध्यपूर्व र उत्तर अफ्रिका | ११.९ | ६.७ | ७.२ |
| मध्य र दक्षिण एशिया | ४.३ | ५.२ | ३.८ |
| पूर्वी एसिया र अष्ट्रेलिया | ६.४ | ३.५ | ३.३ |
| जापान | १.० | १.० | १.० |
| क्यारेबियन र ल्याटिन अमेरिका | ३.२ | १.७ | १.७ |
| उप-सहारा अफ्रिका | ३.१ | ३.८ | ३.४ |
| इरिट्रिया | n.a | ३०.० | २०.९ |
| विश्वव्यापी कूल | ६.७ | ३.६ | ३.५ |

## सुरक्षासम्बन्धमा प्रभावकारी बजेट निर्धारण

प्रभावकारी बजेटको लागि जवाफदेहीता र पारदर्शिता आवश्यक शर्तहरू हुन्। जवाफदेहिता आत्मसात गर्ने सबैभन्दा उत्तम उपाय भनेको बजेट निर्माणका क्रममा पारदर्शिता हो। प्रभावकारी बजेट निर्धारणको सिद्धान्तद्वारा उचित जवाफदेहिता र पारदर्शिताको विकास गर्न सकिन्छ।





**पूर्व स्वीकृति** : कार्यकारीलाई खर्च गर्न संसदले अधिकार दिएको हुनुपर्छ

**एकता** : सम्पूर्ण खर्च र राजस्व संसदलाई एकल समष्टीगत बजेट दस्तावेजको रुपमा प्रस्तुत गर्नुपर्छ।

**आवधिकता:** कार्यकारीले प्रत्येक वर्ष बजेट प्रस्तुत गर्दा नियमित समय सीमामा ध्यान दिन्छ भन्ने अपेक्षा गरिएको हुन्छ। आवधिकतामा विनियोजित रकम खर्च गर्ने समय सीमा तोक्नुपर्ने आवश्यकता पनि समावेश हुन्छ।

**निर्दिष्टता** : बजेटका प्रत्येक विषयवस्तुहरूको विवरण र संख्याले सरकारी खर्चको प्रष्ट रुपरेखा प्रस्तुत गर्ने हुनुपर्छ। त्यसैले बजेटका विषयवस्तुको विवरण अस्पष्ट हुनुहुँदैन र बजेटसँग सम्बन्धित कोष पनि धेरै ठूलो हुनुहुँदैन।

**वैधानिकता:** सबै खर्च र क्रियाकलाप कानुन अर्न्तगत हुनुपर्छ।

**प्रयोगकर्तालाई सहज हुने संरचना** : कार्यकारीसँग संसदमा उपस्थित विस्तृत र भिन्न भिन्न प्रकारका श्रोताहरूले व्यवस्थापन गर्न र बुझ्न सक्ने अनुमानित खर्चको योजनासँग संसदलाई परिचय गराउने अपेक्षा गरिएको हुन्छ।

**विस्तृतता** : सुरक्षा क्षेत्रका विभिन्न पक्षसँग सम्बन्धित बजेट सवावेशी र पूर्ण हुनुपर्छ। सबै सुरक्षा सेवा, सेना, सैनिकीरण गरिएका संस्था, प्रहरी, गुप्तचर सेवा साथसाथै कार्यकारीले प्रयोग गरेका निजी सैन्य कम्पनीहरूमाथि गरिएको खर्चको हिसाबकिताबमा हेलचक्राइ गरिनु हुँदैन।

**प्रचार** : प्रत्येक नागरिकलाई बजेटबारे आफ्नो धारण बनाउने र व्यक्त गर्ने अधिकार हुन्छ। यसमा देशभर अध्ययनका लागि उपलब्ध गराउन सकिने गरी बजेट दस्तावेजहरूको प्रयोगकर्तालाई सहज हुने संरचना हुन आवश्यक छ।

**एकरूपता** : नीति, योजना, बजेटको प्रयोग र कार्यसम्पादन नतिजाबीच स्पष्ट सम्बन्ध स्थापित हुनुपर्छ ।

**माध्यम र उद्देश्य** : बजेटको व्याख्या १.स्रोतको प्रयोग २.कार्यसम्पादन अथवा प्राप्त गर्नुपर्ने लक्ष ३. योजनामा मापन गर्न सकिने नतिजालाई लिएर बजेटको लक्षबारे स्पष्ट जानकारी दिन सक्षम हुनुपर्छ।

यी सिद्धान्तहरूलाई आधुनिक उपयुक्त बजेट निर्धारणको लागि गुणस्तरीय मापदण्डको रुपमा लिन सकिन्छ। विधायककहरूसँग सुरक्षा क्षेत्रबारे उचित जानकारी नभएको खण्डमा उनीहरूले रक्षा बजेट चक्रमा अर्थ सामाजिक र विकासका मुद्दाहरूलाई उठाउन सक्दैनन्।

## उचित सुरक्षा बजेट निर्धारणका लागि शर्तहरू

सुरक्षा क्षेत्रको बजेटमाथि संसदको निगरानीलाई शसक्त बनाउन उचित बजेट निर्धारणका विभिन्न तत्वहरू छन्। ती मध्ये स्पष्ट संवैधानिक र कानुनी व्यवस्था, रकमको उपयोगिता, बजेट अनुशासन, अवधि र नागरिक समाजसँगको अर्न्तक्रिया महत्वपूर्ण देखिन्छन्।

### स्पष्ट संवैधानिक र कानुनी व्यवस्था

सुरक्षा क्षेत्रमाथि निगरानी राख्न सक्ने विधायकहरूको अधिकारलाई संविधान र थप कानुनमा स्पष्ट उल्लेख गरेको हुनुपर्छ। यसबाहेक संसदले सरकारबाट जानकारी प्राप्त गर्न कानुन बनाउनुपर्छ र सरकारसँग जानकारी प्रँप्त गर्न कानुनको आधारमा शक्ति प्रयोग गर्नुपर्छ। सुरक्षा क्षेत्रमाथि संसदको निगरानीलाई अझ संसदको राजनीतिक व्यवहारमा समावेश गराइनुपर्छ। यसका लागि उल्लेख्य प्रयास आवश्यक छ।

### रकमको उपयोग

रकमको उपयोगका लागि बजेट निर्धारण प्रक्रियाले २ आधारभूत नियम लागू गर्नु पर्छ :

- प्रभावकारिता : नीतिगत लक्ष प्राप्ति (सही काम गर्नु)
- क्षमता : सम्भव भएसम्म कमसेकम स्रोत प्रयोग गरेर नीतिगत लक्ष प्राप्त गर्नु (मितव्ययी तवरले सही काम गर्नु)



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ५४

**योजना, कार्यक्रम र बजेट प्रणाली**

योजना, कार्यक्रम र बजेट प्रणाली पहिलोपटक अमेरिकामा ६० को दशकमा रक्षा बजेट विकासको लागि प्रयोग गरिएको थियो । अहिले यो धेरैवटा देशमा प्रयोग भइरहेको छ । ठेट योजना, कार्यक्रम र बजेट प्रणाली चक्रमा सुरूवाती योजनाको अवस्था हुन्छ जहाँ सशस्त्र बलको कार्य, संयोजन, संरचना आदिको निर्क्योल गर्न सुरक्षा वातावरण साथसाथै राष्ट्रिय चासो र खतराहरूको विवेचना गरिन्छ । यी आवश्यकताहरूलाई ध्यानमा राखेर कार्यक्रम बनाइन्छ । कार्ययोजनाको एउटा स्वरूपको रूपमा लिनसकिने त्यो कार्यक्रमले प्राप्त गर्नुपर्ने ठोस उद्देश्यहरूको निर्क्यौल गर्छ । निर्क्यौल गरिएका उद्देश्य र आर्थिक श्रोतबीच सम्बन्ध स्थापित गर्ने भएकाले यस चक्रमा यो निकै महत्वपूर्ण छ । यसरी योजना, कार्यक्रम र बजेट प्रणाली राज्यको आवश्यकता अनुसार कोष विनियोजन गर्ने तरिकाभन्दा भिन्न छ । यसको साटो यसले पूर्वघोषित बजेट सम्बन्धी अवरोधका आधारमा योजना र कार्यक्रम हेर्ने गर्छ । त्यसैले सशस्त्र फौजको तात्कालीन आवश्यकता पूरा हुने गरी कार्यक्रमको प्राथमिकताका आधारमा निर्धारण गर्नु महत्वपूर्ण हुन्छ । दिइएको उद्देश्य पूरा नहुँदा आउने परिणामको खतराको विश्लेषणलाई प्राथमिकता तय गर्नमा प्रयोग गर्न सकिन्छ । यो चक्र पूरा अन्त्यमा प्रस्तुतिकरण मापनको चरण हुन्छ जहाँ विशेष रूपमा मन्त्रालय र सम्पूर्णमा समाजले कुन हदसम्म वर्षको अन्त्यमा उद्देश्य पूरा भए भन्ने पत्ता लगाउन सक्छ । यसरी श्रोतको प्रभावकारी बाँडफाँड हुनसक्छ ....

रक्षा बजेटले पैसालाई महत्व दिएको छ वा छैन भन्ने मूल्यांकन गर्न, आधुनिक बजेट सिद्धान्त अनुसार खर्चलाई कार्यक्रम र उद्देश्यसँग जोडेर हेर्नुपर्छ यसको मतलब खर्चलाई सम्बन्धित नीतिक्षेत्र र उद्देश्य (जस्तै शान्ति अभियान, शिक्षा) आदिसँग जोड्नुपर्छ। साथसाथै सबै खर्चलाई कार्यमूलक समूहअर्न्तगत एकीकृत गर्नुपर्छ। यसबाहेक संसद पैसाको मूल्यको अवस्थालाई लेखापरीक्षकहरूको सहयोगमा मूल्यांकन गर्न सक्षम हुनुपर्छ (अर्को अध्याय हेर्नुहोला)। यसले के देखाउँछ भने सरकारले संसदमा इनपुट मात्र नभई आउटपुट बजेट प्रस्तुत गर्छ। सुरक्षा संयन्त्रले गोप्यताको आवश्यकतालाई ध्यानमा राखेर आफ्ना योजनाहरू पारदर्शी बनाएमा मात्र योजना, कार्यक्रम र बजेट प्रणालीजस्तो ब्यवस्थित बजेट निर्धारण व्यवस्था सम्भव हुन्छ।

## बजेट अनुशासन

सरकार संसदले अनुमोदन गरेको बजेट र कानुनी घेराभित्र बस्छ भन्ने निश्चित गर्न बजेट अनुशासन आवश्यक छ । संसदले बजेट अनुशासनको तलका तत्वहरूमा ध्यान दिन सक्छ :

- रक्षा बजेट (खर्चको हिसाबकिताब) र मूल्य बृद्धिबीचको सम्बन्ध
- न्यून र अत्याधिक खर्चको सीमा निर्धारण र रेखदेखको लागि मान्यताको प्रयोग गर्नु
- न्यून वा अत्याधिक खर्च रोक्न बजेट कार्यान्वयनका बेला उपायहरू अपनाउनु
- रक्षा बजेटको कम वा बढी खर्चका विषयमा अर्थमन्त्री वा मन्त्रिपरिषद्लाई जानकारी दिनुपर्छ
- रक्षा बजेटको अत्याधिक खर्चको लागि क्षतिपूर्तिको नियमः रक्षा बजेट भित्रैबाट वा अन्य सरकारी बजेटबाट अत्याधिक रक्षा खर्चको लागि क्षतिपूर्ति

## अवधि र आवधिकता

सुरक्षा क्षेत्रको उपयुक्त बजेट निर्धारणमा सकेसम्म प्रभावकारिता प्राप्त गर्नको लागि, मतदान अगाडि रक्षा बजेट प्रतिवेदनको जाँच गर्न पर्याप्त समय प्रदान गरिनुपर्छ । विधायकहरूलाई क्लिष्ट रक्षा बजेटको गहिरो पुनर्विचारका लागि कम्तिमा ४५ दिनदेखि ३ महिनासम्मको अवधि सबैभन्दा अनुकूल अवधि हो ।

रक्षा बजेट नीतिबारे यथार्थ, बिस्तृत र सामयिक जानकारी विभिन्न कारणले उपयोगी हुन्छन् जस्तै :

- यो जानकारी सर्वसाधारणको सूचना र छलफलका लागि पूर्वाधार हो
- यसले कमजोरी, सुधारको आवस्यकता र सुरक्षा र अन्य सरकारी खर्चबीचको सन्तुलन पत्ता लगाउन सहयोग गर्छ
- सुरक्षा क्षेत्रको पारदर्शी बजेट व्यवस्थापनले यसको सार्वजनिक र संसदीय जवाफदेहितामा सुधार ल्याउँछ र सरकारप्रति जनताको विश्वसमा वृद्धि गर्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## नागरिक समाजसँग अर्न्तक्रिया

संसदले नागरिक समाजबाट बजेट र आर्थिक योजना विज्ञहरूलाई आर्थिक पुनरावलोकन र पर्यवेक्षणको प्रक्रियामा समावेश गराउन सक्छ । सुरक्षा सम्बन्धी बजेट निर्धारण जुन सधैं स्पष्ट र  पालना गर्न सहज हुँदैन यस्तो अवस्थामा यो सहयोगी हुनसक्छ । बजेट निर्धारणको पारदर्शिता सबै मध्ये पनि सूचनाको हकसम्बन्धी कानुनमा आधारित हुनुपर्छ ।

## प्रशिक्षण र विज्ञहरू

विशेषज्ञ कर्मचारीका लागि संसदले प्रशिक्षण र  अनुसन्धानमार्फत् संसदका सदस्य र अन्य कर्मचारीको क्षमता वृद्धि गर्नुपर्ने हुन्छ । लोकतान्त्रिक सुशासन र प्रभावकारी संसदीय कारवाहीको लागि अन्तर व्यवस्थापिक संघले विधायक र संसदका अन्य कर्मचारीप्रति लक्षित गरेर क्षेत्रीय र उपक्षेत्रीय गोष्ठी सञ्चालन गरिरहेको छ (www.ipu.org हेर्नुहोस्) र यो जस्तै हाते किताबहरू पनि प्रकाशन गरिरहेको छ ।

बक्स नं. ५५

### रक्षा बजेटका आधारभूत तत्वहरू : स्पेनको २००२ को रक्षा बजेट

वस्तु र सेवाहरू

- खाद्यान्न
- पूर्वाधारको मर्मतसंहार
- पेट्रोल
- सेवाहरू : बिजुली, पानी, फोन आदि
- लत्ताकपडा
- भत्ता
- यातायात
- तालिम
- मेडिकल उपचार
- अन्य कार्यगत खर्चहरू

अन्य आर्थिक खर्चहरू

हालको स्थानान्तरण
अन्तर्राष्ट्रिय संस्थाहरू
स्वायत्त अंगहरू

यथार्थ लगानी
सशस्त्र फौजको आधुनिकीकरण
हतियार र सामग्रीको मर्मत
अनुसन्धान र विकास

पूँजी स्थानान्तरण

आर्थिक सम्पत्ति

*स्रोतः स्पेनको सन् २००२ को रक्षा बजेट, स्पेनको रक्षा मन्त्रालय*

## सुरक्षा बजेट निर्धारणमा पारदर्शिता र जवाफदेहीता

### पारदर्शिता विरूद्ध गोपनियता

निर्णयका नतिजाहरू जनताको चाहना र नीतिका उद्देश्यसँग एकरुप छन् भन्ने सुनिश्चिततताको लागि निर्णय प्रक्रियामा पारदर्शिता आवश्यक छ। रक्षा बजेटमा पारदर्शिताले संसदलाई उसको निगरानी राख्ने भूमिका सशक्त रुपमा निर्वाह गर्न सक्षम बनाउँछ। यसले सुरक्षा क्षेत्रप्रति समाजको विश्वास बढाउँछ। रक्षा बजेटमा पारदर्शिताको कमिलाई परम्परागत बजेट नमूना र अस्पष्ट सुरक्षा उद्देश्यसँग जोडेर हेरिन्छ। यसलाई राष्ट्रिय वैधानिक लेखा संस्थाहरूमा बहुआयामिक विज्ञहरूको कमि, निर्णयहरूलाई जनताले अवलोकन गर्न पाउन् भन्नका लागि सूचनाको हकको कमजोर संवैधानिक प्रावधान र जवाफदेहिता भन्दा गोप्यतालाई महत्व दिने कर्मचारीहरूको दृष्टिकोणसँग जोडेर हेरिन्छ। वैधानिक लेखा अधिकारीहरू र विधायकहरूले यस्तो व्यवस्थापकीय कमजोरी पत्ता लगाई यसलाई सम्बोधन गर्नुपर्छ। (अर्को अध्याय हेर्नुहोला)



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ५६

### पारदर्शी सुरक्षा बजेटका लागि मुख्य व्यवधानहरू

कार्यकारी विभागका केही चुनिएका व्यक्तिहरूले सुरक्षा नीति र स्रोत निर्धारण गर्ने ठाउँमा पारदर्शिता र जवाफदेहिताको कमी बजेट निर्धारणमा समस्याको रूपमा आउन सक्छ । अर्थ मन्त्रालय र कार्यपालिकाका अन्य विभागका मुख्य अधिकारीहरूलाई निर्णय प्रक्रियाबाट अलग्याइएको हुन्छ अथवा उनीहरूको निर्णयलाई छुटाइएको हुन्छ । देशको संविधानमै निगरानी राख्ने अधिकार दिइएको हुनसक्ने संसद, सञ्चार माध्यम र नागरिक समाजलाई लगातार अन्धकारमा राखिएको हुन्छ ।

विभिन्न सुरक्षाबलको सम्पूर्ण खर्च– कर्मचारी, कारवाही र साधन सबै तिनीहरूको बजेटमा समावेश गरिनुपर्छ । त्यो बजेटले खर्चको लागि कसरी पूँजीको बन्दोबस्त गर्ने हो त्यो पनि जनाउनुपर्छ । यद्यपि धेरैजस्तो सुरक्षा बजेटहरूको कुनै पनि शर्त पुरा गरेका हुँदैनन् । आन्तरिक बजेटरी विनियोजनहरू र कूल खर्च जसमा विभिन्न विभागका कोषहरू समावेश भएका हुन्छन् तिनीहरू अस्पष्ट हुन्छन् । बजेट बाहिर कार्यहरू हुने देशमा सरकारलाई नै यसबारे सही जानकारी हुँदैन । यसैले जवाफदेहिताको लागि प्राथमिक मापन–योजना र त्यसको कार्यान्वयनबीच तुलना गर्न सकिँदैन । रक्षा मन्त्रालयका अधिकारीहरू र अन्य कार्यकारी शाखाका कर्मचारीका लागि रक्षा नीति, बजेट निर्धारण र प्राप्तिमा उपयुक्त निर्णय लिन सहयोग पुऱ्याउनको लागि रक्षा सम्बन्धि प्राविधिक ज्ञान आवश्यक छ । बजेट भन्दा बाहिर जाने समस्या धेरै राजनीतिक हुन्छ र जनता र सैन्यबीचको सम्बन्धमा आधारभूत दीर्घकालीन परिवर्तन चाहिने हुनसक्छ ।

*स्रोतः मानव विकास प्रतिवेदन, २००२ (पृष्ठ ८९ र ९१)*

### नियन्त्रण गर्न सकिने र नसकिने रक्षा र सुरक्षासँग सम्बन्धित खर्चहरू

सुरक्षा क्षेत्रको निगरानी राख्न र सुरक्षा क्षेत्रमा खर्च गर्ने अथवा सरकारको अन्य क्षेत्रमा भन्ने निरुपण गर्न, आर्थिक इमान्दारीताको सुनिश्चितताका लाागि संसदसँग सम्बन्धित बजेटका दस्तावेजमाथिको पहुँच हुनु आवश्यक छ। संसदलाई कूल जम्माको मात्र

विवरण दिनु निर्दिष्टताको सिद्धान्तको विपरित हुन्छ। स्पष्ट जानकारी नदिइएसम्म संसदले रक्षा बजेटको पर्यवेक्षण गर्ने र निगरानी राख्ने संवैधानिक कर्तव्य पूरा गर्न सक्दैन।

संसदसँग सबै रक्षा बजेटका दस्तावेजहरूको पहुँच हुनुपर्छ। केही देशहरू (जस्तै डेनमार्क र लक्जेम्बर्ग)मा, संसदलाई बजेटको प्रत्येक विषयवस्तुबारे विस्तृत जानकारी उपलब्ध गराइएको हुन्छ। केही अन्य देशहरू (जस्तै फ्रान्स, ग्रीस र पोल्याण्डमा) रक्षा सम्बन्धी संसदीय समितिलाई रक्षाका विषयवस्तु सम्बन्धी बजेटबारे मात्र जानकारी उपलब्ध गराइन्छ। असल शासनको दृष्टिकोणबाट हेर्दा या त समिति (आवश्यक भएमा गोप्य रुपमा) वा संसदको नै रक्षा बजेटका दस्तावेजहरूमा पहुँचको प्रत्याभूति हुनुपर्छ। अन्य सुरक्षा सेवाहरू जस्तै गुप्तचर सेवाका लागि पनि यही प्रणाली अपनाउनुपर्छ।

सुरक्षा क्षेत्रको बजेटको वर्गीकरण कानुन विशेषगरी सूचनाको हकको कानुनमा आधारित भएर गर्नुपर्छ। (बक्स नं ५७ हेर्नुहोस्)

सुरक्षा बजेटबारे छलफल गर्दा वा मतदान गर्दा संसदको परिवर्तन गर्न पाउने अधिकारमा अनिवार्य खर्च जस्तै गएको वर्षमा हस्ताक्षरित प्राप्त गर्नुपर्ने ठेक्का, नामाकरण गरिएका कार्यक्रम जस्तै पेन्सन, सैनिकका लागि स्वास्थ्य सेवा आदिले बन्देज लगाएको हुन्छ। यस्ता खर्चमा दीर्घकालीन रुपमा मात्र परिवर्तन गर्न सकिन्छ।

बक्स नं. ५७

### सुरक्षा बजेटमा ३ तहको वर्गिकरण

विधायकहरू विशेष अवस्थामा जानकारीको गोपनियता र रक्षा बजेटसँग सम्बन्धित विनियोजनमाथि जवाफदेहिता बीचको सन्तुलनबारे निश्चित हुनुपर्छ । एउटा तरिका भनेको बजेट प्रस्तावलाई सुरक्षा वर्गिकरणको विभिन्न तहमा टुक्र्याउन सकिन्छ :

- संसदमा प्रस्तुत गरिने साधारण रक्षा बजेट
- वर्गिकृत पूँजी र कार्यसञ्चालन खर्च जसलाई रक्षा बजेट र सैन्य खर्च सम्बन्धी उप-समितिले निरीक्षण गर्न सक्छ





- माथिल्लो तहको सैन्य वर्गिकरणसँग सम्बन्धित खर्च जसको निरीक्षण समितिका सदस्यहरूको प्रतिनिधिमूलक समूहले निरीक्षण गर्न सक्छ । राष्ट्रिय गोपनियताको कानुनमा उल्लेख भएको आधारमा यो समूहलाई वर्गिकृत दस्तावेजको पहुँच उपलब्ध गराउनुपर्छ ।

*स्रोतः रविन्द्र पाल सिंह, Arms Procurement decision making processes, vol 1, OUP, oxford,1998*

## सार्वजनिक कोषको दुरूपयोग र भ्रष्टाचारविरूद्ध पारदर्शिता

सरकारले सार्वजनिक कोषको दुरुपयोग गरिरहेको छैन भन्ने निश्चित गर्न संसदले भूमिका खेल्छ। अप्ठ्यारा प्राविधिक विषय र रणनितिक सुरक्षाको आवश्यकताजस्ता विशेष क्षेत्रका लागि विनियोजित बजेटमा यस्ता दुरुपयोग बढी हुने गरेको देखिएको छ।

रक्षा बजेट निर्धारण पारदर्शिता र जवाफदेहीता, सुरक्षा क्षेत्रमाथि प्रभावकारी संसदीय निगरानीको पूर्वशर्त हो। जवाफदेहिताको लागि पारदर्शिता आफैंमा पूर्वशर्त हो भने जवाफदेही सुशसनको प्रमुख आधार हो। यसरी यी दुई पक्षहरू समग्र बजेट चक्रकै मुख्य आवश्यकता हुन्।

> *"रक्षा बजेटमा जवाफदेहिता र पारदर्शिताको कमीले देशको सशस्त्र बलको आकार, क्षमता र नियतबारे चासो उत्पन्न गराउन सक्छ भने यथेष्ट पारदर्शिताले सैन्य खर्चबारे ध्यान आकृष्ट गर्छ र द्वन्द्वतिर उन्मुख गराउन सक्ने अनिश्चितता र असमझदारीको सम्भावनालाई न्युनीकरण गर्छ।"*
>
> *- पाउल जर्ज, "Defense Expenditures in the 1990's: Budget and Fiscal Policy Issuesfor Developing COuntries", 2002*

अत्याधिक सैन्य खर्चले अन्यथा गरिबी निवारण र सामाजिक विकासका लागि प्रयोग गर्न सकिने उपयोगी स्रोतलाई विमुख गराउँछ र जनताले तिरेको करबाट यो खर्च जुट्ने भएकाले जनताका प्रतिनिधिलाई कार्यकारीले कसरी सामाजिक सुरक्षाको चाँजोपाँजो मिलाइरहेको छ भनेर जानकारी दिन आवश्यक हुन्छ। विकासशील देशमा भइहेको दुरुपयोग हानी पुऱ्याउने प्रकृतिको छ। सुशासनको उद्देश्य प्राप्तिका लागि सुरक्षा

क्षेत्रप्रति जनताको सोचाइ र चाहनालाई ध्यान पुऱ्याउनु सरकारको कर्तव्य हो। संसदले रक्षा बजेट विकास र सुरक्षा आवश्यकताबीच सन्तुलन हुनेगरी निर्धारण गरेको छ भन्ने कुराको निश्चय गर्नुपर्छ। सुरक्षा क्षेत्रमाथि संसदको प्रभावकारी बजेट नियन्त्रणलाई वाधा पुऱ्याउने विभिन्न समस्या छन् जसलाई तलको बक्समा प्रकाश पारिएको छ।

बक्स नं. ५८

सुरक्षा क्षेत्रको प्रभावकारी बजेट नियन्त्रणमा वाधा पुऱ्याउने मुख्य समस्याहरू

- संवैधानिक रूपरेखाको कमी : विधायकहरूलाई सुरक्षा क्षेत्रको गतिविधिमाथि निगरानी राख्न सक्षम बनाउने स्पष्ट संवैधानिक रूपरेखाको कमीका कारण उत्पन्न हुनसक्ने अप्ठ्यारा पनि छन् ।
- जानकारीको अभाव : संवैधानिक रूपरेखाको कमीसँग नजिक अर्को कानुनी पक्ष भनेको संवेदनशील जानकारीको खुलासाको लागि सहज सूचनासम्बन्धी हकको अभाव पनि हो । त्यसैले कानुनी रूपरेखामा अपूर्णता र अस्पष्टताले संसदलाई निगरानीको अधिकार प्रयोगबाट बञ्चित राख्छ यसको नतिजास्वरूप असल लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने जवाफदेहीताबाट सर्वसाधारण वञ्चित हुन्छन् ।
- बजेट बाहिरका क्रियाकलाप र सुरक्षा क्षेत्रको आम्दानीको स्रोत : सुरक्षा क्षेत्रको बजेट बाहिरका आम्दानीका स्रोत (विशेषगरी व्यापारिक प्रकृतिका क्रियाकलाप जस्तै सैन्य कम्पनीहरू अथवा सेवा दिए वापतका नाफा)को यथार्थ प्रकृति र उपादेयताबारे संसदलाई मात्रै होइन मन्त्रालयका अधिकारीहरूलाई समेत जानकारी नहुन सक्छ । सुरक्षा क्षेत्रको खर्च व्यहोर्ने अन्य उपाय जस्तै यसको पनि संसदलाई जानकारी हुनुपर्छ ।
- सुरक्षा खर्च लुकाउनु : पेन्सन, पूर्वाधार, यातायाता जस्ता सुरक्षा क्षेत्रका खर्चलाई अन्य मन्त्रालय वा क्षेत्र जस्तै समाजकल्याण, भौतिक योजना तथा निर्माण, रेल आदिमा स्थानान्तरण गर्ने गरिएको छ । यस्तो अभ्यासले रक्षा बजेटको गलत आँकलन हुन्छ र जनता र संसदको यथार्थ रक्षा खर्चको कानुनी लेखाजोखा गर्ने क्षमतामाथि असर पुऱ्याउँछ ।





- कमजोर सञ्चार : धेरै देशहरूमा सञ्चार क्षेत्रहरू (स्रोत र विज्ञको कमीको अर्थमा)कमजोर हुन्छन् र सुरक्षा क्षेत्र र संसदको कार्यको निरिक्षण गर्दैनन् । यसले सर्वसाधारणलाई आफ्ना प्रतिनिधी र सुरक्षा क्षेत्रबारेको ताजा र पूर्ण जानकारीबाट बञ्चित गराउँछ ।
- उपयुक्त अवलोकनका लागि समयको अभाव : यसअघि उल्लेख भएअनुसार, अवलोकनको लागि उपलब्ध कम समयले प्रभावकारी संसदीय निगरानीमा समस्या उत्पन्न गर्छ ।
- पूर्वाधार, विज्ञ र कर्मचारीको कमी : धेरै संसदहरूमा कार्यकारी जनताप्रति जवाफदेही भए नभएको सुनिश्चित गर्नका लागि पूर्वाधार, विज्ञ र कर्मचारीको कमी हुन्छ ।

## लोकतान्त्रिकरण उन्मुख देशहरूमा बजेट नियन्त्रण

युरोपभरि सन् १९९० मा आएको लोकतान्त्रिक लहरले संसदीय निगरानीको अवधारणा र अभ्यास लोकतान्त्रिकरण उन्मुख देशका लागि विशेष आवश्यक भएको देखाएको छ। बक्स नं ५९ ले राजनीतिक व्यवस्थालाई अझ पारदर्शी र जवाफदेही रुपरेखाभित्र समेट्न सक्रिय दक्षिण पूर्वी युरोपेली राज्यका बजेट सम्बन्धी अभ्यास नजिकबाट नियाल्न सहयोग पुऱ्याउँछ।

बक्स नं. ५९

दक्षिण पूर्वी युरोपका खास राष्ट्रमा बजेटको अभ्यास (सन् २००१ अनुसार)

अल्वानिया : सन् २००० को अक्टोबरमा बजेट व्यवस्थापन कार्यालयको स्थापना गरियो । सन् २००८ सम्मको लागि रक्षा आवश्यकता उल्लेख गरेर रक्षा नीति सम्बन्धी दस्तावेज प्रकाशित गरिएको छ । बजेटसम्बन्धी प्रक्रिया अगाडि बढाउन रक्षा मन्त्रालय जिम्मेवार छ ।

बुल्गेरिया : विगत १० वर्षदेखि नेशनल एसेम्बली (बुल्गेरियाको संसद)ले रक्षा बजेटबारे छलफल गर्दै आएको छ । नेशनल एसेम्बलीले सुरक्षा क्षेत्रमाथि पूर्ण संसदीय निगरानीको बाटोतिर लैजान निगरानी गर्ने क्षमतामा सुधार गरिरहेको अपेक्षा गरिएको छ ।

क्रोएसिया : बजेटबारे सरकारले प्रस्ताव राख्छ र त्यसपछि संसदलाई त्यो हस्तान्तरण गरिन्छ र आधिकारीक बुलेटिनमा प्रकाशित गरिन्छ । अर्थ र रक्षा मन्त्रालयमार्फत् अगाडि बढ्दै बजेट निर्धारण प्रक्रिया जुलाईदेखि नोभेम्बरसम्म चल्छ । संसदले रक्षा बजेटमा रहने कूल रकमको मात्र निर्णय गर्छ, यसको संरचनामा संसदको कुनै अधिकार हुँदैन ।

एफ.वाई रिपब्लिक अफ म्यासेडोनिया : रक्षा मन्त्रालयले सुरुमा प्रस्ताव तयार पार्छ र त्यो अर्थ मन्त्रालयमा जान्छ । यो चरणमा देशको क्षमतासँग समीकरण गर्नलाई अन्य मन्त्रालयसँग पनि छलफल गरिन्छ । त्यसपछि बजेट प्रस्ताव सरकारलाई बुझाइन्छ र त्यसलाई केही आवश्यक सुधारपछि संसदमा प्रस्तुत गरिन्छ । रक्षामन्त्रीले प्रस्तावित बजेट आन्तरिक नीति र रक्षा समिति समक्ष प्रस्तुत गर्छन् । मतदानपछि बजेटको, राष्ट्रपतिको घोषणाको लागि मस्यौदा तयार गरिन्छ । रक्षा बजेट कूल ग्रायस्थ उत्पादनको २.१२ प्रतिशत हुन्छ ।

रोमानिया : रक्षा मन्त्रालयले जनवरी २००० देखि योजना, कार्यक्रम, बजेट र मूल्यांकन प्रणाली लागू गरेको छ । यसको उद्देश्य रक्षा क्षेत्रका सबै क्रियाकलापमा पारदर्शिता वृद्धि गर्नु हो । संसदभित्र बजेट निर्माण प्रक्रियामा संलग्न थुप्रै समितिहरू छन् : रक्षा, सार्वजनिक सुव्यवस्था, राष्ट्रिय सुरक्षा, बजेट, अर्थ र ब्यांकहरू । मन्त्रालयभित्रका सम्बन्धित विभागले संसद, कानुन, जनसम्पर्कसँग सम्बन्ध राख्छ । मुख्य रक्षा योजना दस्तावेज इन्टरनेटमा राखिन्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

बजेट चक्रमा सुरक्षा क्षेत्र

- निश्चित बजेट चक्रका ४ मुख्य चरणहरू बजेट तयारी, बजेट पारित, बजेट लागू र खर्चको लेखापरीक्षणमा संसदले ध्यान पुऱ्याएको छ भन्ने निश्चय गर्नुहोस्
- वैधानिक लेखापरीक्षण संस्थाको निगरानीबारे निश्चय गर्नुहोस्
- संसद र अन्य पर्यवेक्षण संस्थाहरूको लेखापरिक्षणले नीतिगत उद्देश्यलाई बजेट माग र नतिजासँग जोड्नुपर्छ

पारदर्शी सुरक्षा बजेट निर्धारणका लागि प्रभावकारी संसदीय अभ्यास

- यस अध्यायमा उल्लेख गरिएको प्रभावकारी बजेट निर्धारणको सिद्धान्त अनुसार बजेट तयारीको लागि माग गर्नुहोस्
- प्रस्तावित सुरक्षा विनियोजन सम्बन्धित र उचित छ वा छैन वा पारदर्शी तरिकाले प्रस्तुत गरिएको छ-छैन भन्ने मूल्यांकन गर्न संसद वा आफूलाई सहयोग गर्न सक्ने स्वतन्त्र विज्ञहरूको सहयोग लिनुहोस्
- सुरक्षा सेवाहरूले आर्थिक योजना र बजेट निर्धारणको लागि आधुनिक तरिका अपनाएका छन् भन्ने निश्चय गर्नुहोस् जसले संसदलाई रक्षा खर्चको कानुनी मूल्यांकन गर्न सक्षम बनाउँछ र उद्देश्य, वित्तीय लगानी र कार्यगत उपलब्धि बीचको सम्बन्ध बुझ्न मद्दत गर्छ ।
- बक्स नं ५८ को सहयोगमा आफ्नो संसदको अवस्थाको जाँच गर्नुहोस् र कुनै पनि निश्चित कमजोरी हटाउन आफ्नो राजनीतिक सन्दर्भमा संभव हुनसक्ने कदम चाल्नुहोस् ।

अध्याय – २४

# सुरक्षासँग सम्बन्धित राष्ट्रिय बजेट खर्चको लेखापरीक्षण

## संसद र राष्ट्रिय लेखापरीक्षण कार्यालय

अनुमोदन गर्दैमा सुरक्षा बजेटमाथि संसदको जिम्मेवारी पूरा हुँदैन । संसदले आफ्नो निगरानी र लेखापरीक्षण कार्य गनुपर्छ । पूर्ण रुपमा लेखापरीक्षण भएको लेखा, संसदमा पेश गर्नु भनेको लोकतान्त्रिक प्रक्रियाकै हिस्सा हो भन्ने ध्यानमा राख्नुपर्छ र लेखापरीक्षणले तथ्यांक र प्रस्तुति दुवैको लेखापरीक्षणलाई समेट्नुपर्छ । विगतको बजेट वर्षमा रकम कसरी खर्च भएको थियो भन्ने मूल्यांकन गर्नका लागि लेखा र सुरक्षा अंगका वार्षिक प्रतिवेदन महत्पूर्ण  स्रोत हुन्छन् ।

निगरानी कार्यको लागि संसदलाई स्वायत्त संस्था जस्तै महान्यायाधिवक्ताको कार्यालयले सघाउनुपर्छ । यस्ता संस्थाहरू संवैधानिक कानुनअनुसार कार्यकारी, व्यवस्थापिका र न्यायपालिकाबाट स्वायत्त संस्थाका रुपमा स्थापना भएको हुन्छ । संसदले यो निश्चय गर्नुपर्छ कि :

- महान्यायाधिवक्तालाई संसदले नियुक्त गरेको हो र उसको स्पष्ट कार्यकाल तोकिएको छ ।
- महान्यायाधिवक्तासँग आफ्नो कार्य स्वतन्त्ररुपमा सम्पादन गर्न कानुनी र व्यवहारिक माध्यम र स्रोत छन् ।
- कुनै पनि बेला कुनै पनि खर्चको बारेमा संसद वा यसको बजेट समितिलाई जानकारी गराउन सक्ने स्वायत्त अधिकार छ ।

संसदले कानुनी रुपमै न्यायिक अवरोधको व्यवस्था गरिएको छ र त्यो राज्यको स्रोतमाथि राजनीतिक दल वा अधिकारीले भ्रष्टाचार र गलत व्यवस्थापन गरेमा लागू हुनेतर्फ ध्यान दिनु पर्छ । गल्ती भएको खण्डमा सच्याउने उपाय अपनाउन पाउनेमा पनि ध्यान दिनु पर्छ ।





बक्स नं. ६०

महान्यायाधिवक्ता

कार्यपालिका, व्यवस्थापिका वा न्यायापालिका जसको अर्न्तगत परे तापनि महान्यायाधिवक्ताको कार्यालय पूर्ण रूपमा स्वतन्त्र र साँचो अर्थमा स्वायत्त हुनु आवश्यक छ । यसलाई कार्यसम्पादनको लागि यथेष्ट स्रोत उपलब्ध गराउनु पनि आवश्यक छ । यसका कार्य तीन प्रकारका हुन्छन् :

- आर्थिक निगरानी : महान्यायाधिवक्ताको कार्यालयले कार्यकारी र सार्वजनिक विभागमा सम्पूर्ण खर्चहरूको यथार्थता, विश्वसनियता र विस्तृतता प्रमाणित गर्नुपर्छ । यसले सबै आर्थिक क्रियाकलाप सार्वजनिक कोषको नियमअनुसार भएको छ भन्ने प्रमाणित गर्नुपर्छ । निगरानी कार्यको सन्दर्भमा, भूक्तानी दिने सार्वजनिक लेखापाल र अधिकारीको आधारमा लेखापरिक्षण कार्यालयले न्यायप्रशासनको आफ्नो अभियान पूरा गर्नुपर्छ । जिम्मेवारी पूरा गर्ने क्रममा उनीहरूले चलाएको रकमका लागि उनीहरूलाई जवाफदेही बनाउनुपर्छ । भ्रष्टाचार र हिनामिना भएको खण्डमा लेखापरीक्षण कार्यालयले पत्ता लागेका तथ्यहरूको विवरण न्यायपलिकालाई दिनुपर्छ ।
- कानुनी निगरानी : लेखा परीक्षण कार्यालयले, सबै सार्वजनिक खर्चहरू र आय, बजेट सञ्चालन नियम अनुसार भएको छ भन्ने प्रमाणित गर्नुपर्छ ।
- सार्वजनिक कोषको सदुपयोगको सुनिश्चितता : तलका ३ वटा मापदण्डका आधारमा सुशासनको लागि सहयोग गर्ने आधुनिक लेखा परीक्षण कार्यालयले सार्वजनिक कोषको सदुपयोगबारे निश्चित गर्नुपर्छ :

  रकमको उपयोगिता : प्रयोग गरिएका स्रोतको गुणत्मक र संख्यात्मक हिसाबले पनि धेरै भन्दा धेरै उपयोग गरिएको छ भन्ने सुनिश्चित गर्नुहोस्

  प्रभावकारी : कुन हदसम्म उद्देश्य र लक्ष प्राप्त भयो मापन गर्नुहोस्

  दक्ष : प्रयोग गरिएका स्रोतहरू लक्ष प्राप्तिका लागि पूर्ण रूपमा उपयोग भए नभएको मापन गर्नुहोस्

यस्तो अघि वा पछि गरिने निगरानी लेखापरिक्षण कार्यालयको तत्वावधानमा वा संसदको अनुरोधमा गरिन्छ ।

*साभार : General Report On the IPU Seminar On parliament and the Budgetary Process, Including from Gender Perspective (Bamako, Mali, November 2001)*

## अभ्यासमा सुरक्षा बजेटको लेखापरीक्षण

सुरक्षा बजेटको लेखापरीक्षण गर्नु संसदको लागि अप्ठ्यारो प्रक्रिया हो। संसदले सुरक्षासँग प्रत्यक्ष र परोक्ष (जस्तै व्यापार, उद्योग, सञ्चार र रकम स्थानान्तरण) रुपमा सम्बन्धित विषयको लेखापरीक्षण प्रतिवेदनको विश्लेषण गर्नुपर्ने हुन्छ। स्पष्ट रुपमा सम्बन्धित नभएका क्रियाकलापबीच सम्बन्ध स्थापना गर्नु मुख्य चुनौती हुन्छ।

अभ्यासमा सुरक्षा सम्बन्धित मुख्य मन्त्रालयहरू -परम्परागत रुपमा रक्षा, गृह, उद्योग र आधुनिक -सञ्चार र अर्थले निरन्तर रुपमा विनियोजित रकम कसरी खर्च भइरहेको छ भन्ने बारेको पूर्ण विवरण सहितको प्रतिवेदन संसदलाई प्रस्तुत गर्नुपर्छ। प्रयोग भएका संसदीय प्रणालीमा : विभागीय वार्षिक प्रतिवेदन, संसदीय समितिद्वारा प्रत्येक विनियोजनमाथि पुनरावलोकन, प्रत्येक मन्त्रालयको लेखापरीक्षण गरिएको लेखा, संसदमा प्रत्येक विभागबारे अलग अलग वहस आदि पर्न सक्छन्।

आदर्श : लेखापरीक्षण प्रक्रियाले संसदलाई बजेट चक्रले वैधानिकता, खर्चमा दक्षता र तय गरिएका उद्देश्य प्राप्तिमा प्रभावकारिताको सम्मान गरे/नगरेको मूल्यांकन गर्न सक्षम बनाउनुपर्छ।

बक्स नं. ६१

### बेलायतको सुरक्षा क्षेत्रमाथि संसदको निगरानीमा बेलायतको राष्ट्रिय लेखापरीक्षण कार्यालयको भूमिका

सन् १९८३ मा स्वायत्त अंगको रूपमा स्थापित र नियन्त्रक र महान्यायाधिवक्ताको नेतृत्वमा युके नेशनल अडिट अफिस (एनएओ) ले संसदलाई केन्द्रीय सरकारको खर्चको विवरण प्रस्तुत गर्छ। एनएओले आर्थिक लेखापरीक्षण गर्छ र रकमको उपयोगिता प्राप्त भए/नभएको जानकारी दिन्छ।

- आर्थिक लेखापरक्षण : कानुनी रूपमा नियन्त्रक र महान्यायाधिवक्ता र एनएओ सबै सरकारी विभाग र आयोगको लेखाको लेखापरीक्षण गर्न र त्यसको नतिजाबारे संसदलाई जानकारी गराउन जिम्मेवार हुन्छन्। अन्य लेखापरीक्षकजस्तै नियन्त्रक र महान्यायाधिवक्ताले पनि लेखाहरू गलत विवरणबाट मुक्त छन् वा छैनन् भन्ने विषयमा आफ्नो धारण बनाउनुपर्छ। ती लेखामा भएको कारोबारको उपयुक्त संसदीय आधिकारिकताबारे नियन्त्रक र महान्यायाधिवक्ता निश्चित हुनुपर्छ। एनएओले भौतिक गलत विवरणहरू पत्ता लगाउँछ र नियन्त्रक र महान्यायाधिवक्ताले यसबारे आफ्नो धारणा राख्छन्। भौतिक त्रुटी र अनियमितता नदेखिएको खण्डमा नियन्त्रक र महान्यायाधिवक्ताले अन्य महत्वपूर्ण विषयहरूमाथि संसदको लागि प्रतिवेदन तयार गर्छन्। यस्ता प्रतिवेदनलाई हाउस अफ कमन्सको सार्वजनिक लेखा समितिले हेर्छ।
- रकमको उपयोगिता लेखापरीक्षण : नियन्त्रक र महान्यायाधिवक्ताले प्रत्येक वर्ष संसदलाई सरकारी विभाग र सार्वजनिक अंगबारे आफ्ना स्रोतबाट प्राप्त ५० भन्दा बढि प्रतिवेदन पेश गर्छन्। एनएओले सार्वजनिक खर्चको आर्थिक मितव्ययिता, दक्षता र प्रभावकारिताको जाँच गरी प्रतिवेदन पेश गर्दछ। प्रतिवेदनले कमजोरी प्रस्तुति औंल्याउनुको साथसाथै राम्रो अभ्यासबारे प्रकाश पार्छ। यसले उपयोगी परिवर्तनका लागि सुझाव पनि दिन्छ। एनएओले आफूले विगत ३ वर्षमा दिएका सबै सुझा कार्यान्वयन गर्दा सरकारले १.४ बिलियन पाउण्ड बचत गरेको विश्वास गर्छ। रक्षा रकमको उपयोगिता सम्बन्धी प्रतिवेदनले हालसालै हेलिकप्टर उपकरण, युद्धको पहिचान, भूमि उपकरणको मर्मत, रक्षा मन्त्रालयको भवन निर्माण जस्ता अनेकता समेटेको छ। एनएओले ३० सबैभन्दा ठूला उपार्जन आयोजनाको प्रगतिको विवरण दिन्छ।
- संसदसँगको सम्बन्ध र जवाफदेहिताको चक्र : संसद अझ विशेषगरी यसको सार्वजनिक लेखा समितिसँगको सम्बन्ध यसको कार्यका लागि प्रमुख हुन्छन्। नियन्त्रक र महान्यायाधिवक्ता ओहदाको हिसाबले हाउस अफ कमन्सको प्रमुख हुन्छन् र उनीहरूको मुख्य कार्य संसदसमक्ष प्रस्तुत गरिन्छ। यसरी जवाफदेहिताको चक्र चल्दछ। केन्द्रीय सरकारले सार्वजनिक रकम खर्च गर्ने बित्तिकै यसको नियमितता, औचित्य र रकमको मूल्यबारे संसदमा विवरण पेश गर्न नियन्त्रक र महान्यायाधिवक्ता स्वतन्त्र हुन्छन्। सार्वजनिक लेखा समितिले यस प्रतिवेदनमाथि त्यस सार्वजनिक अंगको सबैभन्दा उच्च तहको अधिकारीसँग प्रमाण लिन सक्छ र सरकारलाई सुझाव दिन्छ। यसबाहेक एनएओले सार्वजनिक खर्चलाई असर गर्ने विषयवस्तुसँग सम्बन्धित संसदका सदस्यहरूको ४ सय भन्दा बढी जिज्ञासाको समाधान गर्छ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## लेखापरीक्षण कार्यालयका आवश्यक तत्वहरू

संसदीय निगरानी राख्न लेखापरीक्षण कार्यालय सबैभन्दा महत्वपूर्ण माध्यम हो । प्रभावकारी हुनको लागि योसँग तलका विशेषता हुनुपर्छ :

- वैधानिक लेखापरीक्षण कार्यालयले संसदीय लेखा समितिलाई जानकारी दिन्छ जुन बजेट समितिभन्दा भिन्न हुनुपर्छ
- निर्णयहरूबारे स्पष्ट हुनलाई योसँग वर्गिकृत दस्तावेजहरूको पहुँच हुनुपर्छ तर त्यस्ता दस्तावेजलाई सार्वजनिक सन्दर्भ बनाउनु हुँदैन ।
- योसँग सुरक्षा क्षेत्र, रक्षा व्यवस्थापन, प्राविधिक, आर्थिक र कानुनी पक्षका विज्ञसहित वहुआयामिक क्षमता हुनुपर्छ ।

बक्स नं. ६२

### जर्जियाको संसद र बजेट नियन्त्रण

सन् २००१ को अन्त्यमा जर्जियाका सांसदहरूले आधारभूत आंकडामा असमझदारी र सरकारले मस्यौदा ढिला प्रस्तुत गरेकाले समय अभावका कारण सन् २००२ को बजेट विधयेकमाथिको छलफललाई १ महिना पर सार्ने निर्णय गरे । सोही समयमा, अमेरिकी विज्ञहरूको सहयोगमा रक्षा मन्त्रालयले हालसम्मकै पहिलो रक्षा बजेट कार्यक्रममाथि काम गर्न थाल्यो । यसले गर्दा सांसदहरूलाई सशस्त्र बलको आधारभूत संरचनागत तत्वमाथि विचार गर्ने मौका प्राप्त भयो र रक्षा खर्चबारे पूर्ण जानकारीसहितको धारण बनाउन सहयोग पुग्यो । एनएओको मापदण्ड अन्तर्गत निर्माण गरिएको बजेट मस्यौदाले सबै खर्चलाई कर्मचारी, युद्ध क्षमताको पुनर्स्थापना र लगानी गरी ३ भागमा बाँड्यो ।

संसदीय नियन्त्रणको दृष्टिकोणबाट मुख्य समस्या भनेको संसदले २००२ जनावरीको अन्त्यतिर पारित बजेटमा १.राष्ट्रपति, अर्थमन्त्री र रक्षामन्त्रीले अधिकतम रक्षा खर्चबारे फरक धारण प्रस्तुत गरे, २. बजेको आकारमा अन्तिम समयमा आएर परिवर्तन गरियो जसबारे सांसदहरूलाई स्पष्ट पारिएन ३. सांसदहरूलाई रक्षा मन्त्रालयमा कर्मचारी घटाउने प्रस्तावित तालिका र यो कदमको आर्थिक प्रभावबारे जानकारी गराइएन । यसै समयमा बजेट कानुनमा संलग्न नगराइएका सरकारी





आयोगको बजेट प्रस्तावहरूले संसदको नियन्त्रण छले । अन्त्यमा संसदले रक्षा खर्चको लागि ३८ मिलियन जीइएलमात्र स्वीकृत गर्‍यो जबकि त्यो कार्यक्रमको लागि ७१ मिलियन जीइएलको आवश्यकता थियो । यस्तो प्ररिप्रेक्षमा राष्ट्रपति र राष्ट्रिय सुरक्षा परिषद्ले विभिन्न सरकारी संरचनाका लागि कसरी बजेट विनियोजन गर्ने भन्ने निर्णय गर्छन् । संसदले यस्तो मौकाको फाइदा लिई संसदीय प्रणालीद्वारा बजेटबारे छलफल र पारित गरी लोकतान्त्रिक नियन्त्रणको अधिकारको अभ्यास गर्न सक्थ्यो ।

*स्रोतः David Darchiashvili, Head of the Parliamentary Research Department of the Parliament of Georgia, 2002*

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

प्रभावकारी स्वतन्त्र लेखापरीक्षण

- संविधान अथवा कानुनमा सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापनाको व्यवस्था गरिएको छ भन्ने निश्चय गर्नुहोस् । यसमा तलका पक्षहरू समावेश भएको हुनुपर्छ :
  - राष्ट्रिय लेखापरीक्षण संस्था र सरकारबीचको सम्बन्धको क्षेत्र र प्रकृति
  - लेखापरीक्षण संस्था, यसका कर्मचारी र अधिकारीलाई आवश्यक स्वायत्तता र आर्थिक स्वायत्तता
  - संसदले लेखापरीक्षण कार्यालय र संसदको सार्वजनिक लेखापरीक्षण कार्यालयले प्रस्तुत गरेको प्रतिवेदनमाथि सरकारले दिएको प्रतिक्रियाको पुनरावलोकन गर्नुपर्छ
- लेखापरीक्षण विधिसम्बन्धी मार्गदर्शनको लीमा घोषणामा रहेका सिद्धान्तहरू– www.intosai.org मा पनि हेर्न सकिन्छ –आफ्नो राष्ट्रिय कानुन र अभ्यासमा प्रतिबिम्बित भए/नभएको जाँच गर्नुहोस् ।

वैधानिकता लेखापरक्षण, नियमितता लेखापरक्षण र प्रस्तुतिकरण लेखापरीक्षण

- सुरक्षाको विषयमा राष्ट्रिय लेखापरीक्षण संस्थाले माथि उल्लेखित ३ पक्षलाई समेटे/नसमेटेकोमा ध्यान दिनुहोस्

- सुरक्षासम्बन्धी खर्चको लेखापरक्षण प्रक्रियापछि हुने भए पनि संसदले आवश्यक पाठ सिकेर नयाँ रकम विनियोजन गर्ने क्रममा त्यसलाई ध्यानमा राख्छ भन्ने निश्चय गर्नुहोस्
- धेरैजसो लेखापरीक्षण प्रतिवेदनह आर्थिक मुद्दामा सीमित हुन्छन् । वैधानिक लेखापरीक्षण कार्यालय निश्चित परियोजनाको विस्तृत प्रस्तुतिकरण लेखापरीक्षण गर्न सक्षम हुनुपर्छ अथवा संस्थासँग विज्ञकरूको अभाव भएमा स्वतन्त्र मूल्यांकनको निमित्त परामर्शदाताहरूको प्रयोग गर्नुपर्छ ।
- वैधानिक लेखापरीक्षण कार्यालयले सुरक्षा सेवाको आर्थिक विभागको कार्यको पनि लेखापरक्षण गर्नुपर्छ ।



भाग ७

# सुरक्षा क्षेत्रमा मानव संसाधनः

## व्यवसायिक तथा लोकतान्त्रिक सुपरिवेक्षणको सुनिश्चितता

**अध्याय – २५**

# सुरक्षा क्षेत्रमा लोकतान्त्रिक मूल्य प्रवर्द्धन

सशस्त्र बलको लोकतान्त्रिक शिक्षा र दृष्टिकोण प्रवर्द्धन आवश्यक छ। यसले गर्दा सेनालाई समाजमा उचित तरीकाले समायोजन गर्न सकिन्छ र लोकतन्त्रका लागि खतरा उत्पन्न हुन सक्दैन। विश्वका विभिन्न भागहरूमा उचित व्यवस्थापन र लोकतान्त्रिक नियन्त्रण वा सामाजिक संरचनाभित्र पूर्णरूपले एकीकृत नभएका सेनाहरू लोकतन्त्रका लागि खतरा बन्न सक्ने वास्तविक अनुभवले देखाएको छ :

- ✓ असंवैधानिक अधिकारको अभ्यास तथा सैनिक विद्रोहद्वारा सरकार परिवर्तन;
- ✓ सैनिक वा व्यापारिक क्रियाकलापहरूको अनधिकृत अभ्यास;
- ✓ समाजको अन्य क्षेत्रका लागि आवश्यक अत्यन्त धेरै स्रोत साधनहरूको उपभोग;
- ✓ सार्वजनिक कोषको दुरूपयोग;
- ✓ मानव अधिकारको उल्लङ्घन (जस्तो : लुट्पाट, डकैती, गैर कानुनी हिंसाको प्रयोग र बलात्कार)।

## सुरक्षा क्षेत्रका कर्मचारीहरूमा लोकतान्त्रिक दृष्टिकोणलाई प्रोत्साहन गर्ने संयन्त्रहरू

सशस्त्र बलमा लोकतान्त्रिक दृष्टिकोणलाई प्रोत्साहन गर्नुको तात्पर्य सैनिक संगठनभित्रै संयन्त्रहरू सिर्जना गर्नु हो जसले लोकतान्त्रिक मूल्यमान्यता र संस्थाहरूका साथै मानव अधिकारका सिद्धान्तहरूको सम्मान गर्छ र चेतना जागृत गराउन योगदान गर्छ। यी आन्तरिक संयन्त्रहरू सशस्त्र बललाई नियन्त्रण गर्ने संसद, सरकार र नागरिक नियन्त्रणमा सहयोग पुऱ्याउन आवश्यक हुन्छन्। निम्न तत्वहरूले बर्दीवाल कर्मचारीहरूको लोकतान्त्रिक दृष्टिकोणलाई सुदृढीकरण गर्न सहयोग पुऱ्याउन सक्छ।

## संविधान र राज्य संस्थाहरूप्रति बफादारी

असल शासन अन्तर्गत सुरक्षा क्षेत्रभित्रका सार्वजनिक सेवाका मान्यताहरू र कानुनी शासनको आचारसंहिता पालना र संविधान तथा राष्ट्रिय संस्थाहरूको सम्मान पर्दछन् । लोकतान्त्रिक समाजका सैनिक र अन्य संरक्षकहरूले संविधान र राज्य संस्थाहरूप्रति निरन्तर बफादारीको शपथ लिनु पर्छ, नेता विशेषको होइन । यस्तो "अनात्मीय" शपथले सुरक्षा सेवाहरू तत्कालीन सरकार विशेषप्रति बफादार नभई जनताको वैधानिक प्रतिनिधिले खडा गरेको संविधान र कानुनप्रति बफादार भएको संकेत गर्छ । सुरक्षा क्षेत्रको नागरिक सुपरिवेक्षणले सतर्कतापूर्वक सैनिक शपथको स्पष्ट प्रकार र यसलाई सुरक्षित लागु गर्न के गर्नुपर्छ भन्नेजस्ता पक्षलाई समावेश गर्नुपर्छ ।

## सुरक्षा क्षेत्रको सुपरिभाषित आन्तरिक व्यवस्था

लोकतान्त्रिक सुपरिवेक्षणका दृष्टिकोणबाट सुरक्षा क्षेत्रको आन्तरिक व्यवस्था सम्बन्धी कानुनी संरचनाको सुदृढीकरण महत्वपूर्ण हुन्छ । यस अन्तर्गत निम्न बुँदाहरू पर्छन् :

- ✓ अधिकृतहरूको संवैधानिक अधिकारको सीमा निर्धारण गर्नु;
- ✓ जेनेभा सन्धिको सहमतिअनुरूप कानुनी संरचना स्थापना गरेर अनिवार्य सैन्य सेवासम्बन्धी ऐन, सैनिक सेवा विधेयक र सैनिक दण्ड विधानको स्वीकृति वा पुनरावलोकन गर्नु;
- ✓ सैनिक कर्मचारीहरूलाई गैर कानुनी आदेश अवज्ञा गर्ने कर्तव्य पालना गराउनु ।

अधिकांश राज्यहरूमा संविधानले सम्पूर्ण नागरिकहरूको अधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति गरे पनि अधिनस्थ कानुनले विशेष सैनिक कार्यको लागि आवश्यक परेको खण्डमा सेनाका अधिकारलाई सीमित पार्न सक्छ । तसर्थ, सिद्धान्ततः सेनालाई अरू नागरिक सरह अधिकार हुन्छ, किनकि सेना वर्दीसहितका नागरिक हुन् । तथापि, जहाँसम्म सुरक्षाकर्मीलाई लागु हुने सीमाको प्रश्न छ, अभिव्यक्ति स्वतन्त्रताको हदमा उनीहरूको पहुँच गोप्य दस्तावेजहरूमा हुन्छ, सैनिक/सुरक्षा तयारीका लागि सँधै तयार रहनुपर्ने भएकोले हिंड्डुल गर्न पाउने स्वतन्त्रता र राजनीतिक पदमा निर्वाचित हुन पाउने अधिकार हुन्छ । सबै लोकतन्त्रले सुरक्षाकर्मीको नागरिक अधिकारलाई एकै किसिमले वन्देज लगाएको छैन । उदाहरणको लागि स्केन्डनेभियन राष्ट्रहरूका जर्मनी





र नेदरल्याण्डमा सुरक्षाकर्मीलाई ट्रेड यूनियन गठन गर्ने र सहभागी हुन पाउने अधिकार छ । अन्य राज्यहरूमा सुरक्षाकर्मीलाई प्रतिनिधिमूलक संघ गठन गर्न र सहभागी हुन पाउने मात्र अधिकार छ । यद्यपि, सबै अवस्थामा बन्देजहरूलाई अधिनस्थ कानुनमा स्पष्टरूपले उल्लेख गरिएको हुन्छ र सेवारत व्यक्तिको विशिष्ट स्तर र राष्ट्रिय सुरक्षासँग सँधै प्रत्यक्ष सम्बन्धित हुन्छ ।

## सैनिक प्रतिनिधिमूलक संघ तथा युनियनहरू

अधिकांश राज्यहरूमा स्वेच्छिक वा अनिवार्य भर्ना गरिएका सैनिकको हित रक्षार्थ ट्रेड युनियन गठन गर्न र सहभागी हुन निषेध गरिएको छ । सैनिक कर्मचारीका लागि ट्रेड युनियन हुनुहुँदैन भन्नेहरूको तर्क के छ भने सशस्त्र बलभित्र यसले अनुशासन र आदेशलाई कमजोर तुल्याउन सक्छ । अन्य राज्यहरू, खासगरी मानव अधिकार र मौलिक स्वतन्त्रतासम्बन्धी युरोपेली महासन्धि (ECHR) को धारा ११ अनुरूप सैनिक कर्मचारीलाई प्रतिनिधिमूलक संघ गठन गर्न र सदस्य हुन अनुमति दिइएको छ । यस अन्तर्गत अष्ट्रिया, बेल्जियम, चेक गणतन्त्र, डेनमार्क, फिनल्याण्ड, जर्मनी, हङ्गेरी, आयरल्याण्ड, लक्जमवर्ग, नेदरल्याण्ड, नर्वे, पोर्चुगल, रूस, गणतन्त्र स्लोभाक, स्लोभेनीया, स्वीडेन र स्वीट्जरल्याण्ड पर्छन् । यी राज्यहरूमा सैनिक कर्मचारीका लागि प्रतिनिधिमूलक संघ वा युनियनहरूमा विभिन्न संस्थागत आधारमा विभिन्न अधिकारहरू हुन्छन् । उनीहरू सबैलाई रक्षा मन्त्रीसँग परामर्श गर्ने अधिकार हुन्छ र केहीलाई भने रोजगारी सम्बन्धमा सम्झौता वा वार्ता गर्ने अधिकार हुन्छ । हरेक अवस्थामा संघहरूले सेनाको स्वास्थ्य र सुरक्षा अवस्थालाई प्रवर्द्धन गरी प्रत्येक सदस्यलाई सहयोग प्रदान गर्छन्, उदाहरणको लागि सैनिक कर्मचारी र उनीहरूको रोजगारदाता बीचको कानुनी विवादमा । सैनिक कर्मचारीको लागि युरोपमा दुई छाता संगठनहरू छन् । ब्रसेल्समा, EUROMIL युरोपको एक मात्र सैनिक कर्मचारीको संगठन हो, जहाँ कुनै पदीय हैसियतका व्यक्ति सहभागी हुन सक्छन् । युरोपमा रहेको दोस्रो छाता संगठन, स्टकहोम स्थित अनिवार्य सैन्य भर्ना संगठनसम्बन्धी युरोपियन परिषद (ECCO) हो ।

बक्स नं. ६३

### सशस्त्र बलका व्यवसायिक कर्मचारी संघका सदस्यको अधिकारसम्बन्धी युरोपेली सिफारिस परिषद

१. संसदीय सभाले स्मरण गराउँछ कि (...) सामान्य अवस्थामा सशस्त्र बलका व्यवसायिक कर्मचारीहरूको संघसंस्था गठन र हड्ताल गर्ने अधिकारलाई निषेध गरिएको छ (...)

४. बितेका वर्षहरूमा केही सदस्य राष्ट्रहरूले अनिवार्य भर्नालाई विशुद्ध व्यवसायिक पद्धतिमा परिवर्तन गरेका छन् । फलस्वरूप, सैनिक कर्मचारीहरू "नियमित" कर्मचारीका रूपमा वृद्धि हुँदै छन्, जसको रोजगारदाता रक्षा मन्त्रालय हो र जो मानव अधिकारसम्बन्धी युरोपेली सन्धि र युरोपेली वडापत्रमा स्थापित भएको कर्मचारीको अधिकारको लागि पूर्णरूपले योग्य हुनुपर्छ ।

५. सशस्त्र बलका सदस्यहरू "वर्दीसहितका नागरिक" भएकोले पूर्ण अधिकार उपभोग गर्न पाउनुपर्छ । सेना युद्ध वा कर्तव्यमा नभएको बेला विशेष संघसंस्थाहरू स्थापना गर्न, सदस्य हुन र सक्रिय सहभागी हुन पाउनुपर्छ । साथै लोकतान्त्रिक संस्थाभित्रको संरचनाभित्र रहेर आफनो व्यवसायिक स्वार्थको रक्षा कर्तव्य पालन गरिरहेको सिलसिलामा समेत गर्नु पर्छ ।

६. सैनिक कर्मचारीलाई पनि समान अधिकारको अभ्यास गर्न र कानुनी राजनीतिक दलहरूमा सहभागी वा सदस्य हुन पाउने समेत अधिकारप्राप्त हुनुपर्छ ।

७. त्यसकारण मन्त्रीहरूको समितिलाई सदस्य राष्ट्रहरूका सरकारसँग आग्रह गर्न संसदीय सभाले सिफारिस गर्छ :

क) सशस्त्र बलका सदस्य र सैनिक कर्मचारीलाई प्रतिनिधिमूलक संघहरूमा संगठित भएर तलब र रोजगारको शर्त सम्बन्धी सवालमा सम्झैता गर्न अधिकार प्रदान गर्ने;

ख) सशस्त्र बललाई संघको सदस्य हुन पाउने अधिकारबारे विद्यमान अनावश्यक प्रतिवन्ध हटाउने;

ग) सशस्त्र बलका सदस्यहरू र सैनिक कर्मचारीलाई कानुनी राजनीतिक दलहरूमा सदस्य बन्न दिने;

घ) यी अधिकारलाई सैनिक नियम र सदस्य राष्ट्रको संहितामा समावेश गर्ने;





ङ) अम्बुड्सम्यान स्थापनाको सम्भावनालाई परीक्षण गर्ने र योसँग सम्बन्धित सैनिक कर्मचारीले श्रम र अन्य सेवासँग सम्वन्धित विवादहरू भएमा निवेदन दिन सक्नेछन् ।

८. सभाले मन्त्री स्तरीय समितिलाई संशोधित युरोपेली सामाजिक वडापत्रको मूल आलेखमा पुनर्विचारका लागि परीक्षण गर्न आग्रह गर्छ र यसको संशोधित धारा ५ समावेश हुनुपर्छ– "कामदार र रोजगारदाताको स्वतन्त्रतालाई प्रवर्द्धन तथा सुनिश्चित गर्न, उनीहरूको आर्थिक र सामाजिक हितको सुरक्षा गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरू गठन गर्न पाउने र ती संगठनहरूमा सदस्य हुन पाउनुपर्छ । दलहरूको राष्ट्रिय कानुनको पालनाले स्वतन्त्रतालाई कमजोर बनाउने छैन, न त यसलाई स्वतन्त्रता कमजोर बनाउनकै लागि लागू गरिन्छ । केही हदसम्म यो धाराले व्यवस्था गरेको प्रत्याभूति प्रहरी र सशस्त्र बलका सदस्यहरूमा राष्ट्रिय कानुन वा नियमहरूले निर्धारित गर्नेछन् ।"

*Recommendations 1572 (2002)*
*Council of Europe Parliamentary Assembly, 3 September, 2002*

## प्रमुख मूल्य तथा मान्यतामा शिक्षाको प्रवर्द्धन

सुरक्षाकर्मीको शिक्षाको उद्देश्य व्यवसायिक सुरक्षाकर्मीको उत्पादन गर्ने हुनुपर्छ, जो आफ्नो कर्तव्यप्रति समर्पित र सँधै तत्पर हुन्छन् । सैनिक शिक्षा राजनीतिक रूपले तटस्थ हुनुपर्दछ र कुनै प्रकारले राजनीतिक विचारधारा र प्रचारबाजीका तत्वहरू समावेश हुनुहुँदैन । यसमा लोकतन्त्र, संवैधानिक, अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी विषयहरू समावेश गरिएको हुनुपर्छ । सुरक्षा क्षेत्रलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनसम्बन्धी शिक्षा र प्रशिक्षण उपलब्ध गराउनु विशेषगरी त्यस क्षेत्रमा लोकतान्त्रिक मूल्य मान्यताहरूको प्रवर्द्धनका लागि महत्वपूर्ण हुन्छ । अन्तर्राष्ट्रिय मानवीय कानुनसँग परिचित हुन संसदमा सदस्यहरू सांसदहरूका लागि सन् १९९९ मा अन्तर व्यवस्थापिका संघ र रेडक्रसको अन्तर्राष्ट्रिय समितिले प्रकाशन गरेको (हाते पुस्तिका नं. १) हाते पुस्तिका 'अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान' (Respect for International Humanitarian Law) प्राप्त गर्न चाहन्छन् । रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC) र मानव अधिकारको लागि संयुक्त राष्ट्रसंघीय

उच्चायुक्तको कार्यालय (UNHCR) दुबैले राज्यहरूको क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग उपलब्ध गराएर क्रमशः अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको निम्ति सम्मान अभिवृद्धि गर्न प्रयत्न गर्छन् ।

## राजनीतिक तटस्थता र असक्रिय संलग्नता

सुरक्षा सेवाहरू राजनीतिक तवरले तटस्थ हुनुपर्ने भएकोले राजनीतिक दलहरूलाई व्यारेकभित्र अभियान सञ्चालन गर्न निषेध गरिएको छ । जब कि केही राष्ट्रहरूमा बहालवाला सेनाहरूलाई राजनीतिक दलको सदस्य बन्न सक्ने अधिकार दिइएको हुन्छ भने अन्य राष्ट्रहरूमा विशेष गरी, साम्यवादी शासनमुक्त राष्ट्रहरूमा सैनिक कर्मचारीलाई राजनीतिक दलको सदस्य हुने अधिकार प्रदान गरिएको छैन । उदाहरणको लागि, पोल्याण्डमा गृह मन्त्रालय अन्तर्गतका कर्मचारीहरू जस्तो, गुप्तचर संस्था वा प्रहरीलाई राजनीतिक दलको सदस्य हुन प्रतिवन्धित गरिएको छ । प्रायः राष्ट्रहरूमा सुरक्षाकर्मी राष्ट्रिय संसदको सदस्य हुन सक्दैनन् । केही राष्ट्रमा, जस्तो नेदरल्याण्ड र जर्मनीमा बहालवाला सेनाहरू स्थानीय वा क्षेत्रीय सभाको सदस्य बन्न सक्छन् ।

## समाजको ऐनाको रूपमा सुरक्षा सेवाहरू

सिद्धान्ततः सुरक्षा क्षेत्रभित्रका सबै पदहरू लिङ्ग, राजनीतिक संलग्नता, वर्ग, जाति वा धर्मको आधारमा नभई सबै नागरिकको लागि खुला हुनुपर्दछ । सर्वश्रेष्ठ पुरूष वा महिलालाई सर्वश्रेष्ठ पद भन्ने नै छनौटको मुख्य मापदण्ड हुनुपर्दछ । धेरै राज्यहरूले बुझेका छन् कि सुरक्षा सेवाका कर्मचारीहरू मुख्यतः प्रहरी र सशस्त्र बल आमरुपमा समाजको ऐना हुनुपर्छ । यस्ता राज्यहरूले विशिष्ट प्रकारका नीतिहरू लागु गर्छन् जसले सुरक्षा सेवाहरूमा न्यून प्रतिनिधित्व भएका समाजका समूहलाई पनि रोजगारीको लागि आवेदन दिन प्रोत्साहन गर्छन् ।

## अवैध तथा अपमानजनक आदेशको अवज्ञालाई वैधानिकता प्रदान

सुरक्षा सेवाका सबै पद, क्षेत्र, कार्य सञ्चालन, सहयोग, काम कारवाही, सूचना सम्प्रेषण, कर्तव्य पालना र अनगमनलाई कानुनले निर्देशन गरेको हुन्छ । कानुनले मात्र सुरक्षा सेवालाई अख्तियारी दिन्छन् । सैनिकका सम्बन्धमा भने सैनिक कर्मचारी ऐन वा





सैनिक दण्ड विधानजस्ता निर्दिष्ट कानुनहरूले अनिवार्य पालन गर्नुपर्ने आदेशहरू तोकेको हुन्छ । प्रायः राष्ट्रहरूमा यी कानुनले प्रत्येक सैनिक कमाण्डरलाई आदेश जारी गर्दा कानुनको शासन पालना गर्न बाध्य गर्छन्, अर्थात् कमाण्डरका अधिकारलाई सीमित गर्छन् । सेवारत व्यक्तिलाई गैरकानुनी (आपराधिक) आदेशलाई अवज्ञा गर्ने कर्तव्य हुन्छ; कुनै पनि सेवारत व्यक्तिले कुनै आदेश अनुसार अपराध गरे पनि यसमा सफाइ पाउँदैन; साथै, आफ्नो काम कर्तव्यसँग असम्बन्धित वा मानवीय आत्मसम्मानको उल्लङ्घन गर्ने आदेश पालना गर्न कुनै पनि सेवारत व्यक्ति वाध्य हुने छैन । यसले के बुझाउँछ भने सेवारत व्यक्ति स्वयं आफूले गरेका कार्य र उच्च पदस्थ अधिकारीले आदेश गरेको कार्यमा समेत जवाफदेही हुनुपर्छ ।

उच्च सैनिक नेतृत्वलाई समाजमा उदाहरण कायम गर्न प्रोत्साहित गर्नुपर्छ र कुनै पनि सैनिकलाई अलोकतान्त्रिक, असंवैधानिक वा अनैतिक आदेश वा कार्यहरू गर्ने छुट हुँदैन भनेर जनतालाई जानकारी गराउनुपर्छ । यो विशेषगरी, पूर्व सैनिक तानाशाही व्यवस्थाको सशस्त्र बलका लागि महत्वपूर्ण हुन्छ । उदाहरणको लागि अर्जेन्टिनामा लोकतन्त्र पुनर्वहाली पश्चात् त्यहाँका सैनिक जनरलहरूले घोषणा गरे *"साध्यले साधनको औचित्य पुष्टि गर्दैन"*, तसर्थ *"जसले अनैतिक आदेश दिन्छन् र जसले ती आदेशहरूको पालना गर्छन्, तिनीहरूले कानुन तोडेको मानिन्छ ।"* यी अभिव्यक्तिमार्फत् उच्च नेतृत्वले के स्पष्ट पारेको छ भने प्रत्येक सैनिक आफूले गरेका अपराध र दुराचारको व्यक्तिगतरूपमा जवाफदेही हुन्छ र उच्च पदस्थ अधिकारीहरूबाट प्राप्त निर्देशन (गैरकानुनी) को पालना मात्र गरेको भनेर तर्क गर्न पाउँदैनन् ।

अर्को महत्वपूर्ण मुद्दा भनेको दण्डहीनता रोक्न तथा यसविरुद्ध लड्न कुनै किसिमको पेशागत दुर्व्यवहार र अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारको उल्लङ्घन भएमा सम्बन्धित प्रशासनिक वा न्यायिक अङ्गले दण्डसजाय गर्नेछन् भन्ने सुनिश्चित गर्नु हो ।

## उच्च पदस्थ सुरक्षा कर्मचारीको नियुक्तिका लागि मापदण्ड निर्धारण

सुरक्षा सेवाका उच्च पदहरूमा जस्तो सशस्त्र बलको प्रधान सेनापति वा गुप्तचर सेवाका निर्देशकहरूलाई मन्त्रीपरिषद वा रक्षा मन्त्रीले नियुक्त गर्छन् । केही राष्ट्रहरूमा

यी उच्च तहका नियुक्तिहरू संसदीय बहस वा अनुमोदनका विषय हुन्छन् । यद्यपि, उच्च अधिकारीहरूको नियुक्ति नागरिक राजनीतिक नेतृत्वले गरे पनि छनौट प्रक्रियाको व्यवसायिक मापदण्ड महत्वपूर्ण हुन्छ ।

### उच्च सुरक्षा व्यवस्थापनमा गैर–सैनिक व्यक्ति

सुशासनका दृष्टिकोणले सुरक्षा सेवाहरूमा जस्तो सशस्त्र बलको उच्च व्यवस्थापनमा गैर सैनिक व्यक्ति हुनुपर्छ । यसको प्रमुख कारण भनेको सन्तुलित निर्णय प्रक्रिया कायम गर्न सम्बन्धित मन्त्रीलाई जनरलले मात्र होइन गैर सैनिक नागरिकले समेत परामर्श दिनु पर्छ ।

## व्यवसायिक आचार

एउटा व्यवसायिक कार्यका आचारहरू व्यवहार, नियम र नीतिहरूका आधारमा बनेका हुन्छन् । सेवाकर्मीले राज्य संस्थासँग स्वेच्छिक सहकार्य र संविधानको सम्मान गर्नुपर्छ, सार्वजनिक सेवाप्रति समर्पित भई भएर आफ्नो कर्तव्य दक्ष र प्रभावकारी तरीकाले पालना गर्नुपर्छ र शक्ति तथा सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्नु हुँदैन । यो महत्वपूर्ण हुन्छ कि व्यवसायिक आचार वाध्यात्मक नभई स्वेच्छिक सहमतिद्वारा हुनुपर्छ । स्वेच्छिक सहमति हुँदा सेवाकर्मीमा संविधान र राष्ट्रिय संस्थाप्रति सकारात्मक गौरव हुन्छ किनभने उनीहरूले आफ्नो समाजको लोकतान्त्रिक मूल्यलाई आत्मसात गरेका हुन्छन् ।

धेरै राष्ट्रहरूले आफ्ना सेवाकर्मीहरूको आचारणलाई व्यवस्थित गर्न आचारसंहिता लागू गरेका छन् । जर्मन सशस्त्र बलको व्यवसायिक आचार उदाहरण बक्स नं. ६४ मा उल्लेख छ ।

बक्स नं. ६४

**जर्मन सशस्त्र बलमा नेतृत्व विकास र नागरिक शिक्षा :**
**“इनेरे फुहुरूङ्ग” (Innere Fuhrung) का सिद्धान्तहरू**

“ (...) द्वितीय विश्व युद्धपछि बुन्डेस्वेहर (Bundeswehr) को स्थापनाबारे छलफल हुँदा इनेरे फुहुरूङ्ग (नैतिक नेतृत्व र नागरिक शिक्षा) को अवधारणालाई सशस्त्र





बलमा सुधार ल्याउने एक पद्धतिको रूपमा हेरियो जुन अघिल्ला परम्पराहरूभन्दा भिन्न छ ।

(...) इनेरे फुहुरूङको सिद्धान्तले एकातिर बुन्डेस्वेहरको आन्तरिक संगठनलाई आधारभूत मार्गनिर्देशन उपलब्ध गराउँछ र अर्कोतिर राज्य र समाजलाई एकीकृत गराउँछ भन्ने मान्यता सामान्यतः राखिन्छ ।

(...) इनेरे फुहुरूङ्गले एकातिर नागरिकको रूपमा सेवाकर्मीको व्यक्तिगत अधिकार तथा स्वतन्त्रता र अर्कोतिर उनीहरूको सैनिक कर्तव्यको मार्गबीच उत्पन्न द्वन्द्व अथवा तनावलाई सहन सकिने मात्रासम्म न्यूनीकरण गर्छ । उच्च पदस्थ अधिकारीहरूको नेतृत्वदायी व्यवहार मानवीय सम्मानले भरिपूर्ण हुनुपर्दछ जुन हाम्रो संवैधानिक व्यवस्थाको आधार हो (...) ।

वाहयरूपमा, यस सिद्धान्तको उद्देश्य बुन्डेस्वेहरलाई राज्य र समाजमा एकीकृत गरी संस्थाको रूपमा स्थापना गर्नु हो र सम्पूर्ण सेवाकर्मीहरूलाई स्वतन्त्र नागरिकका रूपमा स्थापना गर्नु हो (...) । यसको उद्देश्य बुन्डेस्वेहर “राज्यभित्रको राज्य” बन्न सक्छ कि भन्ने भयलाई हटाउनु हो जुन सबै सशस्त्र बलमा स्वभाविकरूपले रहेको हुन्छ (...) ।

इनेरे फुहुरूङ्गका उद्देश्यहरू :

- सेवाकर्मीलाई बुन्डेस्वेहरको को राजनैतिक र कानुनी आधारका साथै उनीहरूको सैनिक अभियान (मिसन) को अर्थ र उद्देश्यबारे पूर्ण जानकारी गराउने;
- बुन्डेस्वेहर र यसका सेवाकर्मीलाई राज्य तथा समाजमा एकीकरण गरेर प्रबर्द्धन गर्ने र उनीहरूको अभियानबारे जनतालाई बुझाउन व्यापक जनचेतना सिर्जना गर्ने;
- सैनिक कर्मचारीहरूलाई आफ्नो कर्तव्यपालन तदारूकताकासाथ सम्पन्न गर्न र सशस्त्र बलभित्र अनुशासन तथा एकता कायम राख्न प्रोत्साहित गर्ने;
- सशस्त्र बलको आन्तरिक संरचना मानवीय सम्मानप्रतिको आदर र कानुनी तथा संवैधानिक व्यवस्थाको आधारमा संगठित गरिएको छ भनी सुनिश्चित गर्ने र सशस्त्र बलको अभियानको प्रभावकारी कार्यसम्पादनलाई सहज बनाउने;

दैनिक सैन्य जीवनमा इनेरे फुहुरूङ्गका मुख्य सार र उद्देश्यहरूलाई केही नियम–कानुन र सेवासम्बन्धी व्यवस्थाहरूमा समावेश गरिएको छ (...)”

*स्रोतः website of the German Federal Parliament www.bundestag.de*

अन्तर्राष्ट्रिय तहमा लोकतान्त्रिक समाजका सेवाकर्मीहरूको व्यवसायिक नैतिकतासम्बन्धी सन्दर्भ रूपरेखा तयार गर्न हालसम्म दुई वटा आचारसंहिताहरू विकसित भएका छन् । पहिलो, सन् १९७९ मा महासभाले पारित गरेको कानुन कार्यान्वयन गर्ने अधिकारीहरूसम्बन्धी अन्तर्राष्ट्रिय संहिता (बक्स नं. ६५ हेर्नुहोस्) । यो संहिता सामान्य प्रकृतिको छ र वर्दीवाला सेवाकर्मीका लागि मात्र नभई कानुन कार्यान्वय गर्ने निकायहरूमा कार्यरत सम्पूर्ण सरकारी अधिकारीहरूका लागि समेत अनुकूल छ ।

बक्स नं. ६५

## कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि आचार संहिता

*महासभाद्वारा सन् १९७९ डिसेम्बर १७ मा अनुमोदित प्रस्ताव ३४/१६९*

धारा १ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले समुदायको सेवा र गैरकानुनी कार्यविरूद्ध सबै व्यक्तिहरूको रक्षा गर्दै आफ्नो उच्चतम पेशागत जिम्मेवारी अन्तर्गत सदैव कानुनद्वारा तोकिएको कर्तव्यको पालना गर्नेछन् ।

धारा २ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले कर्तव्य पालनाको सिलसिलामा मानवीय सम्मानको आदर र रक्षा गर्दै सबै व्यक्तिका मानवअधिकारहरू कायम गर्नेछन् ।

धारा ३ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले अत्यावश्यक भएको खण्डमा र कर्तव्य पालनाका लागि आवश्यक हदसम्म शक्तिको प्रयोग गर्नेछन् ।

धारा ४ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको नियन्त्रणमा रहेका गोप्य प्रकृतिका मामिलाहरूलाई कर्तव्य पालन अथवा न्यायसम्पादनका बेला अत्यावश्यक भएकोमा बाहेक अन्य अवस्थामा गोप्य राखिनेछ ।

धारा ५ –कुनै पनि कानुन कार्यान्वयन गर्ने अधिकारीले दण्ड दिने, उक्साउने वा कुनै पनि प्रकारका यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायहरू गर्ने छैनन्, न त कुनै कानुन लागु गर्ने अधिकारीहरूले वरिष्ठहरूको आदेश आहवान गर्नेछन् अथवा विशेष परिस्थितिहरू जस्तो युद्धको अवस्था वा चुनौती, राष्ट्रिय सुरक्षामाथिको चुनौती, आन्तरिक राजनीतिक अस्थिरता अथवा अन्य सार्वजनिक संकटका कुनै पनि अवस्थामा यातना वा अन्य क्रूर, अमानवीय, वा अपमानजनक व्यवहार अथवा सजायहरूलाई न्यायसंगत मान्नेछन् ।





धारा ६ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले हिरासतमा राखिएका व्यक्तिहरूको स्वास्थ्यको पूर्ण सुरक्षाबारे सुनिश्चित गर्नेछन् र विशेष गरी आवश्यक परेको बेला चिकित्सा सेवा तुरुन्त पुऱ्याउने छन् ।

धारा ७ –कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले भ्रष्टाचारजन्य कुनै कार्यहरू गर्ने छैनन् र यस्ता कार्यहरूलाई कडाइसाथ विरोध तथा प्रतिकार गर्नेछन् ।

धारा ८ –कानुन लागु गर्ने अधिकारीहरूले कानुन र वर्तमान संहिताको सम्मान गर्नेछन् । उनीहरूले आफ्नो क्षमताले भ्याएसम्म यसको रक्षा र उल्लङ्घन भएको खण्डमा कडाइका साथ विरोध तथा प्रतिकार गर्नेछन् । ती अधिकारीहरू जोसँग यस संहिताको कडा उल्लङ्घन भएको छ वा हुनेवाला छ भनी विश्वास गर्ने पर्याप्त कारणहरू छन् भने उनीहरूले यस विषयमा वरिष्ठ अधिकारीहरूलाई सूचित गर्नेछन् र आवश्यक परे अन्य सम्बन्धित अधिकारी अथवा अङ्गहरूलाई पनि सूचित गर्नेछन् जोसँग समाधान वा पुनरावलोकन गर्ने अख्तियारी छ ।

*द्रष्टव्य : यस आचार संहिताको प्रत्येक धाराको व्याख्या गरिएको छ जुन यस खण्डमा प्रस्तुत गरिएको छैन । कृपया सम्पूर्ण दस्तावेजका लागि हेर्नुहोला : www.UN.org*

दोस्रो आचारसंहिता भनेको सुरक्षा क्षेत्रको राजनीतिक-सैनिक पक्षहरू सम्बन्धी ओएससीइ आचारसंहिता हो (बक्स नं. ६६ हेर्नुहोस्) । यो आचार संहिताले सम्पूर्ण सुरक्षा क्षेत्र संगठनका सेवारत व्यक्तिहरूलाई लक्षित गरेको छ र सशस्त्र बलका कर्मचारीहरूलाई मार्गनिर्देशन उपलब्ध गराएको छ । यसले सेवारत सैनिकहरू वैधानिकता, लोकतन्त्र, तटस्थता, मानवअधिकारको सम्मान र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाका सिद्धान्तहरूप्रति दृढ रहनुपर्दछ भन्ने पक्षलाई स्थापित गरेको छ । यो आचारसंहिताले सशस्त्र सेनाका जवानहरू अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका लागि व्यक्तिगतरूपमा जवाफदेही ठहरिन सक्नेछन् भनी औंल्याएको छ । जे भए पनि यसले धेरैजसो राज्यहरूको आन्तरिक क्षेत्राधिकारभित्र परेको भनिएका मुद्धाहरूलाई समेटेको छ । तसर्थ, यो संहिताले राज्य शक्तिको एक यस्तो क्षेत्रमा महत्वपूर्ण प्रगतिको प्रतिनिधित्व गर्दछ जसलाई हालसम्म होसियारीपूर्वक रक्षा गरिँदै आएको छ । ओएससीइ राज्यहरूले सन् १९९४ मा यो संहितामा हस्ताक्षार गरे यता यिनीहरूले आफ्नो फौजमा कसरी नयाँ भर्ती गर्ने, शिक्षित बनाउने, कसरी प्रशिक्षण या आदेश दिने भन्ने सम्बन्धमा मापदण्डहरू लगातार विस्तार गरिरहेका छन् । यो संहिताभित्रको महत्वपूर्ण पक्षसँग

सम्बन्धित छ जसले सशस्त्र बलको थप व्यवसायीकरणलाई सशस्त्र बलको उचित लोकतान्त्रिक नियन्त्रणसँग समायोजन गर्नुपर्दछ भन्ने सम्बन्धमा उल्लेख गरेको छ ।

बक्स नं. ६६

### सुरक्षा क्षेत्रको राजनीतिक-सैनिक पक्षहरूसम्बन्धी ओएससीइ आचारसंहिता ( १९९४) : प्रमुख विशेषताहरू

- आन्तरिक बलका विस्तृत अवधारणा अन्तर्गत गुप्तचर सेवाहरू, अर्ध-सैनिक र प्रहरी पर्दछन् । यी प्रावधानहरूमा लोकतान्त्रिक वैधताप्राप्त अधिकारीहरू मार्फत् यी शक्तिहरूलाई प्रभावकारी लोकतान्त्रिक नियन्त्रणमा राख्नु राज्यको कर्तव्य हो भनेर किटान गरिएको छ (अनुच्छेद २० र २१);
- रक्षा वजेटको कानुनी अनुमोदनसम्बन्धी प्रावधान र सैन्य खर्च नियन्त्रणसम्बन्धी अभ्यासलाई प्रोत्साहन । सशस्त्र बलसम्बन्धी सूचनासम्म जनताको पहुँच र पारदर्शिता (अनुच्छेद २२)
- सशस्त्र सेनाको राजनीतिक तटस्थता (अनुच्छेद २३);
- सशस्त्र सेनाका जवानहरू अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका लागि व्यक्तिगतरूपमा जवाफदेही ठहरिन सक्नेछन् (अनुच्छेद ३१);
- सशस्त्र सेनाहरू युद्ध अथवा शान्तिमा अन्तर्राष्ट्रिय कानुनका प्रावधान अनुसार शासित, सञ्चालित, प्रशिक्षित र हातहतियारले सुसज्जित गरिएका हुन्छन् (अनुच्छेद ३४);
- आन्तरिक सुरक्षा अभियान सञ्चालनमा सेनाको सहयोग लिँदा प्रचलित आवश्यकतासँग मेल खानुपर्दछ । सशस्त्र बलले नागरिक तथा उनीहरूको भौतिक सम्पत्तिमा क्षति हुन नदिन उचित हेरविचार पुऱ्याउनेछन् (अनुच्छेद ३६);
- सशस्त्र बलको प्रयोगले नागरिकको मानव तथा नागरिक अधिकारको शान्तिपूर्ण तथा न्यायपूर्ण अभ्यासलाई सीमित पार्न सक्दैन न त उनीहरूको राष्ट्रिय, धार्मिक, सांस्कृतिक, भाषिक वा जातीय पहिचानबाट नै वञ्चित गर्न सक्छ (अनुच्छेद ३७) ।

स्रोत : *OSCE Code of Conduct, Sections vii and viii. See:OSCE website : www.osce.org and OSCE Code of Conduct website: http://www.osce.org/docs/english/1990-1999/summits/buda94e.htm#Anchor_COD_65130*





## सैनिक क्षेत्राधिकार

सैनिक अनुशासनको आवश्यकता ती धेरै शर्तहरूमा आधारित हुन्छ जुन सैन्य अभियानको विशिष्ट प्रकृतिमा निहित हुन्छ । उदाहरणको लागि फौजदारी व्यवहारको विषयमा गैर सैनिक समुदायभन्दा सैनिक समुदायको दृष्टिकोण फरक हुन्छ । एक गैर सैनिक कामदारलाई जिम्मा दिइएको कार्य सम्पन्न नगरी छाडेर गएमा वा सही तरीकाले सम्पन्न गर्न सक्षम नभएमा ऊ विरूद्ध फौजदारी अभियोग लाग्दैन । रोजगारदाताले उसलाई रोजगारीबाट हटाउन सक्छ वा अन्यत्र रोजगारीको लागि सिफारिस गर्न अस्वीकार गर्न सक्छ । तर उसलाई फौजदारी अदालतमा लैजाने विकल्प भने रोजगारदातासँग हुँदैन । यता सैनिक कर्मचारीहरू भने सेवा छोडी भागेमा अथवा सुम्पिएको जिम्मेवारी निर्धारित मापदण्ड र आवश्यकता बमोजिम सम्पन्न हुन नसकेमा फौजदारी अभियोगको भागीदार बन्दछन् । यस्तो व्यवहारलाई कर्तव्यको अवहेलना मात्र मानिदैन, यसले अन्य सैनिक कर्मचारीहरूको सुरक्षा र हीतलाई पनि जोखिमपूर्ण बनाउँछ । गैर सैनिक समाजमा थाह नभएको सैन्य कसूरका अन्य उदाहरणहरूमा जालसाजी तरीकाबाट भर्ती, सेवा छोडेर भाग्ने प्रवृत्ति, स्वीकृत विदाविना गैर हाजिरी, वेपत्ता हुने प्रवृत्ति, वरिष्ठ अधिकृतहरूप्रति अनादरपूर्ण व्यवहार, सैनिक विद्रोह, शत्रु पक्षलाई सहयोग र ड्युटीको बेला निदाउने जस्ता कार्यहरू पर्दछन् ।

यो मुद्दाले कस्तो अपराध सैनिक क्षेत्राधिकार र कस्तो गैर सैनिक क्षेत्राधिकार अन्तर्गत पर्छन् भन्ने जिज्ञासालाई प्रमुख रूपमा उठाएको छ । सिद्धान्ततः सैनिक अदालतलाई प्रतिबन्धात्मक तबरले प्रयोग गरिनुपर्दछ र गैर सैनिक अदालतको क्षेत्राधिकारलाई बढीभन्दा बढी प्रचलनमा ल्याइनुपर्दछ । सैनिक क्षेत्राधिकार सैन्य कार्य सम्पादनको अभ्यासक्रममा घटेका ती अपराधहरूको लागि मात्र सीमित हुनुपर्दछ र सैनिक संहिताले गैर सैनिक फौजदारी कानुनमा कमभन्दा कम प्रभाव पार्नुपर्छ ।

यहाँ प्रकाश पार्नुपर्ने महत्वपूर्ण कुरा के हो भने अधिकांश राष्ट्रहरूमा सैनिक अदालतहरू न्यायपालिकाका अङ्ग होइनन् तर कार्यपालिकाका अंग भएकोले सशस्त्र बल अन्तर्गतका प्रशासकीय अर्ध न्यायिक निकायहरू (tribunals) हुन् । अर्थात, सैनिक न्यायाधीशहरू प्रायः गरी संवैधानिक व्यवस्था मार्फत नियुक्त हुँदैनन् र न्यायाधीश नियुक्तिको आवश्यकता पनि हुँदैन । यद्यपि, यो सोच्नु अत्यावश्यक छ कि सैनिक अदालतका सबै मुद्दाहरू

न्यायपालिकाद्वारा सुपरिवेक्षण गरिनुपर्छ । धेरै राष्ट्रहरूमा सैनिक क्षेत्राधिकारको लागि पुनरावेदनको दृष्टान्तको रूपमा गैर सैनिक पुनरावेदन अदालतको स्थापना गरेर यी कार्य सम्पन्न गरिन्छन् ।

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सुनिश्चित गर्नुहोस् :

१. सैनिक कर्मचारीहरूले वफादारीको शपथ संविधान, कानुनी शासन र राज्य संस्थाहरूप्रति लिन्छन्, व्यक्तिप्रति होइन ।

२. शिक्षालाई विशेष महत्वसहित प्रवर्द्धन गरिएको छ र लोकतान्त्रिक मान्यता, नागरिक अधिकार र मानवीय कानुनको शिक्षालाई कुनै पनि सैनिक प्रशिक्षणको अभिन्न अङ्गको रूपमा लिइएको छ ।

३. सैनिक अधिकृतहरूलाई संसदको सदस्य बन्ने अनुमति हुँदैन ।

४. नयाँ सिपाही र अधिकृतहरूको छनौट व्यवसायिक मापदण्डमा आधारित छ ।

५. गैर कानुनी र अपमानजनक आदेशको अवज्ञा गर्ने सेवारत व्यक्तिको कर्तव्यलाई वैधानिकता प्रदान गरिएको छ ।

६. सैनिक नैतिक संहितामा स्वेच्छिक सहमतिका विशेषता हुनुपर्छ जुन उपयुक्त आचारसंहिताद्वारा व्यवस्थित गरिएको होस् ।

७. सैनिक क्षेत्राधिकारको दक्षता जति बढी प्रतिबन्धात्मक हुन्छ उति नै सैनिक अदालतका निर्णयहरूलाई गैर सैनिक फौजदारी अदालतहरूमा पुनरावदेन दिन सकिन्छ ।

८. सुरक्षा सेवालाई कानुन र व्यवहार दुबैमा राज्यको हरेक महत्वपूर्ण आधारभूत तत्वहरूप्रति उत्तरदायी बनाउनुपर्छ (सेवारत व्यक्तिको व्यक्तिगत जवाफदेहिता सम्बन्धमा अगाडिको परिच्छेद हेर्नुहोस्) र सुरक्षा सेवाका लागि आन्तरिक जवाफदेहीसम्बन्धी संयन्त्रहरू कानुनद्वारा व्यवस्थित गरिएको हुनुपर्छ । शंकास्पद दुर्व्यवहार र जनताको उजुरी तथा दोषीहरूलाई दण्डसजायको सम्बन्धमा आन्तरिक पुनरावलोकनको अनुमति दिनुपर्छ; यस्ता संयन्त्रहरू लागु गरिएका र प्रभावकारी भएको निरीक्षण गर्नुहोस् । स्मरण रहोस्, संसदहरूलाई स्वतन्त्र छानविनको आवश्यकता पर्दछ र शंकास्पद व्यक्तिहरूलाई हिरासतमा राखिएको छ भनेर निश्चित गर्नुहोस् ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

सेवारत व्यक्तिका नागरिक अधिकारहरू

- सैनिक तदारूकता र सैनिक सेवाको राजनीतिक तटस्थता सुनिश्चित गर्न सेवारत व्यक्ति अर्थात सैनिकको नागरिक अधिकारहरू कानुनले सीमित गरेको छ ।
- नागरिक कानुनको कटौतीलाई सुरक्षा सेवाको विशिष्ट प्रकृति र कार्यसँग प्रत्यक्ष जोडेर हेर्नुपर्छ, विशेष गरी समाजमा सशस्त्र बलको एकाधिकारलाई ।
- नागरिक अधिकारमा गरिएको कटौतीले पर्न गएको असुविधाको क्षतिपूर्तिका लागि उपयुक्त माध्यमद्वारा समाधान गर्नुपर्दछ ।

आज्ञापालन

- सेवारत व्यक्ति र अनिवार्य भर्तीवालाहरूको गैरकानुनी र अनैतिक आदेशका साथै ती आदेशहरूको अवज्ञा गर्ने कर्तव्यलाई कानुनमा व्यवस्थित गरिएको छ जसले अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको मूल्यमान्यताको प्रतिरोध गर्छन् ।
- यो कर्तव्यलाई सुरक्षा सेवाको अनुशासन प्रणालीद्वारा लागु गरिएको छ भनी निश्चित गर्नुहोस् ।

दुर्व्यवहार र भ्रष्टाचार

- सुरक्षा कार्यदलभित्र भ्रष्टाचार काण्ड र हिंसात्मक ज्यादतीहरू भएमा तुरुन्तै कारवाही गर्नुहोस् ।
- उपयुक्त र गम्भीर छानविन गरिएको छ भनेर निश्चित गर्नुहोस् र उचित भएमा सम्बन्धित निकायद्वारा दण्ड सजायका बारेमा निर्णय गर्नुपर्ने भएमा विना कुनै ढिलाइ कार्यान्वयन सुनिश्चित गर्नुहोस् ।
- सैनिक र अन्य सुरक्षा सेवाका कर्मचारीहरूलाई अन्यत्र रोजगारी गर्न वा व्यापार व्यवसायहरूमा व्यक्तिगत वा समूहगत/संस्थागत रूपमा संलग्न हुनबाट प्रतिबन्ध लगाउन कानुन बनाउनुहोस् ।

अध्याय – २६

# सुरक्षा क्षेत्रमा कर्मचारी व्यवस्थापन

सैन्य सेवा यस्तो पेशा हो जसमा शारीरिक जोखिम, नियमित स्थानान्तरण, परिवारबाट टाढा रहनुपर्ने लगायतका खास विशेषताहरू हुन्छन्। संसद सचेत हुनुपर्छ कि सेना "कुनै अर्को काममात्र होइन"। सही भर्ना, छनौट, कर्मचारी व्यवस्थापन, तलबभत्ता, शिक्षा र पुरस्कार व्यवस्थासहितको उचित कर्मचारी व्यवस्था व्यवसायिक सुरक्षा क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ, त्यो लोकतान्त्रिक सिद्धान्तमा दृढ हुन्छ र कानुनको शासन तथा नागरिक सर्वोच्चताको सम्मान गर्छ।

संसदहरूले व्यवसायिक सुरक्षा सेवाको सिर्जना र सम्भारसम्बन्धी कार्यको सुपरिवेक्षण गर्नुपर्छ। लोकतान्त्रिक तथा व्यवसायिक संगठनलाई नेतृत्व गर्नका लागि उनीहरूले कर्मचारी व्यवस्थापन योजनाको विकास र कार्यान्वयनलाई सुनिश्चित गर्नुपर्छ। राज्यले सेवारत सैनिकहरूलाई तलब, सेवाका शर्त, भत्ताहरू र निवृत्तिभरण (पेन्सन) का सम्बन्धमा असल रोजगारदाताको रूपमा व्यवहार गरेको छ/छैन भन्ने सुपरिवेक्षण गर्नुपर्छ।

कोठा नं. ६७

## कर्मचारी व्यवस्थापन : संसदका लागि महत्वपूर्ण बुँदाहरू

संसदलाई सुरक्षा सेवाको कर्मचारी व्यवस्थापनसम्बन्धी सरकारको प्रस्तावका निम्न बुँदाहरूमा जानकारी गराइनुपर्दछ।

साधारण नीतिगत मुद्दाहरू

- के सुरक्षा सेवा सम्बन्धी कर्मचारी व्यवस्थापन नीतिलाई वार्षिक वजेट प्रस्तावको एक भागको रूपमा वा छुट्टै दस्तावेजको रूपमा स्वीकृतिका लागि संसदको समाव्हान गरिन्छ ?
- के कर्मचारी व्यवस्थापन र सैनिक संरचनासम्बन्धी नीतिहरू वजेट र राष्ट्रिय अर्थतन्त्रको दृष्टिकोणबाट वास्तविक र धान्न सकिने खालका छन् ?



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

सकारात्मक तथा सामान्य अवस्थाहरू

- के संसदले सशस्त्र बल, प्रहरी र गुप्तचरजस्ता सेवाका लागि अधिकतम संख्या निर्धारण गर्दछ ?
- के संसदले प्रत्येक दर्जाको हदबन्दीमाथि निर्णय गर्दछ ?
- के कर्मचारी व्यवस्थापनसम्बन्धी सम्पूर्ण नीतिहरू सर्वसाधारणका लागि उपलब्ध छन् ?
- के संसदले सम्पूर्ण सान्दर्भिक सूचना प्राप्त गर्छ : दर्जा अनुसारको कूल संख्या, तलब–भत्ता, विभिन्न गतिविधीहरू, रिक्त पद आदि ?
- के सुरक्षा क्षेत्र सुधार नीतिले सैनिकहरूलाई खारेजी गर्दाको सामाजिक परिणामबारे सम्बोधन गरेका छन् ?

भर्ना तथा छनौट

- के सबै पदहरू महिलालगायत सम्पूर्ण नागरिकको लागि खुला गरिएको छ ? यदि कानुनले रोक लगाएको छ भने ?
- के सुरक्षा सेवाको लागि समाजका खास वर्गले मात्र दरखास्त दिन पाउने गरी बन्द भर्ना पद्दतिको सट्टामा खुला भर्ना प्रणाली उपयुक्त छ ?
- के उम्मेद्वार छनोट प्रक्रियामा व्यवसायिक मापदण्ड प्रयोग गरिन्छ ?
- के सुरक्षा सेवाभित्र पर्याप्त रिक्त पद सिर्जना हुने गर्छन् ?
- के प्रारम्भिक छनौटपछि सेवा छोड्नेहरूको संख्या अत्यधिक हुन्छ ?

कर्मचारी व्यवस्थापन

- के सैनिकहरूलाई उनीहरूको योग्यताको आधारमा भर्ती र पदोन्नति गर्नुपर्छ भन्ने प्रमुख सिद्धान्तलाई व्यवहारमा लागु गरिएको छ ?
- के व्यवसायिक आवधिक मूल्याङ्कन पद्दति कायम छ ?
- के यो पद्दति पारदर्शी, उद्देश्यमूलक र निष्पक्ष छ ?
- के सुरक्षा सेवाले आकर्षक र प्रेरणादायी अवसरहरू उपलब्ध गराउँछ ?
- के सैनिकहरूलाई अन्य तलबी काम गर्नबाट निषेध गरिएको छ ?
- के प्रमुख कमाण्डरहरूसँग कार्यक्षेत्र (फिल्ड)को अनुभव छ ? के तिनीहरूले अन्तर्राष्ट्रिय शान्ति अभियानमा सेवा पुर्‍याएका छन् ?
- के संसद या त सम्बन्धित संसदीय समितिहरूसँग रक्षा मन्त्री (अथवा अन्य सम्बन्धित मन्त्रीहरू)ले प्रधान सेनापतिजस्ता उच्च पदमा नियुक्ति गर्दा परामर्श लिने गरेका छन् ?

तलब

- के सैनिकहरूको तलब अन्य व्यवसायका तुलनामा पर्याप्त छ जसले सुरक्षा सेवालाई श्रम बजारमा निजी कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने गरी सक्षम बनाउँछ ?
- के तलब समयमा भुक्तानी गरिन्छ ?
- के सैनिकहरूलाई योग्यता र क्षमताकै आधारमा पुरस्कृत गरिन्छ ?
- के सैनिकहरूको वास्तविक कार्य सम्पादनले उनीहरूको पारिश्रमिकमा प्रभाव पारेको हुन्छ ?
- के पारिश्रमिक व्यवस्था यसका प्रयोगकर्ता र सर्वसाधारण दुवैका लागि पारदर्शी छ ?
- अवकाश तथा निवृत्तिभरणसम्बन्धी के कस्तो चासो रहेको छ ?
- सेवारत व्यक्तिको तलब तथा लाभ सम्बन्धमा, के अवकाशसम्बन्धी योजनाहरू सन्तोषजनक छन् ? अवकाश प्राप्त गरेपछि उनीहरूले के पाउँछन् र के गुमाउँछन् ?





## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

सुरक्षा बलको काम तथा आकार

- सशस्त्र बलको कार्यका साथै सुरक्षा बलको आकार राष्ट्रिय आर्थिक स्रोतसँग एकरूपता छ भन्ने निश्चित गर्नुहोस् ।

सुरक्षा बलको पारिश्रमिक

- सैनिकहरूको तलब आर्थिकरूपले दिगो हुनुका साथै श्रम बजारमा सम्भव भएसम्म प्रतिस्पर्धी र असल जीवननिर्वाहका लागि पर्याप्त हुनुपर्ने निश्चित गर्नुहोस् ।
- नियमितरूपमा तलब भुक्तानीलाई सुनिश्चित गर्नुहोस् ।
- न्यून तलब-भत्ताले सुरक्षा सेवाको आकर्षण कम हुन्छ र सम्भावित योग्य युवा सुरक्षाकर्मीलाई निरूत्साहित तुल्याउँछ भन्नेमा ध्यान पुऱ्याउनुहोस् ।
- अपर्याप्त र अनियमित तलबसुविधा तथा भुक्तानीले सुरक्षा सेवालाई भ्रष्ट, वा जबर्जस्ती असुली र हिंसातर्फ प्रेरित गर्छ भन्नेमा ध्यान पुऱ्याउनुहोस् ।
- सुरक्षाकर्मी र तिनीहरूको नेतृत्वलाई आर्थिक लाभ र सुविधाहरू यस्तो नहोस् जसले गर्दा सुरक्षा सेवालाई मोर्चाबन्दी गर्ने र राजनीतिक प्रभाव कायम गर्ने चाहना पैदा होस् । तिनीहरू जनताको जानकारीमा हुनुपर्दछ र अन्य सरकारी कर्मचारीहरूलाई प्रदान गरिने आर्थिक लाभ र सुविधासँग सन्तुलित हुनुपर्दछ । ती सुविधाहरू सैनिक परिचालित क्षेत्रहरूमा अप्ठ्यारा अवस्था र जोखिमपूर्ण सेवा गर्ने सैनिकका सुविधाहरूसँग पनि एकरूप हुनपर्दछ ।
- अवकाशको सन्तोषजनक योजना सुनिश्चित गर्नुहोस् ।

अध्याय – २७

# अनिवार्य सैन्य सेवा र न्यायिक विरोध

अधिकांश मुलुकका संविधानमा प्रत्येक नागरिकले आवश्यक परेको बेला राज्यको सुरक्षा गर्नुपर्ने कर्तव्य र नैतिक जिम्मेवारीको प्रावधान समावेश गरिएको हुन्छ । केही मुलुकमा सरकारले आवश्यक ठानेको कुनै पनि बेला प्रत्येक नागरिकलाई सैन्य सेवामार्फत् अनिवार्यरुपमा सशस्त्र बलमा सहभागी हुनुपर्ने कानुनी व्यवस्था गरेको हुन्छ । नागरिक (मुख्यरुपमा पुरुषहरू) को सैन्य सेवामा अनिवार्य भर्ती व्यवस्था संविधानमा गरिएको हुन्छ र कानुनमा यी पक्षहरू समावेश गरिएका हुन्छन् :

- ✓ अनिवार्य सैन्य सेवाको दायित्व कसको हो
- ✓ सेवा अवधि
- ✓ स्थगन/छुट व्यवस्था
- ✓ भर्ना प्रक्रिया
- ✓ सैन्य भर्नामा बहानाबाजीका निम्ति दण्ड, र
- ✓ न्यूनतम र अधिकतम उमेर

यस अतिरिक्त, अधिकांश राष्ट्रमा हतियार बोक्न इन्कार गर्ने अधिकार भएको कानुन समेत बनाइएको हुन्छ, जस्तो- न्यायिक विरोध र वैकल्पिक सेवा ।

## अनिवार्य सैन्य सेवाको उपयोगिता र चाहना

धेरै देशमा अनिवार्य सैन्य सेवा अद्यापि छ । यसको एउटा महत्वपूर्ण कारण उनीहरू अनिवार्य सैनिक सेवालाई लोकतन्त्र र राष्ट्रिय संस्कृतिको एउटा महत्वपूर्ण तत्व मान्दछन् । यद्यपि, आजभोलि यस्तो सेवालाई विश्वभर चुनौती दिइन थालेको छ । सशस्त्र द्वन्द्वको नयाँ प्रकृतिका सन्दर्भमा आधुनिक सेनामा भर्तीको उपयोगिता र चाहना एउटा विवादास्पद प्रश्न बनेको छ । विभिन्न राष्ट्रमा यस्तो भर्तीलाई हटाइसकिएको छ वा निकट भविष्यमा हटाउने भइसकेका छन्, फ्रान्स जसले आधुनिक इतिहासमा अनिवार्य भर्तीको “अन्वेषण” गरेको थियो, उसले सन् २००१ मा यसलाई हटाएको छ ।





कसैले त आम सेनाको अन्त्य र त्यसको ठाउँमा साना, उच्च प्रविधियुक्त र गतिशील सम्पूर्ण स्वेच्छिक सेनाहरू आउने अनुमान गरेका छन् ।

बक्स नं. ६८

### विश्वमा सैनिक सेवा

सेवाको दायित्व : अधिकांश राष्ट्रमा सैनिक सेवा १८ वर्षमा प्रारम्भ हुन्छ, तापनि कतिपय राष्ट्रमा यो उमेर १६, १७, १९ र २० छ । आजभोलि धेरै राष्ट्रले महिला अनिवार्य सैन्य सेवासमेत स्वीकार गरेका छन् ।

सेवा अवधि : साधारणतया ६ महिनादेखि तीन वर्षसम्मको हुन्छ ।

न्यायिक विरोध र वैकल्पिक सेवा : सबै देशमध्ये करिब आधामा न्यायिक विरोध र वैकल्पिक सेवा लागु भएका छन् ।

अनिवार्य सैनिक सेवा अस्वीकार गर्दा प्रायः कैद सजाय हुन्छ ।

*स्रोतः Report of the Secretary-General prepared pursuant to Commission resolution 1995/83,UNHCR,1997. E/CN.4/1997/99*

## अनिवार्य सैन्य सेवाका सकारात्मक र नकारात्मक पक्षहरू

अनिवार्य सैन्य सेवाका सकारात्मक र नकारात्मक पक्षहरूको विश्लेषण गर्दा सांसदहरूले निम्न पक्षमा ध्यान दिनु उचित हुन्छ :

### अनिवार्य सैन्य सेवाको निरन्तरता किन ?

अनिवार्य सैन्य सेवा पक्षका तर्कहरू यस प्रकार छन् :

- ✓ अनिवार्य सैन्य सेवा जहिले पनि लोकतान्त्रिक विचारसँग जोडिएर आउँछ किनभने यो प्रत्येक नागरिक (अधिकांश पुरुष)का निम्ति एउटा कानुनी दायित्व र नैतिक जिम्मेवारी हो, किनभने यसले सम्बद्ध सबैलाई समान स्तरमा राख्छ : जुनसुकै वर्ग, धर्म वा जातिका भए पनि; केही देशमा यो दायित्व जुनसुकै लिङ्गका निम्ति हुन्छ, अनिवार्य सैनिक सेवाले पुरुष सरह महिलाप्रति चासो राख्छ ।

- ✓ अनिवार्य सैन्य सेवाका सिपाहीहरू बर्दी (युनिफर्म)सहितका नागरिक हुन् र उनीहरूको उपस्थितिले सशस्त्र सेनालाई राज्यभित्रको राज्य बन्नबाट जोगाउँछ । यसरी अनिवार्य सैन्य सेवाले समाज र सशस्त्र बलबीच एक लोकतान्त्रिक सम्बन्धको काम गर्न सक्छ ।
- ✓ सामान्यरूपले भन्ने हो भने, अनिवार्य सेवाका सैनिकहरू सम्पूर्ण स्वेच्छिक सेवाका सिपाहीभन्दा कम खर्चिला हुन्छन्, त्यस्ता सिपाहीको ज्याला स्वेच्छिक सिपाहीको भन्दा ज्यादै थोरै हुन्छ ।
- ✓ अनिवार्य सैन्य सेवाले समाजको विभिन्न तहका व्यक्तिहरूलाई एकै ठाउँमा ल्याउँछ । त्यस्ता सिपाहीहरूले सशस्त्र सेनाका निम्ति लेखापाल वा इन्जिनियरदेखि प्लम्बर वा कृषकसम्मका विभिन्न शैक्षिक पृष्ठभूमि तथा कार्य अनुभव ल्याउँछन् । सशस्त्र बलले यी शैक्षिक योग्यता र कार्य अनुभवलाई शान्ति अभियान समेतमा राम्ररी प्रयोग गर्न सक्छन्, सशस्त्र सेनाले द्वन्द्वरत राष्ट्रहरूमा संख्यागत रूपमा र पूर्वाधार निर्माणमा जहाँ-जहाँ योगदान पुऱ्याउन सक्दछन् त्यहाँ-त्यहाँ अनिवार्य सैन्य सेवाका सिपाहीलाई लगाउन सकिन्छ ।

## अनिवार्य सैन्य सेवाको अन्त्य किन ?

अनिवार्य सैनिक सेवासम्बन्धी विश्वभरिको हाम्रो अध्ययनले आम सेना र अनिवार्य सैनिक सेवाको अन्त्यका लागि निम्न सैद्धान्तिक कारणहरू देखिएका छन् :

- ✓ बितेका २५ वर्षमा, विशेषगरी शीतयुद्धको अन्त्यपछि, विभिन्न राष्ट्रहरूमा सशस्त्र सेनालाई सानो बनाइएको छ र सेनामा आवश्यक सेवाका निम्ति मात्र थोरै अनुपातमा मात्र अनिवार्य भर्ती गर्ने गरिएको छ (यसरी कहिलेकाहीं पक्षपातपूर्ण भर्तीको बोझको रूपमा आम असन्तुष्टि फैलिने गरेको छ) । विशेष गरी यूरो-एट्लान्टिक क्षेत्रका राष्ट्रहरूले आफ्ना सेना घटाइसकेका छन् भने अफ्रिकी र एसियाली राष्ट्रहरूमा शीतयुद्धपश्चात् शान्ति प्राप्तिका निम्ति सैनिक परिमाण घटाउन थालिएको छ ।
- ✓ सशस्त्र बलहरू बढीभन्दा बढी व्यवसायिक र आधुनिक प्रविधिमा निर्भर भइरहेका छन् । प्रायः सिपाहीहरूले आधुनिक र जटिल हतियार सञ्चालन गर्न सक्षम





हुनलाई लामो प्रशिक्षण आवश्यक हुन्छ । अनिवार्य सैन्य सेवाका सिपाहीहरू लामो समयसम्म सेवामा नरहने भएकोले साधारणतया यस्ता व्यवस्थासित परिचित हुन सक्दैनन्, सेना बढीभन्दा बढी व्यवसायिक स्वेच्छिक सेना निर्भर हुन्छ ।

- ✓ शान्ति अभियानका निम्ति आधारभूत सैन्य सीप मात्र भएर पुग्दैन, संवाद र अन्य सीपहरू पनि चाहिन्छन् । धेरैजसो अनिवार्य सैन्य सेवा छोटो अवधिका लागि मात्र हुन्छ; उनीहरूको सीप र अनुभव द्वन्द्वोत्तर समाजको जटिल शान्ति सहयोग कार्यमा अनिवार्य हुन्छ ।
- ✓ कुनै राष्ट्रमा संविधानले नै अनिवार्य सैन्य सेवाका सिपाहीलाई राष्ट्रिय भू-भागको सुरक्षामा सीमित गरेको हुन्छ, अनिवार्य सैन्य सेवाका सिपाहीलाई देशबाहिर परिचालन गर्नुलाई गैरकानुनी मानेको हुन्छ ।

बक्स नं. ६९

### अनिवार्य भर्तीका लागि हैरानी

सैनिक सेवामा नयाँ र पुराना अनिवार्य भर्तीका सैनिकबीच प्रायः अनौपचारिक किसिमको मर्यादाक्रम हुन्छ । यस्तो अनौपचारिक मर्यादाक्रम पुरानाले नयाँ भर्तीलाई सैनिक नियम र परम्परा सिकाउनका लागि महत्वपूर्ण हुन्छ । यसले सैनिकहरूमा सामाजिक ढाँचा तयार गर्न मद्दत पुऱ्याउँछ । कतिपय अवस्थामा, पुराना भर्तीवालले आफ्ना व्यक्तिगत फाइदाका निम्ति पदीय मर्यादाक्रमको दुरूपयोग गर्छन् । उनीहरूले नयाँ भर्तीकालाई अनेक काम गर्न बाध्य पारेर हैरानी दिन सक्छन् । यदि अधिकृतहरूद्वारा राम्ररी नियन्त्रण गरिएन भने यस्तो अनौपचारिक मर्यादाक्रम नियन्त्रण बाहिर जान सक्छ, यस्तो अवस्थामा नयाँ भर्ती भएकाहरूले हैरानी, भौतिक हिंसा र हस्तक्षेपको सामना गर्नुपर्ने हुन्छ । युरोपियन काउन्सिल अफ कन्स्क्रिप्ट अरगनाइजेसन (ECCO) का अनुसार, हैरानी पाउनु नयाँ भर्ती भएकाहरूका निम्ति एउटा मुख्य समस्या हो । कहिलेकाहीं गम्भीर घाइते भएका कारण स्थायी चोट वा मृत्यु वा आत्महत्यासम्म हुनसक्छ । यसैले अनिवार्य सैन्य सेवामा भर्ती भएकाहरूको सुरक्षा र सैनिक सेवाको प्रतिष्ठाका निम्ति अधिकृतहरूको कडा नियन्त्रण गरेर हैरानी दिने कार्य रोक्नु पर्छ । यसबाहेक, आन्तरिक र वाह्य सुपरिवेक्षणकारी

संस्थाहरूले यस्ता चरम मुद्दाहरूमा कारवाही गर्नुपर्छ र सैनिक सेवाभित्र कानुनको शासन स्थापित गर्नुपर्छ ।

*स्रोत : Ilona Kiss, Rights of conscripts in peace time, 2001 on www.dcaf.ch and ECCO (see Black Book on rights of conscripts in Central and Eastern Europe, 1996, on http://www/xs4all.nl/~ecco/)*

## न्यायिक विरोध र वैकल्पिक सेवा

केही व्यक्तिले धर्म ("तैँले हत्या गर्नु हुँदैन") अथवा व्यक्तिगत विश्वास (अहिंसा) जस्ता नैतिक महत्वका आधारमा मात्र मातृभूमिको रक्षा गर्न सकिन्छ भनी प्रश्न उठाउने गरेका छन् । परिणामस्वरुप राज्यको आदेश उल्लंघन गरेबापत यी व्यक्तिहरूले मृत्युदण्डलगायत अनेक सजाय भोग्नुपर्ने हुन सक्छ ।

गत शताव्दीको उत्तरार्द्धमा सशस्त्र बलमा भाग लिन र हतियार उठाउन अस्वीकार गर्ने विचार प्रारम्भ भयो र व्यापकरुपमा स्वीकार्य भयो; धेरै मुलुकमा यसलाई कानुनीरुपमा अंगीकार गरिएको छ । सशस्त्र सेनामा भाग लिने वा नलिने तथा हतियार बोक्ने अधिकारसम्बन्धी विचार व्यापकरूपले अंगीकार गर्न थालिएको छ । यो प्रवृत्ति केही देशहरू (बेलायत, जर्मनी, आयरल्याण्ड, नेदरल्याण्ड्स, बेल्जियम, लक्जमवर्ग, फ्रान्स, स्पेन, इटली र पोर्चुगल) मा अनिवार्य सैनिक सेवाको अन्त्यसँगै सुरु भएको हो ।

न्यायिक विरोधीहरूलाई हतियार बोक्न नमान्ने वा कुनै किसिमको सैनिक तालिम र सेवा अस्वीकार गर्ने व्यक्तिका रुपमा परिभाषित गर्न सकिन्छ । यद्यपि, उनीहरूले आफ्नो स्वविवेकका आधारमा यसलाई अस्वीकार गरेका हुन्छन्, उनीहरू आफ्नो विश्वासका लागि धार्मिक, दार्शनिक वा राजनीतिक कारणमा निर्भर गर्छन् ।

## संसदीय निर्णय

न्यायिक विरोध भएका आम मुद्दामा केही मुलुकका संसदले नागरिकले कुन स्थितिमा अनिवार्य सैनिक सेवा अस्वीकार गरेका छन् भनी कानुन बनाएर यो अवरोधलाई हटाउन सक्छ । सन् १९९७ मा अमेरिका र ग्रीसलगायका सम्पूर्ण युरोपेली मुलुकहरूमा अन्तिम पटक न्यायिक विरोधको यो व्यवस्थालाई मान्यता दिइएको थियो ।





न्यायिक विरोधलाई मान्यता नदिइएका मुलुकहरूमा उनीहरूलाई सामान्यतः धेरै ठूलो सजाय हुने दुई अपराध- भगौडा वा राज्यद्रोहको मुद्दा लगाइन्छ । अन्य मुलुकहरूमा विद्यमान विशेष अपराधको किसिम ("हठपूर्ण अवज्ञा") र सैन्य आचारसंहिताका रुपमा उल्लेख गरिएको हुन्छ ।

## न्यायिक विरोधको रूपमा चिनिनु : कसले निर्णय गर्छ र के आधारमा ?

न्यायिक विरोध प्रमाणीकरण प्रक्रियाले साधारणतया व्यक्ति कसरी आफ्नो विश्वासमा पुगेको हो, व्यक्तिको जीवनमा ती विश्वासहरूले कसरी प्रभावित पारेको छ र कसरी सैनिक सेवा र तिनका विश्वासहरू बाझेका छन् भन्ने व्याख्या गर्छ । भर्नाका क्रममा न्यायिक विरोधलाई स्वीकार गर्ने वा नगर्ने निर्णय सामान्यतया श्रम मन्त्रालय अन्तर्गतको आयोग (स्वीटजरल्याण्ड, बुल्गेरिया), गृह मन्त्रालय (स्लोभानिया) वा न्याय मन्त्रालय (क्रोसिया) ले गर्छन् ।

## मानव अधिकारकारूपमा न्यायिक विरोध

सन् २००० अप्रिलमा, प्रस्ताव १९९८/७७ मा उल्लेखित सिद्धान्तअनुरुप संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको मतदानबेगर पारित प्रस्ताव २०००/३४ मा मानव अधिकारको विश्वव्यापी घोषणा र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९९३ मा उल्लेख भए अनुसार प्रत्येक व्यक्तिलाई सैन्य सेवामा भाग लिने स्वेच्छालाई विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारको वैधानिक अभ्यासका रुपमा मान्यता दिएको छ । सन् १९९३ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले न्यायिक विरोधको अधिकार अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ अनुरुप उल्लेख गरेको छ "घातक शक्ति सकेसम्म बढी प्रयोग गर्नुपर्ने वाध्यताले स्वविवेकीय स्वतन्त्रता र कसैको धर्म वा विश्वासमा रहने अधिकारसँग गम्भीर असमति राख्छ ।" राष्ट्रसंघीय समितिले थप उल्लेख गरेको छ- "जब यो अधिकार कानुनी तवरले स्थापित हुन्छ अथवा व्यवहारमा आउँछ, त्यसबेला निश्चित आस्थाको आधारमा न्यायिक विरोध गर्नेहरूबीच कुनै भिन्नता हुने छैन, यसैगरी न्यायिक विरोधीहरू विरुद्ध कुनै भेदभाव हुने छैन किनभने उनीहरू सैनिक सेवाका निम्ति असफल हुन्छन् ।"

बक्स नं. ७०

### संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोग निर्णय १९९८/७७ : सैनिक सेवामा न्यायिक विरोध

आयोग, (...)

मानव अधिकारको विश्वव्यापी घोषणा र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले प्रदान गरेको मान्यतालाई ध्यानमा राख्दै प्रत्येक व्यक्तिलाई जीवनको अधिकार, स्वतन्त्रता र व्यक्तिको सुरक्षाका साथै विचार स्वतन्त्रताको अधिकार, आस्था तथा धर्म र भेदभाव विरूद्धको अधिकार, (...) हुनेछ ।

सैनिक सेवामाथि न्यायिक विरोधलाई मान्यता दिँदै सिद्धान्त र आस्थाको कारणका साथै धर्म, नैतिकता, मानवता अथवा त्यस्तै प्रेरणाबाट उत्पन्न हुने गहन विश्वास समावेश हुनेछन् ।

१. मानव अधिकार विश्वव्यापी घोषणा र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ मा उल्लेख भएअनुसार प्रत्येक व्यक्तिको सैन्य सेवाविरूद्ध न्यायिक विरोध गर्ने विचारको स्वतन्त्रताको अधिकार, आस्था र धर्मतर्फ ध्यानाकृष्ट गरेको छ ।
२. कुनै राष्ट्रमा न्यायिक विरोधलाई विना जाँच स्वीकार गरेकोमा स्वागत गर्छ ।
३. राज्यहरूलाई न्यायिक विरोध सही हो/होइन भनी खास मुद्दामा निर्णय गर्ने काम नदिई स्वतन्त्र र निष्पक्ष निर्णयकर्ता निकाय स्थापित नगर्न, न्यायिक विरोधकर्ताहरूको निश्चित विश्वासका आधारमा गरिएको न्यायिक विरोधलाई ध्यानमा राखी भेदभाव नगर्न आग्रह गर्छ ।
४. अनिवार्य सैनिक सेवा पद्दति भएका राज्यहरूलाई, जहाँ पहिल्यै यस्तो व्यवस्था गएका छैन भने, न्यायिक विरोध सुहाउँदो गैर लडाकु वा नागरिक प्रकृति, सार्वजनिक रूचि र दण्डनीय प्रकृतिका वैकल्पिक सेवाका विभिन्न स्वरूपमा न्यायिक विरोधको अवसर प्रदान गर्न सिफरिशका लागि सम्झाउँछ ।
५. न्यायिक विरोधकर्ताले सैनिक सेवामा जान अस्वीकार गरेवापत कैद वा दोहोरो सजाय हुन नदिन राज्यलाई आवश्यक मापदण्ड अपनाउन जोड दिइन्छ, जो यसअघि नै दोषी प्रमाणित भइसकेको छ वा राज्यको कानुन तथा दण्ड प्रक्रियाबाट पहिल्यै मुक्त भइसकेको छ भने एक पटक गरेको अपराधका लागि जिम्मेवार ठहऱ्याउँन वा दण्डित नगर्न सम्झाउँछ ।





## वैकल्पिक सेवा

अधिकांश मुलुकहरूले सैन्य सेवाको विकल्पमा राष्ट्रिय सेवा संचालन गर्न कानुन प्रदत्त न्यायिक विरोधलाई मान्यता दिएका हुन्छन् । यस वैकल्पिक सेवाका दुई प्रकार हुनसक्छन्:

- ✓ बिना हतियार सशस्त्र बलमा सेवा गर्नु;
- ✓ अस्पताल, नर्सरी, अपाङ्गका लागि संस्थाहरू आदि र कहिलेकही गैर सरकारी संस्था (गैसस) वा अन्तर सरकारी संगठन (अससं)हरूमा काम गर्नु ।

साधारणतया वैकाल्पिक सेवाहरू सैन्य सेवाभन्दा लामो अवधिका हुन्छन् । उदाहरणका लागि फ्रान्समा यो २० महिनाको हुन्छ भने सैन्य सेवा १० महिनाको मात्र; अस्ट्रेलियामा यो १२ महिनाको हुन्छ भने सैन्य सेवा ७ महिना मात्र; बुल्गेरियामा यो २४ महिनाको हुन्छ भने सैन्य सेवा केवल ६ देखि ९ महिनामात्र ।

बक्स नं. ७१

### वैकल्पिक सेवा : स्वीट्जरल्याण्डको सन्दर्भ

युरोपेली केही मुलुकमध्ये स्वीट्जरल्याण्ड एउटा त्यस्तो देश हो जहाँ अहिलेसम्म अनिवार्य सैन्य सेवा छ । यसलाई संविधान (धारा ५९.१), सन् १९९५ को सैन्य संगठनसम्बन्धी कानुन र १९९५ कै सैन्य सेवासम्बन्धी कानुनद्वारा व्यवस्थित गरिएको छ । यो २० देखि ४२ वर्षका सबैलाई र माथिल्लो पदमा ५५ वर्ष सम्मका व्यक्तिलाई लागु हुन्छ । सुरूमा सैनिक सेवा चार महिनाको हुन्छ, प्रत्येक दुई वर्षमा तीन साता र वर्षको एक पटक शुटिङ अभ्यास हुन्छ ।

सन् १९९६ को वैकाल्पिक सेवाको कानुनले आचार, नैतिक-दार्शनिक र धार्मिक कारणले न्यायिक विरोधको अधिकारलाई मान्यता दिएको छ । उद्योग तथा श्रम मन्त्रालयले आवेदनहरू प्राप्त गर्छ, जसलाई तीन सदस्यीय आयोगले निर्णय गर्छ, आयोगलाई अखबारको विज्ञापनमार्फत् छानिएका १२० जना आयुक्तमध्येबाट छनोट गरिएको हुन्छ । झण्डै ५ प्रतिशत अनिवार्य भर्ती उमेर न्यायिक विरोधको रूपमा दर्ता गरिएको हुन्छ । न्यायिक विरोधको अधिकारलाई मान्यता दिइएको त छैन, तर अनिवार्य सैनिक सेवाको विरोध गर्नेहरूलाई चारदेखि पाँच महिनासम्म जेल सजाय हुन्छ ।

न्यायिक विरोध गर्नेले सैन्य सेवाको सट्टामा निजामती सेवा गर्नुपर्छ । यसमा सार्वजनिक हीतमा संचालित सार्वजनिक वा निजी निकायमा ४५० दिन काम गर्नुपर्छ । यस्तो काम अस्पताल, युवा केन्द्र, विश्वविद्यालयको अुनसन्धान, वन आदि क्षेत्रहरूमा हुन सक्छ ।

*स्रोत : European Bureau for Conscientious Objection (EBCO)*

## सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

अनिवार्य सैन्य सेवा चाहिन्छ वा चाहिन्न ?

- ➢ तपाईको आफ्नो राष्ट्रिय सन्दर्भ अनुरूप पक्ष–विपक्षबीच सन्तुलन गर्नुहोस् ।
- ➢ त्यस सन्दर्भमा यस परिच्छेदमा उल्लेखित निर्धारक तत्वहरूलाई ध्यानमा राख्ने र तपाईको आफ्नो राष्ट्रिय सन्दर्भमा कति सान्दर्भिक छ हेर्नुहोस् ।

अनिवार्य सैन्य सेवालाई दुर्व्यवहार र अपमानजनक व्यवहारका रूपमा लिइनु

- ➢ अनिवार्य भर्तीवाला दुर्व्यवहार, चिन्ता वा हिंसामा परेको पाइएमा तुरून्तै कारवाही गर्नुहोस् ।
- ➢ गम्भीर अनुसन्धान गरिएको छ/छैन र तोकिएको निकायद्वारा उपयुक्त निर्णय भएको छ/छैन वा विना ढिलाइ कार्यान्वियन भएको छ/छैन निश्चित हुनुहोस् ।
- ➢ यदि तपाईको मुलुकमा हालसम्म रक्षा अम्बुड्सम्यान छैन भने यस्तो संस्था निर्माणका लागि सुझाव दिनुहोस् र अनिवार्य भर्ती भएकाहरूलाई गरिने अपमान र दुर्व्यवहारलाई सम्बोधन गर्ने गरी सशक्तिकरण गर्नुहोस् ।

न्यायिक विरोधको स्थिति

- ➢ तपाईको देशको न्यायिक विरोधको कानुनी अवस्थाबारे प्रमाणीकरण गर्नुहोस् र यदि यो उपयुक्त छ भने कानुनसम्मत दृष्टिले परिभाषित गर्नुहोस् वा वर्तमान कानुनलाई सुधार गर्नुहोस् ।
- ➢ त्यो स्थितिमा अन्य देशको विषयवस्तु माथिको दृष्टिकोण र कानुनी तथा व्यवहारिक स्थितिसम्बन्धी अद्यावधिक सूचना प्राप्तिलाई निश्चित गर्नुहोस् ।

वैकल्पिक सेवा

- ➢ आफ्नो राष्ट्रमा कानुनले वैकल्पिक सेवा प्रदान गरेको प्रमाणीकरण गर्नुहोस् र यदि छ भने कानुनसम्मत दृष्टिले वा वर्तमान कानुनलाई सुधारेर कार्यरूप दिने निश्चय गर्नुहोस् ।
- ➢ त्यो स्थितिमा अन्य देशको विषयवस्तु माथिको दृष्टिकोण र कानुनी तथा व्यवहारिक स्थितिसम्बन्धी अद्यावधिक सूचना प्राप्तिलाई निश्चित गर्नुहोस् ।



खण्ड ८

# भौतिक स्रोतहरू:

## हतियार हस्तान्तरण र खरिदको प्रभावकारी सुपरिवेक्षणलाई ध्यानमा राख्नु

अध्याय - २८

# हतियार र सैन्य बन्दोबस्तीका सामान खरिद

हतियार खरिद नीति राष्ट्रिय सुरक्षा अवधारणा वा रक्षा रणनीतिजस्ता 'उच्चस्तरीय' योजना र नीतिहरूबाट तयार गरिनुपर्छ। नयाँ हातहतियार र सैन्य उपकरणको माग राष्ट्रिय सुरक्षा नीतिमा यसको असर र सान्दर्भिकतालाई हेरेर परीक्षण गरिनुपर्छ।

राष्ट्रिय सुरक्षा अवधारणाले रक्षा व्यवस्थापन प्रक्रियामा स्थायित्व हासिल गर्न र दीर्घकालीन रक्षा नीति-निर्माणमा भावी दृष्टिकोण वृद्धि गर्न सहयोग पुऱ्याउँछ। राष्ट्रिय रक्षा नीतिका उद्देश्यहरूलाई सुरक्षा क्षेत्रका लागि छुट्याइएका स्रोतहरूसँग सामञ्जस्य गराउनु तथा सुरक्षा क्षेत्र र समाजबीच सन्तुलन बनाइराख्नु आवश्यक हुन्छ।

## हतियार खरिदमा पारदर्शिता

जुनसुकै सुदृढ प्रजातन्त्रमा सामान्यतया बजेट निर्माणका गतिविधि र मुख्य गरी हतियार खरिद पारदर्शी तथा जनताप्रति उत्तरदायी हुनैपर्छ। जनताप्रति उत्तरदायी हुनका लागि नीति, योजनाहरू, बजेट र हतियार खरिदबीच उपयुक्त तालमेल हुनैपर्छ। यसलाई कतै पनि छुटका रूपमा हेरिँदैन। दुर्भाग्यवश, विश्वका अधिकांश मुलुकमा हतियार खरिदबारे संसद्ले केही बोलेको छैन वा बोलिहाले पनि साह्रै कममात्र बालेको देखिन्छ।

हतियार खरिदका लागि कोष छुट्याउँदा वा खरिद प्रक्रिया स्वीकृत गर्दा संसद्ले त्यस्तो प्रक्रियाको वैधता जाँच गर्नु जरुरी हुन्छ। यसरी जाँच गर्दा उत्पादन, व्यापार र निश्चित प्रकारका हतियार प्रयोगबारे अन्तर्राष्ट्रिय नियमहरू (अप्रसार सन्धि-१९६८, घातक बारुदी धरापको प्रसार, उत्पादन, भण्डारण र प्रयोग नियन्त्रण गर्नेबारे ओटावा अभिसन्धि- १९९७ र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् सम्झौतालगायत) लाई ध्यानमा राख्नुपर्छ।

संसद्हरूले दीर्घकालमा प्रमुख सैन्य उपकरणहरूको मूल्य निर्धारण गर्ने जटिलताको सामना गर्ने क्रममा कठिनाइको सामना गर्नसक्छन्। युद्धग्रस्त अवस्थाबाट भर्खरै

बाहिरिएका वा विकासशील मुलुकहरूमा बाह्य वा आन्तरिक हतियार आपूर्तिकर्ताका कारणले खतरा हुन्छ । यस्ता हतियार आपूर्तिकर्ताहरूलाई आफ्ना उत्पादन यथासम्भव राम्रो मूल्यमा बिक्री गर्नुमा मात्र चासो हुन्छ, प्रजातान्त्रिक आवश्यकताहरूमा कुनै चासो हुँदैन ।

यी कारणहरूले गर्दा सांसदहरूलाई हतियार खरिदसम्बन्धमा विशेष समिति र उपसमितिको विकास गर्नमा चासो हुन्छ । यसो गरेर उनीहरूले हतियार खरिद प्रक्रियामा पारदर्शिता वृद्धि गर्न र कार्यकारीलाई जनताप्रति उत्तरदायी बनाउनका लागि दबाब दिन सक्छन् ।

संसद्हरूको समस्या के हो भने सरकारहरू मुख्य परम्परागत हतियारहरू (विमान, बख्तरबन्द गाडीहरू, तोपहरू, राडार उपकरणहरू र दिशा निर्देशकहरू, मिसाइल तथा युद्ध जहाजहरू) किन्न आवश्यक पर्ने रकम निकासा गर्न इच्छुक हुँदैनन् । उनीहरू साना प्रकारका हतियार (१०० एमएमभन्दा सानो क्यालिबरका, जसलाई साना र हलुका हतियार भनिन्छन्) हलुका) को आपूर्ति र संख्या सार्वजनिक गर्न पनि उत्ति इच्छा गर्दैनन् ।

हतियार खरिद प्रक्रियामा प्रवेश गर्दा अतिमहत्वाकांक्षी हतियार खरिद योजनाले गर्दा मुलुकलाई दीर्घकालमा आर्थिक भार नपरोस् भनेर निश्चित हुन सरकारले संसद्सँग मिलेर काम गर्नेछ । हतियार खरिद प्रक्रियालाई जनताका अन्य प्राथमिकताका आधारमा बुझिनुपर्छ । त्यसैले सैन्य प्राथमिकतामात्र होइन, अन्य प्राथमिकता पनि निर्णय गर्ने प्रक्रियाका लागि वैध हुन्छन् । संसद्ले हतियार खरिद प्रक्रियाले निम्त्याउने आर्थिक भार र प्रभावबारे जानकारी राख्नैपर्छ ।

बक्स नं. ७२

संसद् सदस्यहरूले हतियार खरिद प्रक्रियामा किन ध्यान दिनुपर्छ ?

- सार्वजनिक कोषको प्रयोग हुन्छ ।
- हतियार प्रणालीबारेको निर्णय प्राविधिक दक्षता र सुरक्षाको मात्र विषय होइन, पैसा बन्दुक किन्न वा चामल किन्न खर्च गर्ने भन्ने निर्णय पनि हो । बन्दुक नै किन्ने हो भने कुन बन्दुक, कति र किन भन्ने थाहा हुनुपर्छ ।
- हतियार खरिदले मुलुकलाई अल्पकाल वा दीर्घकालमा पनि आर्थिक भार हुनुहुँदैन । यसमा पछि हुने सम्पूर्ण खर्च पनि समावेश गरिनुपर्छ ।
- संसदीय सुपरिवेक्षणले समाजका अन्य आवश्यकता र हतियार खर्चबीच सन्तुलन गर्नुपर्छ ।
- पारदर्शी हतियार खरिद प्रक्रिया संसद्प्रति जिम्मेवार हुनुपर्छ, भ्रष्टाचार नहोस् र सार्वजनिक कोषको दुरूपयोग नहोस् भन्नेमा सचेत हुनुपर्छ ।
- संसदीय र सार्वजनिक सुपरिवेक्षणले क्षेत्रीय हतियार खरिद चक्रको खतरा कम गर्नसक्छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

## के विशेष परिस्थितिहरूमा गोपनीयता न्यायोचित हुन्छ ?

सार्वजनिक नीति निर्माणका हरेक पक्षमा, हतियार बिक्री र खरिदमा पनि, सुशासनको सिद्धान्त, खासगरी पारदर्शिता जरुरी हुन्छ । त्यसैले कुन खास परिस्थितिले गर्दा सुरक्षा नीति निर्माणलाई गोप्य राख्नुपर्ने गरी विशेष बनाएको हो भन्नेबारे परीक्षण गर्नु जरुरी हुन्छ ।

हतियार बिक्री र खरिद निर्देशिका पारदर्शिता र सार्वजनिक जवाफदेहितामा आधारित हुनुपर्छ । नीति निर्माण प्रक्रियामा गोपनीयता राख्नुपर्ने कारणबारे आयातकर्ता वा निर्यातकर्ता मुलुकले स्पष्टसँग उल्लेख गर्नुपर्छ । यदि यस्ता कारणले उक्त कारोबारमा भ्रष्टाचार भित्रिने सम्भावना हुन्छ भने यस्तो खतरा दुवै पक्षले पहिचान गर्नुपर्छ र यस्तो सम्भावना हुन नदिन संयन्त्र बनाउनुपर्छ ।

बक्स नं. ७३

कमजोर वा द्विअर्थी हतियार खरिद नीति वा अत्यन्त गोप्य हतियार खरिद प्रक्रियाले यस्तो सम्भावना निम्त्याउन सक्छ.....

- हतियार खरिद प्रणालीका आवश्यकताबारे अपर्याप्त परीक्षण
- राष्ट्रिय र क्षेत्रीय सुरक्षाका अस्वस्थ अवस्था आउने गरी सरकारी निर्णयमा अकुशलता

▷ छिमेकी मुलुकहरूमा भय

▷ हतियार खरिद र अन्य सबै प्रकार सैन्य खरिद निर्णयहरूमा भ्रष्टाचार

▷ सशस्त्र बलप्रति जनताको विश्वासका कमी आउन सक्छ, जसले सेनाप्रतिको विश्वसनीयतामा कमी ल्याउन सक्छ भने अनावश्यक विवाद पनि निम्त्याउन सक्छ ।

## बृहद् खरिद नीति निर्माण

ठूला हतियार खरिद गर्ने क्रममा गरिने नीति निर्माण प्रक्रिया विधिमा निम्नानुसारका पक्षहरू समेटिएको हुनुपर्छ :

✓ भयपूर्ण अवस्थाको मूल्याङ्कन प्रक्रियाहरू

✓ प्रतिरक्षा दक्षता निर्माणको दीर्घकालीन अवधारणा

✓ नयाँ उपकरण आवश्यकताको पहिचान

✓ हतियार खरिदका लागि बजेट विनियोजन

✓ प्राविधिक गुणको निश्चितता र खरिदपछिको लेखा प्रक्रिया

✓ हतियार प्रयोग भइरहँदासम्मको सम्पूर्ण खर्च, मर्मतसम्भार, सुधारलगायत

✓ क्षतिपूर्तिको मूल्याङ्कन

यी सबै तहहरूमा संसदीय सुपरिवेक्षण र पुनरावलोकन समिति निर्माण गऱ्यो भने कार्यकारी नीति निर्माण प्रक्रियामा अनावश्यक खर्च, धोका र ढिलासुस्ती कम गर्न सकिन्छ। प्रभावकारी सुपरिवेक्षणको अभ्यासका लागि संसद्ले सरकारसँग हतियार खरिद प्रक्रियाका सबै तहहरूबारे जानकारी माग गर्नुपर्छ। अझ संसद्सँग हतियार खरिदका सबै सम्झौताहरूमा निर्णय गर्ने अधिकार हुनुपर्छ। नेदरल्यान्डको संसद् एउटा यस्तो व्यवस्थापिकाको उदाहरण हो, जसले हतियार खरिद नीति निर्माण प्रक्रियाका सबै तहको सुपरिवेक्षण गर्छ। (बक्स ७४ हेर्नुहोस् ।)



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ७४

### सैन्य खरिदमा नेदरल्यान्ड सरकारको नीतिः संसदीय सुपरिवेक्षणका आयाम

नेदरल्यान्डमा हतियार खरिदका लागि सशक्त संसदीय सुपरिवेक्षणको लामो र ठोस परम्परा र अभ्यास छ । सिद्धान्तअनुसार २५ मिलियन युरोभन्दा बढी (लगभग २५ मिलियन डलर)को हतियार खरिद निर्णय संसद्ले पास गर्नुपर्छ । यसको माध्यम भनेको तथाकथित हासिल प्रक्रिया हो । सरकार (व्यवहारमा रक्षा मन्त्रालय जसको कार्यविभाजनमा रक्षासम्बन्धी क्रियाकलाप हुन्छ) ले चार प्रकार (ए, बी, सी र डी) मध्ये एक प्रकारको चिठी पठाउँछ, हतियार हासिल गर्ने तहमा आधारित भएर । संक्षेपमा भन्दा, 'एक्स' हतियार 'वाई' निर्मातासँग खरिद गर्नका लागि ठोस प्रस्तावका विभिन्न तहहरू नयाँ हतियार प्रणालीको आवश्यकता (अथवा वर्तमान प्रणालीलाई नै निरन्तरता दिने गरी) अनुसार निर्धारित हुन्छन् ।

हासिल प्रक्रियाका विभिन्न तहका निर्णयलाई प्रभावित गर्ने स्थितिमा संसद् हुन्छ । त्यसैले जब सरकारले कुनै हतियार साटफेर वा हासिल गर्न प्रस्ताव गर्छ (अथवा हासिल गर्नुपर्ने प्रणालीको संख्याबारे सुझाव दिन्छ), संसद्ले यसलाई अस्वीकार वा संशोधन गर्नुपर्छ । अन्तिम खरिद प्रक्रिया पनि अस्वीकृति वा संशोधन हुनसक्छ, यद्यपि व्यवहारमा यो विरलै हुन्छ । सम्पूर्ण प्रक्रियामा सरकारको चाहना अधिकांश समयमा यी चार अक्षरहरू (ए, बी, सी र डी) द्वारा प्रभावित हुन्छन्, जसलाई संसद्मा छलफल गरिन्छ ।

सय मिलियन युरोभन्दा बढीका ठूला योजना (बृहद् परियोजना)हरूमा संसद्मा अझ विस्तृत र पटकपटक जानकारी गराउनुपर्छ । 'जोइन्ट स्ट्राइकर फाइटर', एफ-१६ को अमेरिकी निरन्तरता) को विकास चरणमा सामेल हुने नेदरल्यान्ड सरकारको पहललाई यसको नमुनाका रूपमा लिन सकिन्छ । तर, अन्य महत्वपूर्ण परियोजनाहरू पनि छन्, जस्तो एयर मोबाइल ब्रिगेड ।

समग्रमा नेदरल्यान्डको वर्तमान अवस्थालाई सन्तुष्टिपूर्ण भनी हेर्न सकिन्छ । वित्तीयद्वार र बृहद् संसदीय परीक्षण कहिलेकाहीँ एकदमै प्राविधिक प्रक्रिया हो भन्नेबारे छलफल हुने गर्छ । यो संरचनामा सरकारी सूचनाको स्वतन्त्रता र गुणवत्ता तथा थप तर्कहरू (कुनै स्वतन्त्र सुरक्षासम्बन्धी संस्थाहरूले उठाएका) बारे प्रश्नहरू उठाइन्छन् । अन्त्यमा, उद्योग पक्षधरहरूको भूमिका र रक्षा समितिका सदस्यहरूमा उनीहरूको पहुँचबारे कहिलेकाहीँ छलफल गरिन्छ । यद्यपि, यस्तोखाले कुनै ठूलो घटना अथवा कुनै प्रचारबाजी पनि अहिलेसम्म भएको छैन ।

*स्रोत : जन होइकेमा, नेदरल्यान्डका पूर्व संसद् सदस्य, २००२*

# सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

हतियार खरिदको सुपरिवेक्षण

▷ हतियार खरिदको संसदीय सुपरिवेक्षणलाई कानुनी बनाउनु पहल गर्नुहोस् ।

▷ सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण बृहत् हुनुका साथै यसले यी बुँदाहरूमा विशेष ध्यान दिँदै खरिदका सबै पक्षहरू समेट्छ भन्नेबारे निश्चिन्त हुनुहोस् ।
- सुरक्षा आवश्यकता
- क्षेत्रीय हतियार दौड निम्त्याउन सक्ने नकारात्मक प्रतिक्रियाको सम्भाव्यतालाई ध्यानमा राख्दै क्षेत्रीय राजनीतिक परिस्थिति
- बजेट भार (अल्पकालीन र दीर्घकालीन)
- निजी र सार्वजनिक क्षेत्रमा राष्ट्रिय उद्योगको प्रभाव

हतियार खरिदमा पारदर्शिता र जवाफदेहिता

▷ हतियार र सैन्य खरिद प्रक्रियामा संसद्को केही भनाइ छ भन्नेमा निश्चिन्त हुनुहोस् ।

▷ संसद् वा योसम्बद्ध कुनै समिति मुख्य परम्परागत हतियार (विमान, बख्तरबन्द गाडीहरू, तोपहरू, राडार उपकरणहरू र दिशा निर्देशकहरू, मिसाइल तथा युद्ध जहाजहरू) तथा साना प्रकृतिका हतियारहरू (सय क्लालिबरभन्दा कमको)को प्राविधिक गुणवत्ता र संख्याबारे पछिल्लो स्थितिको प्रतिवेदनसहित उपयुक्त समयमा उपस्थित हुनुपर्ने माग गर्नुहोस् । नयाँ हतियार किन्नुपर्ने कारणहरू पनि उल्लेख गरिनुपर्छ ।

▷ संसद् सुरक्षा क्षमता निर्माणको दीर्घकालीन अवधारणासहित उपस्थित छ भन्नेबारे निश्चिन्त हुनुहोस् ।

▷ हतियार खरिदका गोपनीयतासम्बन्धी कार्यहरू संसद् वा सम्बन्धित समितिबाट कानुनी रूपमा सम्बोधन गरिएका वा कुनै पनि बेला सम्बोधन गर्न सकिने हुनेमा निश्चिन्त हुनुहोस्, जसले सैन्य गोपनीयता निर्वाह गर्दा जवाफदेहिता सुनिश्चत गर्छ ।

खरिद प्रभाव विश्लेषण

▷ खरिद योजना सैन्य नीतिसँग सामञ्जस्य भए-नभएकोबारे विश्लेषण गर्नुहोस् ।





▷ संसदीय अध्ययनले अन्य सार्वजनिक आवश्यकता र सामाजिक प्राथमिकताहरूको तुलनामा हतियार खरिदको आर्थिक भार कति हुन्छ भनेर मूल्याङ्कन गरेकोमा निश्चिन्त हुनुहोस्, ता कि मुलुकको विकास, आर्थिक र सामाजिक स्थिरता प्रभावित भएर असन्तुलनको स्थिति नआवोस् ।

▷ अतिमहत्वाकांक्षी हतियार खरिद निर्णयहरू रोक्न संसदीय प्रक्रियाको प्रयोग हुनुपर्छ । संसद् योजनाहरूमा पर्याप्त कारण छ-छैन भनेर निश्चिन्त हुनुहोस् ता कि मुलुकलाई दीर्घकालमा कुनै सैन्य भार नपरोस् ।

खरिदको हिसाबकिताब (लेखा)

▷ सुरक्षा नीति र योजनाबीचको सामञ्जस्यता, सुरक्षा बजेट तथा हतियार र सैन्य उपकरणमा भएको खर्चको सुपरिवेक्षण गर्नुहोस् ।

▷ खरिदपछि हतियार प्रणालीको प्रस्तुतिबारे हिसाबकिताब (लेखाजोखा) गर्नुहोस् । सम्झौता लागू भएपछि यस्तो लेखाजोखा हतियार प्रयोग हुने समयभरिको तीन बिन्दु वा तहमा गर्नुपर्छ ।

हतियार खरिदको लागि संसदीय समिति

▷ कुनै हतियार खरिद समिति वा उपसमिति पहिले नै गठन गरिएको छैन भने एउटा बनाउनुहोस् ता कि नीति-योजना, वित्तीय योजना र लेखा, सुरक्षा उद्योग तथा अनुसन्धान तथा विकासको महत्व उजागर गर्न सकियोस् ।

▷ यो विषयमा सन्दर्भ, प्रक्रिया र समान खालका अन्य संसदीय अंगबारेको जानकारी मागेर तिनीहरूको अध्ययन गर्नुहोस् ।

▷ तपाईंको संसदीय अंगले विशेषज्ञ सल्लाहको उपयोग गरेको छ भन्ने निश्चिन्त हुनुहोस् ।

अध्याय – २९

# हतियारको व्यापार र ओसारपसार

हतियार व्यापार र हतियार आपूर्ति दुवैमा संसद्को महत्वपूर्ण भूमिका हुन्छ। हतियार खरिदका नियम र प्रक्रियाहरू राष्ट्रिय हतियार खरिद नीति, राष्ट्रिय बजेट, वित्तीय कानुन तथा सम्झौता तथा विवाद समाधान कानुनसँग सामञ्जस्य हुनैपर्छ। हतियार व्यापार र आपूर्ति नीति र यसको कानुनी संरचनाका विशेषताहरू पारदर्शिता र जवाफदेहिताको सिद्धान्तमा आधारित हुनुपर्छ।

बक्स नं. ७५

हतियार ओसारपसार : परिभाषा

सामान्य रूपमा हतियार ओसारपसार भन्नाले हतियार किनबेचमा संलग्न सरकारी तथा अन्य पक्षहरूका सबै गतिविधिहरू भन्ने बुझिन्छ। हतियार ओसारपसारमा बिक्री वा व्यापार, खरिद वा किन्ने काम तथा हतियारको सहयोगजस्ता विषय समेटिन्छन्।

## हतियारको व्यापार र ओसारपसारको राष्ट्रिय नीति

सरकारले हतियार बिक्रीका लागि एउटा नीति र कानुन तयार गर्नुपर्छ, जसलाई संसद्मा स्वीकृतिका लागि पेस गर्नुपर्छ। यस नीतिले परम्परागत हतियार बिक्रीका निर्देशक सिद्धान्तहरूलाई परिभाषित गर्नुपर्छ र मुख्य गरी तलका बुँदाहरू ध्यानमा राखेर यो नीति र कानुन निर्माण गर्नुपर्छ :

- ✓ परम्परागत हतियारको आयात-निर्यात सम्बन्धित संसदीय समितिद्वारा सुपरिवेक्षण गरिनुपर्छ।
- ✓ हतियार व्यापार नियमावली युन चार्टर, अन्तर्राष्ट्रिय कानुन र युएन हतियार इम्बार्गोसँग सामञ्जस्य हुने खालको हुनुपर्छ। हतियार खरिद गर्न लागेको मुलुकहरूको सामाजिक, आर्थिक, राजनीतिक र सुरक्षा चासोहरूलाई समेत ध्यान दिनुपर्छ।





- ✓ स्वच्छता र व्यवसायिक जवाफदेहिताका लागि नीति निर्माण प्रक्रियामा पारदर्शिताको सिद्धान्त हुनुपर्छ।
- ✓ राष्ट्रसंघ, अन्य सान्दर्भिक पक्षहरू र अन्य मुलुकका राम्रा अभ्यासहरूमा आधारित अवैध व्यापारका अभ्यासहरू रोक्ने संयन्त्रलाई कानुनी बनाइनुपर्छ। किनबेच गर्ने दुवै पक्षले एउटा नैतिक आधार निर्माण गर्नुपर्छ।
- ✓ बेचिएका हतियारको प्रकृति र प्रकार खरिद गर्ने मुलुकको सही सुरक्षा आवश्यकताअनुसारका छन् तथा ती मुलुकका संसद्ले खरिद योजना स्वीकृत गरेका छन् भन्नेबारे संसद्ले निश्चित गर्नुपर्छ।
- ✓ हतियार खरिद गर्ने मुलुकले मानवअधिकार र आधारभूत स्वतन्त्रताको सम्मान गर्छ तथा हतियार खरिद निर्णयमा प्रभावकारी जवाफदेही प्रक्रिया लागू गरेको छ भन्नेबारे हतियार निर्यात गर्ने मुलुकको संसद् निश्चित हुनुपर्छ।
- ✓ हतियार बिक्रीले शान्तिलाई खतरा नपुऱ्याओस्, त्यो क्षेत्रमा सशस्त्र द्वन्द्व र क्षेत्रीय तनाव अझ नबिगारोस्, हतियारको चक्रीय बिक्री सुरु नहोस्, खराब खालका हतियार प्रणाली वा साना र हलुका हतियार संख्याले क्षेत्रीय अस्थिरता ननिम्त्याओस् भन्नेबारे संसद् निश्चिन्त हुनुपर्छ। यदि संसदीय सुरक्षा समितिले क्षेत्रीय स्थिरतामा आएको खतराबारे क्षेत्रीय संवाद सुरु गऱ्यो भने अधिक खरिदबिक्री र यसको गोपनीयताले निम्त्याउने भ्रष्टाचार क्षेत्रीय बहसको विषय बन्नसक्छ।
- ✓ बेचिएको हतियार फेरि निर्यात नहोस् वा निर्यातपत्रमा उल्लेख भएका सर्तभन्दा बाहिर प्रयोग नहोस् भन्नेबारे संयन्त्र निर्माण गर्नुपर्छ।

राष्ट्रिय हतियार बिक्री प्रक्रिया स्वतन्त्ररूपमा परीक्षण र सुपरिवेक्षण गर्न सकिन्छ भन्नेबारे निश्चित हुन संसद्ले सजाय दिने अधिकारसहितको स्वतन्त्र लेखा प्रक्रिया स्थापना गर्नुपर्छ। यो संसद्ले निर्धारण गरेको सिद्धान्त र निर्देशिकाअनुसार सञ्चालित हुनुपर्छ। बक्स ७६ ले हतियार व्यापारबारे राष्ट्रिय नीतिका राष्ट्रिय सम्झौता र आचारसंहिताका उदाहरणहरू समेटेको छ।

बक्स नं. ७६

## हतियार ओसारपसारका क्षेत्रीय व्यवस्थाहरू

▷ युरोपेली आचारसंहिता

युरोपेली संगठनको परिषद्ले सन् १९९८, जुन ८ मा युरोपेली आचारसंहिताबारे सहमति गऱ्यो । उक्त सहमतिले युरोपेली संगठनका मुलुकहरूबाट विश्वका अन्य अस्थिर क्षेत्र जहाँ अत्यन्त बढी मानवअधिकार हनन हुनसक्छ, त्यसमा हतियारको प्रवाह रोक्ने उद्देश्य राखेको थियो । विभिन्न गैरसरकारी संघसंस्थाहरूले उत्तरदायी हतियार व्यापार नीति लागू गर्न लगातार आठ वर्षको दबाबपछि युरोपेली संगठनका सदस्य राष्ट्रहरूले यो निर्णय गरेका हुन् । आचारसंहितामा संवेदनशील हतियार गन्तव्यहरूको सूची पनि छ भने 'अन्तिम प्रयोग' व्यवस्थाको प्रमाणीकरण र सुपरिवेक्षण गर्न प्रक्रिया पनि उल्लेख गरेको छ । त्यसैगरी दुईतर्फी जानकारी र निर्यात अनुमतिपत्र दिने वा नदिनेबारे सल्लाहको प्रक्रियाको पनि व्यवस्था गरेको छ ।

युरोपेली आचारसंहिताले अन्य राज्यलाई वैधानिक रूपमा समावेश गरेको छैन । यो आचारसंहिता पालना नगरे उनीहरूलाई जवाफदेही बनाउने कुनै संयन्त्र छैन । त्यसैले मानवअधिकार हनन हुने गरी गरिने निर्यात रोक्नु र द्विपक्षीय सल्लाहको संयन्त्र प्रयोग गर्न दबाब दिनु निर्यातको कडा कानुनी व्यवस्था भएका राज्यहरूमै भर पर्ने कुरा हो ।

आचारसंहिताले निम्न आठ सीमाहरू समेटेको छ, जसलाई हतियार निर्यातमा सदस्य राष्ट्रले सम्बोधन गर्नुपर्छ :

१. युरोपेली सदस्य राष्ट्रहरूको अन्तर्राष्ट्रिय प्रतिबद्धता, मुख्य गरी राष्ट्रसंघ सुरक्षापरिषद्ले व्यवस्था गरेका सिद्धान्तहरूको पालना गर ।
२. अन्तिम गन्तव्यको मुलुकमा मानवअधिकारको सम्मान ।
३. अन्तिम गन्तव्यको मुलुकको आन्तरिक अवस्था, जस्तैः सशस्त्र द्वन्द्व र तनावको वर्तमान अवस्था ।
४. यदि लक्षित आयातकर्ताले प्रस्तावित निर्यातवस्तु अर्को मुलुकविरूद्ध प्रयोग गर्ने वा कुनै आतंकवादी गतिविधिमा लगाउने स्पष्ट खतरा भएमा सदस्य राष्ट्रले निर्यात अनुमतिपत्र जारी गर्नेछैनन् ।





५. सदस्य राष्ट्रहरू र क्षेत्रहरू तथा अन्य मित्र र संलग्न राष्ट्रहरूको सुरक्षा व्यवस्था जसको बाह्य सम्बन्ध कुनै सदस्य राष्ट्रहरूको जिम्मेवारी हो ।
६. अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्धको हिसाबले क्रेता राष्ट्रको व्यवहार, खासगरी आतंकवादमा उक्त राष्ट्रको व्यवहार, यसको गठबन्धनको प्रकृति तथा अन्तर्राष्ट्रिय कानुनप्रतिको सम्मान ।
७. बेचिएका हतियारहरू क्रेता मुलुकमै छरिएलान् वा अवाञ्छित रूपमा पुनर्निर्यात होला भन्ने खतराको उपस्थिति ।
८. क्रेता मुलुकको प्राविधिक र आर्थिक क्षमता र हतियार निर्यातको तालमेल ।

*स्रोत : एचटिटिपीः//युरोपा.इयु.आइएनट*

▷ अमेरिकी राज्यको संगठन र हतियार ओसारपसार

अमेरिकाका लागि क्षेत्रीय हतियार व्यापार पारदर्शिता तब विकास गरियो, जब अमेरिकी राज्य संगठनका १९ सदस्यहरूले परम्परागत हतियार आपूर्तिबारे एउटा सम्झौतामा हस्ताक्षर गरे । परम्परागत हतियार हासिली प्रक्रियामा पारदर्शिताबारे अन्तर–अमेरिकी महासन्धि (जुन ग्वाटेमाला सहरमा भएको साधारणसभामा लागू गरिएको थियो) ले सबै हस्ताक्षरकर्ताले मुख्य हतियार निर्यात र आयातबारे वार्षिक जानकारी सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ ।

आर्टिकल ३ का अनुसार 'सदस्य राष्ट्रहरूले कुनै निश्चित वर्षमा परम्परागत हतियारको आयात र निर्यातको अवस्थाबारे वार्षिक रूपमा प्रतिवेदन पेस गर्नुपर्छ, आयातको हकमा निर्यात गर्ने मुलुक तथा आयात गरिएका परम्परागत हतियारको संख्या र प्रकार र निर्यातको हकमा आयात गरेको मुलुक तथा निर्यात गरिएको परम्परागत हतियारको संख्यालगागत । कुनै सदस्य राष्ट्रले कुनै थप सान्दर्भिक जानकारी पनि समावेश गर्न सक्छन् । जस्तै : परम्परागत हतियारको पद र मोडेल ।' यसअतिरिक्त यी सदस्य राष्ट्रहरूले आयातबाट परम्परागत हतियार हासिल गरेको अवस्था, राष्ट्रिय उत्पादन वा कुनै किनबेच भएको छैन भने एक–अर्कालाई जानकारी गराउनुपर्छ । (आर्टिकल ४)

*स्रोत : एचटिटिपीः//डब्लुडब्लुडब्लु.ओएएस.ओआरजी, २००२*

## अन्तर्राष्ट्रिय हतियार आपूर्तिमा रोक (embargoes) को सम्मान

कुनै राज्यले अन्तर्राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाप्रति खतरा उत्पन्न गऱ्यो भने उक्त राष्ट्रलाई अस्वीकृत गर्ने अस्त्र हो- प्रतिबन्ध । यो कानुनी आधार युएन च्याप्टरको आर्टिकल ४१ ले व्यवस्था गरेको हो, जसले निरस्त्र कारबाही गरेर अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा पुनःस्थापित गर्न राष्ट्रसंघ सुरक्षापरिषद्लाई सदस्य राष्ट्रहरू डाक्न समर्थ बनाउँछ । सन् १९४५ देखि १९९० सम्म राष्ट्रसंघ सुरक्षापरिषद्ले दुईवटा मुलुकमा मात्र प्रतिबन्ध लगाएको थियो । तर, सन् १९९० यता सुरक्षापरिषद्ले विभिन्न मुलुकहरूमा बाह्रपटक प्रतिबन्ध लगाइसकेको छ ।

यो सन्दर्भमा हतियारको ओसारपसार कहाँ गएर अन्त्य हुन्छ भन्ने खुलाएर 'अन्तिम प्रयोग' प्रमाणपत्रका लागि अनुरोध गऱ्यो भने यो हतियार आपूर्तिका लागि अनुमतिपत्र दिने प्रक्रियाका लागि संसद्लाई उपयुक्त अस्त्र हुनसक्छ । यद्यपि, गलत 'अन्तिम प्रयोग' प्रमाणपत्रको दुरुपयोगका प्रशस्त घटना छन् ।

## परम्परागत हतियारबारे राष्ट्रसंघीय पुस्तिका

सन् १९९१, डिसेम्बर ८ मा राष्ट्रसंघीय सुरक्षापरिषद्ले 'हतियारमा पारदर्शिता' शीर्षकमा सहमति ४६/३६ एल लागू गऱ्यो । यसले संयुक्त राष्ट्रसंघका महासचिवलाई राष्ट्रसंघको न्युयोर्कस्थित मुख्यालयमा अन्तर्राष्ट्रिय हतियार आपूर्तिबारे तथ्याङ्क, सैन्य पकड भएका राष्ट्रहरूद्वारा दिइएका जानकारी, राष्ट्रिय उत्पादनद्वारा गरिएको खरिद तथा सैन्य नीति उल्लेख गर्न 'परम्परागत हतियारबारे एउटा विश्वव्यापी र अविभेदकारी पुस्तिका' राख्न अनुरोध गऱ्यो ।

उक्त पुस्तिकाले युद्धट्यांक, बख्तरबन्द गाडीहरू, तोप, सशस्त्र विमान, आक्रमणकारी हेलिकोप्टर, युद्धजहाजहरू र मिसाइल/लन्चर गरी मुख्य परम्परागत हतियारका सात स्वीकृत प्रकारहरू समेटेको छ । यो सन् १९९२ देखि लागू हुने गरी प्रयोगमा ल्याइएको छ । राष्ट्रसंघीय महासचिवले नियमित रूपमा यस्तो प्रतिवेदन साधारणसभामा प्रस्तुत गर्छन्, जसमा १ सय १० राष्ट्रले परम्परागत हतियारको आयात र निर्यातबारे उक्त पुस्तिकामा उल्लेख गरेका तथ्याङ्क र जानकारी समेटिएको हुन्छ । उक्त प्रतिवेदनमा





राष्ट्रिय उत्पादनबाट खरिद गर्ने र सैन्य पकड भएका मुलुकहरूले दिएका जानकारी पनि समावेश हुन्छन् ।

(हेर्नुहोस्- एचटिटिपीः//डिस्आर्मामेन्ट.युएन.ओआरजी/क्याब/रजिस्टर.एचटिएमएल.)

## 'स्तरीय प्रतिबन्ध'को आवश्यकता

संयुक्त राष्ट्रसंघीय महासचिवले बृहद् आर्थिक प्रतिबन्धलाई 'अनुपयुक्त उपकरण'को संज्ञा दिएका छन् । यिनीहरू सधैं प्रभावकारी हुँदैनन् र कहिलेकाहीँ लक्षित मुलुकका सर्वसाधारण जनता वा छिमेकी मुलुकहरूका लागि घातक हुन्छन् । त्यसैले कतिपय स्तरीय तथा केन्द्रित प्रकारको प्रतिबन्धमा विश्वास गर्छन् । हतियार इम्बार्गो स्तरीय प्रतिबन्धमा पर्छ, त्यस्तै वित्तीय र भ्रमण इम्बार्गोहरू । स्तरीय प्रतिबन्ध कुनै पनि मुलुकको राज्यसत्ता र विलासी शासकहरूप्रति लक्षित हुन्छ भने आमजनता र प्रतिपक्षीलाई कुनै हानि पुऱ्याउँदैन । यद्यपि, स्तरीय प्रतिबन्ध लागू गर्न एकदमै कठिन र पूर्णतया सफल नभएको देखिएको छ । यिनीहरूलाई परिमार्जित र परिष्कृत गरिनु जरुरी हुन्छ । (बक्स ७७ हेर्नुहोस् ।)

बक्स नं. ७७

### हतियार प्रतिबन्ध स्तरीय बनाउने प्रक्रिया : संसद्ले गर्नसक्ने

हतियार निर्यातकर्ता मुलुकको संसद्ले यी आवश्यकताहरू पूरा भएका छन् वा छैनन् भनी हेर्नुपर्छ :

- ▷ आवश्यकीय प्रशासनिक निर्देशिका र नियमावलीसहितको कानुन, जसले राष्ट्रसंघको हतियार इम्बार्गोको उल्लंघनलाई आपराधिक क्रिया मानेको हुन्छ ।
- ▷ अन्तर-सरकारी समन्वय जसले कुनै एउटा महत्वपूर्ण विभागलाई इम्बार्गो लागू गर्नका लागि कार्यभार दिन्छ ।
- ▷ सम्भावित ओसारपसार, गन्तव्य, ट्रान्जिट मार्ग र दलालहरूको पहिचान गर्न सरकारी विभागहरू र सरकारहरूबीच जानकारी र गुप्तसूचनाहरूको आदानप्रदान ।
- ▷ नियन्त्रित सूची जसले इम्बार्गोमा पर्ने सामानहरूको पहिचान गर्छ ।

- ▷ इम्बार्गो उल्लंघन हुने गरी जहाजमा सामान ओसारपसार भएका बेला पुरानै ठाउँमा फिर्ता पठाउनेभन्दा छापा मार्न सक्ने अधिकार ।
- ▷ अनधिकृत हतियार आपूर्ति वा यस्ता गतिविधिका क्रममा सामान जफत गर्ने व्यवस्था ।
- ▷ अर्कै ठाउँमा लैजान सकिने खतरा भएका हतियारले भरिएका जहाजहरू पत्ता लगाउने र प्रमाणीकरणमा लैजाने ।

*स्रोत : बिआइसिसीको वेबसाइटमा आधारित ।*
*डब्लुडब्लुडब्लु.बिआइसिसी.डिई, २००२*

## शीतयुद्धपछिको अवस्था : बढी भएको (surpluses) र ओसारपसार

शीतयुद्धले संसारभरिबाटै सेनाहरूको संख्यामा कटौती गर्‍यो । यसले गर्दा लाखौं हतियारहरू अनावश्यकीय भए र बचतको रूपमा लिइए । बचत भएका हतियारहरूको समान खाले व्यवस्थाको अभावमा संसारभरि हतियारहरू एउटा देशबाट अर्कोमा तथा एउटा देशबाट अर्को राज्यविहीन समूहमा यसरी फैलियो कि ती हतियारको सार्वजनिक परीक्षणसम्म हुन पाएन । स्पष्ट रूपले, यस्ता धेरै हतियारहरू चोरीनिकासीको बजारमा पुगे वा कतिपय असुरक्षित भण्डारणबाट सोझै चोरी गरिए ।

सन् १९९० को दशकमा व्यापार गरिएको हतियारको पाँच भागको दुई भाग यही बचत संकलनबाट भएको छ । सन् १९९० को दशकमा अन्तर्राष्ट्रिय हतियार व्यापारको मुख्य प्रवृत्तिका रूपमा बचत हतियार आउनुको मुख्य कारण पूर्व सोभियत संघको अधीनमा रहेको ठूलो हतियार भण्डार अचानक केन्द्रीय नियन्त्रण प्रणालीबाट स्वतन्त्र हुनु नै हो । तत्कालीन कठोर आर्थिक अवस्था र बचत हतियारको पर्याप्तताले गर्दा ठूलो परिमाणका हतियार भण्डारहरू तत्कालीन वित्तीय संकट टार्न नगदको स्रोत बने । अर्कोतर्फ के पनि सत्य हो भने धेरै व्यापार आपराधिक सञ्जालमार्फत भयो, जो राजनीतिक नेतृत्वसँग जोडिएका पनि हुनसक्थे, नजोडिएका पनि । यद्यपि, पूर्व सोभियत संघले मात्र आफ्ना हतियार भण्डारको बिक्री गरेको थिएन । अन्य केही विकसित र विकासशील मुलकहरूले पनि यस्तो गरेका छन् ।





बक्स नं. ७८

### बढी भएको हतियारहरूको व्यापारः निरस्त्रीकरणको नकारात्मक पक्ष

'नयाँ हतियारको व्यापारमा कमी आएको देखिए पनि तथ्याङ्कले पुराना हतियारको व्यापारमा वृद्धि भएको देखाउँछ । तान र ठेलको संयोजनले यस्तो बचत हतियारको ओसारपसारलाई प्रभावित गरेको छ । निरस्त्र सन्धिहरू, युद्धविराम र घटाइएको सेनाको संख्याले विश्वभरिमा मुख्य हतियारको संख्या १ लाख ६५ हजार पुग्यो । तीमध्ये १८ हजार हतियार सन् १९९० र सन् १९९५ बीच निर्यात गरिए वा फ्याँकिए । पहिलोपल्ट सन् १९९४ मा नयाँ हतियारको व्यापारभन्दा बचत हतियारको व्यापार बढी थियो । कम मूल्यमा वा सहयोग कार्यक्रममार्फत बचत हतियारहरूको बढ्दो प्राप्यता यसको कारण थियो । यस्तो व्यापारले द्वन्द्वग्रस्त क्षेत्रसम्म पुगेर निरस्त्रीकरणलाई समस्याग्रस्त परिमाणमा पुर्‍याउँछ भने क्षेत्रीय हतियारको दौडमा आगो थप्छ ।'

*स्रोत : हर्बट वोल्फ, १९९८, बोन इन्टरनेसनल सेन्टर फर कन्भर्जन*
*डब्लुडब्लुडब्लु.बिआइसिसी.डिई*

के स्पष्ट छ भने हतियार खरिदकर्ताहरू कम धनी मुलुकहरू थिए, जहाँ सामान्यतया कमजोर संसदीय सुपरिवेक्षण संरचना हुन्छ । सन् १९९० को दशकमा कम्तीमा ९० मुलुकहरूले बचत हतियारको आयात गरेका थिए । साना हतियारहरू कडा नियन्त्रणबीच राख्नुपर्छ र व्यवस्थापिकाले सरकार र सेनालाई चोरी भएका, हराएका वा आगजनी भएका हतियारबारे वार्षिक रूपमा संसद्लाई प्रतिवेदन बुझाउन बाध्य पार्नुपर्छ भन्ने विशेष रूपमा महत्वपूर्ण छ । साना हतियारका कारखानाहरूलाई गैरसैनिक मालसामान उत्पन्न गर्नेगरी रूपान्तरण गर्न पाइलाहरू चाल्नुपर्छ ।

पञ्चवर्षीय रूपमा औसत तहमा अघि बढिरहेको विश्वव्यापी हतियार ओसारपसार सन् १९९७ देखि सन् २००१ को अवधिमा तल झर्‍यो । मुख्यगरी अमेरिका (जो सन् १९९८ पछि हतियार आपूर्तिमा ६५ प्रतिशत गिरावट हुँदाहुँदै सन् १९९७ देखि सन् २००१ सम्मको अवधमा संसारको सबैभन्दा ठूलो आपूर्तिकर्ता थियो ।) मा आपूर्तिमा भएको कटौतीले यसलाई व्याख्या गर्छ । रूस यो अवधिमा दोस्रो ठूलो आपूर्तिकर्ता थियो । सन् २००० देखि सन् २००१ को अवधिमा हतियार ओसारपसारमा भएको २४ प्रतिशत

वृद्धिले रूसलाई दोस्रो ठूलो आपूर्तिकर्ता बनाएको थियो । (स्रोत : एसआइपिआरआई इयरबुक २००२)

सन् २००१ मा चीनले त्यस बेलासम्मकै ठूलो परिमाणमा हतियार आयात गरेको थियो, सन् २००० मा ४४ प्रतिशतले वृद्धि हुँदै । सन् २००१ मा भारतको आयात ५० प्रतिशतले वृद्धि भयो, यसलाई संसारको तेस्रो ठूलो आयातकर्ता बनाउँदै । सन् १९९७ र २००१ को अवधिमा अन्य मुख्य आयातकर्ता मुलुकहरू साउदी अरेबिया, ताइवान र टर्की थिए । (स्रोत : एसआइपिआरआई इयरबुक २००२)

बक्स नं. ७९

### साना हतियारको अनुमानित व्यापारको आँकडा

'वर्तमान समयमा साना हतियार उत्पादन शीतयुद्धका अन्तिम वर्षभन्दा कम भए पनि, अहिले पनि हरेक वर्ष यस्ताखाले लाखौं हतियार उत्पादन हुन्छन् ।

अनुमानमा आधारित, आगजनीमा परेकोसमेत गरेर विश्वव्यापी हतियार उत्पादनको खर्च सन् २००० मा कम्तीमा ४ खर्ब युएस डलर अनुमान गरिएको थियो । मात्राका हिसाबले सन् २००० मा ४३ लाख नयाँ साना हतियार उत्पादन भएको अनुमान गरिएको थियो । यो ३० प्रतिशत गिरावट हो । (शीतयुद्धकालको वार्षिक औसत संख्याका तुलनामा ।)'

'नयाँ हतियारको माग घटिरहेको हुनसक्ने भए पनि बजारको आपूर्ति भने बढिरहेको देखिन्छ । दुई दशकभन्दा कम समयमा कारखानाको संख्या तेब्बर भएको छ । सन् १९८० को दशकमा भएको १९६ बाट बढेर अहिले यस्ता कारखानाको संख्या ६०० पुगेको छ ।'

साना हतियार उत्पादन गर्ने नयाँ कारखाना र मुलुक बढिरहेको अवस्था तथा जसलाई पनि, जहाँ पनि र जुनसुकै मूल्यमा बेच्ने चाहनाले अधिनायकवादी सरकार, गैरसरकारी खेलाडी, आतंकवादीहरू र अपराधीहरूलाई नयाँ, आधुनिक र शक्तिशाली हतियार हासिल गर्न सजिलो हुन्छ । यसैले साना हतियार उत्पादनमा सरकारी नियन्त्रणको आवश्यकता अत्यन्त जरूरी अन्तर्राष्ट्रिय सुरक्षाको विषय बनेको छ ।'

*स्रोत : स्मल आर्म्स सर्भे २००१, अक्सफोर्ड युनिभर्सिटी प्रेस*





बक्स नं. ८०

### साना र हलुका हतियारको अनधिकृत व्यापारविरूद्ध राष्ट्रसंघको कारबाही कार्यक्रम : संसद् सदस्यहरूका लागि केन्द्रित बुँदाहरू

'साना र हलुका हतियार (साहह)को अनधिकृत व्यापार उन्मूलन गर्न, रोक्न र नियन्त्रण गर्न, सबै पक्षमा साना र हलुका हतियारको अनधिकृत व्यापारसम्बन्धमा राष्ट्रसंघीय सम्मेलन (जुलाई २००१, न्युयोर्क)ले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी तहमा राजनीतिक क्रियाको बृहत् सीमा लागू गर्‍यो । जसमा निम्न लिखित बुँदाहरू समाविष्ट छन् :

राष्ट्रिय तहमा

▷ साहहको उत्पादनलाई राष्ट्रको न्यायिक सीमाभित्र प्रभावकारी नियन्त्रण गर्न र यस्तो हतियारको आयात, निर्यात, पुनः ओसारपसार र सुरक्षण रोक्न उपयुक्त कानुन, नियमावलीहरू र प्रशासनिक प्रक्रियालाई एकै ठाउँमा एकतृत गर्नुहोस् ।

▷ अनधिकृत साहहको अवैधानिक उत्पादन, व्यापार, संग्रह, स्वामित्व र खरिदका लागि लगानी गर्ने क्रियाकलापमा संलग्न समूह र व्यक्तिको पहिचान गर्नुहोस् र उनीहरूविरूद्ध उपयुक्त राष्ट्रिय कानुनको मातहमा रही कारबाही चलाउनुहोस् ।

▷ अनुमतिप्राप्त कारखानाबाट गरिएका साहहका प्रत्येक उत्पादनहरूमा उत्पादन प्रक्रियाकै भागका रूपमा उपयुक्त र विश्वसनीय चिह्न लगाइएकोबारे निश्चिन्त हुनुहोस् ।

▷ साहहको उत्पादन, स्वामित्व र ओसापसार गर्दा सम्भव भएसम्म लामो अवधिसम्म राष्ट्रको न्यायिक सीमाभित्र बृहद् र सही तथ्याङ्क राखेकोबारे निश्चिन्त हुनुहोस् ।

▷ राज्यले लिएका र राज्यबाट जारी भएका सबै साहहप्रतिको जिम्मेवारी र त्यस्ता हतियार पहिल्याउन प्रभावकारी व्यवस्थाबारे निश्चिन्त गर्नुहोस् ।

▷ साहहको निर्यात र ओसारपसारलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न उपयुक्त कानुन, नियमावलीहरू र प्रशासनिक प्रक्रियालाई एकै ठाउँमा एकतृत गर्नुहोस् । विशेष अन्तिम प्रयोगकर्ता प्रमाणपत्रको प्रयोग पनि गर्नुपर्छ ।

- ▷ पहिल्यै आयात गरिएका साहहलाई पुनर्निर्यात गर्ने सरकारको अधिकारलाई कुनै पूर्वाग्रहविना सुरक्षित राख्नुहोस् । त्यस्ता हतियारको पुनः ओसारपसारअघि सुरूमा निर्यात गर्ने मुलुकलाई उनीहरूको द्विपक्षीय सन्धिअनुसारको जानकारी गराउनुहोस् ।
- ▷ साहहको दलालीमा संलग्न व्यक्तिहरूको गतिविधिलाई नियन्त्रण गर्न उपयुक्त राष्ट्रिय कानुन वा प्रशासनिक प्रक्रियाको विकास गर्नुहोस् ।
- ▷ राष्ट्रसंघीय सुरक्षापरिषद्को हतियार इम्बार्गो उल्लंघन हुने गतिविधिविरूद्ध उपयुक्त प्रणाली बनाउनुहोस् ।
- ▷ लुटिएका, जफत गरिएका र संकलन गरिएका साहह नष्ट गरियून् भन्नेमा निश्चिन्त हुनुहोस् ।
- ▷ सशस्त्र फौज, प्रहरी र साहह राख्न अधिकारप्राप्त अन्य अंगले उनीहरूको यस्तो हतियारको भण्डारको सुरक्षा र व्यवस्थापन गर्नेसम्बन्धमा उपयुक्त र बृहद् मापक तथा प्रक्रिया बनाएकोबारे निश्चिन्त हुनुहोस् ।
- ▷ सम्भव हुने ठाउँमा प्रभावकारी निरस्त्रीकरण, शान्ति प्रक्रिया र एकीकरण कार्यक्रमको विकास गर्नुहोस् र त्यसलाई लागू गर्नुहोस् ।
- ▷ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्नुहोस् । (.....)

*स्रोत : निरस्त्रीकरण अभियानको राष्ट्रसंघीय विभाग*
*वेबः एचटिटिपीः//डब्लुडब्लुडब्लु.युएन.ओआरजी/डिइपिटिएस/डिडिए, २००२*

माथि उल्लिखित शीतयुद्धपछिको विकासबाट अझ खराब भएको हतियार निर्यात नियन्त्रण प्रक्रियाको जवाफदेहिता र पारदर्शिताबारे संसद्ले के गर्नसक्छ र के गर्नुपर्छ भन्ने संसारका धेरै देशहरूमा महत्वपूर्ण छलफलको विषय बनेको छ।

बक्स ८१ ले युरोपेली संगठनका राज्यहरूमा लिइने मापनको उदाहरणहरू प्रस्तुत गर्छ। पारदर्शिता र जवाफदेहिताको महत्वबारे वृद्धि भएको चेतनाले हतियार निर्यातमा संसदीय सुपरिवेक्षणमा महत्वपूर्ण विकास भएको छ, यद्यपि धेरै देशमा अझै यो सम्पूर्णतामा पुग्न सकेको छैन ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

बक्स नं. ८१

### हतियार निर्यात नियन्त्रणमा संसद्को भूमिका : युरोपेली मुलुकमा पारदर्शिता र जवाफदेहिता

अष्ट्रिया : अष्ट्रियाली कानुनमा संसद् सदस्यहरूलाई जानकारी दिनुपर्छ भन्ने कुनै व्यवस्था छैन ।

बेल्जियमः सन् १९९१ मा लागू गरिएको एक कानुनले हतियार ओसारपसारबारे वार्षिक रूपमा संसद्लाई जानकारी दिन सरकारलाई बाध्य पारेको छ । तर, यो कानुनले हतियार निर्यातको लाइसेन्स कसले पाउँछ र उसले कसलाई हतियार निर्यात गर्छ भन्नेबारे परीक्षणको व्यवस्थाचाहिँ गरेको छैन । निर्यात युरोपेली संगठनको आचारसंहिताको विरूद्ध जान नसक्ने तथ्यमा यो एउटा मुख्य बुँदा हो ।

डेनमार्कः हतियार निर्यातबारे संसदीय छलफल वा प्रजातान्त्रिक सुपरिवेक्षणका लागि कुनै उपयुक्त मापदण्डको कुनै व्यवस्था छैन । यद्यपि, जनताको बढ्दो दबाबका कारण निर्यात नियन्त्रण, निर्यातको मूल्य र गन्तव्य मुलुकसहित हतियार निर्यातबारे प्रारम्भिक प्रतिदेवन कानुन मन्त्रालयले जारी गर्ने पहल गरिरहेको छ ।

फिनल्यान्डः अहिलेसम्म रक्षा मन्त्रालयले युरोपेली संगठनअनुरूप रक्षासम्बन्ध वस्तु निर्यातसम्बद्ध दुईवटा वार्षिक प्रतिवेदन प्रकाशन गरिसकेको छ । यी प्रतिवेदनहरू पारदर्शिताका लागि पर्याप्त विस्तृत छन् । तैपनि, हतियार ओसारपसारमा नियमित संसदीय छलफलचाहिँ अझै हुन सकेको छैन ।

फ्रान्सः फ्रान्सेली संसद्ले साना हतियारबारे जानकारी समावेश गर्न तथा प्रहरी र सुरक्षा उपकरणहरू, दोहोरो प्रयोग हुने उपकरण र समग्र सैनिक संगठनबारे सरकारको वार्षिक प्रतिवेदनमा अझ विस्तृत जानकारी दिन र स्पष्ट पार्न सरकारसँग पटकपटक माग गरिरहेको छ । तर, संसद्मा उक्त प्रतिवेदनबारे अझ बढी छलफल हुनुपर्छ ।

जर्मनीः हतियार निर्यातबारे पहिलो प्रतिवेदन सन् २००० मा प्रकाशन भएको थियो । अर्को प्रतिवेदनको अध्ययनमा निम्नानुसारका संसदीय समिति सामेल हुन्छन् भनेर अपेक्षा गरिएको छ– रक्षा, वैदेशिक मामिला, व्यापार र सम्भवतः मानवअधिकार । सरकारले निर्यात गर्ने वस्तुहरूको परीक्षण गर्नेमा संसद्को अधिकार सीमित रहनेछ ।

ग्रिसः हतियार निर्यातको अधिकारबारे संसद् र जनतालाई जानकारी गराउन प्रतिवेदन प्रस्तुत गर्ने कुनै संयन्त्र छैन । यसबारेको एउटै आधिकारिक जानकारी परम्परागत हतियारबारे राष्ट्रसंघीय पुस्तिकाले दिने नै हो । आयरल्यान्डः हतियारसम्बद्ध निर्यातहरूबारे प्रतिवेदन पेस गर्न सरकारलाई बाध्य पार्ने कुनै व्यवस्था आइरिस कानुनमा छैन । यद्यपि, युरोपेली संगठनको आचारसंहिता पालना गर्दै वैदेशिक मामिला विभागले सन् २००२ सम्म दुईवटा वार्षिक प्रतिवेदन प्रकाशन गऱ्यो । निर्यात अनुमतिपत्र जारी गर्ने मन्त्रालयलाई प्रश्न गर्न पाउने प्रचलन बस्न लागेको छ ।

इटालीः निर्यात, आयात र सैन्य उपकरणका लागि बाटो प्रयोग गर्न दिनेलगायत अधिकार र आपूर्तिबारे सरकारले संसद्लाई प्रतिवेदन प्रस्तुत गर्नुपर्छ । यो व्यवस्था सन् १९९० को एउटा कानुनअनुसार गरिएको हो, जसमा एउटा बृहद् प्रतिवेदनसमेत समाविष्ट छ । यद्यपि, संसद्सँग निर्यात परीक्षण गर्ने कुनै औपचारिक भूमिका भने हुँदैन ।

लक्जेमवर्गः यहाँ न कुनै महत्वपूर्ण हतियार उद्योग छ, न जवाफदेहिताका लागि कुनै प्रणाली नै ।

नेदरल्यान्डः हतियार निर्यातबारे पहिलो बृहद् प्रतिवेदन सन् १९९८ अक्टोबरमा प्रकाशन भएको थियो । डच हतियार निर्यात प्रक्रियामा संसदीय परीक्षणको एउटा औपचारिक तत्व छ– सरकारले बचत हतियारको बिक्रीबारे गोपनीयतापूर्वक संसद्लाई जानकारी गराउँछ ।

पोर्चुगलः सन् १९९८ मा प्रकाशित पहिलो प्रतिवेदनअघि हतियार निर्यातको अनुमतिपत्रसम्बन्धी निर्णयमा संसदीय परीक्षणको कुनै व्यवस्था थिएन । यहाँ संसदीय छलफलको पनि कुनै परम्परा छैन । संसद् सदस्यहरूले हतियार निर्यात अनुमतिपत्रबारे पछि प्रश्न उठाउन पाउँछन् ।

स्पेनः सन् १९९८ यता एउटा प्रतिवेदन प्रकाशन भएको छ । हतियार निर्यातमा कुनै प्रारम्भिक परीक्षण हुँदैन । संसदीय कार्यालयको गोप्य समिति भने सहभागी हुन्छ । संसद्भित्र यसबारे बहस बढ्दो छ । स्विडेनः सन् १९८४ मा पहिलो प्रतिवेदन प्रकाशन भएको थियो, सोही वर्ष संसद्ले सैन्य हतियारको निर्यातका लागि एउटा सल्लाहकार बोर्ड गठन गऱ्यो, जुन अन्य युरोपेली मुलुकका लागि समेत कोसेढुंगा सावित भयो । संसद्ले यस्ता वार्षिक प्रतिवेदनमाथि बहस गर्छ ।





संयुक्त अधिराज्यः बेलायतको प्रतिवेदन प्रणाली सबैभन्दा पारदर्शी छ । सन् १९९९ मा पहिलो प्रतिवेदन प्रकाशन भएदेखि रक्षा, वैदेशिक मामिला, अन्तर्राष्ट्रिय विकास तथा व्यापार र उद्योग मन्त्रालयद्वारा एउटा संयुक्त समिति बनाइएको छ । उक्त संयुक्त समितिले हाउस अफ कमन्सलाई प्रतिवेदन प्रस्तुत गर्छ र निर्यात परीक्षणलाई विश्वस्त तुल्याउँछ ।

*स्रोतः डब्लुडब्लुडब्लु.सेफवर्ल्ड.सिओ.युके, २००२*

## संसदीय विशेषज्ञता

माथि उल्लेख गरिएझैं हतियार व्यापार र ओसारपसार प्रक्रियामा संसद्ले उपयुक्त प्रक्रिया अभ्यास गर्छ भनेर सुनिश्चित गर्ने हतियार संसदीय विशेषज्ञता नै हो । व्यवसायिक क्षमताको अभाव नीति निर्माण प्रक्रियालाई गोप्य बनाइने थुप्रै कारणहरूमध्ये एक हो । सम्बन्धित संसदीय समितिमा रहेका संसद् सदस्यहरूलाई तालिम दिनु जरुरी हुन्छ । त्यसैगरी संसदीय कर्मचारीहरूलाई हतियार व्यापार, खरिद प्रक्रिया, सञ्चालनगत अनुसन्धान, वस्तुहरूको व्यवस्थापन, उपकरणको खर्च र भण्डार नियन्त्रणजस्ता विषयमा विशेषज्ञता हासिल हुने गरी तालिम दियो भने यसले संसदीय रक्षा समितिले सोध्ने प्रश्नहरूको जवाफ दिनसक्ने विशेषज्ञहरूको संरचना तयार गर्न मद्दत पुऱ्याउँछ । त्यसैगरी सुरक्षा क्षेत्रको नीति निर्माणका विभिन्न पक्षहरूको तथ्याङ्क बैंक बनाउने हो भने यसले संसदीय रक्षा समितिहरूलाई निर्णयहरूको सुपरिवेक्षण र पुनर्मूल्याङ्कन गर्न कार्यकारी र सेनासँग सान्दर्भिक जानकारी माग्न सहयोग पुऱ्याउँछ ।

# सांसदका रुपमा तपाइँले गर्न सक्नु हुनेछ

हतियार व्यापारको सुपरिवेक्षण

▷ अन्तर्राष्ट्रिय हतियार व्यापारमाथिको नियन्त्रणलाई प्रमुख संसदीय एजेन्डा बनाउन जोड दिनुहोस् ।

▷ बक्स ८० (साना र हलुका हतियारको अनधिकृत व्यापारविरूद्ध राष्ट्रसंघको कारबाही कार्यक्रम : संसद् सदस्यहरूका लागि केन्द्रित बुँदाहरू)मा दिइएका सिफारिसहरूलाई लागू गर्न प्रोत्साहन गर्नुहोस् ।

▷ तपाईंको राज्यलाई निम्ननुसारका विधिमा रही काम गर्न प्रोत्साहन गर्नुहोस्ः

परम्परागत हतियारका लागि राष्ट्रसंघीय पुस्तिकाको प्रतिवेदन आवश्यकता ।
सैन्य खर्चका लागि राष्ट्रसंघले मापन गरेको उपकरण ।
परम्परागत हतियारबारे सान्दर्भिक क्षेत्रीय सन्धिहरू ।

हतियार व्यापारको राष्ट्रिय नीति

▷ हतियार बिक्रीबारे ताजा राष्ट्रिय नीतिको सुनिश्चितता गर्नुहोस् । साथै यो स्वीकृतिका लागि समयमै संसद्मा प्रस्तुत गरिएको छ कि छैन भन्नेबारे पनि स्पष्ट हुनुहोस् ।

▷ हतियार व्यापारका विषयहरूबारे संसद्लाई प्रतिवेदन पेस गर्न सरकारलाई बाध्य पार्ने संयन्त्रबारे निश्चिन्त हुनुहोस् ।

हतियार इम्बार्गो

▷ इम्बार्गोसँग जोडिएका विषयहरू (तिनीहरूको उपयुक्तता, विशेष संरचना र प्रभावमा आधारित रहेर) माथि संसद्मा छलफल हुन्छ भन्नेबारे सुनिश्चितता गर्नुहोस् ।

▷ बक्स ७७ मा उल्लेख गरेका बुँदाहरूलाई मुख्य गरी दिमागमा राखेर 'स्तरीय प्रतिबन्ध'बारे संसद्मा बहस चलाउन प्रोत्साहन गर्नुहोस् ।

▷ हतियार इम्बार्गोहरूलाई प्रोत्साहन गर्न र यस्ता इम्बार्गोको उल्लंघन गरेको पाइएमा प्रतिबन्ध र क्षतिपूर्तिका लागि सरकारलाई दबाब दिनुहोस् ।





हतियार बचत

▷ संसद् वा करसम्बन्धी विषयहरू हेर्ने समितिहरूसहितका सम्बन्धित समितिहरूलाई हतियार बचतको विषयलाई विशेष ध्यान दिन तथा नियन्त्रण र रोक्काका लागि कारबाही गर्न दबाब दिनुहोस् ।
तपाईंको मुलुकबाट वा तपाईंको मुलुकमार्फत बचत भएका हतियारको ओसारपसार । बचत हतियारको कुनै प्रकारको खरिद ।

▷ बचत हतियार जम्मा गरेर नष्ट गर्न तपाईंको सरकारलाई दबाब दिनुहोस् ।

▷ बचत हतियारको ओसारपसारमा संलग्न कम्पनीहरूको पहिचान गरेर कारबाही गर्न र त्यस्ता गतिविधि नियन्त्रण गर्न सरकारलाई दबाब दिनुहोस् ।

साना हतियार

▷ संसद् वा सम्बन्धित समितिले साना हतियारको राष्ट्रिय उत्पादन र बिक्रीबारे विस्तृत जानकारी हासिल गर्छ भन्ने सुनिश्चित गर्नुहोस् । यो कार्यमा संलग्न भएका कम्पनीहरूसहित सबैको वार्षिक प्रतिवेदनको माग गर्नुहोस् ।

▷ राष्ट्रिय रूपमा उत्पादन गरिएका साना हतियार यो परिच्छेदमा उल्लेख गरेअनुसारको कडा सीमाभित्र रहेको छ भन्नेमा निश्चिन्त हुनुहोस् ।

# आइपियु भनेको के हो ?

आइपियु सार्वभौम राष्ट्रहरूको संसद्को अन्तर्राष्ट्रिय संगठन हो, जुन सन् १८८९ मा स्थापना भएको हो । संयुक्त राष्ट्रसंघसँग पर्यवेक्षणको नयाँ मान्यताले अन्तर्राष्ट्रिय वार्ता प्रक्रियामा जननिर्वाचित प्रतिनिधिहरूको आवाज सुन्न सक्ने र संसदीय आयामलाई अन्तर्राष्ट्रिय मञ्चमा ल्याउने आइपियुको प्रयासको ताजा कदमलाई इंगित गर्छ ।

जनवरी २००३ सम्म आइपियुमा १ सय ४४ राष्ट्रिय संसद् सदस्य थिए । संसदीय संवाद र कारबाहीलाई आफ्नो केन्द्रित बुँदा मान्ने यो संस्थाले संसद्लाई निम्नानुसारका विषयमा सँगै ल्याउँछ :

- अन्तर्राष्ट्रिय चाख र चासोका प्रश्नहरूमाथि विचार गर्ने ।
- संसद् सदस्यहरूको मानवअधिकारको रक्षा र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- विश्वभरिका प्रतिनिधिमूलक संस्थाहरूलाई सुदृढ पार्न सहयोग पुऱ्याउने ।

शान्ति र सुरक्षाका प्रश्नहरू आइपियुको एजेन्डामा सधैं उच्चस्थानमा राखिन्छन् । यसका सबै सदस्यहरूले धेरै पटक निरस्त्रीकरण, इम्बार्गोहरू र अन्तर्राष्ट्रिय स्वीकृति, अन्तर्राष्ट्रिय अपराध अदालत र आतंकवादलगायतका सुरक्षा विषयहरूमा कारबाही गरिसकेका छन् । सन् १९९४ मा, यसले अन्तर्राष्ट्रिय मानवतावादी कानुनको सम्मानलाई प्रोत्साहन गर्न विशेष समिति निर्माण गऱ्यो । अन्तर्राष्ट्रिय रेडक्रसको सहयोगमा यो संगठनले सन् १९९९ मा अन्तर्राष्ट्रिय मानवतावादी कानुनको सम्मान विषयमा संसद् सदस्यहरूका लागि एउटा हातेपुस्तिका प्रकाशन गऱ्यो ।

राजनीतिक वार्ताका आधारमा तनाव कम गर्नका लागि सघाउन पनि आइपियु जहिल्यै तत्पर छ । आइपियुका बैठकहरूले तनाव दूर गरेर विश्वासको वातावरण स्थापना गर्न संवादका लागि मौका प्रदान गर्छन् । यो संस्थाले मध्यपूर्व (पश्चिम एसिया)मा सन्तोषजनक सहमतिका लागि सहयोग गर्न एउटा संसदीय समिति र साइप्रसका दुई भागमा राजनीतिक दलहरूका प्रतिनिधिहरूबीच संवादको वातावरण बनाउन मध्यस्थकर्ताहरूको समूह निर्माण गरेको छ । मेडिटेरियनमा सुरक्षा र सहयोग वृद्धि गर्न आइपियुले एउटा विशेष संयन्त्र पनि तयार गरेको छ ।



आइ पि यू र डिक्याफ- सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षण, २००३

**आइपियु मुख्यालय**
अन्तर संसदीय संगठन
चेमिन डु पोम्मियर-५
केस पोस्टल ३३०
सिएच-१२१८, ग्रान्ड स्याकोनेक्स, जेनेभा
स्विजरल्यान्ड
फोनः ४१ २२ ९१९ ४१ ५०
फ्याक्सः ४१ २२ ९१९ ४१ ६०
इमेलः postbox@mail.ipu.org
वेबसाइटः www.ipu.org

**संयुक्त राष्ट्रसंघका लागि**
**आइपियुको स्थायी पर्यवेक्षकको कार्यालय**
आइपियु मुख्यालय
२२० इस्ट ४२ औं मार्ग
सुट ३१०२
न्युयोर्क, एन वाई १००१७
अमेरिका
फोनः २१२ ५५७ ५८ ८०
फ्याक्सः २१२ ५५७ ३९ ५४
इमेलः ny-office@mail.ipu.org

# सशस्त्र बलको प्रजातान्त्रिक नियन्त्रणका लागि जेनेभा सेन्टर (डिक्याफ)

विगतका दशकमा प्रशस्त प्रगति हुँदाहुँदै प्रजातान्त्रिक नागरिक-सैन्य सम्बन्धको रूपान्तरण र व्यवस्थापन थुप्रै राज्यहरूका लागि अहिले पनि चुनौतीका रूपमा रहेको छ। मुख्यगरी प्रजातान्त्रिक व्यवस्थातर्फ उन्मुख मुलुकहरू, युद्धको चपेटामा परेका र द्वन्द्वबाट भर्खरै बाहिरिएका समाजहरूका लागि यो सत्य हो। प्रहरीलगायत सशस्त्र र संसदीय बल, सीमा सुरक्षा तथा सुरक्षामा आधारित अन्य संरचनाहरूको थुप्रै मुलुकमा महत्वपूर्ण भूमिका हुन्छ। अधिकांश समयमा यी संस्थाहरूले दुर्लभ स्रोतमा भारी बोझ पुऱ्याएर, प्रजातान्त्रीकरणको प्रक्रिया अवरुद्ध गरेर तथा आन्तरिक तथा अन्तर्राष्ट्रिय द्वन्द्वको सम्भाव्यता वृद्धि गर्दै राज्यभित्रकै राज्यजस्तो व्यवहार गर्छन्। त्यसैले द्वन्द्व रोक्न, शान्ति तथा प्रजातन्त्र प्रवर्द्धन गर्न तथा दिगो सामाजिक-आर्थिक विकास सुनिश्चित गर्न त्यस्ता शक्तिशाली संरचनाको प्रजातान्त्रिक तथा नागरिक नियन्त्रण महत्वपूर्ण हतियार हो भन्ने बृहद् रूपमा स्वीकार गरिएको छ।

त्यसैले अन्तर्राष्ट्रिय समुदायको एजेन्डामा सशस्त्र संरचनामाथि प्रजातान्त्रिक र नागरिक नियन्त्रणलाई सुदृढ गर्नु महत्वपूर्ण नीतिगत विषय बनेको छ। यो आम र सकारात्मक प्रवृत्तिलाई व्यवहारिक रूपमा योगदान पुऱ्याउन स्वीस सरकारले सन् २००० अक्टोबरमा रक्षाको संघीय विभाग, नागरिक सुरक्षा र खेलकुद तथा विदेश मामिलासम्बन्धी संघीय विभागको संयुक्त पहलमा सशस्त्र बलको प्रजातान्त्रिक नियन्त्रणका लागि जेनेभा सेन्टर (डिक्याफ) स्थापना गऱ्यो।

## उद्देश्य

उक्त केन्द्रले राज्य तथा गैरसरकारी संस्थाहरूलाई सशस्त्र र सुरक्षा बलमाथि प्रजातान्त्रिक र नागरिक नियन्त्रणलाई सुदृढ गर्ने उनीहरूको प्रयासलाई प्रोत्साहन र सहयोग गर्छ। यस अतिरिक्त यो क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन पनि गर्छ। सुरुमा यसले युरो-एटलान्टिक क्षेत्रलाई आफ्नो लक्ष्य बनाएको छ।

यी उद्देश्यहरू लागू गर्नका लागि सेन्टरले निम्नानुसारका काम गर्छ :

- **जानकारी संकलन, अनुसन्धान तथा सञ्जालीकरणका गतिविधि गर्छ–** समस्याको पहिचान गर्न, सिकिएका पाठ लागू गर्न र सशस्त्र बलको नागरिक तथा प्रजातान्त्रिक नियन्त्रण तथा नागरिक-सैन्य सम्बन्धका सर्वोत्तम अभ्यासहरूको प्रस्ताव गर्न।





- **यसले विशेषज्ञता र सहयोग प्रदान गर्छ–** सबै इच्छुक समुदाय, मुख्यगरी सरकार, संसद्, सैन्य संस्था, अन्तर्राष्ट्रिय संगठन र बौद्धिक जमातलाई।

डिक्याफले राष्ट्रिय निकाय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी संस्थाहरू, बौद्धिक संगठनहरू र विशेषज्ञहरूसँग निकट सहयोगमा रहेर काम गर्छ। कार्यगत तथा विश्लेषणात्मक कार्यका रूपमा संस्थागत परिषद्मा रहेका ४२ सरकारहरू, यसको अन्तर्राष्ट्रिय सल्लाहकार बोर्डमा रहेका ५० नामी विशेषज्ञहरू, विचारकहरू तथा अन्य कार्यकारी समूहको सहयोग तथा विश्वास डिक्याफलाई प्राप्त छ। सेन्टरले थुप्रै अनुसन्धान संस्था तथा केही अन्तर्राष्ट्रिय संगठन र अन्तर संसदीय सभाहरूसँग साझेदारी वा सम्झौता गरेको छ।

## कार्ययोजना

सशस्त्र बलको प्रजातान्त्रिक नियन्त्रणका महत्वपूर्ण विषयहरूलाई बृहद् रूपमा सम्बोधन गर्न डिक्याफले १२ लगनशील कार्यकारी समूह बनाइसकेको छ वा बनाउने तयारी गरिररहेको छ। ती समूहले निम्न विषय समेटेका छन् : सुरक्षा क्षेत्रको सुधार, सशस्त्र बलको संसदीय अनुगमन, सशस्त्र बलको प्रजातान्त्रिक नियन्त्रणको कानुनी आयाम, हतियार खरिद र रक्षा बजेटमा पारदर्शिताको निर्माण, राष्ट्रिय सुरक्षा नीतिमा नागरिक विशेषज्ञता, प्रहरी तथा अन्य गैरसैन्य सुरक्षा बलहरूको प्रजातान्त्रिक नियन्त्रण, सुधार तथा बल कटौतीमा नागरिक-सैन्य सम्बन्ध, सैनिक तथा समाज, नागरिक समाज निर्माण, द्वन्द्वपछिको अवस्थामा नागरिक-सैन्य सम्बन्ध, सशस्त्र बलको प्रजातान्त्रिक नियन्त्रणको सफलता र असफलताका सीमाहरू र अफ्रिकी सन्दर्भमा नागरिक-सैन्य सम्बन्ध। कार्यकारी समूहबीचको योजना, व्यवस्था तथा समन्वय सेन्टरका विचारकहरूबीच केन्द्रित हुन्छन्।

डिक्याफले द्विपक्षीय तथा बहुपक्षीय तहमा विशेषज्ञता प्रदान गर्नुका साथै आमसमुदायका चासोहरूलाई सम्बोधन गर्छ। सशस्त्र बलको संसदीय नियन्त्रण र सुरक्षा क्षेत्रको सुधारका क्षेत्रमा दक्षिणपूर्वी तथा पूर्वी युरोपका राष्ट्रहरूबीच केही द्विपक्षीय परियोजनाहरू अहिले चलिरहेका छन्। बहुपक्षीय तहमा डिक्याफले दक्षिणपूर्वी युरोपमा स्थायी सम्झौता तथा सुरक्षा र सहयोगका लागि युरोपेली संगठनको स्वरूपमा केही परियोजनाहरू लागू गरेको छ। केन्द्रले नियमित रूपमा प्रकाशनहरू निकाल्छ, सम्मेलन, कार्यशाला र अन्य गतिविधिहरू आयोजना गर्छ। लक्षित वर्ग र आमसमुदायसम्म पुग्न आफ्नै वेबसाइट (http://www.dcaf.ch) भएको डिक्याफले सूचना प्रविधिको राम्रो प्रयोग गर्छ।

## संस्था र बजेट

डिक्याफ स्वीस कानुनअन्तर्गत रहेको अन्तर्राष्ट्रिय संस्था हो ।* सेन्टरको संस्थागत परिषद्मा ४४ वटा मुलुकको प्रतिनिधित्व छ। यसको अन्तर्राष्ट्रिय सल्लाहकार बोर्ड रक्षा विषयमा विश्वका प्रमुख विशेषज्ञहरूले बनेको छ। यसले सेन्टरका सबै रणनीतिहरूमा निर्देशकलाई सुझाव दिन्छ। डिक्याफमा २३ विभिन्न मुलुकका ४० विशेषज्ञ कार्यरत छन्, जसलाई चार विभागमा बाँडिएको छः विचारकहरू, बाह्य कार्यक्रमहरू, सूचना स्रोतहरू र प्रशासन ।

रक्षा, नागरिक सुरक्षा र खेलकुदसम्बन्धी स्वीस संघीय मन्त्रालयले डिक्याफको सबै खर्च व्यहोर्छ। सन् २००२ मा यसको बजेट असी लाख मिलियन फ्र्यांक थियो। अर्को मुख्य लगानीकर्ता वैदेशिक मामिलासम्बन्धी स्वीस संघीय मन्त्रालय हो। डिक्याफ फाउन्डेसनका केही सदस्यहरूले कर्मचारीहरूलाई सहयोग गरेर वा सेन्टरका महत्वपूर्ण गतिविधिमा योगदान पुऱ्याएर मद्दत गर्छन् ।

### सम्पर्क

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :
प्रजातान्त्रिक नियन्त्रणका लागि जेनेभा सेन्टर (डिक्याफ)
र्‍यु डे च्यान्टपोउलेट ११, पो.ब.नं. १३६०, सिएच-१२११ जेनेभा १, स्विजरल्यान्ड
फोनः +41 (22) 741-7700
फ्याक्सः +41 (22) 741-7705
इमेलः info@dcaf.ch
वेबसाइटः www.dcaf.ch

---

*अल्बानिया, अर्मेनिया, अस्ट्रिया, अजरवैजान, बेलारूस, बोस्निया-हर्जगोभिना, बुल्गेरिया, कोटे डिभोर, क्रोएसिया, चेक रिपब्लिक, डेनमार्क, इस्टोनिया, फिनल्यान्ड, फ्रान्स, जर्जिया, जर्मनी, ग्रिस, हंगेरी, आयरल्यान्ड, इटाली, लात्भिया, लिथुआनिया, माल्दोभा, नेदरल्यान्ड, नाइजेरिया, नर्वे, पोल्यान्ड, पोर्चुगल, रोमानिया, रूसी महासंघ, सर्विया-मोन्टेनेग्रो, स्लोभाक रिपब्लिक, स्लोभानिया, दक्षिण अफ्रिका, स्पेन, स्विडेन, स्विजरल्यान्ड, म्यासेडोनिया, युक्रेन, बेलायत, अमेरिका, जेनेभा क्यान्टोन ।





सर्वाधिकार सुरक्षित । ईन्टर पार्लियामेन्टरी यूनियन वा जेनेभा सेन्टर फर द डेमोक्रेटिक कन्ट्रोल अफ आर्मड् फोर्सेस्को पूर्व स्वीकृति बिना यस प्रकाशनको अंश छाप्न, प्रेसित गर्न वा पुनः प्रयोग गर्नको लागि कुनै पनि तरिकाले, विद्युतिय, फोटोकपी, रेकर्डिङ्ग वा अन्य माध्यमद्वारा गर्न पाइने छैन ।

यस प्रकाशनको वितरण जुन प्रयोजनको लागि छापिएको छ त्यस शर्त अन्तर्गत हुनेछ र यसलाई व्यापारिक, भाडामा, बिक्री वा अन्य प्रयोजनको लागि वितरण गर्नको लागि प्रकाशकको पूर्व सहमति बिना, कुनै पनि स्वरुपमा पाइने छैन । साथै यसपछिको प्रकाशकलाई पनि सोही प्रकारको शर्तहरू लगाइएको छ ।

---

**ISBN** **(IPU)**
**ISBN** **(DCAF)**

सुरक्षा क्षेत्रको संसदीय सुपरिवेक्षणः सिद्धान्त, संरचना र व्यवहार

प्रकाशकः
ईन्टर पार्लियामेन्टरी यूनियन
जेनेभा सेन्टर फर डेमोक्रेटिक कन्ट्रोल अफ आर्मड, फोर्सेस

सम्पादकहरुः
फिलिप फ्लुरी (स्वीटजरल्याण्ड)
एन्डर्स बी जोन्सन (स्वीडेन)

मुख्य लेखकः
हान्स बर्न (नेदरल्याण्ड्स)

कार्यकारी प्रकाशकः
सेन्टर फर सिभिल - मिलिटरी रिलेसन्स, बेलग्रेड

मुद्रकः

जेनेभा, २००७